# शैक्षिक सूचना




नेपाल सरकार

शिक्षा मन्त्रालय

२०६९

शैक्षिक सूचना २०६९ शिक्षा मन्त्रालय

# शैक्षिक सूचना

नेपाल सरकार

## शिक्षा मन्त्रालय

२०६९

# शैक्षिक सूचना

**प्रकाशक** : नेपाल सरकार
शिक्षा मन्त्रालय
अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखा
अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा
केसरमहल, काठमाडौं । फोन नं. ४४१०४६५

**प्रकाशन मिति** : २०६९

**प्रकाशन प्रति** : १०००

**सर्वाधिकार** : प्रकाशकमा

# मन्तव्य

शिक्षा मन्त्रालयको वार्षिक प्रकाशन **शैक्षिक सूचना,२०६९** शिक्षा मन्त्रालय र मन्त्रालयसम्बद्ध निकायहरूका नीति तथा कार्यक्रमलगायत शिक्षासँग सम्बन्धित विभिन्न गतिविधि तथा सूचनाहरू समावेश गरी प्रकाशित गरिएको छ । यस प्रकाशनलाई समयसापेक्ष र उपयोगी बनाउने उद्देश्यले कतिपय विषयवस्तुमा प्रस्तुतीकरणको ढाँचालाई परिमार्जित गरिएको छ भने केही थप विषयवस्तुसमेत समावेश गरिएको छ ।

शैक्षिक सूचनाको यस अङ्कमा मूलतः शिक्षाका राष्ट्रिय उद्देश्य, शिक्षा मन्त्रालय तथा सम्बद्ध निकायहरूको परिचयात्मक जानकारी, विभिन्न योजना, नीति तथा निर्देशिकाहरू, विभिन्न शैक्षिक आयोजना तथा कार्यक्रम, विभिन्न निकायबाट भएगरेका अनुसन्धान र तिनका सारांशहरू समावेश गरिएको छ । शिक्षा मन्त्रालयका गतिविधिको समग्र जानकारी राख्न चाहनेहरूका लागि यस प्रकाशनले  सहयोग पुर्‍याउने अपेक्षा राखिएको छ ।

यस प्रकाशनका लागि सामग्रीको विकासका सिलसिलामा विषयवस्तु सङ्कलन र संयोजन कार्यमा जिम्मेवारी वहन गर्ने अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखाका कर्मचारीहरू धन्यवादका पात्र छन् । विषयवस्तुको सम्पादन कार्यमा संलग्न सम्पादन मण्डलका सम्पूर्ण सदस्यहरूलाई हार्दिक धन्यवाद छ ।

अन्तमा, शैक्षिक सूचनाको आगामी अङ्कलाई अझै परिष्कृत तथा उपयोगी बनाउन यहाँहरूबाट प्राप्त हुने रचनात्मक सुझाव तथा प्रतिक्रियाहरूलाई स्वागत गर्दछु ।

**दिवाकर ढुङ्गेल**
सहसचिव
अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखा
शिक्षा मन्त्रालय, केसरमहल

# धन्यवाद ज्ञापन

शिक्षा मन्त्रालय तथा मन्त्रालयसम्बद्ध निकायबाट भए गरेका सम्पूर्ण गतिविधिहरूको सूचना सम्प्रेषण गरी सरोकारवालाहरूलाई सुसूचित गर्नु शिक्षा मन्त्रालयको एउटा प्रमुख दायित्व हो । सूचना सम्प्रेषणसम्बन्धी यही दायित्वलाई आत्मसात् गरी शिक्षा मन्त्रालयले प्रत्येक वर्ष शैक्षिक सूचनाको सँगालो प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिएको छ । यसै सन्दर्भमा शिक्षा मन्त्रालय र मन्त्रालयसम्बद्ध निकायको चिनारीसहित **शैक्षिक सूचना २०६९** प्रकाशन भएको छ । यस प्रकाशनलाई बढी उपयोगी बनाउने उद्देश्यले विगत वर्षका प्रकाशनमा समावेश भएका कतिपय विषयवस्तुहरूमा प्रस्तुतीकरणको ढाँचा परिमार्जित गरिएको छ भने केही थप विषयवस्तुहरूसमेत समावेश गरिएको छ ।

यस शैक्षिक सूचनामा प्रकाशित सामग्रीहरूलाई तिनीहरूको स्वरूपका आधारमा छ खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा नेपालको सङ्क्षिप्त जानकारी र नेपालमा शिक्षा विकाससम्बन्धी केही ऐतिहासिक तथ्यहरूको सङ्क्षिप्त विवरण समावेश गरिइको छ । दोस्रो खण्डमा शिक्षा मन्त्रालय र मन्त्रालयसम्बद्ध निकायहरूका कार्यसहितको सङ्क्षिप्त परिचय समेटिएको छ । तेस्रो खण्डमा शैक्षिक योजना, नीति तथा निर्देशिकाहरू समावेश गरिएको छ भने चौथो खण्डमा शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालित परियोजनाहरूको चिनारी प्रस्तुत गरिएको छ । पाँचौ खण्डमा शिक्षा मन्त्रालय र मन्त्रालयसम्बद्ध निकायद्वारा गत आर्थिक वर्ष र यस आर्थिक वर्षमा गरिएका केही महत्वपूर्ण अध्ययन–अनुसन्धानका सारसङ्क्षेप प्रस्तुत गरिएको छ भने छैटौँ खण्डमा केही शैक्षिक तथ्याङ्कहरू प्रस्तुत गरिएको छ । स्थानाभावका कारण विभिन्न निकायबाट प्रकाशनका लागि पठाइएका सबै सामग्रीहरू समावेश नगरी सान्दर्भिकताको दृष्टिले सामग्री छनोट गरी समावेश गरिएको छ । यस प्रकाशनमा समावेश गरिएका विद्यालय तहका शैक्षिक तथ्याङ्कहरु वि.सं.२०६८ का र उच्च शिक्षाका तथ्याङ्कहरु वि.सं. २०६७ का रहेका छन् ।

यस प्रकाशनलाई यो रूपमा ल्याउन अथक मिहिनत र प्रयास गर्ने यस शाखाका सहकर्मी श्री गोविन्दराम पनेरू, श्री निर्मला निरौला, श्री सुनिता शाक्य, श्री सुलोचना पराजुलीलगायत सम्पादन समितिमा रहेर योगदान गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस शैक्षिक सूचनामा समावेश भएका विषयवस्तु, तथ्याङ्क, सूचना, नीति, निर्देशिका तथा अनुसन्धानका दस्तावेजहरूलगायतका सामग्रीहरू उपलब्ध गराई सहयोग पुऱ्याउने सम्पूर्ण निकायहरू धन्यवादका पात्र छन् । त्यसै गरी भाषा सम्पादनमा सहयोग गर्ने श्री गणेशप्रसाद भट्टराई र कभर डिजाइन गर्ने श्री टार्जन राईलगायत यस प्रकाशनमा प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

आगामी दिनहरूमा यस प्रकाशनलाई अझै उपयोगी बनाउनका लागि पाठकहरूबाट रचनात्मक सुझाव एवम् सल्लाह प्राप्त हुने अपेक्षा गरिएको छ ।

**डा. लेखनाथ पौडेल**
उपसचिव
अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा
शिक्षा मन्त्रालय, केसरमहल

## सम्पादन समिति


अध्यक्ष :श्री दिवाकर ढुङ्गेल, शिक्षा मन्त्रालय

सदस्य :डा. लेखनाथ पौडेल, शिक्षा मन्त्रालय

सदस्य :श्री गणेशप्रसाद भट्टराई, पाठ्यक्रम विकास केन्द्र

सदस्य :डा. रोजनाथ पाण्डे, शिक्षा मन्त्रालय

सदस्य :श्री शङ्करबहादुर थापा, शिक्षा विभाग

सदस्य : श्री दत्तात्रय दाहाल, अनौपचारिक शिक्षा केन्द्र

सदस्य :श्री हिक्मत रोकाय, विश्वविद्यालय अनुदान आयोग

सदस्य :श्री सङ्गम गौतम, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

सदस्य :श्री अभिनव मरहट्टा, उच्च माध्यमिक शिक्षा परिषद्

सदस्य :श्री गोविन्दराम पनेरू, शिक्षा मन्त्रालय

सदस्य :श्री निर्मला निरौला, शिक्षा मन्त्रालय

सदस्य :श्री सुलोचना पराजुली, शिक्षा मन्त्रालय

सदस्य :श्री सुनिता शाक्य, शिक्षा मन्त्रालय

# विषयसूची


| सि.नं. | विषय | पृष्ट |
|---|---|---|
| **खण्ड क : नेपालको सामान्य परिचय** | | **१-१२** |
| १. | नेपालको सामान्य जानकारी | २ |
| २. | नेपालमा शिक्षा विकासका केही तथ्यहरू | ४ |
| **खण्ड ख : शिक्षा मन्त्रालय रसम्बद्ध निकायहरूको परिचय** | | **१३-६४** |
| १. | शिक्षा मन्त्रालय | १४ |
| २. | शिक्षा विभाग | १८ |
| ३. | पाठ्यक्रम विकास केन्द्र | २० |
| ४. | शैक्षिक जनशक्ति विकास केन्द्र | २३ |
| ५. | परीक्षा नियन्त्रण कार्यालय | २८ |
| ६. | अनौपचारिक शिक्षा केन्द्र | ३१ |
| ७. | विद्यालय शिक्षक किताबखाना | ३५ |
| ८. | शिक्षक सेवा आयोग | ३६ |
| ९. | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ३८ |
| १० | क्षेत्रीय शिक्षा निर्देशनालय | ४० |
| ११. | जिल्ला शिक्षा कार्यालय | ४२ |
| १२. | स्रोतकेन्द्र | ४४ |
| १३. | युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | ४६ |
| १४. | उच्च माध्यमिक शिक्षा परिषद् | ४८ |
| १५. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | ५० |
| १६. | जनक शिक्षा सामग्री केन्द्र लिमिटेड | ५२ |
| १७. | विश्वविद्यालय अनुदान आयोग | ५३ |
| १८. | विश्वविद्यालय तथा प्रतिष्ठानहरू | ५५ |
| १९. | नेपाल राष्ट्रिय पुस्तकालय | ५८ |
| २०. | केसर पुस्तकालय | ६० |
| २१. | डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय | ६२ |
| **खण्ड ग : नीति, योजना तथा निर्देशिकाहरू** | | **६५-११७** |
| १. | नीतिहरू | ६६ |
| २. | योजना | ८८ |
| ३. | निर्देशिकाहरू | १०४ |

| | |
|---|---|
| **खण्ड घ : शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजनाहरू** | **११८-१३९** |
| १. व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना | ११९ |
| २. विपन्न लक्षित माध्यमिक विद्यालय छात्रवृत्ति परियोजना | १२३ |
| ३. दोस्रो उच्च शिक्षा परियोजना | १३० |
| ४. शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना | १३२ |
| **खण्ड ङ : शिक्षा मन्त्रालय र अन्तर्गत निकायबाट २०६७/२०६८ मा भएका अध्ययन - अनुसन्धानका सारांशहरू** | **१४०-१८४** |
| **खण्ड च : केही महत्त्वपूर्ण शैक्षिक तथ्याङ्क** | **१८५-२०१** |
| तालिका १. शैक्षिक संस्थाहरू | १८६ |
| तालिका २. विद्यार्थी भर्ना | १८७ |
| तालिका ३ शिक्षक | १९० |
| तालिका ४ शिक्षामा सरकारी बजेट | १९२ |
| तालिका ५ जिल्लागत साक्षर हुन बाँकी जनसङ्ख्या | १९३ |
| तालिका ६. विद्यालय क्षेत्र सुधार योजनाका सूचकहरू, २०१०/११ को लक्ष्य तथा स्थिति | १९६ |
| तालिका ७(क). एसएलसी बोर्ड स्थापनादेखि हालसम्मको परीक्षाको नतिजा विवरण | १९८ |
| तालिका ७(ख).एसएलसी परीक्षा २०६८ को नतिजाको विवरण | २०० |
| तालिका ७(ग). उच्च माध्यमिक तहको परीक्षा २०६८ को नतिजाको क्षेत्रगत विवरण | २०१ |
| **अनुसूचीहरू** | **२०२-२३०** |
| अनुसूची - १–१९: शिक्षा मन्त्रालय तथा सम्बद्ध निकायहरूका सङ्गठन तालिकाहरू | २०३ |
| अनुसूची - २० : शिक्षा मन्त्रालय तथा अन्तर्गतका निकायहरूको दरबन्दी विवरण | २२१ |
| अनुसूची - २१ : शिक्षा मन्त्रालय र यसअन्तर्गतका निकायहरूबाट हुने प्रकाशन हुने प्रकाशनहरू | २२२ |
| अनुसूची - २२ : शिक्षा मन्त्रालय तथा यसअन्तर्गतका निकायअन्तर्गत भएका अनुसन्धानको सूची | २२५ |
| अनुसूची - २३(क) : विभिन्न निकायका वेभसाइट, इमेल तथा फोन नम्बरहरू | २२६ |
| अनुसूची - २३(ख) : शिक्षा मन्त्रालयका विभिन्न महाशाखा तथा शाखाका टेलिफोन नम्बरहरू | २२८ |
| अनुसूची - २३(ग) : क्षेत्रीय शिक्षा निर्देशनालयका फोन नम्बरहरू | २२९ |
| अनुसूची - २३(घ) : जिल्ला शिक्षा कार्यालयका फोन नम्बरहरू | २३० |

# खण्ड – क

## नेपालको सामान्य परिचय

१. नेपालको सामान्य जानकारी

२. नेपालमा शिक्षा विकासका केही तथ्यहरू

# नेपालको सामान्य जानकारी

## क्षेत्रफल र अवस्थिति

दक्षिण पूर्वी एसियामा रहेको नेपाल २६० २२" देखि ३०० २७" उत्तरी अक्षांशसम्म र ८०० ४" देखि ८८० १२" पूर्वी देशान्तरसम्म फैलिएको छ । पूर्व-पश्चिम लम्बाइ ८८५ र उत्तर-दक्षिण सरदर चौडाइ १९३ कि.मि. रहेको नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. छ । नेपालले विश्वको कुल भूभागको ०.०३ प्रतिशत र एसिया महादेशको ०.३ प्रतिशत भूभाग ओगटेको छ । नेपालको प्रामाणिक समय ग्रिनविच मिनटाइम (GMT) भन्दा ५ घन्टा ४५ मिनेट अगाडि रहेको छ । राजधानी काठमाडौँ रहेको नेपाल भौगोलिक तथा सामाजिक विविधतायुक्त देश हो ।

## भौगोलिक स्थिति

नेपाललाई प्राकृतिक संरचना र भू-धरातलीय बनोटको आधारमा हिमाल (१५ प्रतिशत भूभाग), पहाड (६८ प्रतिशत भूभाग) र तराई (१७ प्रतिशत भूभाग) गरी तीन भागमा विभाजन गरिएको छ । विश्वको सर्वोच्च शिखर सगरमाथा (उचाइ ८,८४८ मिटर) लगायतका ८ हजार मिटरभन्दा अग्ला सातओटा उच्च शिखरहरू र अन्य सयौँ शिखरहरू नेपालमा रहेका छन् । नेपालको सबैभन्दा होचो भू-भाग भने झापाको केचनाकलनमा (समुद्री सतहबाट ७० मिटर उचाइ) रहेको छ (सूचना विभाग, २०५८) ।

## राजनीतिक र प्रशासनिक विभाजन

राजनीतिक र प्रशासनिक दृष्टिले नेपाललाई पाँच विकास क्षेत्र (पूर्वाञ्चल विकास क्षेत्रमा १६ जिल्ला, मध्यमाञ्चल विकास क्षेत्रमा १९ जिल्ला, पश्चिमाञ्चल विकास क्षेत्रमा १६ जिल्ला, मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा १५ जिल्ला र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा ९ जिल्ला), १४ अञ्चल, ७५ जिल्लाहरू, १ महानगरपालिका (काठमाडौँ), ४ उप-महानगरपालिका (विराटनगर, वीरगन्ज, ललितपुर र पोखरा), ५८ ओटा नगरपालिकाहरू र ३,९१५ गाउँ विकास समितिहरू रहेका छन् ।

नेपाल वि.सं. २०६३ सालदेखि गणतन्त्रमा प्रवेश गरेको छ । नेपालमा गणतन्त्रात्मक संविधान जारी भई सोअनुसार राज्यपुनर्संरचना र शासकीय स्वरूपको निर्धारण भएपछि उल्लिखित राजनीतिक र प्रशासनिक विभाजन परिवर्तन हुने देखिए पनि अहिलेसम्म यसमा परिवर्तन आइसकेको छैन ।

## जनसाङ्ख्यिक स्थिति

- सन् २०११ (वि.सं. २९६८)को राष्ट्रिय जनगणनाको प्रारम्भिक अनुमानले नेपालको कुल जनसङ्ख्या २,६६,२०,८०९ (महिला ५१.४ प्रतिशत) (तथ्याङ्क विभाग, २०६८) हुने देखाएको छ । तर यसको पूर्ण विवरण भने आउन बाँकी नै छ ।
- सन् २००१ को राष्ट्रिय जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २,३१,५१,४२३ रहेको थियो जसमा पुरुष १,१५,६३,९२१.(४९.९५ प्रतिशत), महिला १,१५,८७,५०२ (५०.०५ प्रतिशत) र जनसङ्ख्या वृद्धिदर २.२५ प्रतिशत थियो ।
- नेपाल एक बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक देश हो । सन् २००१ को जनगणनाअनुसार नेपालमा १०१ जातजाति र ९२ भाषिक समूहहरू रहेका छन् । यसैगरी नेपालमा हिन्दु, बौद्ध, किरात, इस्लाम, जैन, शिख, क्रिस्चियनलगायतका धर्म मान्ने मानिसहरूको बसोबास रहेको छ ।

## आर्थिक स्थिति

- त्रिवर्षीय योजनामा (२०६७/६८-२०६९/७०) उल्लेख भएअनुसार गरिबीको रेखामुनि रहेको जनसङ्ख्या को प्रतिशत २५.४ प्रतिशत र गिनी गुणक ०.४६ रहेको छ ।
- मानव संसाधन विकास रिपोर्ट २०११अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.४५८ छ जसअनुसार मानव विकास सूचकाङ्कका दृष्टिले नेपाल विश्वमा १५७ औँ स्थानमा रहेको छ । ( यु.एन. डी. पी., २०११)
- वि. सं. २०६७ मा प्रतिव्यक्ति वार्षिक आय ६४२ यु. एस. डलर रहेको थियो । (तथ्याङ्क विभाग २०६८)

# नेपालमा शिक्षा विकासका केही तथ्यहरू

## ऐतिहासिक पृष्ठभूमि

नेपालमा परम्परागत हिन्दु-वैदिक शिक्षाको लामो इतिहास थियो । बौद्ध धर्म-दर्शनको प्रारम्भ भएपछि विहार, गुम्बा र बौद्ध शिक्षा केन्द्रहरूमा बौद्ध धर्मदर्शनमा आधारित शिक्षा र हिन्दु-वैदिक शिक्षाअन्तर्गत विशेषतः गुरुकुल प्रणालीका शिक्षा सीमित मात्रामा प्रचलित थिए ।

नेपालको एकीकरण पूर्व र एकीकरणपछि पनि शिक्षालाई राज्यले आफ्नो दायित्वभित्र लिएको देखिँदैन । त्यस बेला धार्मिक सङ्घसंस्था, गुठी, व्यक्तिको दान, सरकारको अनुदान इत्यादिबाट शिक्षाका लागि खर्चको प्रबन्ध हुन्थ्यो ।

नेपालमा परम्परागत संस्कृत र बौद्ध शिक्षाको प्रचलन रही रहेको बेला वि.सं. १९१० मा दरबारस्कुलको स्थापनासँगै नेपालमा अङ्ग्रेजी शिक्षा प्रणालीको सुरुआत भएको थियो । नेपालमा उच्चशिक्षाको औपचारिक सुरुआत भने वि.सं १९७५ मा त्रिभुवन चन्द्र कलेज (त्रिचन्द्र कलेज) को स्थापनाबाट भएको देखिन्छ ।

नेपालमा वि.सं.२००७ साल भन्दा पहिले शिक्षाको पहुँच ज्यादै सीमित व्यक्ति तथा समुदायमा भएकाले आम जनसमुदाय शिक्षाको अवसरबाट वञ्चित रहेका थिए । यस तथ्यलाई वि.सं.२००७ सालको शैक्षिक तथ्याङ्कले पनि स्पष्ट पार्दछ । त्यसबेला नेपालको साक्षरता करिब २ प्रतिशत मात्र थियो भने प्रारम्भिक (प्राथमिक) स्कुल/पाठशालाहरू ३२१, माध्यमिक स्कुलहरू ११ र उच्च शिक्षाअन्तर्गत एउटा कलेज सञ्चालित थियो (राष्ट्रिय शिक्षा आयोग,२०४९) । त्यसबेला एउटा संस्कृत विद्यालयमा औपचारिक रूपमा भए पनि संस्कृतमा उच्च शिक्षा प्रदान गरिएको देखिन्छ भने एउटा आयुर्वेद विद्यालयमा पनि उच्च तहको अध्यापनको व्यवस्था रहेको थियो (शाही उच्च शिक्षा आयोग, २०४०) ।

वि.स.२००७ को राजनीतिक परिवर्तनपछि राज्यले पनि शिक्षा विस्तारमा लगानी गऱ्यो भने आमजनसमुदायहरू विद्यालयहरू खोल्ने र बालबालिकाहरूलाई शिक्षा दिने कार्यमा सक्रिय रहेका थिए । त्यसबेला शिक्षण संस्था र विद्यार्थी सङ्ख्यामा क्रमिकरूपमा वृद्धि भएको थियो ।

वि.स. २००७ सालपछि नेपालमा शिक्षाको विकासका लागि भएका केही प्रयासहरू निम्नअनुसार थिए :

- वि.स. २०११ (सन् १९५४) मा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगद्वारा राष्ट्रिय शिक्षा प्रणालीको आधार तयार गरिएको थियो ।

- वि.सं. २०१८ (सन् १९६१) मा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरी शिक्षालाई समयानुकूल परिवर्तन गर्ने प्रयास गरिएको थियो ।

- वि.स. २०२८ (सन् १९७१) मा राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन गरी नयाँ शिक्षाको सुरुआत भयो ।

- वि.स. २०३७ (सन् १९८०) देखि हालसम्म विद्यालय र उच्च शिक्षामा पहुँचको विस्तार र गुणस्तर वृद्धि गर्न विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यस अवधिमा सञ्चालित विभिन्न परियोजना तथा कार्यक्रमहरूमा ग्रामीण विकासका निम्ति शिक्षा परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र दोस्रो, प्राथमिक शिक्षा विकास परियोजना, माध्यमिक शिक्षा विकास परियोजना, सबैका लागि शिक्षा कार्यक्रम, शिक्षक शिक्षा आयोजना, जनसङ्ख्या शिक्षा परियोजना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सामुदायिक विद्यालय सहयोग कार्यक्रम, शिक्षाका लागि खाद्य कार्यक्रम, विद्यालय क्षेत्र सुधार योजना, उच्च शिक्षा परियोजना प्रथम र दोस्रो, रोजगारीका लागि सीप परियोजना, व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना प्रमुख रहेका छन् ।

- वि. सं. २०४६ पछि शिक्षामा सुधारका लागि सुझाव दिने गरी सरकारले गठन गरेको राष्ट्रिय शिक्षा आयोगले वि.सं. २०४९ (सन् १९९२) मा र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले वि.सं. २०५५ (१९९९) मा प्रतिवेदन पेस गरेअनुसारका सुझावहरूअनुरूप शिक्षामा सुधारका प्रयासहरू हुँदै आएका छन् ।

- हाल विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसआरपी, सन् २००९-१६) मार्फत् विद्यालयको समग्र पक्षमा सुधार गर्ने प्रयास गरिएको छ भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा पनि विभिन्न कार्यक्रमहरू तथा परियोजनाहरू सञ्चालन भएका छन् । उच्च शिक्षाको विस्तार र गुणस्तर अभिवृद्धिका लागि बहुविश्वविद्यालयको अवधारणा कार्यान्वयन भई हाल नौओटा विश्वविद्यालयहरू स्थापना भइसकेका छन् । उच्च शिक्षाको सुधारका लागि दोस्रो उच्च शिक्षा परियोजना पनि सञ्चालनमा रहेको छ ।

## वर्तमान अवस्था

- नेपालमा हाल बालविकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयहरू कुल ३३,४०४ रहेका छन् । तीमध्ये ८६.१ प्रतिशत समुदायमा र १३.९ प्रतिशत निजीस्तरमा सञ्चालित छन् । ती बालविकास केन्द्रहरूमा कुल १०,५६,४३० विद्यार्थीहरू अध्ययनरत छन् जसमध्ये ४८.१ प्रतिशत छात्रा रहेका छन् (DOE, 2012)

- कुल ३४,३६१ विद्यालयहरू सञ्चालनमा रहेका छन् । प्राथमिक तहमा सबैभन्दा बढी ३३,८८१ विद्यालयहरू सञ्चालित छन् जहाँ कुल ४७,८२,८८५ विद्यार्थीहरू (छात्रा ५०.४ प्रतिशत) अध्ययनरत छन् । आधारभूत र माध्यमिक तहमा क्रमशः ३६,०६६ र ७,९३८ विद्यालयहरू सञ्चालित छन् । आधारभूत तहमा ६५,९५,५६५ विद्यार्थीहरू (छात्रा ५०.४) अध्ययनरत छन् भने माध्यमिक तह (कक्षा ९ र १०)मा ८,४८,५६९ विद्यार्थीहरू (छात्रा ४९.७) अध्ययनरत छन् (DOE, 2012)।

- प्राथमिक तहमा अहिले पनि विद्यालय जाने उमेरका करिब ४.९ प्रतिशत बालबालिका विद्यालयबाहिर रहेका छन् । कक्षा १ मा विद्यालय छाड्ने विद्यार्थीहरूको अनुपात ८.३ प्रतिशत रहेको छ भने कक्षा दोहऱ्याउने दर २१.३ प्रतिशत छ (शिक्षा विभाग, २०११) । कक्षा १ मा भर्ना भएका विद्यार्थीहरू कक्षा ५ सम्म टिकिरहने दर ८२.८ रहेको छ । छात्राको टिकाउ दर (८४.३ प्रतिशत) र छात्रको टिकाउ दर (८१.७ प्रतिशत) रहेको छ । (DOE, 2012)

- विद्यालय तह (कक्षा १-१०) मा कुल २,५८,२३७ शिक्षक कार्यरत छन् । प्राथमिक तहमा १,७३,७१४ शिक्षक कार्यरत छन् जसमध्ये ४२.२ प्रतिशत महिला शिक्षक छन् । माध्यमिक तहमा ३५,६७५ ( महिला १७.६ प्रतिशत) कार्यरत छन् । हाल विद्यार्थी र शिक्षकको अनुपात प्राथमिक र माध्यमिक तहमा क्रमशः २७.५ र २३.८ रहेको छ । (DOE, 2012)

- उच्च माध्यमिक तहका ३,३८३ विद्यालयहरू सञ्चालनमा छन् । जसमध्ये २,४९९ ओटा सामुदायिक, ५८९ ओटा निजी क्षेत्रबाट सञ्चालित छन् । निजी क्षेत्रबाटै थप १५९ ओटा कक्षा ११ र १२ मात्रै सञ्चालित संस्था छन् भने १३६ ओटा उच्च माध्यमिक कक्षाहरू क्याम्पसहरूमा सञ्चालित छन् । उच्च माध्यमिक तहमा कक्षा ११ र १२ मा गरी जम्मा ६,५५,४१५ विद्यार्थीहरू अध्ययनरत छन् जसमध्ये ४६.८ प्रतिशत छात्राहरू रहेका छन् । ( HSEB, 2012)

- उच्च शिक्षातर्फ ९ ओटा विश्वविद्यालय र अन्तर्गत ९० ओटा आङ्गिक र १०१२ ओटा सम्बन्धन प्राप्त क्याम्पसहरू गरी कुल ११०२ क्याम्पस रहेका छन् । कुल क्याम्पसमध्ये सबैभन्दा बढी ५२.४ प्रतिशत क्याम्पस त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालित छन् भने नयाँ खोलिएका तीनओटा विश्वविद्यालयहरू (सुदुरपश्चिम, मध्य पश्चिम र कृषि तथा पशुविज्ञान विश्वविद्यालय)मा हालसम्म कुनै पनि शैक्षिक कार्यक्रम सुरु भएका छैनन् । हाल उच्च शिक्षामा कुल ४,१२,५४० विद्यार्थी अध्ययनरत छन् जसमध्ये ४१.६ प्रतिशत छात्राहरू रहेका छन् (UGC, 2012) । विश्वविद्यालयअन्तर्गतका उच्च शिक्षण संस्थाबाहेक ३ ओटा प्रतिष्ठानअन्तर्गत तीन ओटा चिकित्साशस्त्रमा उच्च शिक्षा दिने संस्थाहरू पनि सञ्चालनमा रहेका छन् ।

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमअन्तर्गत प्राविधिक एसएलसी (TSLC) र डिप्लोमा तहका आङ्गिक ७२ (एनेक्स ४५ सहित) र सम्बन्धन प्राप्त ३४६ गरी जम्मा ४१८ ओटा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरू रहेका छन् । ती तालिम प्रदायक संस्थाहरूमा कुल २५,३१३ विद्यार्थीहरू भर्ना भएका छन् । (CTEVT, 2012)

## शिक्षाको वर्तमान संरचना

नेपालको शिक्षाको वर्तमान संरचनाअनुसार ३ देखि ४ वर्षका विद्यार्थीका लागि १ देखि २ वर्षे पूर्वप्राथमिक शिक्षा, ५ देखि १२ वर्ष उमेरका विद्यार्थीका लागि कक्षा १ देखि ८ को आधारभूत शिक्षा, १३ देखि १६ वर्षका विद्यार्थीका लागि कक्षा ९ देखि १२ को माध्यमिक शिक्षाको व्यवस्था रहेको छ । आधारभूत तहका विभिन्न कक्षामा बैकल्पिक माध्यमबाट पनि शिक्षा प्राप्त गरी प्रवेश पाउन सक्ने व्यवस्था छ । उच्च शिक्षातर्फ ३ देखि ५ वर्षको स्नातक, २ वर्षको स्नातकोत्तर, १ देखि २ वर्षको

एमफिल र ३ देखि ४ वर्षको विद्यावारिधि तहका कार्यक्रमहरू विभिन्न विश्वविद्यालयअन्तर्गत सञ्चालित छन् । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमतर्फ विश्वविद्यालयका कार्यक्रमबाहेक प्राविधिक प्रवेशिका र डिप्लोमा कार्यक्रमहरू सञ्चालमा रहेका छन् । नेपालको वर्तमान शिक्षाको संरचना निम्नलिखित चित्रमा प्रस्तुत गरिएको छ :




*चित्र क(१): नेपालमा शिक्षाको संरचना*

शिक्षाको राष्ट्रिय नीति, अन्तरराष्ट्रिय अभ्यास र परिवर्तित सन्दर्भमा नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको कायम गरिएको छ । विद्यालय शिक्षाको जम्मा अवधि बाह्र वर्षको हुने छ । आधारभूत तहको शिक्षा प्राप्त गर्ने हक प्रत्येक नागरिकलाई हुने छ । यस संरचनाअनुसार आधारभूत तह कक्षा एकदेखि कक्षा आठसम्म र माध्यमिक तह कक्षा नौदेखि कक्षा बाह्र सम्मको निर्धारण गरिएको छ ।

## नेपालमा शिक्षाका राष्ट्रिय उद्देश्यहरू

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासको सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने

२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको सम्वर्द्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवन पद्धतिको विकास गर्न चरित्रवान् एवम् नैतिकवान् नागरिक तयार गर्ने

३. स्थानीय तथा राष्ट्रियस्तरमा व्यवसाय, पेसा एवम् रोजगारीका साथै आवश्यकतानुसार अन्तरराष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संशाधनको विकास गर्ने

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने

७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरुपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मद्दत गर्ने

८. स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवेशअनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्वबन्धुत्वको भावना विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने

९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानवअधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका, स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने

११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने

## विद्यालय शिक्षाका तहगत उद्देश्यहरू

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ (पाठ्यक्रम विकास केन्द्र, २०६३)अनुसार नेपालमा विद्यालय शिक्षाका तहगत उद्देश्यहरू निम्नअनुसार छन् :

### बालविकास शिक्षाका उद्देश्यहरू

आधारभूत तहमा बालबालिकाको सरल समायोजनका लागि उनीहरूलाई सम्पूर्ण (शारीरिक तथा मनोवैज्ञानिक) रूपले तयार पार्नु बालविकास शिक्षाको प्रमुख उद्देश्य हो । विशेष गरी बालविकास शिक्षाका अन्य उद्देश्यहरू निम्नानुसार हुने छन् :

- शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक सिर्जनात्मक पक्षको विकासका लागि अवसर प्रदान गर्नु
- सफासुग्घर रहने बानीको विकास गर्नु
- सामाजिक मूल्यअनुरूप व्यवहार गर्ने बानीको विकास गर्नु
- विद्यालयप्रति सकारात्मक धारणा र व्यवहारको विकास गर्नु
- आधारभूत शिक्षाका लागि तयार पार्नु

### आधारभूत शिक्षाका उद्देश्यहरू (कक्षा १–८)

आधारभूत शिक्षाको मुख्य उद्देश्य विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नु हो । यसको मूल उद्देश्य राष्ट्र र लोकतन्त्रमा विश्वास गर्ने, सामाजिक र प्राकृतिक वातावरण एवम् आफ्नो जिम्मेवारीप्रति सचेत नागरिक उत्पादन गर्नु हो । यो तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचारहरू आदानप्रदान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, स्वस्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । आधारभूत शिक्षाका उद्देश्यहरू निम्नबमोजिम हुने छन् :

- लोकतान्त्रिक मूल्य र मान्यता एवम् राष्ट्रियताप्रति सकारात्मक भावनाको विकास गर्नु
- नेपाली इतिहास, समाज र सांस्कृतिक विविधताका बारेमा आधारभूत ज्ञानको विकास गर्नु
- व्यक्तिगत अभिव्यक्ति र सञ्चारका लागि भाषाहरू (मातृभाषा, नेपाली, अङ्ग्रेजी) को सामान्य ज्ञान र सीपको विकास गर्नु
- विज्ञान, गणित, वातावरण, स्वास्थ्य, सूचना प्रविधि, जीवनोपयोगी सीपसम्बन्धी आधारभूत ज्ञानको विकास गर्नु
- आपसी सद्भाव, अनुशासन, नैतिकता, सामाजिक शिष्टाचार, सहयोगीपन, इमानदारीजस्ता व्यक्तिगत र सामाजिक गुणको विकास गर्नु

- सिर्जनात्मक तथा अभिव्यक्तिशील सीप विकास गर्नु
- बालबालिकाहरूलाई बालअधिकार र मानवअधिकारको महत्त्वबारे सचेत गराउनु
- बालबालिकाको शारीरिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकास गरी सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु
- समस्या समाधन, रचनात्मक सोचाइ, निर्णय गर्ने, व्यक्तिगत सरसफाइ र समूहमा काम गर्ने जस्ता जीवनपयोगी सीपको विकास गर्नु
- नागरिक चेतनाको विकास गर्नु
- सांस्कृतिक विभिन्नताप्रति सम्मान गर्दै सांस्कृतिक विविधता, मूल्यमान्यता र परम्पराप्रति उत्सुकता वृद्धि गर्नु
- जात, जाति, धर्म, भाषा, वर्ग एवम् अक्षमता र छुवाछुत जस्ता विभेदप्रति हुने भेदभाव विरुद्ध सचेत भई तदनुरूपको आचरण गर्न र समावेशी समाजको निर्माणमा सहयोग गर्नु
- कामप्रति सकारात्मक दृष्टिकोण र श्रमप्रति सम्मान गर्ने भावनाको विकास गर्नु
- स्थानीय व्यवसाय एवम् रोजगारीका विषयमा जानकारी लिन/दिन र चिन्तन गर्ने बानीको विकास गर्नु

**माध्यमिक शिक्षाका उद्देश्यहरू (कक्षा ९-१२)**

राष्ट्रिय परम्परा, संस्कृति, सामाजिक सम्पदा, लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने, दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो । यस तहको मुख्य उद्देश्य देशको सर्वाङ्गीण विकासका लागि क्षमताअनुरूप ठोस योगदान दिन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान सीप प्रदान गरी सचेत नागरिक तयार पार्नु हो । माध्यमिक शिक्षाका उद्देश्यहरू निम्नलिखित हुने छन् :

- देशको बहुसांस्कृतिक र लोकतान्त्रिक मूल्यमान्यताप्रति गर्व गर्दै सकारात्मक धारणाको विकास गर्नु
- राष्ट्र विकासका लागि सक्षम, आत्मनिर्भर, सीपमूलक र तालिम प्राप्त मानव स्रोत उत्पादन गर्नु
- इमानदारी, आत्मनिर्भरता, रचनात्मकता, परिश्रमीपन, सहयोगीपन, समूहमा काम गर्ने बानी, जवाफदेहीता, आत्मविश्वास जस्ता गुणको विकास गर्नु
- दैनिक क्रियाकलाप र सामाजिक जीवनमा सक्रिय सहभागिताका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक क्षमताको विकास गर्नु
- दैनिक जीवनका समस्या समाधानका लागि उपयुक्त ज्ञान विकास गर्नु

## शिक्षाको व्यवस्थापकीय संरचना

नेपालमा शिक्षासम्बन्धी नीति निर्माण र समस्त योजना, कार्यक्रमको समन्वयका लागि शिक्षा मन्त्रालय रहेको छ । उच्च शिक्षाको नीति निर्माणमा सहयोग र सञ्चालनको समन्वय विश्वविद्यालय अनुदान आयोगले गर्दछ भने विश्वविद्यालयहरू आफ्ना कार्यहरू सञ्चालन गर्नका लागि स्वतन्त्र रहेकाछन् ।

शिक्षा मन्त्रालयअन्तर्गत शिक्षा विभागले विद्यालय शिक्षाको वार्षिक योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन गर्दछ । शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयहरूमार्फत् शैक्षिक योजना कार्यान्वयन, अनुगमन र व्यवस्थापन गर्दछ । प्रत्येक विद्यालयमा रहेको व्यवस्थापन समिति विद्यालयको सञ्चालन र व्यवस्थापनमा जिम्मेवार हुन्छ ।

शिक्षक विकासका लागि केन्द्रीय स्तरमा शैक्षिक जनशक्ति विकास केन्द्र रहेको छ भने यसअन्तर्गत ३४ ओटा तालिम केन्द्रहरू रहेका छन् । यी तालिम केन्द्रहरूले शिक्षकहरूका विभिन्न किसिमका तालिम सञ्चालन गर्दछन् । केही विद्यालयहरूको समूहमा स्थापित स्रोतकेन्द्रहरूबाट शिक्षक र विद्यालयलाई शिक्षणसिकाइमा सुधारका लागि सहयोग गर्ने व्यवस्था पनि गरिएको छ । हाल देशभर जम्मा १०५३ स्रोतकेन्द्रहरू सञ्चालित छन् । पाँच विकास क्षेत्रमा रहेका क्षेत्रीय शिक्षा निर्देशनालयहरूले पनि कार्यक्रम सञ्चालनको अनुगमन र समन्वयमा सहयोग गर्दछन् ।

शिक्षा मन्त्रालयअन्तर्गत केन्द्रीय स्तरमा एस. एल. सी. परीक्षाको व्यवस्थापनका लागि परीक्षा नियन्त्रण कार्यालय, पाठ्यक्रम पाठ्यपुस्तक विकास र परिमार्जनका लागि पाठ्यक्रम विकास केन्द्र, अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन र व्यवस्थापनका लागि अनौपचारिक शिक्षा केन्द्र, शिक्षकहरूको अभिलेख व्यवस्थापनका लागि शिक्षक किताबखाना र विद्यालय शिक्षाको गुणस्तर परीक्षण गरी सुझाव दिन शैक्षिक परीक्षण केन्द्र रहेका छन् ।

उच्च माध्यमिक तहको सम्बन्धन प्रदान गर्ने र परीक्षा सञ्चालन गर्ने कार्य उच्च माध्यमिक शिक्षा परिषद्बाट भइरहेकोछ भने प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका कार्यक्रमहरू (विश्वविद्यालयका कार्यक्रमहरू बाहेक), जसअन्तर्गत छोटो अवधिको तालिम, प्राविधिक प्रवेशिका र डिप्लोमा तहका कार्यक्रमहरू सञ्चालन र सीप परीक्षण गर्ने कार्य प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्मार्फत् भइरहेको छ ।

शिक्षा मन्त्रालयअन्तर्गत दुईओटा केन्द्रीय पुस्तकालयहरू ( राष्ट्रिय पुस्तकालय र केशर पुस्तकालय) र एउटा स्वायत्त पुस्तकालय (डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय) सञ्चालनमा रहेका छन् । शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यपुस्तकहरू छपाइ र वितरणका लागि सरकारी स्वामित्वसहितको संस्थान जनक शिक्षा सामग्री केन्द्र रहेको छ ।

नेपालको शिक्षाको व्यवस्थापकीय संरचना अनुसूची १ मा प्रस्तुत गरिएको शिक्षा मन्त्रालयको सङ्गठन तालिकाले स्पष्ट पार्ने छ ।

## सन्दर्भ सामग्री


- Central Bureau of Statistics (2069). *Nepal in Figure 2068*. Kathmandu: CBS.
- DoE (2012). *Flash Report I 2068 (2011/12)*. Sanothimi: DOE.
- National Planning Commission (2010). *Three Year Plan 2067/68-2069/70.* Kathmandu: NPC.
- Reported data received from HSEB ( 2069), UGC ( 2069) and CTEVT (2069).
- UNDP (2011). *Human Development Report 2011*. New York: UNDP.
- केन्द्रीय तथ्याङ्क विभाग (२०६८) *राष्ट्रिय जनगणना २०६८ को प्रारम्भिक नतिजा ।* काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग
- राष्ट्रिय शिक्षा आयोग (२०४९) *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ ।* काठमाडौं : राष्ट्रिय शिक्षा आयोग ।
- शाही उच्च शिक्षा आयोग, २०४०) *शाही उच्च शिक्षा आयोगको प्रतिवेदन, २०४० ।* काठमाडौं : शाही उच्च शिक्षा आयोग ।

# खण्ड - ख

## शिक्षा मन्त्रालय तथा मन्त्रालयसम्बद्ध निकायहरूको परिचय

१. शिक्षा मन्त्रालय
२. शिक्षा विभाग
३. पाठ्यक्रम विकास केन्द्र
४. शैक्षिक जनशक्ति विकास केन्द्र
५. परीक्षा नियन्त्रण कार्यालय
६. अनौपचारिक शिक्षा केन्द
७. विद्यालय शिक्षक किताबखाना
८. शिक्षक सेवा आयोग
९. शैक्षिक गुणस्तर परीक्षण केन्द्र
१० क्षेत्रीय शिक्षा निर्देशनालय
११. जिल्ला शिक्षा कार्यालय
१२. स्रोतकेन्द्र
१३. युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग
१४. उच्च माध्यमिक शिक्षा परिषद्
१५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
१६. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
१७. विश्वविद्यालय अनुदान आयोग
१८. विश्वविद्यालय तथा प्रतिष्ठानहरू
१९. नेपाल राष्ट्रिय पुस्तकालय
२०. केसर पुस्तकालय
२१. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय

# शिक्षा मन्त्रालय

## परिचय

विक्रम संवत् २००७ मा शिक्षा मन्त्रालयको स्थापना भएको हो । यस मन्त्रालयको कार्यक्षेत्र विभिन्न समयमा परिवर्तन भएको देखिन्छ । उदाहरणका लागि विभिन्न समयमा संस्कृति, समाज कल्याण, युवा, खेलकुद जस्ता कार्य पनि यस मन्त्रालयको क्षेत्रभित्र समावेश भएका देखिन्छन् । हाल ती कार्य अलगअलग मन्त्रालयमा समावेश भएकाले यस मन्त्रालयको मुख्य कार्यक्षेत्र शिक्षासम्बन्धी नीति तर्जुमा, योजना निर्माण, अनुगमन तथा मूल्याङ्कन रहेको छ । राष्ट्रको शिक्षासम्बन्धी सम्पूर्ण नीति निर्धारण, योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्नु तथा मुलुकभरको शिक्षा क्षेत्रको योजना, व्यवस्थापन र सेवा प्रदान गर्नु यस मन्त्रालयको मुख्य दायित्व हो ।

मन्त्रालयअन्तर्गतका केन्द्रीयस्तरका निकायहरू कार्यक्रमहरूको कार्यान्वयन र तिनीहरूको अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार छन् भने क्षेत्रीय कार्यालयहरू समन्वय र अनुगमन गर्ने निकायको रूपमा रहेका छन् । जिल्ला शिक्षा कार्यालयहरू जिल्ला भित्र शिक्षासम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्ने मुख्य निकायको रूपमा रहेका छन् ।

प्रत्येक विद्यालयमा रहेको विद्यालय व्यवस्थापन समितिलाई विद्यालय व्यवस्थापन गर्ने जिम्मेवारी दिइएको छ भने विद्यालयको शिक्षणसिकाइ सुधारका लागि स्रोतकेन्द्रहरूले प्राविधिक सहायता पुऱ्याउने र विद्यालयको सुपरिवेक्षणसम्बन्धी कार्य गर्दछन् ।

शिक्षा मन्त्रालयको कार्यक्षेत्रअन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको नीति तथा योजना निर्माण र अनुगमन तथा मूल्याङ्कन पनि रहेको छ । यस कार्यका लागि मन्त्रालयले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सँग समेत समन्वय गर्दछ । उच्च शिक्षासम्बन्धी नीति तथा योजना निर्माण, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि मन्त्रालयले विश्वविद्यालय अनुदान आयोग र सम्बन्धित विश्वविद्यालयहरूसँग समन्वय गर्दछ ।

शिक्षा मन्त्रालयमा शिक्षा मन्त्रीको मातहतमा राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवले प्रशासकीय तथा कार्यकारी प्रमुखका रूपमा कार्य गर्दछन् । हाल शिक्षा मन्त्रालयमा कर्मचारीको कुल दरबन्दी १४७ रहेको छ । मन्त्रालयको कुल दरबन्दीमध्ये राजपत्राङ्कित, राजपत्र अनङ्कित र श्रेणीविहीन कर्मचारीको दरबन्दी क्रमशः ५४, ५६ र ३७ रहेको छ । शिक्षा मन्त्रालय केशरमहल, काठमाडौँमा रहेको छ । शिक्षा मन्त्रालयको सङ्गठन तालिका अनुसुची १ मा प्रस्तुत गरिएको छ ।

## मुख्य मुख्य कार्यहरू

नेपाल सरकार, कार्यविभाजन नियमावली, २०६९ (मन्त्रिपरिषद्बाट स्वीकृत मिति २०६९।०२।०५)अनुसार शिक्षा मन्त्रालयका मुख्य कार्यक्षेत्रहरू निम्नानुसार छन् :

१. शिक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

२. शिशु, प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक, उच्च माध्यमिक तथा उच्च शिक्षा, दूर शिक्षा, प्रौढ शिक्षा, अनौपचारिक शिक्षा तथा विशेष शिक्षा

३. जनसङ्या शिक्षा र पौष्टिक आहार कार्यक्रम

४. प्राविधिक, व्यावसायिक, नैतिक तथा शारीरिक शिक्षा

५. शिक्षक तालिम र शैक्षिक जनशक्ति विकास नीतिको तर्जुमा तथा कार्यान्वयन

६. शिक्षण संस्था (गुरुकुल, मदरसा, गुम्बासमेत)

७. खुला प्रतियोगिताबाट छनोट हुनेलाई छात्रवृत्ति, विदेशमा अध्ययन, अनुसन्धान गर्न जाने तथा विदेशीलाई नेपालमा अध्ययन, अनुसन्धानको स्वीकृति

८. प्राज्ञिक अनुसन्धान

९. पाठ्यक्रम तथा पाठ्यपुस्तक

१०. शिक्षासम्बन्धी सर्वेक्षण, तथ्याङ्क तथा अनुसन्धान

११. पुस्तकालय र वाचनालय

१२. शिक्षाविषयक राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय

१३. शिक्षासम्बन्धी द्विपक्षीय र बहुपक्षीय सम्झौता

१४. संयुक्त राष्टसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्घ (युनेस्को)

१५. विश्वविद्यालय तथा अध्ययन संस्थान

१६. विश्वविद्यालय अनुदान आयोग

१७. जनक शिक्षा सामग्री केन्द्र

१८. साझा प्रकाशन

१९. नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलजी समूहबाहेक)

## महाशाखा र शाखाहरू

| सि.नं. | महाशाखा | महाशाखाको काम | मातहतको शाखा |
|---|---|---|---|
| १. | प्रशासन | कर्मचारी व्यवस्थापन तथा विकास, कर्मचारी भर्ना, सरुवा, बढुवा, आर्थिक प्रशासन, सम्पत्ति व्यवस्थापन, ऐन नियम परामर्श र जनसम्पर्क | १. कर्मचारी प्रशासन तथा जनशक्ति विकास<br>२. आर्थिक प्रशासन<br>३. ऐन नियम परामर्श<br>४. आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन<br>५. खेलकुद तथा युवा कार्यक्रम |
| २ | उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन | उच्च तथा प्राविधिक शिक्षा, छात्रवृत्ति र विद्यालय शिक्षासम्बन्धी कार्यहरू | १. विद्यालय शिक्षा<br>२. छात्रवृत्ति<br>३. उच्च तथा प्राविधिक शिक्षा |
| ३. | योजना | शिक्षाको राष्ट्रिय नीतिअनुरूप वार्षिक तथा आवधिक योजनाहरू तयार गर्ने, शैक्षिक नीतिको विकास तथा विश्लेषण, शिक्षा क्षेत्रका कार्यक्रम तथा परियोजनाहरूको कार्यान्वयनका लागि वैदेशिक सहायताको समन्वय गर्ने | १. नीति विश्लेषण तथा कार्यक्रम<br>२. वैदेशिक सहायता तथा समन्वय<br>३. पुस्तकालय समन्वय |
| ४. | अनुगमन, मूल्याङ्कन तथा निरीक्षण | कार्यक्रम कार्यान्वयनको अनुगमन, शैक्षिक सूचना व्यवस्थापनका कार्यहरू, मन्त्रालयको सम्पूर्ण कार्यक्रमको अनुगमन र मूल्याङ्कन तथा निरीक्षणसम्बन्धी कार्यहरूको संयोजन गर्ने | १. अनुगमन तथा मूल्याङ्कन<br>२. अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन<br>३. निरीक्षण |

**द्रष्टव्य** : शिक्षा मन्त्रालयअन्तर्गतका उल्लिखित शाखाहरूको अतिरिक्त शिक्षा नीति निर्धारण समितिको सचिवालय पनि रहेको छ। उक्त सचिवालयको सङ्गठन र दरबन्दी भने अस्थायी रूपमा सिर्जना गरिएको छ।

## शिक्षा मन्त्रालयसम्बद्ध निकायहरू

शिक्षाका निर्दिष्ट उद्देश्य एवम् लक्ष्यहरू हासिल गर्नका लागि शिक्षा मन्त्रालयअन्तर्गत विभिन्न केन्द्रीय, क्षेत्रीय, जिल्लास्तरीय, स्थानीयस्तरका एवम् स्वायत्त निकायहरूको स्थापना गरिएको छ। यिनीहरू शैक्षिक विकासका कार्यक्रमहरूको सञ्चालन र व्यवस्थापन गर्ने लगायत आवश्यक जनशक्ति उत्पादन गर्ने निकाय हुन् । मन्त्रालयअन्तर्गतका केन्द्रीयस्तरका निकायहरूले योजना तथा कार्यक्रमहरूको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गर्ने दायित्व निर्वाह गर्छन् भने क्षेत्रीय शिक्षा निर्देशनालयले अनुगमन र समन्वय गर्ने निकायको रूपमा कार्य गर्दछ । जिल्ला शिक्षा कार्यालयहरू शिक्षासम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्ने मुख्य निकायको रूपमा रहेका छन् । जिल्लामा रहेका स्रोतकेन्द्रहरूले विद्यालय सुपरिवेक्षण

र शिक्षणसिकाइ सुधारका लागि सहयोग पुऱ्याउँछन् । यसै गरी मन्त्रालयअन्तर्गत स्थापित स्वायत्त निकाय, परिषद्हरू एवम् आयोगहरूले तोकिएको क्षेत्रमा शैक्षिक सेवा प्रदान गर्दछन् ।

| सि.नं. | निकायको स्वरूप | निकाय |
|---|---|---|
| १ | केन्द्रीय | १. शिक्षा विभाग<br>२. पाठ्यक्रम विकास केन्द्र<br>३. परीक्षा नियन्त्रण कार्यालय<br>४. शैक्षिक जनशक्ति विकास केन्द्र<br>५. अनौपचारिक शिक्षा केन्द्र<br>६ विद्यालय शिक्षक किताबखाना<br>७. शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| २. | क्षेत्रीय | १. पाँच क्षेत्रीय शिक्षा निर्देशनालयहरू : पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल<br>२. शैक्षिक तालिम केन्द्रहरू |
| ३. | जिल्लास्तर | १. पचहत्तर ओटा जिल्ला शिक्षा कार्यालयहरू |
| ४. | स्थानीयस्तर | १ स्रोतकेन्द्रहरू<br>२. विद्यालयहरू |
| ५. | आयोग | १. विश्वविद्यालय अनुदान आयोग<br>२. शिक्षक सेवा आयोग<br>३. युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग |
| ६. | विश्वविद्यालय | १ त्रिभुवन विश्वविद्यालय<br>२ नेपाल संस्कृत विश्वविद्यालय<br>३ काठमाडौं विश्वविद्यालय<br>४ पूर्वाञ्चल विश्वविद्यालय<br>५ पोखरा विश्वविद्यालय<br>६ लुम्बिनी बौद्ध विश्वविद्यालय<br>७. सुदूर पश्चिमाञ्चल विश्वविद्यालय,<br>८. मध्य पश्चिमाञ्चल विश्वविद्यालय<br>९. कृषि तथा पशुविज्ञान विश्वविद्यालय |
| ७ | परिषद् | १. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्<br>२. उच्च माध्यमिक शिक्षा परिषद् |
| ८ | केन्द्रीय पुस्तकालय | १. नेपाल राष्ट्रिय पुस्तकालय<br>२. केशर पुस्तकालय<br>३. डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय |
| ९ | संस्थान | १. जनक शिक्षा सामग्री केन्द्र लिमिटेड |
| १०. | प्रतिष्ठान (स्वाथ्य मन्त्रालयसँग आबद्ध) | १. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान<br>२ बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान<br>३. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान |

# शिक्षा विभाग

## परिचय

विद्यालय शिक्षाका समग्र नीति, योजना र कार्यक्रमहरूलाई देशव्यापी रूपमा प्रभावकारी ढङ्गबाट कार्यान्वयन र अनुगमन गर्ने निकायका रूपमा वि.सं. २०५६ साल जेठ ९ गते शिक्षा विभागको स्थापना भएको हो । यसको प्रमुख उद्देश्य विद्यालय तह (कक्षा १–१२) को शिक्षासँग सम्बन्धित कार्यक्रमहरूलाई कार्यान्वयन तहमा सहजीकरण तथा नियमन गर्ने, क्षेत्रीय शिक्षा निर्देशनालयहरू एवम् जिल्ला शिक्षा कार्यालयहरूलाई कार्यान्वयनमा बढी सक्रिय बनाउने र विद्यालय तहको शिक्षालाई प्रभावकारी बनाउने रहेको छ ।

लोकतन्त्र र मानव अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने, निरन्तर शिक्षाप्रति प्रतिबद्ध, श्रमप्रति सकारात्मक सोच भएका र स्वरोजगार, असल चरित्र भएका र एक्काइसौँ शताब्दीमा व्यक्ति, समाज र राष्ट्रमा आइपर्ने चुनौतीहरूको सामना गर्न सक्रिय योगदान पुऱ्याउन सक्ने नागरिक तयार पार्न विद्यालय शिक्षाको व्यवस्थापन गर्नु शिक्षा विभागको दृष्टिकोण हो ।

शिक्षा विभाग विद्यालय तहको शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाई विकासको संवाहक बनाउने दृष्टिकोणले कुशल व्यवस्थापन गर्ने अग्रणी संस्थाको रूपमा स्थापित हुन चाहन्छ । यसले अन्तरराष्ट्रियस्तरमा नै आफ्नो पहिचान बनाउन सफल हुने छ । यसले शिक्षा मन्त्रालय मातहतमा रही शैक्षिक नीतिहरू तर्जुमा कार्यमा सहयोग गर्ने तथा कार्यान्वयन प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ ।

शिक्षा विभागको प्रमुखमा महानिर्देशक रहने व्यवस्था छ । जम्मा ८४ कर्मचारी दरबन्दी रहेको शिक्षा विभागको कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

## मुख्य मुख्य कार्यहरू

१. विद्यालय शिक्षा विकासका योजना तथा कार्यक्रमहरू तयार गरी शिक्षा मन्त्रालयमा पेस गर्ने

२. स्वीकृत वार्षिक कार्यक्रमहरू कार्यान्वयनका लागि केन्द्रीय निकायहरूबीच समन्वय गर्ने

३. शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न क्षेत्रीय शिक्षा निर्देशनालय तथा जिल्ला शिक्षा कार्यालयलाई आवश्यक निर्देशन दिने

४. शिक्षक, विद्यालय कर्मचारी र विद्यालय व्यवस्थापन तथा शैक्षिक विकाससम्बन्धी कार्य गर्ने गराउने

५. विद्यालयको शैक्षिक विकास कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने गराउने

६. विभागद्वारा सञ्चालित शैक्षिक योजना तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने

७. स्वीकृत कार्यक्रमको अख्तियारी समयमा नै खर्च गर्ने निकायमा पठाउने, खर्चको विवरण तयार गरी सम्बन्धित निकायबाट शोधभर्ना लिने

८. स्वीकृत कार्यक्रम, बजेट र कार्यक्रम कार्यान्वयनसम्बन्धी नीति निर्देशन सम्बन्धित निकायहरूमा पठाउने र सोको लेखा परीक्षण समयमा नै गर्ने गराउने

९. सबै किसिमका प्रतिवेदन समयमा नै तयार गरी सम्बन्धित निकायमा पेस गर्ने र सोको सुझाव कार्यान्वयन गर्ने गराउने

१०. शिक्षा मन्त्रालयको निर्देशनमा दातृसंस्थाहरूसँग कार्यक्रम तर्जुमा र प्रगति प्रतिवेदनहरूमा समन्वय गर्ने

११. शिक्षा क्षेत्रमा कार्यरत सरकारी निकाय तथा गैरसरकारी सङ्घसंस्थाहरूसँग सहकार्य र समन्वय गर्ने

१२. विद्यालय शिक्षाको क्षेत्रमा कार्य गर्ने वा गर्न चाहने विदेशी स्वयम्सेवकहरूको व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने

१३. विभाग र मातहतका निकायका कर्मचारीहरूको पदस्थापन, सरुवा, बढुवा, कार्य सम्पादन मूल्याङ्कन, सजाय, पुरस्कार र अवकाससम्बन्धी कार्य गर्ने

१४. विद्यमान ऐन नियम तथा मन्त्रालयबाट प्राप्त नीति निर्देशनहरू कार्यान्वयन गर्ने गराउने

## महाशाखा तथा शाखाहरू

| सि.नं. | महाशाखा | महाशाखाको काम | मातहतको शाखा |
|---|---|---|---|
| १. | प्रशासन | सामान्य तथा कर्मचारी प्रशासन, आर्थिक प्रशासन, शैक्षिक सामग्री वितरण तथा भौतिक सेवासँग सम्बन्धित जिम्मेवारीहरू | १. सामान्य तथा कर्मचारी प्रशासन<br>२. आर्थिक प्रशासन<br>३. भौतिक सेवा<br>४. शैक्षिक सामाग्री व्यवस्थापन तथा वितरण |
| २. | योजना तथा अनुगमन | योजना, अनुगमन, अनुसन्धान तथा विकाससँग सम्बन्धित जिम्मेवारीहरू | १. कार्यक्रम तथा बजेट<br>२. अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन<br>३. अनुगमन तथा निरीक्षण |
| ३. | शैक्षिक व्यवस्थापन | प्रारम्भिक बालविकास शिक्षा, विद्यालय व्यवस्थापन, महिला शिक्षा, विशेष शिक्षा र शैक्षिक तथ्याङ्कसँग सम्बन्धित जिम्मेवारीहरू | १. प्रारम्भिक बालविकास<br>२. विद्यालय व्यवस्थापन (प्राथमिक)<br>३. विद्यालय व्यवस्थापन (माध्यमिक)<br>४. लैङ्गिक समविकास<br>५. समाहित शिक्षा |

# पाठ्यक्रम विकास केन्द्र

## परिचय

पाठ्यक्रम विकास केन्द्र, शिक्षा मन्त्रालयअन्तर्गत विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक एवम् अन्य शैक्षणिक सामग्रीको विकास, परिमार्जन तथा सुधार गरी शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिमा ठोस सहयोग पुऱ्याउनका लागि स्थापित प्राज्ञिक केन्द्र हो । यसले विकास, परिमार्जन र सुधार गरेका सामग्रीको प्रभावकारी कार्यान्वयनको सम्बन्धमा कार्यशाला, गोष्ठी, सेमिनार, छलफल, अन्तरक्रिया, प्रबोधीकरण जस्ता कार्यक्रम सञ्चालन गर्नुका साथै अनुसन्धानमूलक कार्यहरू गर्दछ । दक्ष, सुशील, नैतिकवान्, कर्तव्यनिष्ठ र सकारात्मक सोच भएका नागरिक निर्माणका लागि आधारस्तम्भका रूपमा रहेको विद्यालय शिक्षालाई समसामयिक, विद्यार्थी केन्द्रित, व्यावहारिक र विश्व परिवेशमा प्रतिस्पर्धी बनाउन यस केन्द्रले सहयोग गर्छ । केन्द्रले स्थापना वि.सं. २०२८ साल भाद्र ५ गते पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रको नामबाट स्थापना भएको र २०५४ सालमा पाठ्यक्रम विकास केन्द्र नामकरण गरिएको हो । स्थापना कालदेखि नै राष्ट्रिय आवश्यकताअनुरूपको नागरिक उत्पादन गर्न यस केन्द्रले सहयोग पुऱ्याउँदै आएको छ ।

रा.प.प्रथम श्रेणी (शिक्षा सेवा) का कार्यकारी निर्देशक प्रमुख रहने पाठ्यकम विकास केन्द्रमा जम्म्मा ५९ दरबन्दी रहेको छ । पाठ्यकम विकास केन्द्रको कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

### मुख्य मुख्य कार्यहरू

१. विद्यालय शिक्षाको पाठ्यक्रम विकास, परिमार्जन र परीक्षण गर्ने

२. पाठ्यपुस्तक तथा शिक्षणसिकाइ क्रियाकलापसम्बद्ध शैक्षणिक सामग्री विकास, परिमार्जन, सुधार, परीक्षण र प्रबोधीकरण गर्ने

३. विभिन्न मातृभाषाका पाठ्यसामग्री विकास र वितरण गर्ने/गराउने

४. विद्यालय तहमा प्रयोग गरिने सन्दर्भसामग्रीको मूल्याङ्कन गरी स्वीकृत सामग्रीको सूची प्रकाशन गर्ने

५. विदेशी शैक्षिक वा प्राज्ञिक संस्थाबाट माध्यमिक तह उत्तीर्ण गरेका विद्यार्थीहरूको मान्यता तथा समकक्षता निर्धारण गर्ने

६. पाठ्यक्रम/पाठ्यपुस्तकबारे अध्ययन-अनुसन्धान गर्ने/गराउने

७. राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को सचिवालयको कार्य गर्ने

८. विद्यालय शिक्षा तथा पाठ्यक्रमसम्बद्ध कार्यमूलक अनुसन्धान, कार्यशाला, गोष्ठी, तालिम, सेमिनार तथा सम्मेलन गर्ने

९. विद्यालयहरूमा सहकार्यकलाप/अतिरिक्त कार्यकलाप सञ्चालन गर्ने

१०. सिकाइउपलब्धिको मापदण्ड तयार गर्ने

११. पाठ्यक्रम विकास र कार्यान्वयनमा निजी क्षेत्र, नागरिक समाज, स्थानीय निकाय र अन्य सङ्घसंस्थाहरूसँग समन्वय गर्ने

१२. परिवर्तित सन्दर्भअनुरूपको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गर्नका लागि पाठ्यक्रम विकास केन्द्रको संस्थागत क्षमता अभिवृद्धि गर्ने

१३. विभिन्न पाठ्यसामग्रीको अनुवादसम्बन्धी कार्य गर्ने

१४. स्थानीय तहमा विकसित हुने पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी कार्यमा आवश्यकताअनुसार प्राविधिक सहयोग पुऱ्याउने ।

## शाखाहरू

| सि.नं. | शाखा | शाखाको काम |
|---|---|---|
| १. | भाषा शिक्षा | यस शाखाको मुख्य जिम्मेवारी भाषा शिक्षणसिकाइका लागि विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकलगायतका शैक्षणिक सामग्री विकास, परिमार्जन तथा सुधार गर्नु रहेको छ । साथै यस शाखाले संस्कृत शिक्षा तथा मातृभाषा शिक्षासम्बन्धी शैक्षिक विकासको समेत कार्य गर्छ । |
| २. | गणित, विज्ञान तथा व्यावसायिक शिक्षा | यस शाखाको मुख्य जिम्मेवारी गणित, विज्ञान, स्वास्थ्य शारीरिक तथा विभिन्न व्यावसायिक विषयहरूको शिक्षणसिकाइका लागि विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकलगायतका शैक्षणिक सामग्री विकास, परिमार्जन तथा सुधार गर्नु रहेको छ । |
| ३. | सामाजिक शिक्षा | यस शाखाको मुख्य जिम्मेवारी सामाजिक विज्ञानअन्तर्गतका विषयहरू, (जस्तैः सामाजिक अध्ययन, जनसङ्ख्या शिक्षा, नागरिक शिक्षा आदि) शिक्षणसिकाइका लागि विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकलगायतका शैक्षणिक सामग्री विकास, परिमार्जन तथा सुधार गर्नु रहेको छ । |
| ४. | परीक्षण, योजना, मूल्याङ्कन तथा अनुसन्धान | यस शाखाको मुख्य जिम्मेवारी पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री, सन्दर्भसामग्री आदिको मूल्याङ्कन योजना गर्नुका अतिरिक्त निरन्तर विद्यार्थी मूल्याङ्कन एवम् शिक्षणसिकाइ क्रियाकलापको मूल्याङ्कन र उपलब्धि परीक्षण आदि कार्यहरू सम्पादन गर्नु रहेको छ । यो शाखा मूलतः केन्द्रको आवधिक, वार्षिक योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालित कार्यक्रमहरूको मूल्याङ्कनलगायत केन्द्रको कार्यविधिअनुसार प्रभावकारिता अभिवृद्धिका लागि अध्ययन, अनुसन्धान तथा अनुगमन गर्ने कार्यसँग सम्बन्धित छ । साथै वैदेशिक संस्थाबाट हासिल गरेका माध्यमिक तह उत्तीर्ण परीक्षाको समकक्षता निर्धारण गर्ने कार्यसमेत यस शाखाबाट हुने गर्छ । |
| ५. | सम्पादन तथा प्रकाशन | यस शाखाको मुख्य जिम्मेवारी पाठ्यक्रम विकास केन्द्रबाट विकास, परिमार्जन र सुधार हुने सामग्रीहरूको सम्पादन गरी मुद्रणीय प्रति तयार गर्नु |

| सि.नं. | शाखा | शाखाको काम |
|---|---|---|
| | | हो । त्यस्तै पाठ्यसामग्री विकास, परिमार्जन सम्बन्धमा नीति निर्माणका लागि मस्यौदा तयार गरी स्वीकृतिका लागि पेस गर्नु, मुद्रणीय प्रति छपाइ तथा वितरणका लागि आवश्यक कारबाही अगाडि बढाउनु पनि यस शाखाको कार्य रहेको छ । विद्यालय शिक्षामा प्रयोग हुने थप पाठ्य सामग्री मूल्याङ्कन तथा स्वीकृति प्रदान गर्ने कार्यसमेत यस शाखाबाट हुने गर्छ । |
| ६. | आर्थिक प्रशासन | यस शाखाको मुख्य जिम्मेवारी केन्द्रको वार्षिक बजेट निर्माण, आम्दानी र खर्च तथा सोको लेखा, लेखाको आन्तरिक तथा अन्तिम परीक्षण, बेरुजुको अभिलेख तथा फछ्र्योटलगायतका कार्यहरू व्यवस्थित गर्नु/ गराउनु रहेको छ । |
| ७. | प्रशासन | यस शाखाको मुख्य जिम्मेवारी केन्द्रको दैनिक प्रशासन, सुरक्षा, सरसफाई, कर्मचारी प्रशासन, जिन्सी व्यवस्थापन लगायतका कार्य गर्नु रहेको छ । |
| ८. | पुस्तकालय | पुस्तकालयको मुख्य जिम्मेवारी मा विभिन्न पाठ्यपुस्तकहरूको व्यवस्था तथा पत्रपत्रिकाहरूको सङ्कलन र व्यवस्थापन गर्नु, पाठ्यपुस्तकको लगत राख्नु र व्यवस्थित रूपमा क्याटलगिङ गरी डिजिटाइजेस गर्नु र अध्ययन अनुसन्धानका लागि पुस्तकालय सेवा उपलब्ध गराउने हो । पुस्तकालय सम्पादन तथा प्रकाशन शाखाअन्तर्गत रहेको छ । |

# शैक्षिक जनशक्ति विकास केन्द्र

## परिचय

देश विकासको आधारशिलाका रूपमा विद्यालयीय शिक्षा ले काम गर्दछ । देशका लागि आवश्यक जनशक्तिको उत्पादनमा विद्यालय शिक्षा तथा उच्च शिक्षाको अह्म भूमिका रहन्छ । शैक्षिक योजना मार्फत कक्षाकोठामा सामाजिक रूपान्तरण प्रक्रियाका प्रमुख संवाहक शिक्षक हुन् । शैक्षिक रूपमा योग्य, दक्ष र सीपयुक्त कुशल शिक्षक भएमा शिक्षणसिकाइ प्रभावकारी हुन्छ । यहि तथ्यलाई दृष्टिगत गरी विगत छ दशकदेखि नेपाल सरकारले शिक्षक तालिम तथा शिक्षाका व्यवस्थापकीय क्षेत्रमा कार्यरत जनशक्तिको पेसागत दक्षता विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसै क्रममा शिक्षकलाई तालिम प्रदान गरी दक्ष बनाउने उद्देश्यले २००४ सालमा आधार शिक्षक तालिम केन्द्रको स्थापना, २०११ सालमा राष्ट्रिय शिक्षक तालिम केन्द्रको स्थापना तथा २०१४ सालमा शिक्षक तालिमका लागि शिक्षा महाविद्यालय (College of Education) को स्थापना भयो। २०१६ सालमा यसलाई त्रिभुवन विश्वविद्यालय (त्रिवि) को एक अङ्गको रूपमा समावेश गरी शिक्षक तालिमलाई निरन्तरता दिइयो। राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) लागू भएपछि त्रिविअन्तर्गत शिक्षाशास्त्र अध्ययन संस्थानमा परिणत गरी शिक्षा व्यवस्थापक तथा शिक्षकको कार्यदक्षता वृद्धिका लागि विभिन्न तहका पूर्वसेवाकालीन तथा सेवाकालीन तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । यसै सन्दर्भमा राष्ट्रिय शिक्षा आयोग (२०४९) ले सिफारिस गरेअनुसार शिक्षाक्षेत्रमा कार्यरत जनशक्तिको सेवाकालीन तालिममार्फत् पेसागत कार्यदक्षता विकासका लागि राष्ट्रियस्तरमा उच्च तहको एकीकृत संस्थाको आवश्यकता महसुस गरी २०५० सालमा शिक्षा मन्त्रालयअन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द (National Centre for Educational Development - NCED) को स्थापना भयो ।

स्थापनासँगै यस केन्द्रले शिक्षक तथा शैक्षिक व्यवस्थापकहरूको क्षमता अभिवृद्धि एवम् शिक्षा क्षेत्रका अनुसन्धानात्मक तथा सुधारात्मक कार्यहरूमा केन्द्रित भई मानव संसाधन विकास कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गर्ने विभागीय संस्थाको जिम्मेवारी पाएको छ। नेपाल सरकारले शिक्षाक्षेत्रका मानव संसाधन विकाससम्बन्धी नीति र कार्यक्रमहरू कार्यान्वयन, संयोजन तथा एकीकृत गर्न २०६१ सालमा तत्कालीन माध्यमिक शिक्षा विकास केन्द्र र दूर शिक्षा केन्द्रलाई शैक्षिक जनशक्ति विकास केन्द्रमा एकीकृत गरी एउटै संस्थागत संरचना तयार भएकोले यसको कार्यक्षेत्र अझ विस्तार भएको छ। फलस्वरूप तालिम, अनुसन्धान र नीति निर्माणका लागि प्राविधिक अभ्यासका क्षेत्रमा यस केन्द्रले थप योगदान र नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ।

वि.सं. २०५० श्रावण १ गते स्थापित शैक्षिक जनशक्ति विकास केन्द्रमा वि.सं.२०६१ मा माध्यमिक शिक्षा विकास केन्द्र र दूर शिक्षा केन्द्रलाई एकीकृत गरियो । जम्मा ८५ दरबन्दी रहेको शैक्षिक जनशक्ति

विकास केन्द्रमा रा. प. प्रथम श्रेणी (शिक्षा सेवा) का कार्यकारी निर्देशक प्रमुख रहने व्यवस्था छ । शैक्षिक जनशक्ति विकास केन्द्रको कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

## संस्थागत संरचना

शिक्षा नियमावली, २०५९ को परिच्छेद १० मा "दूरशिक्षासम्बन्धी व्यवस्था" र परिच्छेद १३ "तालिम तथा प्रशिक्षणसम्बन्धी व्यवस्था" ले मन्त्रालयअन्तर्गत मानव संसाधनको विकास गर्ने एक केन्द्रीय निकाय रहने व्यवस्था गरेको छ । यसको कार्यान्वयन स्वरूप शिक्षा मन्त्रीको अध्यक्षतामा एक शैक्षिक जनशक्ति विकास परिषद् गठन भई कार्यान्वयनमा रहेको छ । यस परिषद्अन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्र कार्यरत छ । यसले मन्त्रालयअन्तर्गतका निजामती कर्मचारी, शिक्षक तथा शिक्षासम्बन्धी समुदायमा कार्यरत सरोकारवालाहरूको कार्यदक्षता अभिवृद्धि गर्न तथा शैक्षिक विकाससम्बन्धी नीतिनिर्माण, व्यवस्थापन र शैक्षिक अनुसन्धानसमेत गर्ने क्रियाकलापहरू सञ्चालन गर्छ ।

हाल यस केन्द्रअन्तर्गत देशका विभिन्न नौओटा शैक्षिक तालिम केन्द्र "क", २० ओटा शैक्षिक तालिम केन्द्र "ख" र पाँचओटा शैक्षिक तालिम उपकेन्द्रहरूको स्थापना तथा सञ्चालन हुँदै आएको छ । साथै अगुवा स्रोतकेन्द्रको व्यवस्थामार्फत कक्षाकोठा तहसम्म पेसागत विकास कार्यलाई संस्थागत गरेको छ । यसरी शैक्षिक जनशक्ति विकास केन्द्रले देशव्यापी रूपमा सेवाको पहुँच र सेवाक्षेत्रको विस्तार गरी आफ्नो कार्यक्रम कार्यन्वयन गर्दै आएको छ ।

## मुख्य मुख्य कार्यहरू

शैक्षिक जनशक्ति विकास केन्द्रका कार्यक्षेत्रहरू मुख्य गरी सातओटा रहेका छन् : १. व्यवस्थापकहरूको क्षमता विकास, २. शिक्षकको पेसागत विकास कार्यक्रम सञ्चालन, ३. प्राविधिक क्षमता विकास, ४. खुला तथा दूर सिकाइ, ५. खुलाविद्यालय कार्यक्रम सञ्चालन ६. संस्थागत क्षमता विकास र ७. शैक्षिक अनुसन्धान तथा गुणस्तर सुधार । उल्लिखित सातओटा कार्यक्षेत्रअन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्रका मुख्य मुख्य कार्यहरू निम्नअनुसार छन् ।

- तालिमसम्बन्धी नीति तर्जुमा गर्ने
- तालिम योजना निर्माण (पेसागत विकास योजना) र कार्यान्वयन गर्ने
- तालिम कार्यक्रम निर्माण तथा सामग्री विकास र प्रबोधीकरण गर्ने
- शैक्षिक तालिमसम्बन्धी गुणस्तर मापदण्ड विकास र प्रयोग गर्ने
- तालिमसम्बन्धी अध्ययन, अनुसन्धान र उपयोग गर्ने
- तालिम कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन गर्ने
- पेसागत सहयोग प्रदान गर्ने ।

## शिक्षक पेसागत विकास (TPD) कार्यक्रम

शैक्षिक गुणस्तर विकासका लागि प्रमुख भूमिका शिक्षकहरूको हुन्छ । त्यसैले शिक्षाको गुणस्तर विकासका लागि शिक्षकहरूको पेसागत योग्यता एवम् कार्यदक्षता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार शैक्षिक जनशक्ति विकास केन्द्रबाट विगत चार दशक जतिको योजनाबद्ध प्रयासको फलस्वरूप सबै शिक्षकहरूलाई १० महिने सेवाकालीन शिक्षक तालिम प्रदान गरिसकिएको छ । देशभरका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा अध्ययनरत लगभग ७८ लाख विद्यार्थीहरूले प्राज्ञिक एवम् पेसागत रूपमा योग्यता प्राप्त १ लाख ७० हजारभन्दा बढी सङ्ख्या रहेका शिक्षकहरूबाट शिक्षण सुविधा हासिल गरिरहेका छन् ।

शिक्षकहरूमा रहेको योग्यता एवम् क्षमतालाई समयसापेक्ष रूपमा पुनर्ताजगीको माध्यमबाट, सबलीकरण एवम् अद्यावधिक गर्दै कक्षाकोठाको शिक्षणसिकाइमा सकारात्मक परिवर्तन ल्याई विद्यार्थीको उपलब्धि स्तरमा स्पष्ट सुधार ल्याउनु सक्षम शिक्षा प्रणालीको प्रमुख कार्य हो । यस तथ्यलाई दृष्टिगत गरी शिक्षकहरू आफैँले आफ्नो आत्ममूल्याङ्कन गर्ने, कक्षाकोठा शिक्षण तथा दैनिक जीवनमा आवश्यक ज्ञान सीपमा पहुँच हासिल गर्ने, नियमित स्वाध्ययन र पठन संस्कृति विकास गरी अर्थपूर्ण अभ्यासमा सरिक हुने जस्ता कार्यहरूमार्फत निरन्तर पेसागत विकास गर्ने प्रचलन विश्वव्यापी रूपमा रहिआएको छ । यही कुरालाई ध्यानमा राखी शिक्षा क्षेत्रमा संरचनागत सुधारमार्फत गुणात्मक सुधार गर्ने उद्देश्यले कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र सुधार कार्यक्रम (School Sector Reform Program-SSRP) ले शिक्षकको पेसागत विकास (Teacher Professional Development-TPD) का लागि नीतिगत एवम् योजनागत व्यवस्था निर्दिष्ट गरेको छ ।

यस कार्यक्रमको शिक्षक विकाससम्बन्धी प्रावधानअनुसार सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत सबै प्रकारका शिक्षकहरूले सेवाकालीन रूपमा सञ्चालन हुने एक महिनासम्मको पेसागत विकास गतिविधिमा पहुँच हासिल गर्न पाउने र त्यसको उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था छ ।

उपर्युक्त प्रावधानको कार्यान्वयन स्वरूप शैक्षिक जनशक्ति विकास केन्द्रबाट सामुदायिक विद्यालयहरूमा कार्यरत सम्पूर्ण शिक्षकहरूलाई एक पटकमा १० दिन अवधिको शिक्षक पेसागत विकास मोड्युल सञ्चालन गरी ५ वर्ष (आ.व.२०७०/०७१) भित्र १ महिना बराबरको शिक्षक पेसागत विकास कार्यक्रममा पहुँच सुनिश्चित गर्न योजना एवम् कार्यक्रम तर्जुमा भई कार्यान्वयनको चरणमा रहेको छ । देशभर मौजुदा १ हजार ५३ ओटा स्रोत केन्द्रहरूबाट आधारभूत तहका लागि र ४६ ओटा अगुवा स्रोत केन्द्र एवम् २९ ओटा शैक्षिक तालिम केन्द्रहरूबाट माध्यमिक तहको समेत टिपिडी कार्यक्रम सञ्चालन हुने व्यवस्था गरिएको छ । यी प्रत्येक तालिम प्रदायक एकाइलाई टिपिडी हबको नामबाट परिभाषित गरिएको छ ।

प्रस्तुत कार्यक्रमलाई प्रभावकारी एवम् उपलब्धिमूलक ढङ्गले कार्यान्वयन गर्नसम्बद्ध सबै संस्था एवम् जिम्मेवार व्यक्तिहरूलाई कार्यक्रमको तार्किक क्रमबद्धता र कार्यविधिगत मार्गदर्शन प्रदान गर्ने उद्देश्यले शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका (TPD Handbook) तयार गरी आर्थिक वर्ष २०६६/६७ देखि नै लागू गरी सम्बन्धित हबहरूमा पठाइसकिएको छ ।

**अपेक्षित नतिजा**

प्रस्तुत शिक्षक पेसागत विकास कार्यक्रममा शिक्षकहरूको सहभागिताबाट शिक्षण कार्य सम्पादनमा सकारात्मक परिवर्तन अवलोकन गर्न सकिने र विद्यार्थीले हासिल गरेको उपलब्धिमा बढोत्तरी देख्न सकिने छ ।

**उद्देश्य**

(क) शिक्षकले सामना गर्नुपरेका तात्कालिक शिक्षणसिकाइसम्बन्धी (Pedagogical) समस्या समाधान गर्नु

(ख) शिक्षण कार्यमा उत्कृष्टता निश्चित गर्न शिक्षकको निरन्तर पेसागत दक्षता अभिवृद्धि गर्नु

## शिक्षकको पेसागत विकास मोड्युलको संरचना

शिक्षक एवम् विद्यालयबाट प्रस्तुत गरिएका पठनपाठनसम्बन्धी विविध समस्या एवम् थप पेसागत सहयोगको आवश्यकतालाई सम्पूर्ण रूपमा परिपूर्ति गर्न तलको उल्लेख भएअनुसारमा अन्तरसम्बन्धित र एकीकृत तीनओटा भागहरूको संयोजनबाट १० कार्य दिने मोड्युल विकास गरिएको छ । यस्ता समस्या र पेसागत आवश्यकतालाई तिनको प्रकृतिअनुसार तीनओटै भागहरूबाट सम्बोधन गर्ने गरी मोड्युल सामग्री निर्माण एवम् सञ्चालन गर्नुपर्ने छ । यी तीन भागहरू एकअर्काका परिपूरक भएकाले ती सबैको सञ्चालनबाट मात्र एउटा मोड्युलले पूर्णता पाउने छ । साथै प्रत्येक शिक्षकले यस्ता तीनओटा १० कार्य दिने स्वतन्त्र मोड्युल पूरा गरेपछि मात्र एक महिना बराबरको शिक्षक पेसागत विकास सम्पन्न प्रमाणपत्र प्राप्त गर्न सकिने प्रावधान रहेको छ । यस केन्द्रले आ.व. ०६८/०६९ देखि तालिम प्राप्त शिक्षकको अभिलेख अध्यावधिक गर्ने कार्य ९ ओटै शैक्षिक तालिम केन्द्रमा हुँदै आएको छ । यस मोड्युल विकास एवम् सञ्चालनका लागि विद्यालयको नयाँ संरचनाअनुसार शिक्षकहरूको तहगत मिलान कार्य जारी रहेको हुँदा उक्त कार्य पूर्णतः सम्पन्न नहुन्जेलसम्म कक्षा १-८ अध्यापन गर्ने शिक्षकहरूलाई आधारभूत शिक्षक र कक्षा ९-१० अध्यापन गर्ने शिक्षकहरूलाई माध्यमिक शिक्षकका रूपमा मानिने छ ।

**(क) भाग-१ः तालिम-कार्यशाला (Training-workshop)**

यो भाग ५ दिनसम्म प्रत्येक टिपिडी हबमा सहभागी शिक्षकहरू र विशेषज्ञ/प्रशिक्षकबीच फेस टु फेस मोडबाट सञ्चालन हुने छ ।

**(ख) भाग-२ः स्वाध्ययन अभ्यास (Self-study exercise)**

यो भाग पहिलो भाग सञ्चालन भएपश्चात् सामान्यतया २० देखि ३० दिनभित्र ३ दिन कार्यभार बराबरको केडिटपाउने गरी प्रत्येक सहभागी शिक्षकले आफ्नै विद्यालयमा तोकिएका कार्यहरू सम्पादन गरी सम्पन्न गर्नुपर्ने छ ।

**(ग) भाग-३ः शैक्षिक परामर्श (Instructional Counselling)**

यो भागमा दोस्रो भागको अवधि पूरा भएलगत्तै प्रत्येक हबका प्रशिक्षकद्वारा दुई दिनसम्म सहभागीहरू कार्यरत विद्यालयमै भ्रमण गरी तिनीहरूले दोस्रो भागअन्तर्गत सम्पादन गरेका कार्यको अवस्था/प्रतिवेदन मूल्याङ्कन तथा एजेन्डामा आधारित बैठक सञ्चालन गर्नुपर्ने छ र त्यसका आधारमा टिपिडी मोड्युल सम्पन्न प्रमाणपत्र जारी गर्नुपर्ने छ ।

## महाशाखा र शाखाहरू

| सिनं | महाशाखा | मातहतको शाखा |
|---|---|---|
| १. | योजना, अनुसन्धान तथा अनुगमन | १. कार्यक्रम तथा अनुगमन<br>२. अनुसन्धान तथा गुणस्तर सुधार<br>३. आन्तरिक प्रशासन तथा स्रोत व्यवस्थापन<br>४. आर्थिक प्रशासन<br>५. तालिम स्रोत व्यवस्थापन |
| २. | मानव संसाधन विकास | १. विद्यालय शिक्षक तालिम<br>२. व्यवस्थापन तालिम<br>३. तालिम प्रमाणीकरण |
| ३. | दूर शिक्षा र खुला सिकाइ | १. खुला सिकाइ तालिम<br>२. कार्यक्रम सम्पादन तथा प्रसारण<br>३. सामग्री विकास |
| ४. | शैक्षिक तालिम केन्द्रहरू | १. शैक्षिक तालिम केन्द्र ‘क’ ९ ओटा र ‘ख’ २० गरी जम्मा २९ ओटा शैक्षिक तालिम केन्द्रहरू |

# परीक्षा नियन्त्रण कार्यालय

## परिचय

माध्यमिक शिक्षा उत्तीर्ण (एसएलसी) परीक्षा सञ्चालन र व्यवस्थापनमा मुख्य तथा केन्द्रीय निकायको रूपमा रहेको परीक्षा नियन्त्रण कार्यालयको स्थापना वि.सं. १९९० (सन् १९३४) मा एसएलसी बोर्डको सचिवालयको रूपमा भएको हो । दरबार हाईस्कुलका विद्यार्थीहरूको परीक्षा लिई सफल हुने विद्यार्थीहरूका लागि प्रमाणपत्र प्रदान गर्नका लागि स्थापना भएको एसएलसी बोर्डले नै हाल आएर परीक्षा नियन्त्रण कार्यालयको रूपमा कार्य गरिरहेको छ । पहिलो वर्ष ३४ जना परीक्षार्थीहरूको परीक्षा सञ्चालन गरी सुरु भएको यो संस्थाले हालका वर्षहरूमा ५ लाखभन्दा बढी परीक्षार्थीहरूको परीक्षा सञ्चालन, नतिजा प्रकाशन र प्रमाणपत्र प्रदान गर्दै आएको छ । स्थापनाको धेरै वर्षसम्म काठमाडौँको एउटामात्र केन्द्रमा परीक्षा सञ्चालन गर्ने यो संस्थाले हाल आएर देशका १७०० भन्दा बढी स्थानमा परीक्षा केन्द्र तोकी परीक्षा सञ्चालन गर्दै आएको छ । कक्षा १० को अन्त्यमा राष्ट्रिय परीक्षाको रूपमा सञ्चालन गरिने एसएलसी परीक्षाको सफलतापूर्वक सञ्चालन र व्यवस्थापन कार्यमा परीक्षा नियन्त्रण कार्यालयको भूमिका महत्त्वपूर्ण रहेको छ ।

जम्मा ५८ दरबन्दी  रहेको परीक्षा नियन्त्रण कार्यालयमा रा. प. प्रथम श्रेणी (शिक्षा सेवा) का परीक्षा नियन्त्रक प्रमुख रहने व्यवस्था छ । परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

## मुख्य मुख्य कार्यहरू

माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समितिले निर्धारण गरेका नीति, निर्देशनअन्तर्गत रही परीक्षा नियन्त्रण कार्यालयले निम्नलिखित कार्यहरू गर्दछ :

१. माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालनसम्बन्धी योजना बनाउने, सो योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने

२. माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन गर्ने

३. परीक्षाफल प्रकाशन गर्ने र उत्तीर्ण परीक्षार्थीहरूलाई प्रमाणपत्र दिने

४. आवश्यकताअनुसार परीक्षा केन्द्रको व्यवस्था गर्ने, गराउने

५. माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा सामेल हुने विद्यार्थीहरूले भरी पठाएको फाराममा जन्ममिति, नामथर वा अन्य विवरणसम्बन्धी भुल भएमा सच्याउन दिएको निवेदन पत्रमाथि कारवाही गर्ने वा गर्न लगाई भुल सच्याउने

६. परीक्षामा अनियमित कार्य हुन नदिने र परीक्षाको नियम उल्लङ्घन गर्नेलाई निष्कासन गर्ने गराउने

७. प्रश्नपत्र निर्माण गर्ने र उत्तरपुस्तिका परीक्षण गराउने

८. एसएलसी परीक्षा सञ्चालन गर्न केन्द्राध्यक्ष र अन्य आवश्यक कर्मचारीको व्यवस्था गर्ने गराउने

९. परीक्षा सञ्चालनसम्बन्धी कार्यविधि तयार गर्ने

१०. परीक्षाको गोपनीयता कायम राख्ने वा राख्न लगाउने

११. परीक्षामा सुधार गर्नका लागि सेमिनार, गोष्ठी र कार्यशाला सञ्चालन गर्ने

१२. परीक्षाको विश्वसनीयता र वैधता कायम गर्न अनुसन्धानात्मक क्रियाकलाप सञ्चालन गर्ने

१३. उत्तरपुस्तिका परीक्षण गर्ने कार्यमा क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरूलाई अधिकार प्रत्यायोजन गरी सो गर्न लगाउने

## एसएलसी परीक्षा सञ्चालन प्रक्रिया

- विद्यालय वा प्राइभेट विद्यार्थीहरूको हकमा जिल्ला शिक्षा कार्यालयहरूले एसएलसी परीक्षामा सहभागी हुन चाहने विद्यार्थीहरूलाई निर्धारित समयभित्र रजिस्ट्रेसन तथा आवेदन फारामहरू भर्न लगाउने
- उक्त फारामहरू विद्यालयहरूले तोकिएको म्यादभित्र जिल्ला शिक्षा कार्यालयहरूमा पेस गर्ने
- जिल्ला शिक्षा कार्यालयहरूले विवरण ठीक भए नभएको यकिन गरी रजिस्ट्रेसन नम्बर कायम गरी अर्धकट्टी विद्यालयलाई उपलब्ध गराउने र स्वीकृत रजिस्ट्रेसन फाराम कार्यालयमा अभिलेख राखी क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउने
- क्षेत्रीय शिक्षा निर्देशनालयले जिल्लाबाट रजिस्ट्रेसन फाराम सङ्कलन गरी एकीकृत अभिलेख कम्प्युटरमा राखी परीक्षा नियन्त्रण कार्यालयमा पठाउने
- जिल्ला शिक्षा कार्यालयले विद्यालयबाट भरिएको आवेदन फाराम रुजु गरी सिम्बोल नम्बर कायम गरी जिल्ला शिक्षा अधिकारीले फाराम स्वीकृत गर्ने
- निर्धारित परीक्षाकेन्द्रहरूमा परीक्षा सञ्चालन गर्ने
- परीक्षा सम्पन्न भएपछि जिल्ला प्रहरी कार्यालयमा उत्तरपुस्तिका सङ्कलन गर्ने
- जिल्ला शिक्षा कार्यालयले परीक्षा नियन्त्रण कार्यालयले तोकेको परीक्षण केन्द्रमा उत्तरपुस्तिका पठाउने
- परीक्षण केन्द्रमा उत्तरपुस्तिका सङ्कलन भएपछि दर्ता, प्याकेट निर्माण कोडिङ आदि कार्यहरू गर्ने
- परीक्षा नियन्त्रण कार्यालयले विकास गरेको उत्तरकुञ्जिकाबमोजिम सम्बन्धित विषयका दक्ष तथा अनुभवी माध्यमिक शिक्षकहरूबाट सामूहिक परीक्षण प्रणाली अपनाई उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गराउने
- उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण कार्य सम्पन्न भएपछि डिकोडिङ गरी परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त मार्कस्लिपमा अङ्क चढाई परीक्षा नियन्त्रण कार्यालयमा उत्तरपुस्तिका तथा मार्कस्लिपहरू पठाउने

- परीक्षा नियन्त्रण कार्यालयमा मार्क इन्ट्री, रुजु जस्ता कार्यहरू सम्पन्न भएपछि माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समितिको बैठकले नतिजा प्रकाशन गर्ने
- लब्धाङ्कपत्र, मूल प्रमाणपत्र र मार्कलेजर वितरण गर्ने

**शाखाहरू**

| सिनं | शाखा | शाखाको काम |
|---|---|---|
| १. | परीक्षा | एसएलसी परीक्षाको रजिस्ट्रेसन र आवेदन फाराम भराउने, प्रश्नपत्र निर्माण, मोडरेसन, छपाइ, प्रश्नपत्र र उत्तर पुस्तिकाहरूको ढुवानीका साथसाथै परीक्षा सञ्चालनको व्यवस्थापन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, विद्यालयलाई प्रमाणपत्र र मार्कलेजर उपलब्ध गराउने, स्थगित नतिजा प्रकाशन गर्ने, पुनर्योगका कार्य, मार्किङस्किम, विशिष्टीकरण तालिका तथा नमुना प्रश्नपत्र निर्माण आदि |
| २. | प्रमाणपत्र | एसएलसी परीक्षाका परीक्षार्थीहरूको अभिलेख व्यवस्थापन गर्ने, प्रमाणपत्र तयार गर्ने, रुजु गर्ने, सच्याउने तथा प्रमाणपत्रको प्रतिलिपि वितरण गर्ने, मूल र अस्थायी प्रमाणपत्र उपलब्ध गराउने |
| ३. | तालिम, अनुसन्धान तथा मूल्याङ्कन | विद्यार्थी मूल्याङ्कन र परिक्षा सञ्चालन सम्बन्धी तालिम सञ्चालन गर्ने, प्रश्नपत्र, परिक्षा सञ्चालन प्रक्रियालगायत परीक्षासम्बन्धी विभिन्न विषयमा अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन गर्ने गराउने |
| ४. | कर्मचारी प्रशासन | कर्मचारीहरूको अभिलेख दुरुस्त राख्ने, भौतिक सम्पत्तिको सुरक्षाको व्यवस्था मिलाउने, जिन्सी स्रेस्ता दुरुस्त राख्ने तथा निरीक्षणको व्यवस्था मिलाउने, सवारी साधनहरूको प्रयोग, पाले पहराको व्यवस्था, तथा कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने |
| ५. | आर्थिक प्रशासन | कार्यालयको खर्चको विवरण तयार गर्ने, निकासा लिने, खर्चको अभिलेख राख्ने, आन्तरिक तथा बाह्य लेखा परीक्षण गराउने, बेरुजु परीक्षण तथा फछ्र्योट गराउने, राजस्व सङ्कलन र धरौटीको अभिलेख राख्ने, विनियोजित बजेट राजस्व र धरौटीको मास्केवारी तयार गरी सम्बन्धित निकायमा पठाउने तथा वार्षिक बजेट तयार गर्ने |

# अनौपचारिक शिक्षा केन्द्र

## परिचय

वि. सं. २००७ मा करिब २ प्रतिशत भएको साक्षरता दर वृद्धि भएर वि. सं. २०५८ को जनगणनाअनुसार ५३.७ प्रतिशत (महिला ४२.२ र पुरुष ६५.१) पुगेको थियो । वि.सं.२०६५ सालमा केन्द्रीय तथ्याङ्क विभागले गरेको श्रम सर्भेक्षणमा साक्षरता दर बढेर ६३.२ प्रतिशत (महिला ५१.५६ र पुरुष ७५.२) पुगेको देखिन्छ । अनौपचारिक साक्षरता कार्यक्रमहरू विस्तार गर्नका लागि सरकारी तथा गैरसरकारीका साथै राष्ट्रिय तथा अन्तरराष्ट्रिय निकायहरूलाई परिचालन गरिएको छ । सुरुमा शिक्षा मन्त्रालयअन्तर्गत अनौपचारिक शिक्षाका लागि प्रशासनिक ढाँचा स्थापना गरिएको थियो । तत्पश्चात् अनौपचारिक शिक्षा सञ्चालनको सङ्गठनात्मक ढाँचामा विभिन्न परिवर्तनहरू भइसकेका छन् । विगतका अनुभवहरूका आधारमा अनौपचारिक शिक्षासम्बन्धी विभिन्न क्रियाकलापहरूलाई नेतृत्व दिन र सञ्चालन गर्न वि. सं. २०५६ सालमा नेपाल सरकारले केन्द्रीय स्तरको निकायको रूपमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना गरेको हो । जम्मा २५ कर्मचारी दरबन्दी रहेको केन्द्रको कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ । यस केन्द्रका प्रमुख रा.प.प्रथम श्रेणी (शिक्षा सेवा) का निर्देशक रहने व्यवस्था छ ।

यस केन्द्रले विद्यालयीय शिक्षाको अवसरबाट बञ्चित हुन पुगेका नेपाली नागरिकहरू कालागि परिपुरक सिद्धान्त तथा क्षतिपुरणीय अवधारणा र वैकल्पिक माध्यमका रूपमा शिक्षा प्रदान गर्ने नीति अवलम्बन गर्दै आएको छ । त्यस्तै यस केन्द्रको बालबालिका, युवा तथा प्रौढहरूका लागि अनौपचारिक शिक्षाको अवसर तथा पहुँच उपलब्ध गराउने उद्देश्य पनि रहेको छ । केन्द्रकले मागमा आधारित छोटो अवधिको सीप विकास तालिम, साक्षरता शिक्षा, खुला विद्यालय शिक्षा, वैकल्पिक विद्यालय शिक्षा, अनौपचारिक प्रौढ विद्यालय शिक्षा तथा आयआर्जनजस्ता लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

विद्यालय उमेरमा विद्यालय शिक्षाबाट वञ्चित हुन पुगेका ८ देखि १४ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि शैक्षिक अवसरहरू उपलब्ध गराई पुनः तिनीहरूलाई शिक्षाको मूलधारमै फर्काउने, साक्षरता सीप हासिल गरेका नव साक्षरहरूलाई अनौपचारिक प्रौढ विद्यालयमार्फत निरन्तर शिक्षाको अवसर प्रदान गर्ने, बीचैमा अध्ययन छाड्न पुगेका बालबालिका तथा किशोरकिशोरीहरूका लागि खुला शिक्षाको अवसर दिई पुनः शैक्षिक मुल धारमा प्रवेश गराउने रणनीति पनि यस केन्द्रको रहेको छ । वैकल्पिक शिक्षा, खुला शिक्षा तथा अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमबाट उत्तीर्ण भएका बालबालिकाहरू औपचारिक शिक्षाको मूलधारमा समायोजित भई अध्ययनलाई निरन्तरता दिन सक्छन् । प्रौढ साक्षरता कार्यक्रममा खास गरेर १५ देखि ४५ वर्ष उमेरका प्रौढहरूका लागि पढाइ, लेखाइ र अङ्क गणितमा जोड दिइन्छ तापनि साक्षरता अभियानले भने १५ देखि ६० वर्ष उमेरका प्रौढहरूलाई यस्तो अवसर प्रदान गरेको छ । यसको साथै प्रौढहरूमा आत्मविश्वास तथा जीवनको गुणस्तर अभिवृद्धिका लागि कार्यमूलक ज्ञान तथा सीपहरू पनि दिइन्छ । यी कार्यक्रमहरूमा महिला, दलित, जनजाती, मधेशी तथा

पिछडा वर्गले विशेष प्राथमिकता पाउदै आएका छन् । नव साक्षरहरूले साक्षरताका सीप र कार्यमूलक ज्ञान नबिर्सिऊन्, र ती सीपहरू प्रयोग गर्न र त्यसलाई निरन्तरता दिन सकून् भन्ने उद्देश्यले साक्षरोत्तर र निरन्तर शिक्षा कार्यक्रमको माध्यमबाट उनीहरूलाई सिकाइका थप अवसरहरू उपलब्ध गराइन्छ । यस्ता कार्यक्रमहरूलाई स्थानीय तहमा सञ्चालित विकास कार्यक्रमहरूसँग जोड्ने व्यवस्थासमेत मिलाइएको हुन्छ ।

यस केन्द्रको कार्यान्वय रणनीति समुदाय परिचालनमा आधारित हुन्छ । त्यसैले स्थानीय समुदायहरू आधार रेखा सर्वेक्षण, योजना तथा कार्यक्रमहरूको तयारी, कार्यान्वयन तथा अनुगमन र विभिन्न निकायका कार्यक्रमहरूको समन्वय तथा कार्यान्वयनमा संलग्न हुनेहरूलाई निर्देशन जस्ता कुराहरूमा संलग्न हुन्छन् । यस्ता कार्य गर्न स्थानीय स्तरमा सामुदायिक अध्ययन केन्द्रहरूको व्यवस्था गरी तिनीहरूको सक्षमता अभिवृद्धि गरिदै आएको छ । यस्ता केन्द्रहरूको सङ्ख्या २०६९ असार मसान्तसम्म १९८१ पुगेको छ । हरेक गाविसमा कम्तीमा पनि एक एकओटा सामुदायिक अध्ययन केन्द्र स्थापना गर्ने नीति केन्द्रले लिएको छ । नगरपालिका, उप महानगरपालिका तथा महानगरपालिकाहरूका प्रत्येक वडामा एकएकओटा सामुदायिक अध्ययन केन्द्र स्थापना गर्दै जाने यस केन्द्रले लिएको छ ।

साक्षरता सीपलाई गरिबी निवारणको मुख्य साधनका मानी हाल देशभर साक्षरता अभियानलाई रणनीतिका रूपमा सबै जिल्लाहरूमा कार्यान्वयन गरिँदै छ । सरकारी, गैरसरकारी र अन्तरराष्ट्रिय गैरसरकारी निकायहरूलाई यस्ता कार्यक्रमहरूमा सहभागी हुनका लागि परिचालित गरिन्छ ।

**मुख्य मुख्य कार्यहरू**

- साक्षरतालगायतका अनौपचारिक शिक्षासम्बन्धी दीर्घकालीन तथा तत्कालीन नीतिहरू तर्जुमा गर्ने र निर्मित नीतिहरू कार्यान्वयन गर्ने
- आधारभूत साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, विद्यालय शिक्षा समकक्षताका वैकल्पिक तथा खुला शिक्षा सिकाइ कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गराउने
- सरकारी निकाय, गैरसरकारी सङ्घसंस्था तथा निजी क्षेत्रबाट सञ्चालित अनौपचारिक शिक्षासम्बन्धी कार्यक्रमहरूको निर्धारित लक्ष्य प्राप्ति गर्न प्राविधिक सहयोग उपलब्ध गराउने र त्यस्ता कार्यक्रमहरूको अनुगमन र समन्वय गर्ने
- अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय अन्तरराष्ट्रिय सङ्घसंस्थाहरूबीच समन्वय गर्ने
- अनौपचारिक शिक्षाको पाठ्यक्रम विकास, निर्धारण, उत्पादन तथा आपूतिको व्यवस्था गर्ने
- अनौपचारिक शिक्षा कार्यक्रमहरूको विस्तारका लागि सामुदायिक अध्ययन केन्द्रको स्थापना गर्ने र तिनीहरूलाई सहयोग गर्ने
- सञ्चालित कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्ने
- अनौपचारिक शिक्षासम्बन्धी अध्ययन तथा अनुसन्धानका कार्यहरू गर्ने कार्यक्रम कार्यान्वयन रणनीति तयार पार्ने र तदनुरूप कार्यान्वयन गर्ने गराउने
- अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयनमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धिका लागि तालिम र अभिमुखीकरण सञ्चालन गर्ने

## शाखाहरू

| सि.नं. | शाखा | उप शाखा |
|---|---|---|
| १. | योजना तथा व्यवस्थापन | १. योजना तथा प्रशासन<br>२. अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन<br>३. समन्वय, सामग्री वितरण<br>४. लेखा<br>५. तथ्याङ्क/कम्प्युटर<br>६. स्टोर |
| २. | पाठ्यक्रम पाठ्यपुस्तक तथा तालिम | १. आधारभूत प्रौढ साक्षरता, साक्षरोत्तर शिक्षा र महिला शिक्षा<br>२. निरन्तर शिक्षा (आय आर्जन तथा सामुदायिक अध्ययन केन्द्र)<br>३. वैकल्पिक विद्यालय<br>४. पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य सामग्री प्रकाशन<br>५. खुला तथा वैकल्पिक शिक्षा |

## कार्यक्रमहरू

| सि.नं. | कार्यक्रम | लक्षित समूह | अवधि | कार्यक्रमको स्वरूप |
|---|---|---|---|---|
| १ | राष्ट्रिय साक्षरता अभियान (आधारभूत साक्षरता शिक्षा) | १५-६० उमेर समूहका निरक्षर प्रौढ | ३ महिना | छोटो अवधिमा कार्यमुलक साक्षरतामा आधारित आधारभूत साक्षरता शिक्षा तीन आर (3 R) प्रदान गरी तीव्र गतिमा निरक्षरता घटाउने |
| २ | साक्षरोत्तर शिक्षा | | | |
| | क) प्रौढ साक्षरोत्तर शिक्षा | १५-४५ वर्ष उमेर समूहका नवसाक्षर प्रौढ | ३ महिना | आधारभूत साक्षरता पूरा गरेकालाई साक्षरोत्तर शिक्षाको अवसर प्रदान गर्ने |
| | ख) महिला शिक्षा दोस्रो | १५-४५ वर्ष उमेरसमूहका नवसाक्षर प्रौढ महिला | ६ महिना | आधारभूत साक्षरता तह पूरा गरेका नव साक्षर महिलाहरूलाई शिक्षाको अवसर प्रदान गर्ने |
| ३ | वैकल्पिक शिक्षा | | | |
| | क) प्राथमिक शिक्षा विस्तार कार्यक्रम (SOP) | प्राथमिक शिक्षाबाट वञ्चित ६-८ उमेर समूहका बालबालिका | ३ वर्ष | कक्षा १-३ सम्मको शिक्षा |
| | ख) अनौपचारिक प्राथमिक | प्राथमिक शिक्षा पुरा नगरी बीचैमा विद्यालय छाडेका र | ३ वर्ष | कक्षा १-५ समकक्षताको प्राथमिक |

| सि.नं. | कार्यक्रम | लक्षित समूह | अवधि | कार्यक्रमको स्वरूप |
|---|---|---|---|---|
| | शिक्षा कार्यक्रम (FSP) | विद्यालयीय शिक्षाबाट वञ्चित ८-१४ उमेर समूहका बालबालिका | | शिक्षा |
| | ग) अनौपचारिक प्रौढ विद्यालय शिक्षा | १४ वर्षभन्दा माथिका प्राथमिक शिक्षाबाट वञ्चित किशोरकिशोरी तथा प्रौढ ( आधारभूत शिक्षा ) | ८ वर्ष | कक्षा १-५ समकक्षताको प्राथमिक शिक्षा तथा कक्षा ६-८ समकक्षताको निम्न माध्यमिक शिक्षा |
| | घ) निम्न माध्यमिक तहको खुला विद्यालय शिक्षा | १४ वर्षभन्दा माथिका निम्नमाध्यमकि शिक्षाबाट वञ्चित किशोरकिशोरी तथा प्रौढ | २ वर्ष | कक्षा ६-८ समकक्षताको निम्न माध्यमिक शिक्षा |
| ४ | आय आर्जन | १५ वर्ष माथिका प्रौढ महिला | निरन्तर | रोजगारमूलक स्थानीय व्यवसायमा संलग्न गरी उत्पादन बढाउने |
| ५ | सामुदायिक अध्ययन केन्द्र | स्थानीय समुदायका बासिन्दाहरू | निरन्तर | स्थानीय समुदायका सिकाइ आवश्यकताको परिपूर्तिका कार्यक्रम र आय आर्जन कार्यक्रमको संयोजन गरी स्थानीय स्तरमा अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन, कार्यान्वयन तथा अनुगमन सम्मका कार्य गर्ने गैर नाफामूलक समुदायमा आधारित संस्था |
| ६ | सीप विकास कार्यक्रम | नव साक्षरहरू (प्रौढ महिला तथा पुरुष ) | १२ दिन | आधारभूत तथा साक्षरोत्तर शिक्षाका सहभागीहरूलाई मागमा आधारित भई व्यवसायउन्मुख सीप मुलक तालिम प्रदान गरी स्वरोजगार सिर्जना गर्ने । |

# विद्यालय शिक्षक किताबखाना

## परिचय

नेपाल सरकारबाट अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालयमा काम गर्ने शिक्षकहरूका लागि विद्यालय शिक्षा सेवाको गठन भएको छ । स्थायी तथा अस्थायी रूपमा विद्यालयका शिक्षकहरूको सेवा सर्त सम्बन्धमा सरकारले नियमद्वारा व्यवस्था गर्न सक्ने अधिकार शिक्षा ऐन, २०२८ को दफा १९(२)(द) ले गरेको र सोहीअनुसार शिक्षा नियमावली, २०५९ को नियम ८६ द्वारा यो सेवाको गठन गरिएको हो । यस सेवाअन्तर्गत रहने गरी स्थायी शिक्षकहरूको नियुक्ति र बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगको सिफारिसमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरूबाट हुन्छ भने नियुक्ति, बढुवालगायत शिक्षकहरूको सम्पूर्ण सेवासम्बन्धी अभिलेख राख्न तथा सेवा निवृत्त पछिको नियमानुसार सुविधा उपलब्ध गराउनेसम्बन्धी कार्य गर्नका लागि विद्यालय शिक्षक किताबखानाको स्थापना भएको हो ।

मुलुकभरिका सार्वजनिक सामुदायिक विद्यालयहरूमा विद्यालय शिक्षा सेवाअन्तर्गत स्थायी भई कार्यरत शिक्षकहरूको केन्द्रीय स्तरमा अभिलेख राख्ने निकाय नहुँदा समस्याहरू उत्पन्न भइरहेको र उनीहरूलाई सेवा निवृत्तपछि पाउने नियमानुसारको सुविधा व्यवस्थापनमा समेत मुलुकभर एकरूपता कायम गर्न नसकिरहेको अवस्थामा यी समस्याहरूको समाधान गर्नका लागि नेपाल सरकार मन्त्री परिषद्को मिति २०५४।१०।०२ को निर्णयानुसार शिक्षा मन्त्रालयअन्तर्गत रहने गरी विद्यालय शिक्षक किताबखानाको स्थापना भएको हो । शिक्षा नियमावली, २०४९, मा भएको छैटौं संशोधन २०५४ ले यसलाई मिति २०५४।११।१९ देखि शिक्षा नियमावलीमा नै आवद्ध गरेपछि मिति २०५४।१२।२६ मा विधिवत् स्थापना भई शिक्षा मन्त्रालय, केसरमहल परिसरको एक कोठाबाट यसको कार्य शुभारम्भ भएको हो । २०५५ भाद्रदेखि यसको कार्यालय काठमाडौं महानगरपालिका वडा नं. १५ ताहाचल, चागलमा जिल्ला शिक्षा कार्यालय काठमाडौंको भवनसँगै रहेको थियो भने २०६६ जेठ महिनाबाट विद्यालय शिक्षक किताबखानाको आफ्नै भवन म्युजियम मार्ग छाउनी काठमाडौं महानगरपालिकामा स्थानान्तरण भई सञ्चालनमा रहेको छ । रा.प. प्रथम श्रेणी (प्रशासन सेवा) का महानिर्देशक प्रमुख रहने विद्यालय शिक्षक किताबखानामा जम्मा २७ दरबन्दी रहेको छ ।

## मुख्य मुख्य कार्यहरू

१. वैयक्तिक विवरण दर्ता गरी नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, तालिम, शैक्षिक योग्यता, पुरस्कार, विभागीय कारबाही, असाधारण एवम् अध्ययन बिदा, औषधीउपचारको रकमजस्ता शिक्षकसँग सम्बन्धित विवरणहरू वैयक्तिक विवरण फाइलमा संलग्न गरी अद्यावधिक गर्ने

२. शिक्षकको वार्षिक तलबी विवरण पारित गर्ने गराउने

३. उमेरको कारणबाट अनिवार्य अवकाश पाउने शिक्षकलाई अवकाश पाउने मिति समेत खुलाई ६ महिना अगावै जानकारी गराउने

४. सेवाबाट अलग भएका शिक्षकहरूको निवृत्तभरण, उपादान, औषधी, बिमा, पारिवारिक निवृत्तभरण, पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्तति वृत्तिजस्ता सुविधा किटान गरी अधिकार पत्र प्रदान गर्ने

५. शिक्षकहरूको नोकरी अभिलेख अद्यावधिक राख्ने

६. शिक्षकहरूको स्थायी ठेगाना परिवर्तन गर्ने

७. शिक्षकसम्बन्धी सूचना केन्द्रका रूपमा काम गर्ने

८. शिक्षकहरूको प्राप्त सम्पत्ति विवरण राख्ने

९. सम्बन्धित शिक्षक तथा व्यक्ति, संस्था र निकायहरूलाई शिक्षकहरूको अभिलेखअनुरूपका तथ्याङ्कहरू नियमानुसार उपलब्ध गराउने

१०. शिक्षकहरूको अभिलेखलाई निरन्तर आधुनिक प्रविधिअनुरूप व्यवस्थित एवम् अद्यावधिक गर्दै जाने

११. शिक्षा मन्त्रालयले दिएको निर्देशनको पालना गर्ने र तोकिएका अन्य काम गर्ने ।

**शाखा तथा मातहतका एकाइहरू**

| सि.नं. | शाखा | मातहतका इकाइहरू |
|---|---|---|
| १. | अभिलेख | १. पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल शाखा<br>२. पूर्वाञ्चल र मध्यमाञ्चल शाखा<br>३. कम्प्युटर शाखा |
| २. | निवृत्तभरण तथा उपदान शाखा | १. पूर्वाञ्चल तथा सुदूर पश्चिमाञ्चल शाखा |
| | | २. मध्यमाञ्चलन शाखा |
| | | ३. पश्चिमाञ्चल तथा मध्यपश्चिमाञ्चल शाखा |
| | | ४. प्रशासन, दर्ता चलानी र स्टोर शखा |
| | | ५. आर्थिक प्रशासन शाखा |

# शिक्षक सेवा आयोग

## परिचय

वि.सं. २०५६ सालमा राष्ट्रिय शिक्षक सेवा आयोगको नामबाट स्थापित यस आयोगको शिक्षा ऐन २०२८ को सातौँ संशोधन २०५८ बाट शिक्षक सेवा आयोग नामकरण भएको हो । शिक्षा ऐनमा भएको सातौँ संशोधनबाट आयोगमा १ अध्यक्ष र २ जना सदस्य गरी ३ सदस्यीय आयोग गठन हुने प्रावधान छ । लोकसेवा आयोगका अध्यक्षको अध्यक्षतामा त्रिभवन विश्वविद्यालयका उपकुलपति र शिक्षा मन्त्रालयका सचिव सदस्य रहने तीन सदस्यीय समितिको सिफारिसमा नेपाल सरकारले आयोगका पदाधिकारीहरूको नियुक्ति ५ वर्षका लागि गर्ने व्यवस्था शिक्षा ऐनमा छ ।

आयोगको सचिवालयको कार्य व्यवस्थापनका निम्ति नेपाल सरकारका सहसचिवस्तर (रा.प. प्रथम, शिक्षा सेवा) को प्रशासकीय प्रमुख रहने व्यवस्था छ । जम्ममा २९ दरबन्दी रहेको आयोगको सचिवालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

## मुख्य मुख्य कार्यहरू

१. सामुदायिक विद्यालयमा सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षकको बढुवाका लागि सिफारिस गर्ने
२. शिक्षक पदका लागि उम्मेदवार हुनका लागि लिनुपर्ने अध्यापन अनुमतिपत्रको परीक्षा सञ्चाल र प्रमाणपत्र प्रदान गर्ने
३. शिक्षकहरूको खुला प्रतियोगितात्मक परीक्षा, बढुवा र अध्यापन अनुमति पत्रका लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने र परीक्षासम्बन्धी अन्य कार्य गर्ने
४. सामुदायिक विद्यालयमा अध्यापन गर्न योग्य, शिक्षकहरूको छनोट गरी नियुक्तिका लागि सिफारिस गर्ने
५. स्थायी शिक्षकको बढुवा गर्ने
६. शिक्षकहरूको सेवा, सर्त र सुविधाका सम्बन्धमा सरकारलाई आवश्यक सल्लाह र सुझाव दिने

## शाखाहरू

सचिवालयको कार्य व्यवस्थापनका निम्ति २ उपसचिवको निरीक्षण सुपरीवेक्षणमा ६ ओटा शाखा कायम गरिएको छ । ती शाखाहरूमा आयोगको कार्य प्रयोजनका लागि पाठ्यक्रम, परीक्षा सङ्कलन शाखा, बढुवा शाखा, अन्तर्वार्ता तथा सिफारिस शाखा, तथ्याङ्क, विज्ञापन तथा मोडरेसन शाखा, आर्थिक प्रशासन शाखा र प्रशासन तथा निरीक्षण शाखा रहेका छन् ।

# शैक्षिक गुणस्तर परीक्षण केन्द्र

## परिचय

विभिन्न देशमा शैक्षिक गुणस्तर परीक्षण गर्ने कार्य स्वतन्त्र र स्वायत्त निकायको स्थापना गरी सोही निकायबाट गर्ने गराउने चलन बढेको छ । यसै सन्दर्भमा नेपालको समग्र विद्यालय तहको शैक्षिक क्षेत्रमा सुधार गर्ने गरी विकास गरिएको विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले शिक्षा क्षेत्रमा भए गरेका प्रयासहरूको स्वतन्त्र परीक्षण गरी गुणस्तर र जवाफदेही अभिवृद्धिमा सघाउ पुऱ्याउने अभिप्रायले एक स्वतन्त्र र स्वायत्त परीक्षण संस्थाको स्थापना गर्ने प्रावधान राखेको छ । यसरी स्थापना हुने संस्थाले समग्र मन्त्रालय पद्धतिको शैक्षिक गतिविधिहरूको परीक्षण गर्ने कुरा पनि सोही योजनामा उल्लेख गरिएको छ । उक्त संस्थाले मानक र मापदण्डका आधारमा गुणस्तर र जवाफदेहीको परीक्षण गर्ने अभिप्राय राखेको देखिन्छ । यसरी स्वतन्त्र रूपमा स्थापित संस्थाले मन्त्रालय पद्धतिका सबै शिक्षण संस्थाहरूको बाह्य मूल्याङ्कन गर्ने र वार्षिक परीक्षण प्रतिवेदन शिक्षा नीति निर्धारण समितिमा प्रस्तुत गरी सो प्रतिवेदन सार्वजनिकसमेत गर्ने व्यवस्था गरिएको छ ।

उल्लिखित व्यवस्थाबमोजिम शैक्षिक गतिविधिहरूको परीक्षण गर्न एक स्वतन्त्र र स्वायत्त निकायको स्थापना ऐनद्वारा नै व्यवस्थित गर्ने प्रयास भई रहेको छ । ऐनको व्यवस्था हुन अझ केही समय लाग्ने सो व्यवस्था नहुँदा सम्मका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयअनुसार शिक्षा मन्त्रालय र अन्तर्गतका शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office- ERO) को स्थापना गरिएको छ । यस केन्द्रको प्रमुख कार्य नेपालमा सञ्चालित विभिन्न शैक्षिक निकाय (हाललाई विश्वविद्यालयभन्दा बाहेकका) तथा विद्यालयस्तरबाट दिइने शैक्षिक सेवा प्रवाहमा प्रभावकारिता एवम् गुणस्तरीयताको परीक्षण गरी सुधारका लागि सुझाव दिनु हुने छ । यस कार्यलाई व्यवस्थित ढङ्गबाट अघि बढाउन शैक्षिक गुणस्तर परीक्षण केन्द्र व्यवस्थापन कार्य विधि निर्देशिका, २०६७ स्वीकृत भई कार्यन्वयन भइरहेको छ ।

वि.सं.२०६६ मा स्थापित शैक्षिक गुणस्तरको परीक्षण केन्द्रका प्रमुख सहसचिव, रा.प.प्रथम श्रेणी (शिक्षा सेवा) रहने व्यवस्था छ । यस केन्द्रको कार्यालय सानोठिमी, भक्तपुर रहेको छ भने हाल यस केन्द्रमा शिक्षा मन्त्रालयबाट काजमा खटाइएका १७ जना कर्मचारी कार्यरत छन् ।

## मुख्य मुख्य कार्यहरू

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले निम्नानुसारका कार्यहरू गर्ने छ :

१. निर्धारित मापदण्ड, मानक, कार्यनिर्देशिका, उद्देश्य, एवम् सूचकका आधारमा शिक्षा मन्त्रालयअन्तर्गतका निकायहरू तथा विद्यालयहरूको समग्र शैक्षिक पद्धति, संस्थागत क्षमता र वैयक्तिक सक्षमता तथा कार्य प्रगतिहरूको लेखाजोखा गर्ने

२. शिक्षा ऐन तथा नियमावलीबमोजिम विद्यालयहरूको वर्गीकरणसमेतको कार्यप्रक्रियाको परीक्षण गर्ने

३. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न निकायबाट विकास भएका मानक एवम् मापदण्डहरूको कार्यान्वयन अवस्थाको परीक्षण गर्ने

४. गुणात्मक सुधारका लागि विद्यार्थीहरूको सिकाइस्तरको आवधिक रूपमा परीक्षण गर्ने

५. सम्बन्धित शैक्षिक निकायहरूले सम्पादन गरेका कार्य प्रभावकारिताका आधारमा तथा निर्धारित शैक्षिक मापदण्ड पूरा गरेका आधारमा गुणस्तरीयता जाँचबुझ गरी प्रमाणीकरण एवम् श्रेणीकरणका लागि सिफारिस गर्ने

६. मन्त्रालय र अन्तर्गतका निकायहरू वा पदाधिकारीहरूबाट सम्पादित कार्यहरूको परीक्षण गरी निष्कर्ष सार्वजनिक गर्ने

७. मन्त्रालयअन्तर्गतका निकायहरू र विद्यालयतहसम्मका शैक्षिक साझेदारी संस्थाहरूबीच संस्थागत समन्वयको अवस्था विश्लेषण गरी सुधारका लागि सुझाव दिने

८. शिक्षा क्षेत्रका अनुसन्धाता, शिक्षाविद्, विशेषज्ञहरूको रोस्टर निर्माण गरी शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पुनरवलोकन कार्यमा संलग्न गराउने

९. समसामयिक शैक्षिक मुद्दाहरू पहिचान गरी सोको अध्ययन गरी गराई सुझावहरू कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा प्रस्तुत गर्ने

१०. विद्यार्थी मूल्याङ्कन र स्तरनिर्धारणसम्बन्धी परीक्षण तथा अनुसन्धान गरी सिफारिस गर्ने ।

उल्लिखित कार्यहरूलाई व्यवस्थित गर्दै लैजान शिक्षाविद्हरूसमेतको संलग्नता रहने र विज्ञले अध्यक्षता गर्ने गरी एक प्राविधिक समिति गठन गर्न सकिने व्यवस्था रहेको छ ।

# क्षेत्रीय शिक्षा निर्देशनालय

## परिचय

शिक्षामा क्षेत्रीय प्रशासनको सुरुआत पूर्वाञ्चलको जनकपुर र पश्चिमाञ्चलको पाल्पामा वि. स. २००३ (सन् १९४६) मा स्थापना गरिएको विद्यालय उप-निरीक्षकको कार्यालयसँगै भएको हो । चिफ इन्सपेक्टर अफ स्कुल्स अफिस भने वि.स.१९९८ मा काठमाडौँमा स्थापना भएको थियो । वि.स. २०१० सालमा नेपाललाई सात क्षेत्रमा बाँडेर सातओटा डिभिजिनल इन्सपेक्टर अफ स्कुल्स अफिस स्थापना गरी विद्यालय सुपरिवेक्षण गर्ने जिम्मेवारी दिइएको थियो । वि.स. २०१८ सालमा १४ अञ्चल र पचहत्तर जिल्लामा नेपाललाई विभाजन गरिएअनुसार १४ ओटा अञ्चल शिक्षा अधिकारी कार्यालय र ७५ ओटा जिल्ला शिक्षा निरीक्षकको कार्यालय स्थापनासँगै इन्सपेक्टर अफ स्कुल्स अफिसको व्यवस्था हटेको हो । हालको क्षेत्रीय शिक्षा निर्देशनालयहरूको स्थापना भने राष्ट्रिय शिक्षा योजना २०२८ सँगै भएको हो । शैक्षिक प्रशासनको प्रभावकारिता वृद्धि गर्ने र यसलाई विद्यालय तथा आम जनसमुदायको नजिक लैजाने उद्देश्यले क्षेत्रीय शिक्षा निर्देशनालयको स्थापना भएको हो । नेपालमा पाँचओटा क्षेत्रीय शिक्षा निर्देशनालय (क्षेत्रीय शिक्षा निर्देशनालय) रहेका छन् ।

क्षेत्रभित्रका जिल्लास्तरीय कार्यक्रमहरूमा एकरूपता ल्याउने र विद्यालयस्तरको पठनपाठन तथा विकास कार्यक्रमहरूको समन्वय, अनुगमन एवम् सुपरिवेक्षण गर्ने जिम्मेवारी क्षेत्रीय शिक्षा निर्देशनालयको हुन्छ । प्रत्येक क्षेत्रीय शिक्षा निर्देशनालयका प्रमुखको रूपमा राजपत्राङ्कित प्रथम श्रेणी (शिक्षा सेवा) का निर्देशक रहने व्यवस्था छ । पाँचओटै क्षेत्रीय शिक्षा निर्देशनालयको जम्मा दरबन्दी १४३ रहेको छ । क्षेत्रीय शिक्षा निर्देशनालयका कार्यालयहरू निम्नअनुसारका स्थानमा रहेका छन् :

१. पूर्वाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, धनकुटा

२. मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, हेटौँडा

३. पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, पोखरा

४. मध्यपश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेत र

५. सुदूरपश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, दिपायल

## मुख्य मुख्य कार्यहरू

१. क्षेत्रभित्रका शैक्षिक योजना र कार्यक्रमहरू बीचमा समन्वय गर्ने

२. विद्यालय शिक्षाको तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने

३. निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरूलाई अनुमति र स्वीकृत दिने

४. उच्च माध्यमिक विद्यालयहरूको अनुगमन तथा सुपरिवेक्षणमा सहयोग पुऱ्याउने

५. प्रवेशिका परीक्षा (एसएलसी) सञ्चालन गर्न सहयोग गर्ने

६. जिल्ला शिक्षा अधिकारी, निरीक्षक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका लागि तालिम, गोष्ठीहरू सञ्चालन गर्ने

७. औपचारिक तथा अनौपचारिक शिक्षा कार्यक्रमहरूको स्थलगत सुपरिवेक्षण तथा कार्यक्रमहरू अनुगमन गर्ने

८. आर्थिक प्रशासनको रेखदेख गरी विद्यालयको लेखापरीक्षणका लागि लेखा परीक्षकको सूची तयार गरी जिल्ला शिक्षा कार्यालयमा पठाउने,

९. सरकारी तथा गैरसरकारी शिक्षा परियोजनाहरूको समन्वय र निरीक्षण गर्ने,

१०. माध्यमिक शिक्षा उत्तीर्ण विद्यार्थीहरूको प्रमाण-पत्रमा नाम, थर र जन्म मिति सच्चाउने तथा अस्थायी प्रमाणपत्र दिने

११. जिल्ला शिक्षा अधिकारीहरूको काममा समन्वय, निरीक्षण र मूल्याङ्कन गर्ने

१२. जिशिका र स्रोत केन्द्रबाट नियमित रूपमा प्रभावकारी तवरले विद्यालयको निरीक्षण गराउने

१३. विद्यालयलाई सार्वजनिक तथा निजी गुठीअन्तर्गत दर्ता गर्ने

१४. माध्यमिक तहका विद्यालयहरूको व्यवस्थापन हस्तान्तरण गर्ने

प्रत्येक क्षेत्रीय शिक्षा निर्देशनालयअन्तर्गत निम्नलिखित पाँचओटा शाखाहरू छन् :

क) अनुगमन, निरीक्षण तथा तथ्याङ्क शाखा

ख) विद्यालय प्रशासन शाखा

ग) अतिरिक्त क्रियाकलाप शाखा

घ) परीक्षा शाखा

ङ) प्रशासन शाखा

# जिल्ला शिक्षा कार्यालय

## परिचय

शैक्षिक प्रशासनको सङ्गठनात्मक स्वरूपमा तल्लो तहको निकायका रूपमा ७५ ओटै जिल्लामा एक-एक ओटा जिल्ला शिक्षा कार्यालय स्थापना गरिएको छ । वि.स. २०१६ सालमा नेपालका ३२ ओटा प्रशासकीय जिल्लालाई २८ ओटामा विभाजन गरी जिल्ला स्कुल निरीक्षक कार्यालय स्थापना गरिएको थियो । वि.सं. २०१६ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएपछि वि.सं. २०१८ सालमा ७ ओटा डिभिजनल इन्पेक्टर अफिसको सट्टा १४ ओटा अञ्चल शिक्षा अधिकारीको कार्यालय स्थापना गरियो भने वि.सं.२०१९ सालमा ७५ ओटै जिल्लामा जिल्ला शिक्षा निरीक्षक अफिस खडा गरियो । यसै क्रममा वि.सं. २०२७ मा अञ्चल शिक्षा अधिकारी कार्यालय खारेज गरी २९ जिल्लामा जिल्ला शिक्षा अधिकारी र बाँकी जिल्लामा जिल्ला शिक्षा निरीक्षक कायम गरियो । राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ सँगै पाँचओटा क्षेत्रीय शिक्षा निर्देशनालय र ७५ ओटा जिल्ला शिक्षा कार्यालयहरू कायम गरी त्यसमा हालसम्म निरन्तरता दिइएको छ ।

जिल्लास्तरीय शैक्षिक विकास कार्यक्रमको योजना तर्जुमा गरी कार्यान्वयन गर्नु र राष्ट्रिय नीति र कार्यक्रमका साथै शिक्षा मन्त्रालय, शिक्षा विभाग तथा सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालयको निर्देशनअनुसार जिल्लामा पठनपाठन प्रक्रिया भए-नभएको सुपरिवेक्षण तथा अनुगमन गर्नु जिल्ला शिक्षा अधिकारीको मुख्य दायित्व हो । विद्यालय प्रशासन तथा सुपरिवेक्षण कार्यमा प्रभावकारिता ल्याउनका लागि प्रत्येक जिल्लालाई विद्यालय सङ्ख्या र भौगोलिक बनावटका आधारमा ३ देखि ३३ निरीक्षण क्षेत्रहरूमा विभाजन गरिएको छ । प्रत्येक निरीक्षण क्षेत्रका विद्यालयहरूलाई प्रविधिक सहयोग तथा सेवाहरू प्रदान गर्नका लागि एउटा स्रोत केन्द्रको स्थापना गरिएको छ ।

रा. प. द्वितीय श्रेणी, शिक्षा सेवाका जिल्ला शिक्षा अधिकारी प्रमुख रहने जिल्ला शिक्षा कार्यालय प्रत्येक जिल्ला सदरमुकाममा रहेका छन् । सबै जिल्ला शिक्षा कार्यालयमा गरी जम्मा १७२८ कर्मचारी दरबन्दी रहेको छ ।

## जिल्ला वर्गीकरण

विद्यालय सङ्ख्याको आधारमा जिल्ला शिक्षा कार्यालयलाई 'क', 'ख', 'ग' र 'घ' गरी चार वर्गमा विभाजन गरिएको छ । 'क' वर्गमा एकमात्र जिल्ला रहेको छ भने 'ख' वर्गमा ७ जिल्ला, 'ग' वर्गमा ५९ जिल्ला र 'घ' वर्गमा ८ जिल्लाहरू रहेका छन् ।

**'क' वर्गमा पर्ने जिल्ला** : काठमाडौँ

**'ख' वर्गमा पर्ने जिल्लाहरू :** झापा, मोरङ, काभ्रेपलाञ्चोक, ललितपुर, चितवन, स्याङ्जा, र रूपन्देही

**'ग' वर्गमा पर्ने जिल्लाहरू :** ताप्लेजुङ, पाँचथर, इलाम, सङ्खुवासभा, भोजपुर, धनकुटा, सुनसरी, तेह्रथुम, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर, सिरहा, सप्तरी, दोलखा, रामेछाप, सिन्धुली, महोत्तरी, धनुषा, सर्लाही,नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, भक्तपुर, मकवानपुर, पर्सा, बारा, रौतहट, गोरखा, लम्जुङ, तनहुँ, कास्की, पाल्पा, गुल्मी, अर्घाखाँची, नवलपरासी, कपिलवस्तु, बाग्लुङ, म्याग्दी, पर्वत, रुकुम, सल्यान, रोल्पा, प्युठान, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट, कालीकोट, बझाङ, बाजुरा, अछाम, डोटी, कैलाली, दार्चुला, बैतडी र कञ्चनपुर

**'घ' वर्गमा पर्ने जिल्लाहरू :** रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, मुगु, जुम्ला, हुम्ला र डडेलधुरा

## प्रमुख कार्यहरू

१. सरकारको शैक्षिक नीति तथा योजनाहरूका आधारमा जिल्लामा विभिन्न शैक्षिक विकास कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्ने गराउने

२. विद्यालय र स्रोतकेन्द्रहरूको सुपरिवेक्षण गरी शिक्षक, प्रधानाध्यापक, स्रोतव्यक्ति र विद्यार्थीहरूलाई पृष्ठपोषण दिने

३. जिल्लाको शैक्षिक प्रगतिको अनुगमन तथा मूल्याङ्कन गर्ने

४. शिक्षकहरूको नियुक्ति, पदस्थापन तथा सरुवा गर्ने र सोको अभिलेख राख्ने

५. विद्यालय, शिक्षक आदिको वार्षिक र आवधिक तथ्याङ्क प्रतिवेदन तयार गर्ने

६. नयाँ विद्यालयहरूको स्थापना र विद्यमान विद्यालयहरू सुदृढ गर्ने

७. छोटो अवधिका शिक्षक तालिम, कार्यशाला तथा गोष्ठीहरू सञ्चालन गर्ने

८. अतिरिक्त क्रियाकलापसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने

९. जिल्लास्तरीय एवम् एसएलसी परीक्षा सञ्चालन गर्ने

१०. जिल्लाका विद्यालयहरूमा विद्यार्थीहरूको पहुँच एवम् शैक्षिक गुणस्तर वृद्धिका लागि कार्यक्रम सञ्चालन गर्ने

११. शैक्षिक सूचना सङ्कलन, विश्लेषण र प्रबोधीकरण गर्ने गराउने

१२. सरोकारवालाहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने,

१३. जिल्लामा शैक्षिक कार्यक्रम सञ्चालनार्थ गैरसरकारी संस्था र अन्य सङ्घसंस्थाहरूसँग समन्वय गर्ने गराउने

१४. केन्द्रीय एवम् क्षेत्रीय निकायहरूबाट तोकिएका अन्य कार्य सम्पादन गर्ने

# स्रोतकेन्द्र

## परिचय

नेपालमा स्रोतकेन्द्र प्रणालीको औपचारिक सुरुआत सन् १९८२ मा ग्रामीण विकासका लागि शिक्षा परियोजना (सेती) बाट भएको थियो । सन् १९८४ मा ६ ओटा जिल्लामा सुरु भएको प्राथमिक शिक्षा परियोजना (PEP) मा पनि स्रोतकेन्द्र रहने व्यवस्था भएको थियो । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (BPEP) सन् १९९२ मा सुरु भएपछि स्रोतकेन्द्र प्रणालीलाई परियोजनाको अभिन्न अङ्गका रूपमा विकास गरी क्रमशः देशभर विद्यालय सुपरिवेक्षण र सहायता प्रणालीका रूपमा स्रोतकेन्द्रको स्थापना गरियो ।

नेपालभर कुल १०९१ स्रोतकेन्द्रहरू तोकिएकामा हाल १०५३ स्रोतकेन्द्रहरू सञ्चालनमा रहेका छन् । प्रत्येक स्रोतकेन्द्रमा स्रोतव्यक्ति (सामुदायिक विद्यालयका शिक्षकहरूबाट काजमा ल्याइएका)को व्यवस्था गरिएको छ जसले स्रोतकेन्द्रअन्तर्गतका विद्यालयहरूको सुपरिवेक्षण र शिक्षणसिकाइ सुधारका लागि प्राविधिक सहयोग उपलब्ध गराउछन् ।

## मुख्य मुख्य कार्यहरू

स्रोतकेन्द्रअन्तर्गतका विद्यालयहरूको सुपरिवेक्षण तथा शिक्षणसिकाइ सुधारका लागि शिक्षक तथा विद्यालयलाई सहयोग गर्ने प्रमुख दायित्व भएको स्रोतकेन्द्रका मुख्य मुख्य कार्यहरू निम्नअनुसार छन् :

१. **योजना निर्माण र कार्यान्वयन**

- सम्पूर्ण विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण गर्न लगाई सोअनुसार कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउने
- स्रोतकेन्द्रस्तरीय वार्षिक योजना निर्माण गर्ने र कार्यान्वयन गर्ने

२. **विद्यालय निरीक्षण**

- पाठ्यक्रमअनुरूप शिक्षक निर्देशिकाको प्रयोग गरी पठनपाठन भएनभएको निरीक्षण गर्ने
- विद्यालयमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका प्राप्त भएनभएको निरीक्षण गर्ने र नभएमा समयमा नै व्यवस्था गर्ने वा गराउने
- स्रोतकेन्द्रअन्तर्गतका विशेष कक्षा सञ्चालन भएका लगायत अन्य सम्पूर्ण विद्यालयहरूको नियमित निरीक्षण गर्ने र प्रतिवेदन जिशिकामा पठाउने

३. **तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन**

- स्रोतकेन्द्र र समूह विद्यालयको विवरण अद्यावधिक गर्ने
- स्रोतकेन्द्रअन्तर्गतका शिक्षकहरूको विवरण अद्यावधिक गर्ने

**४. कक्षा अवलोकन/नमुना पाठ प्रदर्शन**

- स्रोतकेन्द्रभित्रका दक्ष शिक्षकहरूबाट नमुना पाठ प्रदर्शन गर्ने काममा लगाउने
- शैक्षिक सामग्री निर्माण गर्न लगाई सहपाठी शिक्षण (Peer teaching) गर्न लगाउने र अवलोकन गर्ने
- विद्यालयका शिक्षकहरूको कक्षा अवलोकन गर्ने र पृष्ठपोषण दिने
- विषयगत सुहाउँदो शैक्षिक सामग्री प्रयोग गर्न सहजीकरण गर्ने

**५. अनौपचारिक शिक्षासम्बन्धी कार्य**

- अनौपचारिक शिक्षाका लागि आवश्यक पर्ने निरक्षरहरूको तथ्याङ्क सङ्कलन गर्ने

**६. शैक्षिक गुणस्तर अभिवृद्धिसम्बन्धी कार्य**

- विद्यमान प्राकृतिक, भौतिक, मानवीयजस्ता स्रोतहरूको उचित परिचालन गर्ने
- विभिन्न संस्थाहरूको सहयोगमा शैक्षिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने
- शिक्षकको शिक्षणसिकाइ क्रियाकलापको निकटतम रही शिक्षकको एक सहयोगी मित्रका रूपमा कार्य गर्ने
- शैक्षिक विकासका लागि स्रोतकेन्द्रअन्तर्गतका शिक्षक, प्रधान अध्यापक., व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ एवम् अभिभावकहरूलाई आवश्यकता हेरी अल्पकालीन तालिम, गोष्ठी, सेमिनार आयोजना गर्ने
- शिक्षकलाई शिक्षणसिकाइ तथा विषयगतसम्बन्धी तालिमको व्यवस्था गर्ने
- आवश्यक पर्ने कक्षाको विवरण सम्बन्धित निकायमा माग गर्ने
- अनौपचारिक कक्षा सञ्चालनका लागि आवश्यक सहयोग पुऱ्याउने
- सहयोगी कार्यकर्ता, स्थानीय निरीक्षकको नियुक्तिका लागि सिफारिस गर्ने
- गाउँ साक्षरता अभियान समिति गठन गर्ने
- अनौपचारिक शिक्षा कार्यक्रमको निरीक्षण गर्ने र विवरण जिशिकामा पठाउने

**७ अतिरिक्त क्रियाकलाप सञ्चालन**

- अतिरिक्त क्रियाकलाप र शैक्षिक सामग्री प्रदर्शनी गर्न लगाउने
- अन्य रचनात्मक कार्य (जस्तै : रेडक्रस, स्काउट तथा स्रोतकेन्द्रस्तरीय कार्यक्रमको व्यवस्था मिलाउने कार्य) गराउने

**८. अन्य कार्यहरू**

- विद्यालय मूल्याङ्कन र पुरस्कृत
- विशेष शिक्षा कक्षा सञ्चालनका लागि आवश्यक कार्य
- स्रोतकेन्द्रस्तरीय परीक्षा सञ्चालन
- समय समयमा शैक्षिक भ्रमणको व्यवस्था
- जिशिकाबाट निर्देशित अन्य कार्यहरू

# युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग

## परिचय

संयुक्त राष्ट्र सङ्घको शिक्षा, विज्ञान र संस्कृतिसम्बन्धी सङ्गठन (United Nations Educational, Scientific and Cultural Organization - UNESCO) को नेपाल पनि सदस्य राष्ट्र हो । युनेस्कोका प्रत्येक सदस्य राष्ट्रले आफ्नो देशमा राष्ट्रिय आयोग गठन गरी सोही आयोगमार्फत सरकार र युनेस्को बीच सञ्चार तथा समन्वय गर्ने गराउने, युनेस्कोबाट राष्ट्रले प्राप्त गर्न सहयोगमा अभिवृद्धि गर्ने गराउने र युनेस्कोसम्बद्ध कार्यक्रम कार्यान्वयन गर्ने गर्दछन् । नेपाल पनि उक्त सङ्गठनको सदस्य भएको कारणले युनेस्कोले प्रदान गर्ने सहयोगसम्बन्धी कार्यक्रमहरूको समन्वय गर्नु युनेस्को आयोगको मुख्य काम हुने गर्दछ ।

युनेस्को विधानबाट समेत निर्देशित रहेको युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधानले आयोगको संरचनालाई युनेस्को पेरिसको संरचनासँग मिल्दो किसिमले अङ्गिकार गरेको छ । आयोगको संरचनामा आयोग, कार्यकारिणी समिति, विषय समितिहरू र सचिवालय रहेको छ ।

आयोगको दैनिक प्रशासनिक कार्य गर्न गराउन एक सचिवालय रहने व्यवस्था विधानले गरेको छ । शिक्षा सचिव आयोगको पदेन महासचिव रहने र सचिवालयको प्रशासनिक तथा व्यवस्थापकीय कार्यहरू महासचिवको निर्देशन र विधानअनुसार सहायक महासचिवले गर्ने व्यवस्था छ ।

महासचिव (शिक्षा मन्त्रालयका सचिव) कार्यकारी प्रमुख रहने आयोगको सचिवालयमा शिक्षा मन्त्रालय र आयोगका आफ्नै गरी १४ जना कर्मचारीहरू कार्यरत रहेका छन् । वि.सं. २०४६ साल फागुन १२ मा स्थापित आयोगको सचिवालय केसरमहलमा रहेको छ ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधानअनुसार आयोगअन्तर्गतका संरचना तथा तिनका कार्यहरू निम्नअनुसार रहेका छन् ।

## आयोग

आयोगमा माननीय शिक्षा मन्त्री अध्यक्ष र माननीय शिक्षा राज्यमन्त्री उपाध्यक्ष रहेको आयोगको कार्यकारिणी समिति, विषय समितिका सम्पूर्ण पदाधिकारी तथा सबै मनोनीत सदस्य समेत रहने व्यवस्था छ । आयोगका मुख्य मुख्य कार्यहरू निम्नानुसार छन् :

१. युनेस्कोका कार्य क्षेत्रसँग सम्बन्धित शिक्षा, विज्ञान, संस्कृति, सामाजिक र आम सञ्चारका क्षेत्रहरूमा नेपाल सरकारलाई सल्लाह दिने

२. युनेस्कोका आदर्श र कार्यक्रमहरू नेपालभर प्रचार प्रसार गरी सर्वसाधारण जनताको समर्थन र सहयोग प्राप्त गर्ने

३. युनेस्कोद्वारा पारित प्रस्तावहरू कार्यान्वयन गर्ने गराउने

४. आयोगको महाधिवेशन वर्षको कम्तीमा एक पटक बोलाउने

५. युनेस्कोको उद्देश्य प्राप्तिका लागि सङ्कल्प प्रस्तावहरू पारित गर्ने

## कार्यकारिणी समिति

माननीय शिक्षा मन्त्रीको अध्यक्षतामा एक कार्यकारिणी समितिको गठन गर्ने व्यवस्था रहेको छ । कार्यकारिणी समितिको मुख्य मुख्य कार्यहरू निम्नअनुसार रहेको छ :

१. युनेस्कोसम्बद्ध प्रकाशनहरूलाई अनुवाद गरी प्रकाशन गर्ने गराउने

२. युनेस्कोको उद्देश्य एवम् कार्यहरू विभिन्न सञ्चार माध्यमद्वारा जनतामा प्रचार गर्ने गराउने,

३. शिक्षा, विज्ञान र संस्कृतिको विकासमा सहयोग पुऱ्याउने,

४. युनेस्को क्लबहरू तथा युनेस्को क्लवहरूको राष्ट्रिय महासङ्घ दर्ताको निमित्त सिफारिस एवम् सम्बन्धन प्रदान गर्ने,

५. आयोगसँग सम्बन्धन प्राप्त क्लब तथा युनेस्को क्लवहरूको राष्ट्रिय महासङ्घलाई युनेस्कोको प्रतीक चिन्ह (लोगो) प्रयोग गर्न अनुमति दिने,

६. यस विधानबमोजिमका विषय समिति, विशेष समिति, युनेस्को क्लब तथा युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घको काम कारवाहीमा सहयोग पुऱ्याउन आवश्यक निर्देशन दिने ।

## विषय समिति

आयोगको कार्य सम्पादनका लागि कार्यकारिणी समितिको मातहतमा रहने गरी आयोगले शिक्षा, संस्कृति, विज्ञान, आम सञ्चार र सामाजिक क्षेत्रका गरी पाँचओटा विषय समितिहरू गठन गर्ने छ । विषय समितिका मुख्य मुख्य कार्यहरू निम्नानुसार छन् :

१. युनेस्कोको आदर्श र उद्देश्यअनुसार सम्बन्धित विषयमा आयोगलाई आवश्यक परामर्श तथा प्राविधक सहयोग उपलब्ध गराउने

२. युनेस्कोसँग सम्बन्धित विषयमा गरिने अध्ययन, अनुसन्धान लगायतका कार्यहरूमा सचिवालयमार्फत आवश्यकताअनुसार राय सुझाव उपलब्ध गराउने

३. सम्बन्धित विषयमा प्राप्त परियोजना प्रस्तावहरू अध्ययन गरी कार्यन्वयनका लागि सिफारिस गर्ने

४. युनेस्को आयोगअन्तर्गत सञ्चालित सम्बन्धित विषय क्षेत्रभित्रका योजना तथा परियोजनाहरूको अनुगमन गर्ने

# उच्च माध्यमिक शिक्षा परिषद्

## परिचय

उच्च माध्यमिक शिक्षा ऐनअन्तर्गत वि.सं.२०४६ फागुन १२ उच्च माध्यमिक शिक्षा परिषद्को स्थापना भएको हो । राष्ट्रिय शिक्षा आयोग २०४९ ले शिक्षा प्रणालीमा १०+२ संरचनाको महत्त्व तथा विषय विशिष्टीकरणका लागि प्रथम पाइलाको रूपमा यस संरचनालाई लिइनुपर्ने सुझाव प्रदान गऱ्यो । तत्पश्चात् १०+२ संरचनाले मध्यमस्तरीय जनशक्ति उत्पादन र उच्च शिक्षा हासिल गर्नका लागि अवश्यक ज्ञान तथा सीपको खाँचोलाई परिपूर्ति गर्नुपर्ने कुरा महसुस गरियो । १०+२ विद्यालयहरूको स्थापनासँगै ग्रामीण क्षेत्रका विद्यार्थीहरूले आफ्नै परिवेशमा उच्च शिक्षाको पहुँच पाएका छन् । यस प्रणालीले विशेष गरेर महिला, उत्पीडित तथा अवसरबाट वञ्चित समूहलाई सहज वातावरणका प्रदान गरेको छ ।

उच्च माध्यमिक शिक्षा परिषद्का मुख्य तीनओटा कार्यहरू रहेका छन् जसमा उच्च माध्यमिक विद्यालय सञ्चालनका लागि सम्बन्धन प्रदान गर्नु, पाठ्यकम निर्माण गर्नु र कक्षा ११ र १२ को परीक्षा सञ्चालन तथा प्रमाणपत्र प्रदान गर्नु पर्छन् ।

शिक्षा मन्त्री अध्यक्ष रहेको परिषद्मा नेपाल सरकारबाट नियुक्त पूर्ण कालीन उपाध्यक्ष र सदस्यसचिवसहित परिषद्बाट स्वीकृत दरबन्दी १९४ (केन्द्रको) रहेको छ । परिषद्मा कार्यकारिणी प्रमुखको रूपमा सदस्यसचिवले कार्य गर्दछन् । परिषद्को कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ भने ८ ओटा क्षेत्रीय सम्पर्क कार्यालयहरू पनि रहेका छन् ।

### मुख्य मुख्य कार्यहरू

१. दस जोड दुई विद्यालयहरूको स्वीकृति दिने
२. पाठ्यक्रम र पाठ्य सामग्रीहरूको विकास तथा परिमार्जन गर्ने
३. परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने
४. उच्च माध्यमिक परीक्षामा पास भएका विद्यार्थीहरूलाई प्रमाण पत्र प्रदान गर्ने
५. उच्च माध्यमिक विद्यालयका कार्यकमहरूको सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने
६. उच्च माध्यमिक शिक्षामा सुधारका निम्ति योजना तथा कार्यकमहरू कार्यान्वयन गर्ने
७. प्राविधिक, पेसागत तथा प्रशासनिक कर्मचारीहरूको नियुक्ति गर्ने
८. उच्च माध्यमिक शिक्षक तथा अन्य कर्मचारीहरूका लागि तालिम कार्यकमहरूको तर्जुमा तथा कार्यान्वयन गर्ने,

९. उच्च माध्यमिक शिक्षासम्बन्धी विभिन्न मुद्दाहरूमा अध्ययन र अनुसन्धान कार्यहरू गर्ने ।

## उच्च माध्यमिक शिक्षा परिषद्अन्तरगतका महाशाखाहरू

| सिनं | महाशाखा | कार्यहरू |
|---|---|---|
| १. | प्रशासन | सामान्य प्रशासन, कर्मचारी प्रशासन, आर्थिक प्रशासन र कानुनी परामर्श |
| २ | परीक्षा नियन्त्रण कार्यालय | परीक्षा सञ्चालन, अभिलेख व्यवस्थापन |
| ३ | योजना तथा मूल्याङ्कन | योजना तथा मूल्याङ्कन, अनुगमन तथा अनुसन्धान, वैदेशिक समन्वय |
| ४ | पाठ्यक्रम तथा प्रशिक्षण | पाठ्यक्रम निर्माण तथा परिमार्जन, प्रशिक्षण र स्तर निर्धारण तथा प्रमाणिकरण |
| ५ | सम्बन्धन | सम्बन्धन र शैक्षिक स्तर वृद्धि कोष व्यवस्थापन |

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

## परिचय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को गठन विक्रम संवत् २०४५ मा भएको थियो । यो प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको नीति निर्माण तथा समन्वय गर्न गठित निकाय हो । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले विशेष गरी आधारभूत तथा मध्यम स्तरको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमप्रति ध्यान दिएको छ । यो निकाय पूर्णरूपमा प्राविधिक तथा व्यावसायिक क्षेत्रको समन्वय तथा कार्यक्रम कार्यान्वयनमा समर्पित रहेको छ । सीपयुक्त जनशक्ति तयार पार्नु प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को मुख्य जिम्मेवारी हो ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत प्राविधिक एसएलसी (TSLC) र डिप्लोमा तहका आङ्गिक ७२ (एनेक्स ४५ सहित) र सम्बन्धन प्राप्त ३४६ गरी जम्मा ४१८ ओटा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरू रहेका छन् । ती तालिम प्रदायक संस्थाहरूमा कुल २५,३१३ विद्यार्थीहरू भर्ना भएका छन् ।

शिक्षा मन्त्री अध्यक्ष रहेको परिषद्मा नेपाल सरकारबाट नियुक्त पूर्ण कालिन उपाध्यक्ष र सदस्यसचिव सहित परिषद्बाट स्वीकृत ८५० दरबन्दी रहेको छ । परिषद्मा कार्यकारिणी प्रमुखको रूपमा सदस्यसचिवले कार्य गर्दछन् । परिषद्को कार्यालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

## मुख्य मुख्य कार्यहरू

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TEVT) नीति तथा कार्यक्रमसम्बन्धी सरकारलाई सल्लाह दिने
२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TEVT) कार्यक्रमहरूको क्षेत्र तथा मापदण्ड निर्धारण गर्ने
३. आधारभूत तहदेखि उच्च शिक्षासम्म TEVT कार्यक्रमहरूको व्यवस्था तथा सञ्चालन गर्ने
४. गुणस्तरयुक्त शिक्षा तथा तालिमका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TEVT) संस्थाहरूसँग समन्वय गर्ने
५. सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालन भएका कार्यक्रम तथा संस्थाहरूलाई अनुदान तथा समकक्षता निर्धारणसम्बन्धी सेवा प्रदान गर्ने
६. पाठ्यक्रम र शिक्षण सामग्रीहरू प्रदान गरी तालिमको मापदण्ड कायम तथा समन्वय गर्ने
७. सरकारी तथा गैरसरकारी तहमा सञ्चालित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TEVT) कार्यक्रम तथा क्रियाकलापहरूको मूल्याङ्कन तथा सुपरिवेक्षण गर्ने

८. पोलिटेक्निक, छोटो व्यावसायिक तालिम, एप्रेन्टीसिप (Apprenticeship) तालिम तथा मोबाइल तालिम कार्यक्रमहरू सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था गर्ने

९. परिषद्ले पहिचान गरेका प्राविधिक विद्यालय, मोबाइल तालिम तथा अन्य प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TEVT) कार्यक्रमहरूमार्फत् सीपयुक्त मानव संसाधन उत्पादन गर्ने सबै प्रकार तथा तहका सीप विकास तालिम कार्यक्रमहरूको स्थापना तथा सञ्चालन गर्ने

१०. तालिमको सम्भाव्यता अध्ययन, कार्य बजार (Job market) विश्लेषण तथा फलोअप अध्ययन (Follow-up studies) लगायत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TEVT) क्षेत्रको अनुसन्धान कार्यहरू गर्ने

११. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TEVT) कार्यक्रमहरूको गुणस्तर सुधार गर्न प्राविधिक प्रशिक्षक तथा व्यवस्थापन तालिम कार्यक्रमहरू सञ्चालन गर्ने

१२. सीप/पेसाको वर्गीकरण, सीपको मापदण्ड विकास, सीप परीक्षण गर्ने र प्रमाण पत्र प्रदान गर्ने

१३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TEVT) क्षेत्रको विकासका लागि आवश्यक राष्ट्रिय तथा अन्तरराष्ट्रिय सहयोगहरूको पहिचान, प्राप्ति तथा प्रयोग गर्ने

१४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TEVT) कार्यक्रमहरूको पहिचानका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्था तथा विश्वविद्यालयहरूसँग संस्थागत सम्बन्ध स्थापना गर्ने

१५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम (TEVT) कार्यक्रमहरू सम्बन्धमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्था तथा निकायहरूसँग सम्झौता गर्ने

# जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

## परिचय

योग्य र प्रशिक्षित जनशक्ति तयारीका लागि आवश्यक शिक्षक प्रशिक्षण तालिम सामग्री उत्पादन गर्ने उद्देश्यले वि. सं. २०१२ सालमा यस केन्द्रको स्थापना गरिएको हो । २०१३ सालमा कलेज अफ एजुकेसनअन्तर्गत ब्युरो अफ पब्लिकेसनमा परिणत भई वि. सं २०१८ सालमा शिक्षा सामग्री उत्पादन केन्द्र र लेखन केन्द्रका रूपमा परिणत भएको थियो । वि. सं. २०२४ सालमा सानोठिमी सरेको केन्द्र सोही वर्षमा राष्ट्रिय विभूतिको सम्झनामा 'जनक' शब्द थपेर जनक शिक्षा सामग्री केन्द्र नामकरण गरिएको पाइन्छ । वि. सं. २०२८-२०३२ सालमा राष्ट्रिय शिक्षा पद्धति लागू भएपछि विद्यालयस्तरीय सम्पूर्ण पाठ्यपुस्तक उत्पादन तथा बिक्रीवितरण गर्ने दायित्व यस केन्द्रलाई हस्तान्तरण गरिएको हो । यस केन्द्रले वि. सं २०३० सालमा विकास समितिमा परिणत हुँदै वि. सं. २०३५ साल आश्विन ८ गते मुनाफारहित विशुद्ध सेवामूलक सार्वजनिक संस्थाको रूपमा परिणत भई जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको नामबाट आफ्नो जिम्मेवारी वहन गर्दै आएको छ ।

## मुख्य मुख्य कार्यहरू

१. नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय शिक्षा नीतिअनुरूपका कक्षा १ देखि १० सम्मका पाठ्पुस्तक प्रकाशन गरी बिक्री वितरण गर्नु
२. विभिन्न प्रकारका अभ्यास पुस्तिका, स्केच प्याड, रजिस्टर, फाइल आदि शिक्षासँग सम्बन्धित अन्य शैक्षिक सामग्रीहरूसमेत उत्पादन गरी सुपथ मूल्यमा बिक्रीवितरण गर्नु
३. न्यूनतम मूल्यमा आफ्ना उत्पादनहरू बिक्रीवितरणमा ल्याउनु

## विभागहरू

जनक शिक्षा सामग्री केन्द्रको उद्देश्य प्राप्तिमा प्रशासन विभाग (सामान्य प्रशासन महाशाखा, कर्मचारी प्रशासन महाशाखा) सामान्य सेवा विभाग, योजना विभाग, आर्थिक नियन्त्रण विभाग, पाठ्पुस्तक प्रकाशन विभाग (अफसेट महाशाखा, बाइन्डिङ महाशाखा) बाह्य सामग्री छपाइ विभाग (अभ्यास पुस्तिका महाशाखा) बजार व्यवस्था विभाग, प्राविधिक सेवा तथा सम्भार विभाग, शैक्षिक सामग्री तयारी विभाग क्रियाशील छन् ।

# विश्वविद्यालय अनुदान आयोग

## परिचय

विश्वविद्यालयहरूको सञ्चालन तथा विकासका लागि विभिन्न स्रोतबाट प्रप्त अनुदानको रकम समुचित तवरबाट वितरण गर्ने, विश्वविद्यालयहरूको शैक्षिक स्तर निर्धारण गर्ने, गुणस्तरयुक्त शिक्षा प्रदान गर्न प्रोत्साहन दिने र नेपाल सरकारलाई नयाँ विश्वविद्यालय स्थापनाका सम्बन्धमा परामर्श दिने उद्देश्यले वि.सं. २०५० मङ्सिर ७ मा विश्वविद्यालय अनुदान आयोग गठन भएको हो ।

आयोगमा ख्यातिप्राप्त शिक्षाविद् मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कुनै एक व्यक्ति अध्यक्ष र सदस्य सचिवसहित ६ जना मनोनीत र ३ जना पदेन सदस्य रहने व्यवस्था छ । आयोगको सचिवालय सानोठिमी, भक्तपुरमा रहेको छ ।

## मुख्य मुख्य कार्यहरू

१. विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने
२. विभिन्न स्रोतबाट प्राप्त अनुदानको रकम विश्वविद्यालयहरूलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने
३. विश्वविद्यालयहरूलाई अनुदान दिने तथा थप अनुदान माग गर्ने विश्वविद्यालयहरूका लागि सम्बन्धित निकायहरूमा सिफारिस गर्ने
४. विश्वविद्यालयमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन विश्वविद्यालयहरूबीच समन्वय कायम गराउने
५. शैक्षिक स्तर वृद्धिका लागि उपयुक्त विद्वद्वृत्ति र अनुसन्धानलगायतका कार्यक्रम तर्जुमा गर्ने
६. विश्वविद्यालयहरूमा उपयुक्त शैक्षिक स्तर निर्धारण गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने
७. नेपाल राज्यभित्र तथा बाहिरका विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूबीच छात्रवृत्ति, विद्वद्वृत्ति आदि आदानप्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने
८. आयोगको कामकारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकारसमक्ष पेस गर्ने

## नीति तथा कार्यक्रमहरू

विश्वविद्यालय अनुदान आयोगले गुणस्तरीय उच्च शिक्षाको विकास र विस्तार गर्न निम्नानुसारको नीतिगत व्यवस्था गरेको छ :

१. उच्च शिक्षामा प्राविधिक शिक्षाको विकासमा जोड दिने

२. प्राविधिक शिक्षासँग सम्बन्धित नयाँ शैक्षिक संस्थाहरू र हाल सञ्चालित संस्थाहरूमा उक्त शिक्षा सञ्चालन गर्न सार्वजनिक–निजी (Public-Private) साझेदारीमा जोड दिने । विश्वविद्यालयहरूलाई प्राविधिक शिक्षाका कार्यक्रमहरूमा वृद्धि गर्न प्रोत्साहन स्वरूप आर्थिक सहयोग गर्ने तथा विश्वविद्यालयहरूलाई प्रदान गरिने अनुदानलाई क्रमैसँग प्राविधिक शिक्षाको विकाससँग आबद्ध गर्दै लैजाने

३. सुदूर पश्चिमाञ्चल विश्वविद्यालय, मध्य पश्चिमाञ्चल विश्वविद्यालय र कृषि तथा पशुविज्ञान विश्वविद्यालय स्थापना भएकाले ती विश्वविद्यालयका लागि आवश्यक भौतिक, प्राज्ञिक एवम् प्रशासनिक योजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गर्ने

४. सामुदायिक र निजी क्षेत्रबाट विश्वविद्यालयहरू स्थापनाको माग भएको सन्दर्भमा सम्भाव्यता अध्ययन गरी आवश्यकताअनुरूप नयाँ विश्वविद्यालयहरूको स्थापना गर्दै लैजाने

५. विश्वविद्यालयअन्तर्गत क्याम्पसहरूद्वारा सञ्चालित शैक्षिक कार्यक्रमहरूको गुणस्तरमा सुधार ल्याउन विश्वविद्यालय अनुदान आयोगले अनुदान निर्धारण गर्दा कार्यसम्पादन मूल्याङ्कन (Performance Evaluation) को आधारमा गर्ने

६. उच्च शैक्षिक संस्थाहरूमा अनुसन्धान र अन्य प्राज्ञिक क्रियाकलापहरूलाई प्रोत्साहित गर्न पर्याप्त आर्थिक सहयोगको व्यवस्था गर्ने

७. खुला विश्वविद्यालयलगायत अन्य प्रस्तावित विश्वविद्यालय तथा अनुसन्धान एवम् विकास कार्यक्रम सञ्चालन गर्दै जाने

८. उच्च शिक्षामा सूचना प्रविधिको विकास गर्दै लैजाने

## विश्वविद्यालय अनुदान आयोगको संरचना

विश्वविद्यालय अनुदान आयोगको संरचना निम्नानुसार रहेको छ :

| | |
|---|---|
| (क) ख्यातिप्राप्त शिक्षाविद्मध्येबाट नेपाल सरकारले मनोनीत गरेको कुनै एक व्यक्ति | अध्यक्ष |
| (ख) विश्वविद्यालयका उपकुलपतिहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेका दुई जना उपकुलपति | सदस्य |
| (ग) सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने) | सदस्य |
| (घ) सचिव, शिक्षा मन्त्रालय | सदस्य |
| (ङ) सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (च) उच्च शिक्षामा विशेष योगदान पुऱ्याउने विद्वान् तथा वरिष्ठ प्राध्यापकहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेका दुई जना व्यक्ति | सदस्य |
| (छ) उच्चशिक्षाका क्षेत्रमा विशेष योगदान पुऱ्याउने विभिन्न व्यक्तिहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेका दुई जना व्यक्ति | सदस्य |
| (ज) नेपाल सरकारबाट मनोनीत | सदस्य-सचिव |

# विश्वविद्यालय तथा प्रतिष्ठानहरू

## परिचय

उच्च शिक्षाअन्तर्गत हाल नेपालमा त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालय गरी छ ओटा विश्वविद्यालयहरू सञ्चालित छन् भने यस आर्थिक वर्षमा स्थापना भएका तीनओटा विश्वविद्यालयहरू (कृषि तथा पशुविज्ञान विश्वविद्यालय, मध्यपश्चिमाञ्चल विश्वविद्यालय र सुदूरपश्चिमाञ्चल विश्वविद्यालय) का कार्यक्रम शैक्षिक कार्यक्रम प्रारम्भ भएका छैनन् । त्यसरी नै विश्वविद्यालय सरहका बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान चिकित्सा क्षेत्रमा उच्च शैक्षिक जनशक्ति उत्पादनका लागि सञ्चालित रहेका छन् ।

## उच्च शैक्षिक गतिविधि

उच्च शिक्षाअन्तर्गत हाल नेपालमा ९ ओटा विश्वविद्यालयहरू स्थापना भइसकेका छन् जसमध्ये त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालय गरी ६ ओटा विश्वविद्यालयहरूले शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिसकेका छन् भने कृषि तथा पशुविज्ञान विश्वविद्यालय, सुदूरपश्चिमाञ्चल विश्वविद्यालय र मध्यपश्चिमाञ्चल विश्वविद्यालयले निकट भविष्यमा आफ्ना शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने तयारीमा रहेका छन् । त्यसैगरी विश्वविद्यालय सरहका बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (बीर अस्पताल) र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर चिकित्सा क्षेत्रमा उच्च शैक्षिक जनशक्ति उत्पादनका लागि सञ्चालित रहेका छन् भने अन्य मेडिकल कलेज र स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू स्थापना हुने क्रममा रहेका छन् ।

आर्थिक वर्ष २०६७/०६८ मा त्रिभुवन विश्वविद्यालयअन्तर्गत ६० ओटा आङ्गिक क्याम्पस र ८२६ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू सञ्चालनमा रहेका छन् । नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत १३ ओटा आङ्गिक क्याम्पस र ११ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन् भने काठमाडौं विश्वविद्यालयअन्तर्गत ६ ओटा सङ्कायहरू र १५ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेकाछन् । पूर्वाञ्चल तथा पोखरा विश्वविद्यालयअन्तर्गत क्रमशः ३ र ४ ओटा आङ्गिक क्याम्पसहरू तथा क्रमशः १११ ओटा र ४९ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन् । लुम्बिनी बौद्ध विश्वविद्यालयले यसै आर्थिक वर्षदेखि बौद्ध अध्ययनसम्बन्धी विद्यावारिधिका कार्यक्रम सञ्चालन गरेको छ जसमा १७ जना विद्यार्थीले विद्यावारिधि गरिरहेका छन् भने नयाँ स्थापना भएका विश्वविद्यालयहरूले अझैसम्म कार्यक्रम सञ्चालन गर्न सकेका छैनन् ।

## विश्वविद्यालय र प्रतिष्ठानहरू

### १. त्रिभुवन विश्वविद्यालय

नेपालको ९० प्रतिशतभन्दा बढी उच्चशिक्षाको भार त्रिभुवन विश्वविद्यालयले नै बोकेको अवस्था रहेको छ । मुलुकको यो एउटा सबैभन्दा पुरानो र ठूलो विश्वविद्यालय हो जसको ६० आङ्गिक क्याम्पसहरूमा विद्यार्थी सङ्ख्या १४२६७० जना र ८२६ सम्बन्धनप्राप्त क्याम्पसहरूमा विद्यार्थी सङ्ख्या २१४८५२ रहेका छन् । त्रिभुवन विश्वविद्यालय अन्तरगतका आङ्गिक संस्थाहरूमा १३,६७९ शिक्षकहरू सेवारत रहेका छन् । यस विश्वविद्यालयमा पाँच अध्ययन संस्थानहरूः (१) कृषि र पशुविज्ञान अध्ययन संस्थान (२) वनविज्ञान अध्ययन संस्थान (३) इन्जिनियरिङ अध्ययन संस्थान (४) चिकित्साशास्त्र अध्ययन संस्थान र (५) विज्ञान तथा प्रविधि अध्ययन संस्थान रहेका छन् । त्यस्तै चार ओटा साधारण शिक्षा तर्फका सङ्कायहरूः (१) मानविकी तथा सामाजिकशास्त्र सङ्काय (२) व्यवस्थापन सङ्काय (३) कानुन सङ्काय र (४) शिक्षाशास्त्र सङ्काय रहेका छन् । साथै चार ओटा अनुसन्धान केन्द्रहरूः (१) आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (CEDA) (२) नेपाल एशियाली अनुसन्धान केन्द्र (CNAS) (३) व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (RECAST) र (४) शिक्षा विकास तथा अनुसन्धान केन्द्र (CERID) रहेका छन् ।

### २. नेपाल संस्कृत विश्वविद्यालय

संस्कृत भाषा एवम् शिक्षाको आधुनिकीकरण र यसको मुल्य र मान्यताहरूको जगेर्ना गर्न वि.सं. २०४३ मा दोस्रो विश्वविद्यालयको रूपमा नेपाल संस्कृत विश्वविद्यालयको स्थापना भएको हो । यस विश्वविद्यालयको केन्द्रीय कार्यालय नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको बेलभ्रुन्डी, दाङमा रहेको छ । यो विश्वविद्यालयका १३ ओटा आङ्गिक र ११ ओटा सम्बन्धन प्राप्त क्याम्पसहरू रहेका छन् । यो विश्वविद्यालयले २६०० विद्याथी र ७७० शिक्षक रहेका छन् ।

### ३. काठमाडौं विश्वविद्यालय

वि.सं. २०४८ मा तेस्रो विश्वविद्यालयको रूपमा काठमाडौं विश्वविद्यालयको स्थापना भएको हो । विज्ञान, इन्जिनियरिङ, व्यवस्थापन, फाइन आर्ट्स र चिकित्सातशास्त्रतर्फ अध्ययन/अध्यापन हुने यस विश्वविद्यालयमा ६ ओटा फ्याकल्टी (स्कुल) र १५ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन् । यस विश्वविद्यालयमा एम्.फिल र पिएच्.डी. को समेत अध्ययन हुने गरेको छ । यो विश्वविद्यालयअन्तर्गत ९६५८ विद्यार्थीहरू अध्ययनरत छन् ।

### ४. पूर्वाञ्चल विश्वविद्यालय

केन्द्रीय कार्यालय मोरङ जिल्लाको विराटनगरमा रहने गरी वि.सं. २०५१ मा मुलुकको चौथो उच्च शैक्षिक संस्थाको रूपमा पूर्वाञ्चल विश्वविद्यालय स्थापना भएको हो । विज्ञान र प्रविधि, व्यवस्थापन, फाइन आर्ट्स, कानुन र शिक्षाशास्त्रतर्फको अध्ययन/अध्यापन हुने यस विश्वविद्यालयअन्तर्गत ३ आङ्गिक र १११ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन् । यो विश्वविद्यालयमा २४७२६ विद्यार्थीह अध्ययनरत छन् ।

**५. पोखरा विश्वविद्यालय**

कास्की जिल्लाको पोखरामा केन्द्रीय कार्यालय रहने गरी वि.सं. २०५४ मा पोखरा विश्वविद्यालयको स्थापना भएको  हो । मानविकी, व्यवस्थापन र विज्ञान तथा प्रविधिसम्बन्धी अध्ययन/अध्यापन हुने यस विश्वविद्यालयका ४ आङ्गिक र ४९ ओटा सम्बन्धनप्राप्त क्याम्पसहरू रहेका छन् । यो विश्वविद्यालयमा १६६६६ विद्यार्थीहरू अध्ययनरत छन् ।

**६. लुम्बिनी बौद्ध विश्वविद्यालय**

भगवान् गौतम बुद्धको नामबाट वि.सं. २०६२ मा स्थापित यस विश्वविद्यालयको केन्द्रीय कार्यालय गौतम बुद्धको जन्मस्थान लुम्बिनीमा रहेको छ । हाल यस विश्वविद्यालयमा ३३ जना विद्यार्थीहरू अध्ययनरत छन् ।

**७. नयाँ विश्वविद्यालयहरू**

आ.व. २०६७/६८ मा खुलेका नयाँ विश्वविद्यालयहरूमा कृषि तथा पशुविज्ञान विश्वविद्यालय, मध्यपश्चिमाञ्चल विश्वविद्यालय र सुदूरपश्चिमाञ्चल विश्वविद्यालय रहेका छन् । ती विश्वविद्यालयहरूमा उपकुलपति र रजिष्ट्रार हालै मात्र नियुक्ति भएकाले शैक्षिक कार्यक्रमहरू सञ्चालन हुने क्रममा रहेको छ ।

**८. वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान**

भारत सरकारको प्राविधिक तथा आर्थिक सहयोगमा वि.सं. २०५५ मा सुनसरी जिल्लाको धरानमा स्थापित यस प्रतिष्ठान विश्वविद्यालयसरहको उच्च शैक्षिक संस्था हो । यस प्रतिष्ठानले चिकित्सक र नर्स उत्पादन गर्ने गर्दछ । यो प्रतिष्ठानमा १०७२ विद्यार्थी अध्ययनरत छन् ।

**९. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान**

वीर अस्पताललाई केन्द्रविन्दु मानी विश्वविद्यालयसरहको उच्चशैक्षिक संस्थाको रूपमा विकास गरी देशमा नै दक्ष चिकित्सक र नर्सहरूको उत्पादन गरी नेपाली नागरिकको स्वास्थ्य सेवा गर्नका लागि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वि.सं. २०५९ मा स्थापना भएको हो । यस प्रतिष्ठानमा २०३ विद्यार्थी अध्ययनरत छन् ।

**१०. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान**

पाटन अस्पाललाई आधार मानी विश्वविद्यालयसरहको उच्च शैक्षिक संस्थाको रूपमा विकास गरी स्वदेशमा नै दक्ष चिकित्सक उत्पादन गरेर नेपाल र नेपाली नागरिकको स्वास्थ्य सेवामा समर्पित रहन पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान वि.सं. २०६४ मा स्थापना भएको हो । हाल यस प्रतिष्ठानले सन् २००९ देखि एमविविएस (MBBS) अध्यापन सुरु गरेको हो । हाल यस पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ६० जना विद्यार्थी अध्ययनरत छन् ।

# नेपाल राष्ट्रिय पुस्तकालय

## परिचय

तत्कालीन सरकारद्वारा २०१३ सालमा राजगुरु स्वर्गीय हेमराज शर्मा पाण्डेको निजी पुस्तकालय “भारती भवन पुस्तकालय” लाई किनेर नेपाल राष्ट्रिय पुस्तकालय स्थापना गरिएको हो । केन्द्रीय सचिवालय पुस्तकालयमा भएका पुस्तकहरू समेत ४३ हजार पुस्तक तथा पत्रपत्रिकाको आकर्षक सङ्ग्रह रहेको र यस पुस्तकालयमा हाल विभिन्न भाषा र विभिन्न विधाका गरी ९१ हजार भन्दा बढी पुस्तक तथा पत्रपत्रिकाको सङ्ग्रह छ । पुस्तकालयमा सङ्ग्रहीत सामग्रीहरू डिवे डेसिमल वर्गीकरण (Dewey Decimal Classification) प्रणालीअनुसार वर्गीकरण गरिएकोछ । २०१७ सालसम्म सन्दर्भ पुस्तकालयको रूपमा रहेको यो पुस्तकालय २०१८ सालदेखि सर्वसाधारणका लागि खुला गरिएको हो । वि.सं.२०५१ साल देखि डेनिडाको आर्थिक सहयोगमा यूनेस्कोको पञ्चवर्षीय परियोजनाअर्न्तगत राष्ट्रिय सङ्घीय सूची प्रकाशन, घुम्ती पुस्तकालय सेवा, आधारभूत पुस्तकालय तालिम, बालसाहित्य प्रकाशन जस्ता महत्त्वपूर्ण कार्यहरू गरिएको थियो । सन २००९ देखि आइएसएसएन राष्ट्रिय एजेन्सी (ISSN National Agency) को रूपमा कार्य गर्न सुरु गरेको यस पुस्तकालयले हालसम्म नेपालबाट प्रकाशित १७६ ओटा पत्रिकालाई आइएसएसएन (ISSN) प्रदान गरिसकेको छ । हाल यो पुस्तकालय हरिहर भवन, ललितपुरमा अवस्थित छ ।

## मुख्य मुख्य कार्यहरू

१. नेपालभित्र प्रकाशित सम्पूर्ण नेपालसम्बन्धी पुस्तक, पत्रपत्रिका, प्रलेख, प्रतिवेदनहरू सङ्कलन,सम्बर्द्धन र संरक्षण गरी वर्तमान र भावी सन्ततिका निमित्त सूचना तथा जानकारी एकै ठाउँबाट उपलब्ध गराउने
२. देशभित्र प्रकाशित सम्पूर्ण सामग्रीहरूको नियमित रूपमा राष्ट्रिय वाङ्मय सूची (National Bibliography) तयार गरी प्रकाशन तथा वितरण गर्ने
३. देशभित्रका सम्पूर्ण सरकारी तथा गैरसरकारी पुस्तकालय, प्रलेख केन्द्र तथा सूचना केन्द्रहरूलाई आवश्यक निर्देशन दिने तथा उनीहरूको विकासका लागि प्राविधिक सरसल्लाह एवम् नेतृत्व प्रदान गर्ने ।
४. पाठकहरूलाई सुविधा प्रदान गर्न देशभरिका विभिन्न पुस्तकालयहरू र सूचना केन्द्रहरूको स्थापना, सञ्चालन र विकासको निम्ति आवश्यक नीति, ऐन नियम तर्जुमा गर्न सरकारमा सिफारिस गर्ने
५. सरकारी तथा गैरसरकारी पुस्तकालय तथा अन्तरराष्ट्रिय पुस्तकालय एवम् सूचना केन्द्रसँग निर्बाध रूपमा सम्बन्ध कायम गरी राष्ट्रिय सूचना केन्द्र (National Information Service Center) को रूपमा सेवा पुऱ्याउने
६. पुस्तकालय एवम् सूचना केन्द्रहरूको विकासको निम्ति तालिम, गोष्ठी सभाको आयोजना गरी पुस्तकालयसम्बन्धी गतिविधिहरूको जानकारी गराउने

७. बाल साहित्य सङ्कलन तथा प्रकाशन र Braille साहित्य आदि सङ्कलन गरी बालबालिका, बन्दी तथा दृष्टिविहीन तथा अशक्तहरूलाई समेत सेवा पुऱ्याउने

८. निरक्षर जनतालाई साक्षर बनाउन राष्ट्रिय कार्यक्रममा सरकारलाई सहयोग पुऱ्याउने

९. पुरातात्विक अभिलेखहरूको आँकडा तयार पर्ने र पाएसम्म सङ्ग्रह गर्ने

१०. बहुमूल्य ऐतिहासिक कृतिहरूको संरक्षण गर्ने

११. राष्ट्रका सम्बन्धमा विदेशबाट लेखिएका विभिन्न प्रकारका सामग्रीहरू राष्ट्रको आवश्यकताअनुसारका अनुसन्धानकर्ता र अन्य पाठकहरूलाई उपलब्ध गराउने

१२. राष्ट्रिय संयुक्त सूची (National Union Catalogue) उपलब्ध गराउने

१३. स्वदेशी तथा विदेशी पुस्तकालयहरूसँग सम्बन्ध कायम गरी विदेशी साहित्यहरू प्राप्त हुने व्यवस्था मिलाउने

१४. अन्तरराष्ट्रिय जगतमा प्रकाशनहरूको विनिमय गर्ने व्यवस्था मिलाउने

१५. विभिन्न प्रकाशन तथा सूचनाहरूको विश्वव्यापी उपलब्धता सेवा (Universal Avialiability of Publications)

१६. क्षेत्रीय तथा स्थानीय पुस्तकालयहरूलाई सहयोग पुऱ्याउने हेतुले क्याटलगहरू तयार गरी सूचना सामग्रीका लागि उचीत प्रणाली कायम गर्ने

१७. नेपाल सम्बन्धमा विदेशबाट वा विदेशीले चर्चा गरेका तथ्यहरू र नेपालभित्र वा बाहिर नेपाल सम्बन्धमा चर्चा भएका तथ्यहरू सङ्कलन गर्ने

१८. राष्ट्र र राष्ट्रियता झल्काउने ग्रन्थ र सामग्रीहरू सङ्ग्रह गर्ने र प्रयोग गर्ने गराउने कार्य गर्ने

१९. आइएफएल/एफआइडी (IFLA/FID) जस्ता पुस्तकालयसम्बन्धी अन्तरराष्ट्रिय सङ्घसंस्थासँग सम्बन्ध कायम राख्ने

२०. व्यक्तिबाट प्राप्त भएका पुस्तकहरू सम्बन्धित व्यक्तिकै नाउँमा स्पष्ट उल्लेख गरी स्रोत शाखा बनाई संरक्षण गरी राख्ने

२१. राष्ट्रिय संस्कृति झल्किने श्रव्यदृश्य सामग्रीहरू सङ्कलन गरिराख्ने

२२. अप्राप्य, दुर्लभ पुस्तक तथा पत्रपत्रिकाहरू एक भाषाबाट राष्ट्रिय तथा अन्तरराष्ट्रिय भाषामा अनुवाद गरी सेवा पुऱ्याउने

२३. विभिन्न किसिमका पुस्तकालयहरूको बीचमा आवश्यक समन्वय गर्ने

२४. देशभित्र स्थापना भएका पुस्तकालयहरूको विवरण दुरुस्त राख्ने

२५. देशवासीलाई देशसँग सम्बन्धित सामाजिक, आर्थिक, सास्कृतिक, शैक्षिक, राजनीतिकलगायत जुनसुकै प्रकारका सूचना तथा जानकारी उपलब्ध गराउने

२६. कुनै पनि नेपाली नागरिकले जहाँसुकै बसी लेखेको कृति सङ्कलन गरी राख्ने

२७. सूचना प्रवाह गर्न स्थानीय स्वयत्त शासन ऐन, २०५५अनुसार गाउँ विकास समिति, नगरपालिका वा जिल्लामा स्थापना गरिने पुस्तकालयहरूको सञ्चालनमा आवश्यक सहयोग पुऱ्याउने

२८. पाँचै विकास क्षेत्रमा एकएकओटा क्षेत्रीय पुस्तकालय स्थापना गर्न सहयोग पुऱ्याउने

२९. देशको केन्द्रीय पुस्तकालयको रूपमा कार्य गर्दै सर्वसाधारण जनतालाई निःशुल्क पुस्तकालय सेवा प्रदान गर्ने ।

# केसर पुस्तकालय

## परिचय

केसर पुस्तकालय नेपालकै एक महत्त्वपूर्ण पुस्तकालय हो । यो पुस्तकालय शिक्षा मन्त्रालयअन्तर्गत सञ्चालित छ । केसरशमसेर राणाले किशोर अवस्थादेखि नै विभिन्न किसिमका पुस्तक, पत्रपत्रिका, चित्रहरू सङ्कलन गर्ने गर्दथे । सन् १९०८ मा बुबा चन्द्रशमसेरसँग बेलायत भ्रमण गर्दा बेलायतको म्युजियम तथा पुस्तकालयको अवलोकनबाट प्रभावित भएर उनले केसर पुस्तकालयको स्थापना गरेका थिए । उनको मृत्युपश्चात् उनको इच्छाअनुसार उनकी श्रीमति कृष्ण चन्द्रदेवीले केशर पुस्तकालय, केशरमहल, स्वप्न बगैंचा केशर पुस्तकालयको नाममा नेपाल सरकारलाई हस्तान्तरण गरेकी थिइन् । वि.सं २०२६ सालदेखि यो पुस्तकालय सम्पूर्ण पाठकका लागि खुला गरियो ।

## मुख्य मुख्य कार्यहरू

१. सङ्कलित एवम् उपलब्ध पुस्तकहरूको सुरक्षात्मक प्रवन्ध गर्ने
२. दैनिक साप्ताहित तथा मासिक पत्रपत्रिकाहरू सङ्ग्रहित तथा व्यवस्थित गर्ने
३. सर्वसाधारणको निमित्त पुस्तकालय सेवा प्रदान गर्ने
४. स्वीकृत नीतिनियमअनुकूल यसको विकाससम्बन्धी काम गर्न प्रयास गर्ने
५. मुलुकमा विद्यमान अन्य सार्वजनिक एवम् राष्ट्रिय पुस्तकालयहरूसँग सम्बन्ध एवम समन्वय कायम गर्ने
६. निर्धारित समयभित्र पुस्तकालय खुला राख्ने प्रवन्ध गर्ने
७. पुस्तकालयका पुस्तकहरू तत्काल प्राप्तिका लागि स्तरिय साङ्केतीकरणको व्यवस्था गर्ने
८. आधुनिक युग सुहाँउदो इ–पुस्तकालय (E-Library) को विकास गर्नका लागि प्रयास गर्ने

## सङ्कलनहरू

केसर पुस्तकालयमा करिब ५५ हजार ऐतिहासिक महत्त्वका पुस्तक, दस्तावेज, हस्तलिखित ग्रन्थ तथा चित्रहरू सङ्कलन गरिएका छन् । यसका साथै संस्कृत भाषामा लेखिएका पुराण, वेद, उपनिषद्, रामायण, महाभारत, गीता पनि सङ्कलन गरिएका छन् । अङ्ग्रेजी भाषाका पुस्तकहरूमा खेलकुद, सिकार, बगैँचा सजावट, यात्रा, ज्योतिष शास्त्रसँग सम्बन्धित पुस्तकहरू रहेका छन् । त्यस्तै विभिन्न भाषा र लिपिका बहुमूल्य हस्तलिखित ग्रन्थहरू र हजार वर्ष पुरानो मानिएको सहोत्तर तन्त्र (भैषज्य शास्त्र) समेत रहेको छ । सम्पूर्ण सङ्कलनहरूलाई छ कक्षमा विभाजन गरिएको छ, जसमा केसर सङ्कलन, नयाँ सङ्कलन, पत्रपत्रिका, हस्तलिखित ग्रन्थ, बालबालिका सङ्कलन र युनेस्को सङ्कलन रहेका छन् ।

## सेवाहरू

केसर पुस्तकालय एउटा सन्दर्भ पुस्तकालय (Reference library) भएकाले पाठकहरूलाई यहाँका सबै सङ्कलन पुस्तकालयभित्र मात्र प्रयोग गर्ने सुविधा छ । दुर्लभ र महत्त्वपूर्ण सङ्कलनहरूबाहेक सम्पूर्ण सङ्कलित सामग्रीहरू सबै पाठकका लागि खुला गरिएका छन् । पुस्तकालयले आफ्ना सेवाहरू आधुनिक र वैज्ञानिकीकरण गर्दै लैजानका लागि वेभसाइटमार्फत पनि सेवा प्रदान गर्दै आएको छ । यसले आफ्ना सङ्कलित पुस्तकहरूलाई डिवे डेसिमल क्लासिफिकेसन (Deway decimal classification) को आधारमा वर्गीकरण गरेको छ । सङ्कलनलाई सूचीकृत गर्न डव्ल्युआइएन /आइएसआइएस प्रोग्राम (WIN/ISIS programme) को प्रयोग गरेको छ । यसको वेभसाइट www.klib.gov.np बाट पनि पुस्तकालय सेवाहरू लिन सकिन्छ । निकट भविष्यमा यस पुस्तकालयले बालबालिकाका लागि बाल पुस्तकालय सञ्चालनमा ल्याउने भएको छ ।

## विशेष आकर्षणहरू

पुस्तकालयका भित्ताहरू विभिन्न मृत जनावरका टाउकाहरूले सिँगारिएका छन् । यसै गरी भित्ताहरूमा राणा शासकहरूले खेलेका शिकारका तस्बिरहरू, राणा शासकहरूका पूर्ण कदका कलात्मक तथा आकर्षक रङ्गीन तस्बिरहरूलाई फ्रेममा राखेर सजाइएका छन् । सिंह, बाघ, मृग तथा अन्य जङ्गली जनावरहरूको छालायुक्त प्रतिरूपहरूले पुस्तकालयको सुन्दरतालाई अझ बढाएका छन् ।

यो पुस्तकालयले स्थापनाको सय वर्ष पूरा गरेको गरेको अवसरमा स्मारिका प्रकाशन, पोस्टकार्ड र हुलाक टिकटलगायतका विभिन्न प्रकाशनहरू गरेको छ ।

# डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय

**परिचय**

स्वर्गीय डा. डिल्लीरमण रेग्मी एक वरिष्ठ राजनीतिज्ञ एवम् इतिहासकारका रूपमा सर्वपरिचित व्यक्ति हुनुहुन्थ्यो । उहाँले विभिन्न विषयका पुस्तक, पत्रपत्रिका, जर्नल र पुरातात्विक वस्तुहरूको सङ्कलन गरी सन् १९८० (वि.सं २०३७) मा आफ्नै निवासमा डा. डिल्लीरमण-कल्याणी रेग्मी पुस्तकालय तथा सङ्ग्रहालयको स्थापना गर्नुभयो ।

२०३७ सालमा उहाँले पुस्तकालय तथा सङ्ग्रहालय सबै विद्याप्रेमीजनहरूले अध्ययन अनुसन्धान गर्न पाउने गरी व्यवस्था मिलाउन नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) शिक्षा मन्त्रालयलाई शेषपछिको बकसपत्र गरी अर्पण गर्नुभयो ।

डा. रेग्मीले पुस्तकालय तथा सङ्ग्रहालयको विकास र विस्तारका लागि २०५३ सालमा डा. डिल्लीरमण रेग्मी ट्रस्टको स्थापना गरी त्यसको संरक्षकत्व आफैँले लिनुभयो। उहाँको देहावसानपछि नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयले 'डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति गठन (आदेश) २०६०' जारी गरेर डिल्लीरमण-कल्याणी रेग्मी स्मारक पुस्तकालय नामकरण गरी पुस्तकालय तथा सङ्ग्रहालयको सञ्चालन व्यवस्था सात सदस्यीय समितिलाई जिम्मा दिएको छ । यो पुस्तकालय लाजिम्पाट, काठमाडौँमा रहेको छ ।

पुस्तकालय तथा सङ्ग्रहालयको सञ्चालन व्यवस्था विकास समितिको जिम्मामा आएपछि पुस्तकालय नियमित रूपले सञ्चालन गर्न समितिले सर्वप्रथम पुस्तकालय कार्य सञ्चालन नियमावलीको तर्जुमा गर्‍यो। पुस्तकालय सर्वसाधारणका लागि खुला गर्नका लागि विभिन्न शाखाहरूको व्यवस्था गर्नुपर्ने भएकाले सर्वप्रथम पुस्तकालय भवनको मर्मत-सम्भार गर्ने कार्य आरम्भ भयो। तत्पश्चात् आवश्यक कर्मचारीहरूको व्यवस्था मिलाई २०६१ साल पुस ३ गते स्व.डा. डिल्लीरमण रेग्मीको ९१औं जन्मजयन्ती भव्यताका साथ सम्पन्न गरियो। सोही दिनदेखि पुस्तकालय तथा सङ्ग्रहालय सर्वसाधारणका लागि खुला गरियो ।

डा. डिल्लीरमण रेग्मी ट्रस्ट, शिक्षा मन्त्रालयद्वारा पुस्तकालय सङ्ग्रहालय संरक्षणका लागि छुट्टै कोषको व्यवस्था गरिएको छ ।

**उद्देश्यहरू**

१. स्व.डा. रेग्मीको जीवनदर्शन, सिद्धान्तको प्रचार-प्रसार गर्ने

२. स्व.डा. रेग्मीको इच्छाअनुसार शान्ति, अहिंसा पुरस्कार शान्ति र अहिंसाका लागि अग्रणी भूमिका निर्वाह गर्ने स्वदेशी तथा विदेशका व्यक्तित्वहरूलाई प्रदान गर्ने

३. स्व.डा. रेग्मीको बारेमा अनुसन्धान गर्न चाहने व्यक्तिलाई एक वर्षमा एकजनालाई एकमुष्ट रकम प्रदान गर्ने

४. नागरिक शिक्षा तथा शान्ति र अहिंसाका सम्बन्धमा राष्ट्रका जल्दाबल्दा विषयमा गोष्ठी, सेमिनार, अन्तर्क्रिया आदि गर्ने

५. सर्वसाधारणलाई सार्वजनिक पुस्तकालय सेवा प्रदान गर्ने

६. स्वदेश, विदेशका पुस्तकालयहरूसँग सुमधुर सम्बन्ध कायम गर्ने

७. सार्वजनिक पुस्तकालयहरूको विकास र देशको शैक्षिक स्तर उकास्न आफ्नो संस्थाको तर्फबाट सहयोग गर्ने

८. आय-आर्जन गर्ने क्रियाकलापमा वृद्धि गर्ने

**सङ्कलन**

यस पुस्तकालयमा विभिन्न विषयहरूमा गरी कुल ३० हजार पुस्तक, जर्नल तथा पत्रपत्रिकाहरू सङ्कलित छन् । तीमध्ये १५०० पुस्तक तथा पत्र पत्रिकाहरू बाल शाखाअन्तर्गत छन् । दुर्लभ हस्तलिखित ग्रन्थहरू माइक्रो फिल्ममा सुरक्षित गरी राखिएको छ । साथै विभिन्न पुरातात्त्विक मूर्ति तथा अन्य पुरातात्त्विक वस्तुहरूसमेत समेटेर सङ्ग्रहालय कक्षमा राखिएको छ । उक्त कक्षमा डा. रेग्मी तथा भारतका अहिंसावादी नेता स्व. महात्मा गान्धीको अर्धकदको मूर्ति पनि राखिएको छ ।

विभिन्न अप्राप्य फोटोहरूलाई पुस्तकालय भवनको माथिल्लो तलामा प्रदर्शनीका लागि राखिएका छन् । त्यहाँ महात्मा गान्धीका हस्ताक्षरमा लेखिएका र भारतका चर्चित साहित्यकार स्व. रवीन्द्रनाथ टैगोरका हस्ताक्षरका चिठीपत्रहरूलाई सजाएर राखिएका छन् । यस बाहेक भगवान् बुद्ध, जिसस क्राइस्टलगायतका फोटाहरू पनि राखिएका छन् । पुस्तकालय भवनको बाहिरी परिसरमा विभिन्न देवी-देवताका ढुङ्गाका मूर्ति, बौद्धस्तूप राखिनुका साथै एक स्तूपमा स्व.रेग्मीको अस्थिधातु पनि राखिएको छ । यो पुस्तकालय लाजिम्पाट, काठमाडौँमा रहेको छ ।

**सेवाहरू**

- **सन्दर्भ अध्ययन (Reference Reading) :** आफ्ना सङ्ग्रहहरूलाई पुस्तकालयमै बसेर पढ्ने सुविधा प्रदान गर्दै आएको छ ।

- **अध्येता सल्लाह सेवाहरू (Reader's Advisory Services) :** यस पुस्तकालयले यसका अतिरिक्त पाठकहरूलाई पाठ्यसामग्रीहरू खोज्न सहयोग पुऱ्याउने, पाठकहरूलाई पुस्तक तथा अन्य पुस्तकालयको बारेमा आवश्यक जानकारी उपलब्ध गराउने तथा प्रचलित मूल्यमा

पाठ्यसामग्रीहरू फोटोकपी गरी लैजाने सुविधाका साथै इन्टरनेट सुविधासमेत उपलब्ध गराउँदै आएको छ ।

- **रिफरल सेवाहरू (Referral Services) :** पुस्तकालयका सदस्यहरूलाई यस पुस्तकालयमा नभएका अन्य पुस्तकहरूको स्रोतको जानकारीसमेत दिँदै आएको छ ।

- **बाल शाखा** : बालबालिकामा पढ्ने बानीको विकास गराउन सन् २००५ डिसेम्बरमा रुम टु रिडको सहयोगमा बाल शाखा स्थापना गरेको छ । बालबालिकाहरूको मनोरञ्जनका लागि शैक्षिक तथा कार्टुन चलचित्रहरू देखाउने व्यवस्थासमेत गरिएको छ । साथै बालबालिकाहरूको व्यक्तित्व विकासका लागि विभिन्न प्रतिस्पर्धात्मक कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्यसमेत यस पुस्तकालयले लिइएको छ ।

# खण्ड–ग

# नीति, योजना तथा निर्देशिकाहरू

**नीतिहरू**

१. **Open and Distance Learning (ODL) Policy, 2063**

२. निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति, २०६३

३. शैक्षिक जनशक्ति विकास केन्द्रको तालिम नीति, २०६२

४. विशेष शिक्षा नीति, २०५३

५. अनौपचारिक शिक्षा नीति, २०६३

६. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम नीति, २०६९

**योजनाहरू**

६. त्रिवर्षीय योजनामा शिक्षासम्बन्धी व्यवस्था

७. विद्यालय क्षेत्र सुधार योजना, सन् २००९–२०१५

**निर्देशिकाहरू**

८. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिका, २०६९

९. शिक्षक सेवा आयोगको परीक्षा सञ्चालन निर्देशिका, २०६८

# नीतिहरू

## Open and Distance Learning (ODL) Policy, 2063

**Vision**

Creating supplementary/alternative ODL System to benefit with all the possible opportunities for the citizens belonging to diverse need contexts to give access to education and opportunities to acquire formal education and overall personality development especially to the deprived community, women and working people through distance mode.

**Objectives**

- Expanding full access to school and higher education to learners having diverse and special needs especially of out-of-school children, deprived groups, working people, housewives and so on through open and distance learning system as supplementary to the existing system of education.
- Improving the quality of conventional education through different kinds of support mechanisms and materials by the application of ICT.
- Promoting the life long learning, continuing education and professional development through open and distance learning system by applying mix mode delivery mechanism
- Establish a provision to provide skill-based education through customized courses to cater the needs of labor force seeking employment in the national and international job market
- Creating an avenue for skill certification and accreditation to preserve the traditional skills and customary learning of the tribal and indigenous community.

**Statements**

***Agenda 1: Expanding access to education to learners of diverse needs***

- An Open and Distance Learning (ODL) System for both school and higher education will be created to act as alternative to existing conventional education system in order to ensure fuller access of  all interested learners belonging to various groups especially poor, women, deprived, marginalized citizens to education.
- Under the ODL system, there will be two separate streams of open education: viz., general and vocational with the provision of separate curriculum to be developed under the National Curriculum Framework for the country. Flexible learning practice will be introduced as a

strategy to overcome various barriers to education, such as time, physical and pedagogical etc.

- The ODL system will be institutionalized by the creation of a Semi Autonomous High Level Council with mandates to policy formulation and overall execution at the national level.
- The government will take major role to finance for establishment of the system and collaboration with private, NGOs and other agencies will highly be encouraged to run the system for sustainability.

***Agenda 2: Improving quality of conventional education***

- A special arrangement will be made to integrate the learning facilities under the ODL system into the conventional system of education in order to create varieties of opportunities for quality education.
- Various programmatic schemes such as application of appropriate media and learner support materials to benefit students of the conventional system; credit transfer system between open and conventional schooling, teacher development programs will be developed and implemented through the distance mode.
- The council will initiate and develop the programs and establish official collaboration with relevant agencies in the public and private sector for implementation and monitoring.
- Initial investment for such supplementary programs will be born by the government. At the same time private sector will be encouraged for large-scale implementation. Possibilities of public private collaboration will be explored and implemented in the execution of the programs.

***Agenda 3: Promoting continuing education and professional development***

- Under the ODL system, a separate mechanism will be established to create various provisions for life long/continuing education and occupational skill upgrading by targeting to different actors working in various sectors and the community members.
- Different programs in areas like teacher development, afforestation, social awareness, civic education, health education, human rights education, child rights education, environment education will be developed and implemented through distance mode.
- The DEOL Council will coordinate the efforts of various agencies involved in the implementation of programs through distance mode for designing and planning of activities. At the sub-national level all relevant agencies and networks including the Community Learning Centres (CLCs) and the Tele-Centres will be utilized for the purpose of implementing such programs.
- In addition to the government investments in the targeted areas sponsors will be attracted to fund the programs. Further, fees will fund part of the costs in case of the registration based courses. The Council will mobilize all other possible sources of generating resources including the involvement of private sector.

***Agenda 4: Establishing a system of knowledge and skill certification***

- Special mechanism will be established under the ODL system for accreditation and certification of the skills in the vocational field and customary learning/knowledge in the general field of education acquired by citizens of diverse communities such as tribal and indigenous communities.
- Appropriate testing, customized remedial/bridging courses and counseling programs will be developed and organized to certify the skills and knowledge at the primary and secondary levels of education.
- A separate board will be created at the national level under the ODL system and the board will be made responsible for developing and organizing the testing, remedial and counseling programs in close coordination with relevant agencies like CTEVT and so on.
- Operational cost will be managed on the basis of cost recovery principle. Institutional linkages and networking will consolidated to utilize resources from various sources.

**Note:** *Approved by MoE on Pous 20, 2063 BS.*

# निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय (लेज/क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति, २०६३

**प्रस्तावना**

नेपाली विद्यार्थीहरू निजी खर्चमा विदेशका महाविद्यालयमा अध्ययन गर्न जाने प्रवृत्तिलाई कम गर्न र देशभित्रै गुणात्मक प्राविधिक शिक्षाको विकास गर्न आवश्यक महसुस गरिएको छ । विश्व बजारबाट समेत आइरहेको रोजगारको अवसर, विज्ञान तथा प्रविधिको विकासको क्रमसँगै नेपालको प्राविधिक शिक्षाको गुणस्तरको विकास गर्न अन्तरराष्ट्रिय र दक्षिण एसियाली सहयोग सङ्गठनका देशहरूको शैक्षिक स्तरसँग, प्राबिधिक शिक्षाको स्तर कायम गर्न गराउन प्राविधिक शिक्षाको विकास सम्बन्धमा हाम्रा प्रशस्त चुनौतीहरू छन् ।

द्रुतगतिमा भइरहेको विकासको आधुनिकीकरण, सामाजिक स्तरमा भएको वृद्धि तथा विश्वमा विकास भएका विज्ञान र प्राविधिक शिक्षासमेतको आधारमा नेपालमा निजी सहयोग वा साझेदारीबाट प्राविधिक शिक्षाको विकास गर्न गराउन नितान्त आवश्यक भएको छ । प्राविधिक उच्च शिक्षा खर्चिलोसमेत भएको परिप्रेक्ष्यमा जनसहभागिता तथा निजी क्षेत्रको संलग्नता बढाई प्रतिस्पर्धा र विविधताको आधारमा, प्राविधिक उच्च शिक्षालाई समसामयिक, गुणस्तरयुक्त एवम् सान्दर्भिक बनाउन आवश्यक भएकाले स्वदेशी तथा विदेशी लगानीमा निजी क्षेत्रमा प्राविधिक महाविद्यालय सञ्चालन गर्ने गराउनेसम्बन्धी व्यवस्था गर्न आवश्यक भएकाले यो नीति लागू गरिएको छ ।

**उद्देश्यहरू**

१. देशमा उच्च प्राविधिक शिक्षाको विकासका लागि निजी क्षेत्रको संलग्नतालाई प्रोत्साहन गर्ने,
२. सम्बन्धित विश्वविद्यालय र प्राविधिक परिषद्हरूसँग समन्वय राखी प्राविधिक शिक्षामा गुणस्तरीयता सुनिश्चित गर्ने,
३. गरिब तथा जेहनदार विद्यार्थीहरूलाई उच्च प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्ने,
४. महिला, जनजाति, दलित तथा आर्थिक एवम् सामाजिक दृष्टिले पिछाडिएका क्षेत्रका नेपाली युवालाई उच्च प्राविधिक शिक्षामा पहुँच सुनिश्चित गर्ने,
५. उच्च प्राविधिक शिक्षामा निजी तथा वैदेशिक पुँजीलाई आकर्षित गर्ने,
६. उच्च प्राविधिक शिक्षा हासिल गर्ने विदेशी विद्यार्थीहरूलाई आकर्षण विन्दुको रूपमा नेपाललाई विकास गर्ने ।

**नीति**

१. निजी क्षेत्रमा प्राविधिक महाविद्यालय सञ्चालन गर्न प्रोत्साहन गर्ने,

२. देशको प्राविधिक जनशक्ति विकास गर्ने क्रममा जनसङ्ख्या र भौगोलिक आधारमा प्राविधिक महाविद्यालय स्थापना गर्न अनुमति प्रदान गर्ने,

३. देशमा निजी लगानीको माध्यमबाट प्राविधिक शिक्षाको विकासका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरूको विकासका लागि मापदण्ड निर्धारण गर्ने,

४. उच्च प्राविधिक शिक्षालाई अन्तरराष्ट्रिय मापदण्डअनुरूप विकास गर्न देशभित्र रहेका प्राविधिक विषयमा गठित पेसागत परिषद्समेतको सहयोगमा पूर्वाधार निर्माण गर्न आवश्यक प्राविधिक ज्ञान प्रदान गर्ने,

५. निजी क्षेत्रमा सञ्चालित प्राविधिक महाविद्यालयमार्फत गरिब तथा जेहेनदार महिला, जनजाति, दलित तथा पिछडिएका क्षेत्रका विद्यार्थीको प्राविधिक शिक्षामा पहुँच पुऱ्याउन निश्चित प्रतिशतमा छात्रवृत्तिको व्यवस्था गर्ने,

६. दुर्गम तथा पहाडी क्षेत्रमा निजी लगानीबाट स्थापना हुने प्राविधिक महाविद्यालयहरूलाई नेपाल सरकारले प्रचलित कानुनको अधीनमा रही भन्सार, मूल्य अभिवृद्धि कर र दरखास्त दस्तुर निश्चित अवधिका लागि छुट दिन सक्ने छ ।

उच्च प्राविधिक शिक्षाअन्तर्गत स्नातक, स्नातकोत्तर र पिएच्डी तहका निम्नलिखित विषयहरू रहने छन् :

(क) चिकित्सा विज्ञान (नर्सिङ,मेडिसिन शिक्षा र औषधी विज्ञान)

(ख) इन्जिनियरिङ

(ग) कृषि तथा वन

(घ) सूचना प्रविधि

(ङ) लेखा तथा व्यवस्थापन

(च) शिक्षा मन्त्रालयले तोकेका अन्य विषयहरू

# शैक्षिक जनशक्ति विकास केन्द्रको तालिम नीति, २०६२

(तत्कालीन शिक्षा तथा खेलकुद मन्त्रालयबाट मिति २०६२/२/२४ मा स्वीकृत)

१. प्राथमिक शिक्षकको हकमा विद्यमान आवश्यक न्यूनतम योग्यताको तह बढाइने छ ।

२. प्राथमिक, निम्न माध्यमिक र माध्यमिक शिक्षकका लागि तोकिएको शैक्षिक योग्यताका अतिरिक्त पूर्वसेवाकालीन तालिमका रूपमा १० महिने शिक्षक तयारी कोर्स लिनुपर्ने व्यवस्था अनिवार्य गरिने छ ।

३. विद्यालय प्रणालीमा शिक्षण पेसाका लागि अध्यापन अनुमतिपत्रलाई एक पूर्वसर्त बनाइने छ । साथै अनुमतिपत्रको नवीकरण गर्ने व्यवस्था पनि गरिने छ ।

४. स्थानीय स्वायत्त शासन ऐन र शिक्षा ऐनको भावना अनुकूल शिक्षक छनोट प्रक्रियालाई क्रमिक रूपमा स्थानीयकरण गरिने छ ।

५. विद्यालय प्रणालीमा सेवारत तालिम प्राप्त नगरेका सबै शिक्षकहरूलाई यथाशक्य छिटो दस महिने तालिम दिइने छ ।

६. विद्यालय शिक्षाका सबै तहमा शिक्षक विकास व्यवस्थालाई सुदृढीकरण गर्ने उद्देश्यले तालिम, अनुमतिपत्र र पेसागत विकास प्रक्रियालाई एक अर्कामा आबद्ध गरिने छ ।

७. अल्पकालीन तालिम, पुनर्ताजगी तालिम र आवर्तक तालिमलाई प्रमाणीकरण तालिम कार्यक्रमको एक अङ्गको रूपमा गणना गरिने छ ।

८. सेवाकालीन र सेवाप्रवेश शिक्षक तालिमका लागि प्रभावकारी तालिम पाठ्यक्रम र सामग्रीको विकास गरी कार्यान्वयन गरिने छ ।

९. सुयोग्य, तालिम प्राप्त र प्रतिबद्ध प्रशिक्षकहरूमार्फत् शिक्षक तालिम उपलब्ध गराइने छ ।

१०. अनुकूल सिकाइ वातावरणको उपलब्धताका लागि तालिम सुविधाहरू सुनिश्चित गरिने तथा त्यस्ता सुविधाहरूमा सुधार गरी स्तर वृद्धि गरिने छ ।

११. सबै तह र संस्थाहरूमा तालिम व्यवस्थापनको दक्षतामा सुधार गर्न उपयुक्त उपाय र प्रयत्नहरू अवलम्बन गरिने छन् । यस सन्दर्भमा शैक्षिक जनशक्ति विकास केन्द्रलाई आदर्श संस्थाको रूपमा विकास गरिने छ ।

१२. अनुगमन र तालिम उत्तरार्द्ध सहयोग योजनालाई तालिमको गुणस्तर सुनिश्चित गर्ने उपायको रूपमा कार्यान्वयन गरिने छ ।

१३. तालिममा निरन्तर सुधार गर्नका लागि शैक्षिक जनशक्ति विकास केन्द्र र यसका विभिन्न तहका संस्थाहरूले अनुसन्धान, अनुगमन र मूल्याङ्कनसम्बन्धी काम गर्ने छन् ।

१४. तालिम संस्था, विद्यालय र शिक्षकहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्ने कार्यसम्पादन सूचकहरूको विकास एवम् कार्यान्वयन गरिने छ ।

१५. तालिममा प्रशिक्षार्थीले हासिल गरेको उपलब्धिको मूल्याङ्कन गर्न निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोग गरिने छ ।

१६. सबै कार्यक्रमहरूमा लैङ्गिक दृष्टिकोणले संवेदनशील र सन्तुलित व्यवहार एवम् अभ्यासहरू कायम राख्न गम्भीर प्रयत्नहरू गरिने छन् ।

१७. पद बहाली गर्नु अगाडि सबै तहका प्रधानाध्यापकलगायत नयाँ नियुक्त हुने शिक्षा सेवाका अधिकृतहरू (द्वितीय र तृतीय श्रेणी) का लागि सेवा प्रवेश तालिम एक पूर्वसर्तको रूपमा रहने छ ।

१८. शैक्षिक व्यवस्थापन तालिम सबै तहमा कार्यरत सबै शैक्षिक व्यवस्थापक तथा प्रधानाध्यापकहरूका लागि अनिवार्य हुने छ ।

१९. पुनर्ताजगी तालिम कार्यक्रम, स्व-अध्ययन सामग्री तथा स्थलगत सहयोग योजनाहरूको माध्यमबाट निरन्तर पेसागत विकासका लागि अवसरहरूको सिर्जना गरिने छ ।

२०. व्यवस्थापकहरूको उत्प्रेरणा तथा मनोबल प्रवर्द्धन गर्ने एवम् उच्च कार्यसम्पादनलाई प्रोत्साहित गर्ने समेत उद्देश्यले विशेष पदस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

२१. तालिम संस्थाहरूमा योग्य, तालिमप्राप्त र प्रतिबद्ध तालिम व्यवसायीहरू उपलब्ध भएको सुनिश्चित गर्न प्रशिक्षकको तयारी, प्रशिक्षकको विकास र अभिप्रेरणा लागि विशेष प्याकेज कार्यक्रम डिजाइन गरी कार्यान्वयन गरिने छ ।

२२. तत्कालीन तालिम संस्थाहरू (शैक्षिक जनशक्ति विकास केन्द्र, दूर शिक्षा केन्द्र, माध्यमिक शिक्षा विकास केन्द्र) लाई एउटै छातामा गाभेर शिक्षक तालिम प्रणालीलाई एकीकृत गरी सुदृढ बनाइने छ ।

२३. प्रत्येक संस्था र निकायको भूमिका र जिम्मेवारीहरू किटान गरी अन्तरराष्ट्रिय तथा राष्ट्रिय संस्था एवम् निकायहरूसँग संस्थागत सम्बन्ध कायम गरिने छ ।

२४. तालिम कार्यक्रमहरूको संस्थागत सहकारिता, समन्वय र सञ्चार सुनिश्चित गर्न सार्वजनिक र निजी दुवै तालिम संस्थाहरूका प्रतिनिधिहरू रहेको क्षेत्रीय (Zonal) शिक्षक तालिम समन्वय समिति (शैक्षिक तालिम केन्द्रका सेवा क्षेत्र भित्रको तालिम क्षेत्र समेट्ने समिति) गठन गरिने छ ।

२५. प्राविधिक सहयोग र प्रविधि हस्तान्तरणका लागि शैक्षिक जनशक्ति विकास केन्द्रले आंशिक समय काम गर्ने आधारमा अन्य व्यावसायिक संस्थाका विशेषज्ञहरूलाई काममा लगाउन सक्ने छ ।

२६. सङ्गठनात्मक प्रभावकारिता र संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक जनशक्ति विकास केन्द्र प्रणालीलाई व्यावसायिक स्वायत्तता प्रदान गरिने छ ।

# विशेष शिक्षा नीति, २०५३

शिक्षाको राष्ट्रिय नीतिअनुरूप अपाङ्गहरूको निम्तिअनुकूल शिक्षाको व्यवस्था गरी राष्ट्रिय मूल धारमा समाहित गर्न देहायबमोजिम विशेष शिक्षा नीति तय गरिएको छ :

१. अपाङ्गको सर्वमान्य परिभाषा गरी अपाङ्गताको किसिम तथा मात्राको निर्धारण गर्ने,

२. अपाङ्ग बाल बालिकाको सङ्ख्या, उमेर लिङ्ग किसिम र मात्रा आदिको विस्तृत विवरणका लागि सर्भेक्षण कार्यक्रम र तथ्याङ्क सङ्कलनको आवश्यक व्यवस्था गर्ने,

३. विभिन्न किसिमका अपाङ्ग बालबालिकाहरूलाई दिइने प्राथमिक शिक्षा सबैका लागि शिक्षाको अभिन्न अङ्गको रूपमा विकसित गर्ने,

४. अपाङ्गहरूको आवागमनलाई समेत विचार गरी विशेष सुविधा भएको विद्यालय भवनको निर्माण गर्ने व्यवस्था मिलाउने,

५. अपाङ्ग बालबालिकाहरूलाई प्राथमिकदेखि माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्ने । यस उद्देश्यका लागि निजी क्षेत्रका सबै तहका विद्यालयहरूले समेत अपाङ्गहरूलाई निःशुल्क शिक्षा दिनका लागि आवश्यक व्यवस्था मिलाउने,

६. अपाङ्ग बालबालिकाहरूलाई साधारण विद्यालयमा एकीकृत रूपमा निःशुल्क विशेष शिक्षा प्रदान गर्ने र आवश्यकतानुसार विशेष विद्यालयको व्यवस्था गर्ने,

७. तोकिएका न्यूनतम भौतिक एवम् प्राविधिक पूर्वाधार तथा सर्तहरू पूरा गरेका विद्यालयहरूलाई मात्र विशेष शिक्षा कार्यक्रम सञ्चालन गर्न अनुमति वा स्वीकृति दिने,

८. विश्वविद्यालयहरूमा विशेष शिक्षासम्बन्धी विषयको पठन पाठनको व्यवस्था गर्ने,

९. सञ्चालित सेवाको व्यापकता, स्तर र आर्थिक क्षमताको आधारमा पटके, आंशिक र पूर्ण अनुदानको व्यवस्था गर्ने,

१०. विशेष शिक्षा दिने विद्यालयहरूको व्यवस्थापन पक्षलाई सुधार गर्न हालको निरीक्षण एवम् सुपरिवेक्षण प्रणालीमा विशेष शिक्षाको निरीक्षण पक्षलाई समेत विचार गरी एकीकृत रूप दिने,

११. अपाङ्ग बालबालिकाहरूलाई दिइने विशेश शिक्षाका लागि पाठ्यपुस्तक र अन्य शैक्षिक सामग्रीहरू एवम् उपकरणको निर्धारण तथा उत्पादन गर्ने गराउने र आवश्यकताअनुसार निःशुल्क उपलब्ध गराउने सम्बन्धमा समेत आवशयक व्यवस्था गर्ने,

१२. अपाङ्गताका प्रारम्भिक अवस्थामा कतिपय लक्षणहरू स्वास्थ्य उपचारद्वारा निराकरण हुन सक्ने भएकाले सामान्य विद्यार्थीहरूले अध्ययन गर्ने नियमित पाठ्यक्रम र शिक्षक तालिम पाठ्यक्रममा अपाङ्गतसम्बन्धी स्वास्थ्य शिक्षा र विशेष शिक्षासम्बन्धी सामान्य जानकारीहरू पाठ्यक्रममा समावेश गर्ने,

१३. विशेष शिक्षाका लागि आवश्यकताअनुसार पुस्तकालय र प्रयोगशालाको व्यवस्था गर्ने र हाल सञ्चालित पुस्तकालयहरूमा पनि अपाङ्गहरूले प्रयोग गर्न सक्ने सामग्रीहरू राख्ने व्यवस्था क्रमिक रूपमा गर्दै जाने,

१४. जेहेनदार अपाङ्ग विद्यार्थीहरूलाई उच्च शिक्षाको अवसर प्रदान गर्न छात्रवृत्तिलगायत अन्य प्रोत्साहनको व्यवस्था गर्ने,

१५. अपाङ्ग विद्यार्थीलाई आवश्यकतानुसार आवासीय सुविधा उपलब्ध गराउने,

१६. अपाङ्ग विद्यार्थी /बालबालिकाले दैनिकरूपमा प्रयोग गर्ने सामग्रीहरू जस्तै : ह्विल चेयर वैशाखी, ह्वाइटकेन, श्रवण यन्त्र, ब्रेल स्लेटस्टाइल, स्पेसल चेयर र कृत्रिम अङ्ग आदि आयात गर्दा यथासम्भव विशेष सहुलियत दिने व्यवस्था गर्ने,

१७. विशेष शिक्षाको क्षेत्रमा काम गर्ने शिक्षकहरूलाई कम्तीमा अन्य सार्वजनिक विद्यालयका शिक्षकले पाए सरहको तलब भत्ताको व्यवस्था गरी सो पेसालाई आकर्षक बनाउने,

१८. विशेष शिक्षा दिने कार्यक्रमका लागि शिक्षकलगायत आवश्यक जनशक्तिको योजनाबद्ध विकास तथा व्यवस्था गर्ने,

१९. शिक्षक तालिम सञ्चालन गर्ने निकायसँग समन्वय राखी विशेष शिक्षा कार्यक्रमलाई आवश्यक पर्ने तालिमको पनि व्यवस्था गर्ने,

२०. विशेष शिक्षाका लागि प्रयोग गरिने विशेष माध्यम जस्तो ब्रेल, साङ्केतिक भाषा आदिमा दक्षता हासिल गरेको भएमा अपाङ्गता भएका योग्य व्यक्तिलाई समेत अपाङ्गता अनुकूल विशेष शिक्षा शिक्षकको रूपमा परिचालन गर्ने,

२१. अपाङ्ग बालबालिकाको व्यक्तित्व तथा शारीरिक विकासका लागि सांस्कृतिक एवम् खेलकुद कार्यक्रम र शारीरिक व्यायामको विशेष व्यवस्था गर्ने । यसका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिस्पर्धात्मक कार्यक्रममा भाग लिने अवसर प्रदान गर्ने र सोका लागि आवश्यक जनशक्ति तयार गर्ने,

२२. दोहोरो वा बहुअपाङ्गता भएको व्यक्तिको हकमा सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको राय र सुझावअनुसार विशेष प्रकारका शिक्षा वा कार्यमूलक शिक्षाको व्यवस्था गर्ने,

२३. अपाङ्गताको किसिमको आधारमा परीक्षार्थीहरूको परीक्षा र मूल्याङ्कनको विशेष व्यवस्था गर्ने,

२४. अपाङ्ग बालबालिकाहरूका लागि विशेष शिक्षा दिई सह्रानीय कार्य गर्ने सङ्घ संस्था तथा व्यक्तिहरूलाई प्रोत्साहन गर्न, पुरस्कार आदिको व्यवस्था गर्ने,

२५. विशेष शिक्षा परिषद्ले तोकेको निकायको सहमति लिएर मात्र गैरसरकारी सङ्घसंस्थाले विशेष शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

२६. अपाङ्गताको किसिम र मात्राअनुसार विशेष शिक्षा कार्यक्रम सञ्चालन गर्न आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यले आवश्यक पूर्वाधार तथा सर्तहरू तोकी तालिम केन्द्र स्थापना गर्नका लागि कार्यक्रम सञ्चालन गर्न चाहने राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरूलाई प्रोत्साहन गर्ने,

२७. राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था र सरकारी निकायबीच विशेष शिक्षाको क्षेत्रमा अन्तरसम्बन्ध तथा समन्वय कायम गरी गैरसरकारी सङ्घ संस्थालाई राष्ट्रिय विशेष शिक्षा कार्यक्रममा सहभागी हुन प्रोत्साहन गर्ने र यस कार्यक्रममा कार्यरत गैरसरकारी संस्थाको भौतिक एवम् प्राविधिक जनशक्ति विकास एवम् विस्तार गर्न आवश्यक सहयोग प्रदान गर्ने,

२८. परोपकारी एवम् अन्य सामाजिक सङ्घसंस्थालाई विशेष कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने,

२९. विशेष शिक्षालाई सीप केन्द्रित बनाई समुदायमा पुनर्स्थापना गर्न अपाङ्गहरूको क्षमता र योग्यताको आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गर्ने,

३०. प्रौढ अपाङ्गहरूका लागि सीपमूलक अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

३१. विभिन्न सांस्कृतिक, धार्मिक, जातीय, अन्धविश्वास, रूढिवादी परम्परा, चेतनाको कमी र आर्थिक कारणले अधिकांश जनमानसमा व्याप्त रहेको अपाङ्गप्रतिको गलत धारणामा आमूल परिवर्तन ल्याउन विभिन्न स्तरमा भेला, गोष्ठी गर्ने र आमसञ्चारका माध्यमबाट सर्वसाधारणमा अपाङ्गतासम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

३२. अपाङ्ग बालबालिकाहरूलाई शैक्षिक अवसर प्रदान गर्ने वातावरण जुटाउन र उनीहरूलाई समुदायमा सामाजिकीकरणका लागि तिनका बाबु–आमा, अभिभावक, शिक्षक तथा निकट सम्पर्कमा आइरहने व्यक्तिहरूलाई मनोवैज्ञानिक उत्प्रेरणा दिने खालको सरसल्लाहमूलक कार्यक्रम सञ्चालन गर्ने,

३३. विशेष शिक्षा परिषद्ले राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा उपलब्ध हुने विभिन्न स्रोत तथा सामग्रीहरूको परिचालन गर्ने सञ्जाल (Network) प्रणालीको विकास र विस्तार गर्ने ।

# अनौपचारिक शिक्षा नीति, २०६३

*(२०६३ माघ २५ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार स्वीकृत)*

१. विभिन्न उमेर र वर्गका व्यक्तिहरूलाई उनीहरूको आवश्यकता अनुरूपको प्राज्ञिक तथा व्यावहारिक ज्ञान, सीप र सूचना प्रदान गर्ने गरी अनौपचारिक शिक्षाको क्षेत्र विस्तार गरिने छ ।

२. शिक्षाको अवसरबाट वञ्चित वा बीचैमा पढाइ छाडेकाहरूलाई औपचारिक शिक्षा सरह मान्यता भएको अनौपचारिक शिक्षा प्रदान गरिने छ ।

३. शिक्षामा पहुँच बढाउन विशेष व्यवस्था गरिने छ ।

४. पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्री निर्माण तथा वितरण प्रक्रियालाई स्थानीयकरण गर्दै लैजाने सन्दर्भमा विकेन्द्रित गरिने छ ।

५. शिक्षामा पहुँच, गुणस्तर र समता प्राप्त गर्नका लागि सामुदायिक अध्ययन केन्द्रहरूलाई कार्यक्रम सञ्चालन र संयोजनको आधार बनाइने छ ।

६. विकेन्द्रीकृत तरिकाबाट अनौपचारिक शिक्षा कार्यक्रमहरूको कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरिने छ ।

७. साधन र स्रोत जुटाउने तथा सदुपयोग गर्नका लागि विभिन्न निकायहरूबीच साझेदारी, सञ्जाल र समन्वय कायम गरिने छ ।

८. पहुँच सुनिश्चित गर्न र गुणस्तर तथा सहअस्तित्व कायम गर्न समावेशी शैक्षिक नीतिहरू अपनाइने छ ।

९. अनौपचारिक शिक्षा कार्यक्रम चलाउने सबै संस्थाहरूको साझा तथ्याङ्क भण्डार (Data Base) बनाइने छ ।

१०. कार्यक्रमलाई सवलीकरण गर्न र कार्यरत जनशक्तिको कार्यदक्षता बढाउन तालिम, अनुसन्धान, स्वानुगमन एवम् प्रवर्तनकार्यलाई समावेश गरिने छ ।

११. 'सबैका लागि शिक्षाका' लक्ष्यहरू प्राप्त गर्न निजी, सरकारी, एवम् गैरसरकारी क्षेत्रलाई परिचालन गरिने छ ।

१२. अनौपचारिक शिक्षाको वित्तीय व्यवस्था राष्ट्रको आर्थिक अवस्था एवम् नीतिअनुसार हुने छ ।

१३. अनौपचारिक शिक्षा कार्यक्रमको व्यवस्थापनका लागि स्थानीय निकायले परिचालक (Regulator) को भूमिका खेल्ने छ । अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालकहरूले भने विभिन्न मोडालिटीहरू अपनाउन सक्ने छन् । तिनमध्ये स्थानीय निकाय, गैरसरकारी संस्था, सामुदायिक अध्ययन केन्द्र र शिक्षालय मोडालिटीहरू प्रमुख हुने छन् ।

१४. अनौपचारिक शिक्षा केन्द्रले विभिन्न सरकारी, गैरसरकारी संस्था एवम् अन्तरराष्ट्रिय संस्थाहरूसँग समन्वय गरी आपसी सहयोगको वातावरण सिर्जना गर्ने छ ।

१५. निरक्षरता उन्मूलन गर्न साक्षरता अभियानलाई प्रमुख आधार बनाइने छ । यस कार्यमा स्थानीय निकायहरूलाई जिम्मेवार बनाइने छ ।

१६. अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूले यस नीति, कार्यनीति र रणनीतिअन्तर्गत रही आफ्नो कार्यनीतिहरूको तर्जुमा गर्ने छन् ।

# प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम नीति, २०६९

## १. पृष्ठभूमि

नेपालको व्यावसायिक शिक्षाको इतिहास धेरै लामो छ । लिच्छवि कालदेखि नै अनौपचारिक रूपमा सिकेका सीपहरूलाई उपयोग गर्दै हस्तकला, मूर्तिकला तथा वास्तुकलाका वस्तुहरूको उत्पादन र व्यवसाय गरेको पाइन्छ । त्यस्तै गरी मल्ल कालमा आएर सीपमूलक कार्यहरूले अझ व्यापकता पाएको सो अवधिका मूर्ति र वास्तुकलाबाट थप पुष्टि हुन्छ । शाहकालीन तथा राणाकालीन समयमा पनि कालीगढी व्यवसायले व्यापकता पाएको र बेलायतबाट कालीगढहरू झिकाई नेपालीहरूलाई डकर्मी, सिकर्मी जस्ता तालिमहरू दिइएको थियो । औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ कलेज) बाट भएको हो । त्यस्तै गरी वि.सं. २०१९ सालमा बालाजुमा स्थापित मेकानिकल प्रशिक्षण केन्द्र र बुटवल टेक्निकल इन्स्टिच्युटबाट व्यावसायिक तालिम व्यवस्थित रूपमा दिन सुरु भयो । त्यस्तै गरी सन् १९६० को दशकमा बहुउद्देश्यीय विद्यालयहरू स्थापना गरी विद्यालयहरूमा व्यावसायिक शिक्षाको सुरुवात गरियो, जुन धेरै प्रभावकारी हुन सकेन । तत्पश्चात् नयाँ शिक्षा प्रणाली वि.सं.२०२८ मा सुरु भई प्रत्येक माध्यमिक विद्यालयमा कम्तीमा एक विषयमा व्यावसायिक शिक्षा पढाउनुपर्ने व्यवस्था गरियो । जुन धेरै समय लागू हुन सकेन ।

सोही क्रममा वि.सं. २०३७ सालमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्रभावकारी रूपमा विकास गर्ने उद्देश्यले आधुनिक प्राविधिक शिक्षालयको सुरुवात भयो । सरकारी स्तरबाट प्राविधिक शिक्षालय सञ्चालन भएको एक दशकपछि अर्थात् वि.सं. २०४५ सालमा यसलाई गरिब जनताको पहुँचमा प्रभावकारी रूपमा पुऱ्याउने उद्देश्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को गठन भयो । परिषद्ले कार्य अघि बढाउँदै जाँदा वि.सं. २०५० देखि निजी स्तरमा पनि प्राविधिक शिक्षालय सञ्चालन स्वीकृति दिने कार्यको थालनी भयो ।

## २. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको वर्तमान अवस्था

नेपालले प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमका क्षेत्रमा राम्रो विकास गरेको पाइन्छ । हाल सरकारी स्तरमा १२ र निजी स्तरमा २१६ ओटा प्राविधिक एसएलसी कार्यक्रम सञ्चालित छन् । त्यस्तै ४५ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालित छ, जुन यस वर्ष ७५ वटै जिल्लामा पुऱ्याउने कार्यक्रम रहेको छ । सोहीअनुरूप सरकारी स्तरमा १६ र निजी स्तरमा १६२ ओटा डिप्लोमा (सर्टिफिकेट) तहको प्राविधिक शिक्षा कार्यक्रम सञ्चालित छ । त्यसै गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा आबद्ध भई ५५ ओटा संस्थाहरूले व्यावसायिक तालिम चलाइरहेका छन् । व्यावसायिक सीप विकास तालिम निर्देशनालयअन्तर्गत १२ केन्द्र, घरेलु तथा साना उद्योग विभागले २७ जिल्लामा र घरेलु तथा साना उद्योग विकास समितिअन्तर्गत ४८ जिल्लाले व्यावसायिक तालिम सञ्चालन गरिरहेका छन् । आफ्नै हिसाबले व्यावसायिक तालिम सञ्चालन गर्ने संस्थाको सङ्ख्या करिब

४०० छन् । त्यसै गरी विभिन्न निकायबाट वार्षिक करिब २५,००० जनाले प्राविधिक शिक्षा र ४०,००० जनाले व्यावसायिक तालिम प्राप्त गरिरहेका छन् ।

## ३. युवा र रोजगारीको अवस्था

नेपालमा प्रत्येक वर्ष श्रम बजारमा प्रवेश गर्ने युवाहरू र रोजगारीको उपलब्धताबीच तादात्म्य हुन सकेको देखिँदैन । कुल जनसङ्ख्याको ३३ प्रतिशत हिस्सा युवाहरूले ओगटेका छन् भने त्यसमा महिला र पुरुषको अनुपात करिब बराबर नै छ । नेपाल जीवनस्तर सर्वेक्षण, २०१० काअनुसार पन्ध्र वर्षभन्दा माथिको जनसङ्ख्याको साक्षरता दर करिब ५७ प्रतिशत छ । सोही प्रतिवेदनअनुसार विगत दशकमा निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्यामा करिब १६ प्रतिशतले कमी आई करिब २५ प्रतिशतमा झरेको छ । यस उपलब्धिमा विप्रेषणको उल्लेख्य योगदान रहेको तथ्य विभिन्न अध्ययनहरूले औंल्याएका छन् र नेपालका ५५.८ प्रतिशत घरधुरीले विप्रेषण प्राप्त गरिरहेको तथ्यले समेत यसको पुष्टि गर्दछ । वैदेशिक रोजगारीमा जाने युवामा २ प्रतिशत मात्र दक्ष एवम् अर्ध दक्ष कामदारका रूपमा जाने गरेको अवस्थाले पनि सीप विकासको आवश्यकतालाई स्पष्ट सङ्केत गर्दछ ।

## ४. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमका मुद्दाहरू

प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमले सङ्ख्यात्मक प्रगति गरे पनि गुणात्मक सुधारका लागि अझ धेरै काम गर्न बाँकी छ । विद्यमान प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदायक संस्थाहरूमध्ये ठूलो सङ्ख्यामा निजी क्षेत्रबाट सञ्चालन भई न्यून सङ्ख्यामा मात्र सरकारद्वारा सञ्चालित छन् । साथै अधिकांश त्यस्ता संस्थाहरू सहर केन्द्रित रहेकाले धेरै कम सङ्ख्यामा मात्र गरिब तथा पिछडिएका वर्गका प्रशिक्षार्थीहरूको पहुँच त्यस्ता संस्थामा पुग्न सकेको छ । त्यस्तै गरी तालिम कार्यक्रमहरू बजारको मागअनुरूप सञ्चालन हुन नसकेकाले एकातिर उत्पादित जनशक्तिले काम पाउन कठिनाइ भएको छ भने अर्कोतर्फ व्यवसायीहरूबाट दक्ष जनशक्ति प्राप्त नभएको गुनासो आउनुका साथै वैदेशिक श्रम बजारमा समेत नेपाली युवाहरू प्रतिस्पर्धी बन्न कठिनाइ भइरहेको छ । त्यसै सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारले निम्नानुसारको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सीप विकासम्बन्धी नीति, २०६४ जारी गरेको थियो ।

**नेपालको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सीप विकाससम्बन्धी नीति, २०६४**

| उपलब्धिहरू | मुख्य नीतिगत क्षेत्र | रणनीतिहरू |
|---|---|---|
| नागरिकहरूका लागिः<br>इच्छुक नेपाली नागरिकहरूका लागि कम्तीमा ३ महिना अवधिको रोजगारीमूलक निःशुल्क तालिमको अवसर र जीवनपर्यन्त सिकाइका लागि सशुल्क तालिमका अवसरहरू प्रदान हुने छन् । | तालिम का अवसरहरूमा व्यापक विस्तार (Expansion) | • लचिलोपन, नियमन, स्वायत्तता, विकेन्द्रीकरण अवलम्बन गरिने ।<br>• संस्थागत र भरपर्दो तालिम प्रदायकहरूलाई प्रारम्भिक तहको सहयोग निःशुल्क गरिने ।<br>• उत्पादनको गुणस्तरको सुनिश्चितता (राष्ट्रिय व्यावसायिक स्तरसँग सुहाउँदो) प्रदान गरिने ।<br>• उपभोक्ताको हक, हित, सुरक्षित गर्ने तत्वका रूपमा वस्तुगत कार्यसम्पादन, पारदर्शिता र गुणस्तर चिन्हहरूको व्यवस्था गरिने । |
| तालिम प्रदायकहरूका लागिः<br>विद्यालयबाट बाहिरिएका युवाहरूका लागि सीप विकास गर्ने काममा सहयोग गर्न र राष्ट्रिय जनशक्तिको विकासमा सहयोग गर्न प्रोत्साहन मिल्ने छ । | तालिम आवश्यक पर्ने सबै नागरिकका लागि पहुँचको सुनिश्चितता र समावेशीकरण (Inclusion and Access) | • न्यूनतम सुविधाबाट वञ्चित समूहका नागरिकहरूका लागि प्रशिक्षण शुल्क र निर्वाह भत्ता सुनिश्चित गरिने ।<br>• खुल्ला परीक्षणको व्यवस्थाका लागि पूर्व सिकाइको अनुभवलाई मान्यता दिइने ।<br>• प्रवेश तहमा व्यवसायिक मापदण्डहरू निर्धारण गरिने ।<br>• शैक्षिक मूलप्रवाहका लागि तयारीका कार्यक्रमहरू सञ्चालन गर्ने र प्रशिक्षणका सहयोगी सामग्रीहरू निर्माण गरिने । |
| व्यवसाय गर्ने समुदायका लागिः<br>दक्ष र आत्मविश्वासी कामदारको आपूर्ति गर्ने काममा व्यापक विस्तार हुने छ । यसबाट राष्ट्रिय उत्पादकत्वमा अभिवृद्धि हुने छ । | विभिन्न प्रकृतिका तालिम र व्यावसायिक वृत्तिविकासको प्राज्ञिक मार्गको (Pathways) भरपर्दो एकीकरण र संयोजन (Integration) | • व्यावसायिक योग्यताको प्रारूप तयार गरी सो प्रारूपभित्र औपचारिक र अनौपचारिक तालिम का विषयवस्तुलाई सिकाइका श्रेणीका मार्गका रूपमा विकास गरिने ।<br>• साधारण शिक्षाले निर्धारण गरेअनुसारको प्राज्ञिक योग्यताको समकक्षी बनाउन नपुग पाठ्यक्रमहरू तयार गरिने ।<br>• विशिष्टीकृत पेसागत वृत्ति विकासका तहहरूको प्रवर्द्धन गर्ने ।<br>• जनशक्तिलाई वृत्तिविकासमा टेवा पुग्ने गरी जीवनपर्यन्त सिकाइका लागि मार्गदर्शन (Career guidance) तयार गर्ने । |
| सारः<br>प्राविधिक शिक्षा, व्यावसायिक तालिम र सीप विकासका लागि सबल र सक्रिय बजारको विकास हुने छ । | सिकारुका दक्षता वृद्धि र पाठ्यवस्तुको सान्दर्भिकता (Relevance) मा जोड | • औद्योगिक अनुभवसहितका र कार्य सञ्चालन अनुमतिपत्र भएका (Licensed trainers) प्रशिक्षकहरू तयार गर्ने ।<br>• आवश्यकता पहिचान गरी पेसागत मापदण्डमा आधारित पाठ्यक्रमहरू तयार गर्ने ।<br>• व्यावहारिक तालिम (कार्यगत र परियोजनाहरू) को व्यवस्था गर्ने<br>• स्वायत्त परीक्षा र प्रमाणपत्र प्रणालीको विकास गरिने । |
| | दिगो (sustained) लगानी (Funding ) कोष र संयन्त्रहरू | • सरकारी लगानीमा व्यापक अभिवृद्धि गरिने ।<br>• निःशुल्क तीन महिने तालिम को व्यवस्था गरिने ।<br>• दातृ निकायबाट हुने सहयोगको सामूहिक र एकीकृत उपयोग गरिने ।<br>• जिल्ला स्तरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम विकास कोष (Fund) को व्यवस्था गरिने ।<br>• विगतमा छात्रवृत्ति पाएर तालिम प्राप्त गर्नेहरूबाट हुन सक्ने सहयोगका सम्भावनाको खोजी गरिने । |

माथि उल्लिखित २०६४ को नीतिमा थप स्पष्टता ल्याउन र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका निमित्त उद्देश्य र रणनीतिहरूलाई अद्यावधिक गरी कार्यनीतिहरू समेत थप गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको उल्लिखित नीति, २०६४ मा परिमार्जन गर्न आवश्यक देखिएकाले मन्त्रिपरिषद्को मिति २०६६।१०।१३ गतेको निर्णयअनुसार माननीय शिक्षा मन्त्रीज्यूको अध्यक्षतामा गठित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सुझाव समितिले दिएको सुझावअनुरूप विद्यमान प्राविधिक शिक्षा तथा

व्यावसायिक तालिम नीति, २०६४ लाई परिमार्जन गरी यो प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम नीति, २०६९ जारी गरिएको छ ।

### उद्देश्य १

देशको आर्थिक उन्नतिका लागि योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनशील जनशक्ति तयार गर्न र सबैका लागि रोजगारीका अवसर सिर्जना गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरूको व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्ने ।

### नीति

१. १ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूमा व्यापक विस्तार गर्ने

### रणनीति

१.१.१ सबै भौगोलिक क्षेत्र एवम् समुदायको आवश्यकतालाई सम्बोधन गर्ने गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने

१.१.२ विकेन्द्रीकरण, साझेदारी, स्वायत्तता, लचिलोपना र सरल नियमन व्यवस्था र आवश्यकताअनुसार मागको समेत सिर्जना गर्ने गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा व्यापक सहभागिताको वातावरण सिर्जना गर्ने

१.१.३ अनुकूल मापदण्ड लागू गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायकहरूलाई प्राथमिकता प्राप्त क्षेत्रमा कार्य गर्न प्रोत्साहन गर्ने ।

### कार्यनीति

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई अलग-अलग धारका रूपमा विकास गरी सरकारी, गैर सरकारी, सहकारी तथा निजी तालिम प्रदायकहरूमार्फत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरूको विस्तार गर्ने

२. विभिन्न विषय एवम् भौगोलिक क्षेत्रलाई समेट्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालन गर्ने

३. केन्द्रमा आधारित, एप्रेन्टिससिप र घुम्तीलगायतका विभिन्न ढाँचाका व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने

४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत सञ्चालित आङ्गिक शिक्षालय र व्यावसायिक तालिम केन्द्रहरूलाई नमुना तालिम संस्थाका रूपमा विकास गर्ने

५. सामुदायिक विद्यालयहरूमा सञ्चालन गरिएको प्राविधिक शिक्षाको कार्यढाँचामा सुधार गरी यी विद्यालयहरूमार्फत व्यावसायिक तालिम कार्यक्रमहरू समेत सञ्चालन गर्ने

६. श्रम बजारमा प्रवेश गर्ने व्यक्तिहरूलाई व्यावसायिक तालिम प्रदान गर्न सरकारी, गैर सरकारी, सामुदायिक र निजी क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने

**नीति**

१.२ व्यावसायिक तालिममा पहुँचको सुनिश्चिता र समावेशीकरण गर्ने

**रणनीति**

१.२.१ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूमा आर्थिक, सामाजिक एवम् भौगोलिक रूपमा पछाडि परेका नागरिकहरूको पहुँच बढाउन विभिन्न प्रोत्साहन प्याकेजहरू उपलब्ध गराउने

१.२.२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायको समावेशीकरणका लागि विशेष सहुलियतको नीति अवलम्वन गर्ने

**कार्यनीति**

१. विभिन्न क्षेत्र तथा वर्गका नागरिकहरूका आवश्यकता पहिचान गरी सोको सम्बोधन गर्न उपयुक्त कार्यक्रम, सामग्री एवम् सूचना प्रणालीको विकास र विस्तार गर्ने

२. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रममा महिला, दलित, जनजाति, मधेशी, मुस्लिम, अपाङ्ग, विपन्न एवम् सामाजिक तथा भौगोलिक रूपमा पछाडि परेका इच्छुक नागरिकहरूको पहुँच तथा सहभागिता सुनिश्चित गर्नका लागि छात्रवृत्ति, निःशुल्क कोटा, न्यूनतम शुल्क र सहुलियत ऋण जस्ता सुविधाहरू उपलब्ध गराउने

३. दुर्गम ग्रामीण क्षेत्रहरूको आवश्यकताअनुरूप प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम दिने कार्यमा संलग्न संस्था तथा व्यक्तिलाई विशेष प्रोत्साहन गर्ने

**उद्देश्य २**

परम्परागत सीप, क्षमता र योग्यताको पहिचान, संरक्षण, संवर्धन र विकास गर्नुका साथै औपचारिक तथा अनौपचारिक रूपमा सिकेका सीपलाई समेत समेटी राष्ट्रिय र अन्तरराष्ट्रिय रोजगार बजारको मागअनुरूप उपयुक्त, सान्दर्भिक एवम् गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदान गर्ने

**नीति**

२.१ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम तथा व्यावसायिक वृत्ति विकासको प्राज्ञिक मार्गको समायोजन तथा स्तर निर्धारण गर्ने

**रणनीति**

१. राष्ट्रिय प्राविधिक तथा व्यावसायिक योग्यता प्रारूप तयार गर्ने

२. प्राविधिक तथा व्यावसायिक योग्यता प्रणाली लागू गर्न आवश्यक पर्ने कानुनी तथा संस्थागत संरचना, भौतिक पूर्वाधार एवम् मानवीय संसाधन तयार गर्ने

**कार्यनीति**

१. तालिम पूर्व औपचारिक, अनौपचारिक, एप्रेन्टिससिप एवम् परम्परागत ढाँचामा वा यिनीहरूको संयोजनबाट सिकेको सीपलाई सीप परीक्षण पद्धतिअन्तर्गत परीक्षण र प्रमाणीकरण गर्ने

२. प्रशिक्षार्थीहरूलाई राष्ट्रिय प्राविधिक तथा व्यावसायिक योग्यता प्रारूपअन्तर्गत उपल्लो तहमा उक्लने स्पष्ट आधारहरू तयार गरी तालिम तथा अध्ययन मार्फत वृत्ति विकासका अवसरहरू उपलब्ध गराउने

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमबाट सिकेका ज्ञान तथा सीपलाई साधारण शिक्षातर्फ समेत समकक्षताको पाठ्यभारअनुरूप मान्यता दिने व्यवस्था मिलाउने

४. इच्छुक नागरिकहरूलाई तालिम कार्यक्रममार्फत वृत्ति विकासमा टेवा पुग्ने किसिमले निरन्तर सिकाइमा संलग्न हुनका लागि उपयुक्त सूचना र सेवा सञ्चालन गर्ने

५. राष्ट्रिय सीप परीक्षण समितिलाई राष्ट्रिय व्यावसायिक योग्यता परीक्षण प्राधिकरणका रूपमा क्रमश: विकास गर्ने

**नीति**

१.. प्राविधिक शिक्षा एवम् व्यावसायिक तालिमको पाठ्यक्रम कार्यान्वयनमा गुणस्तर र सान्दर्भिकतामा जोड दिँदै सरोकारवालाहरू समेत सम्मिलित संयन्त्रबाट त्यसको स्वतन्त्र मूल्याङ्कन गर्ने

**रणनीति**

१. शिक्षालय स्थापना र सञ्चालनको निमित्त स्पष्ट मापदण्ड र पारदर्शी कार्य प्रक्रिया लागू गर्ने

२. मुख्य प्रशिक्षक, प्रशिक्षक र तालिम सहजकर्ता भई काम गर्ने व्यक्तिहरूको योग्यता निर्धारण गरी प्रशिक्षण अनुमति पत्रको व्यवस्था लागू गर्ने

३. आवश्यकता पहिचान गरी पेसागत मापदण्डमा आधारित लामो तथा छोटो अवधिका शिक्षा एवम् तालिम पाठ्यक्रमहरू तयार गरी बजारको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने

४. उत्पादनको गुणस्तरको सुनिश्चितताका लागि स्वायत्त परीक्षा एवम् मूल्याङ्कन प्रणालीको विकास गर्ने

**कार्यनीति**

१. स्वदेशी तथा वैदेशिक रोजगार बजारको मागलाई सम्बोधन गर्ने गरी राष्ट्रिय प्राविधिक तथा व्यावसायिक योग्यता प्रणालीको प्रारूपभित्र पाठ्यक्रममा नियमित सुधार तथा परिमार्जन गर्ने । श्रमबजारको आवश्यकताका साथै उद्यमशीलता विकासमा समेत लक्षित गरी पाठ्यक्रम विकास तथा परिमार्जन गर्ने

२. पाठ्यक्रमलाई आन्तरिक तथा वैदेशिक रोजगार बजारको मागअनुरूप बनाउनका लागि अनुसन्धान र विकासलाई यसको अभिन्न अङ्गका रूपमा अघि बढाउने

३. सरकारी तथा अर्ध(सरकारी तालिम प्रतिष्ठानहरूमा संलग्न प्रशिक्षकहरूका लागि प्रशिक्षक प्रशिक्षण तालिम तथा प्रशिक्षण अनुमति पत्र अनिवार्य गर्ने

४. सामुदायिक, निजी तथा गैर सरकारी क्षेत्रका व्यावसायिक तालिम प्रदायकहरूमा समेत प्रशिक्षक तालिम र प्रशिक्षण अनुमति पत्र प्राप्त गरेका व्यक्तिहरूलाई संलग्न गराउन प्रोत्साहन गर्दै यस व्यवस्थालाई क्रमशः अनिवार्य गर्ने

५. सरकारी, सामुदायिक, निजी र गैरसरकारी क्षेत्रमा कार्यरत प्रशिक्षकहरूलाई समेत वृत्ति विकास, तालिम र अध्ययन जस्ता क्षमता अभिवृद्धिका अवसरहरू उपलब्ध गराउने

६. कार्यगत अभ्यास आवश्यक पर्ने व्यावसायिक तालिमहरूमा यस किसिमको अभ्यासलाई अनिवार्य गर्दै लग्ने

७. मानव संसाधन एवम् आर्थिक तथा भौतिक सुविधासहितका मापदण्ड पूरा गरेका संस्थाहरूलाई मात्र प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम सञ्चालन गर्न अनुमति प्रदान गर्ने

८. प्राविधिक शिक्षालय तथा तालिम केन्द्रहरूको भौतिक पूर्वाधार, मानव संसाधन शैक्षिक प्रक्रिया स्तर, समावेशीता, विद्यार्थी उपलब्धि तथा समग्र गुणस्तर समेतको राष्ट्रिय मापदण्ड तयार गरी लागू गर्ने

९. स्तरीकरण तथा गुणस्तर एकाइको प्रभावकारी परिचालनमार्फत निर्धारित मापदण्डअनुरूप सञ्चालन भएका शिक्षालय एवम् संस्थाहरूलाई स्तरीकरण (एक्रिडेसन) प्रणालीमा ल्याई सोको आधारमा वर्गीकरण गर्ने र उच्च दक्षता प्रदर्शन गर्ने संस्थाहरूलाई उत्कृष्टताको प्रमाण पत्र प्रदान गर्ने

१०. विदेशमा काम गरेर अनुभव प्राप्त गरेका सीपयुक्त जनशक्तिहरूलाई समेत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकासका निमित्त स्रोत व्यक्तिका रूपमा उपयोग गर्ने

११. आन्तरिक एवम् वैदेशिक श्रमबजारको मागसँग सम्बन्धित तथा प्रचलनमा रहेका पेसाहरूसमेत विचार गरी विभिन्न किसिमका सीपमा आधारित योग्यताका मापदण्डहरू तयार गरी तालिम सञ्चालन गर्ने

१२. सबै किसिमका सीपहरूको परीक्षण गर्न सकिने गरी सीप परीक्षण प्रणालीलाई अद्यावधिक, स्तरीय र वैज्ञानिक बनाइने

१३. आवश्यक भौतिक एवम् शैक्षिक पूर्वाधार विकास गरी सीप परीक्षण प्रणालीलाई देशका विभिन्न भागमा विस्तार गर्ने

१४. रोजगारीका निमित्त सीप परीक्षण प्रमाण पत्र अनिवार्य गर्ने तयारी गर्दै तत्कालका लागि त्यस्तो प्रमाण-पत्र प्राप्त व्यक्तिहरूलाई काम दिन रोजगारदाताहरूलाई प्रोत्साहित गर्ने

१५. वैदेशिक रोजगारीमा जान चाहेका व्यक्तिहरूलाई सीप परीक्षण प्रमाण पत्र प्राप्त गर्न प्रोत्साहन गर्दै पाँच वर्षभित्र यसलाई अनिवार्य गर्दै लगिने

१६. प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको क्षेत्रमा भएका कार्यहरूको समय समयमा स्वतन्त्र मूल्याङ्कन गर्ने र सो प्रयोजनका लागि सरोकारवालाहरू समेत सम्मिलित मूल्याङ्कन समिति गठन गर्ने

**उद्देश्य ३**

प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम प्रदायक निकाय तथा संस्थाहरूलाई समन्वयात्मक रूपबाट अघि बढाई स्रोत र साधनको अधिकतम उपयोग गर्ने

**नीति**

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि नेपाल सरकार र दातृ निकायको संयुक्त लगानीमा कोष स्थापना गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रभावकारी रूपमा सञ्चालन गर्ने

**रणनीति**

१. एकद्वार प्रणालीबाट दिगो लगानीको व्यवस्था गर्ने

२. सरोकारवाला संस्थाहरूको अधिकार र जिम्मेवारी स्पष्ट गरी कार्यमा समन्वय गर्ने

३. श्रमबजार सूचना प्रणाली तथा तालिम व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने

४. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने

**कार्यनीति**

१. शिक्षा मन्त्रीको अध्यक्षतामा राष्ट्रिय योजना आयोग, सम्बन्धित मन्त्रालयहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, स्थानीय निकायका महासङ्घहरू, उद्योग वाणिज्य महासङ्घ, सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरू, निजी क्षेत्रका तालिम प्रदायकहरू र यस क्षेत्रका पेसाविद्हरूसमेतको प्रतिनिधित्व हुने गरी एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कोष गठन गरिने छ र सो कोषको सचिवालय शिक्षा मन्त्रालयमा रहने छ ।

२. उक्त कोषमार्फत कोषसम्बन्धी नीति निर्माण र त्यसको परिचालन तथा यस क्षेत्रमा संलग्न विभिन्न निकायहरूबीच समन्वयका साथै दातृ निकायहरूबाट यस प्रयोजनका लागि प्राप्त रकमको एकद्वार प्रणालीबाट व्यवस्थापन समेतको कार्य गर्ने

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र सभाको कार्यक्षेत्रलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ (संशोधन सहित) ले व्यवस्था गरे अनुरूप व्यापक विस्तार गर्ने र प्रभावकारी बनाउने

४. विभिन्न तालिम प्रदायकहरूबाट दिइने तालिमहरूलाई सम्बन्धित निकायको प्रशासनिक स्वतन्त्रतामा असर नपर्ने गरी परिषद्ले निर्धारण गरेको राष्ट्रिय योग्यताको लचिलो प्रारूपअन्तर्गत रहने व्यवस्था मिलाउने

५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रममा सहयोग गर्न इच्छुक  राष्ट्रिय एवम् अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरूले आफ्नो प्रस्तावमा कोषको सहमति लिएर मात्र काम गर्ने

६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्ने निकायहरूले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट जारी भएको मार्गदर्शन र मापदण्ड पालना गर्नुपर्ने तथा परिषद्बाट त्यसको पालना भए-नभएको निरीक्षण एवम् अनुगमन गर्ने

७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्ने निकायहरूले सञ्चालन गरेका तालिमहरूको गुणस्तर, प्रभावकारिता,  समावेशिता तथा निर्धारित मार्गदर्शन र मापदण्डहरूको अनुसरण भए-नभएको अनुगमन तथा मूल्याङ्कन कार्यढाँचा विकास गरी कार्यान्वयन गर्ने

८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरू र त्यस्ता कार्यक्रम सञ्चालन गर्ने निकायहरूको हरेक वर्ष कम्तीमा एक पटक अनुगमन गर्ने

९. तालिम प्रदायकहरूको अनुगमन तथा मूल्याङ्कन गर्दा उपलब्धि, असर तथा प्रभाव समेतको सूचना सङ्कलन गरी विश्लेषण गर्ने

१०. सबै तालिम  प्रदायक निकायहरू, सरोकारवालाहरू तथा आमसञ्चार माध्यमसँग समेत सहकार्य गरी प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम नीतिको व्यापक प्रचार प्रसार गर्ने

११. बजारको माग तथा तालिम निकायहरूवाट उत्पादन हुने जनशक्तिबीच तादात्म्य ल्याउनका लागि प्रभावकारी श्रमबजार सूचना प्रणाली तथा तालिम  व्यवस्थापन सूचना प्रणालीको विकास गरी सीपयुक्त जनशक्तिको मागको नियमित प्रक्षेपण गर्ने

१२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रलाई थप सुदृढ गर्न गठन गरिने विभिन्न संयन्त्रहरूमा सरोकारवालाहरूको प्रतिनिधित्व गराई उनीहरूबीच समन्वयको व्यवस्था मिलाउने

१३. तालिम प्राप्त व्यक्तिहरूलाई कार्यगत तालिम तथा रोजगारीको अवसर उपलब्ध गराउनका लागि कोषले निजी क्षेत्र एवम् सम्भाव्य रोजगारदाताहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने

१४. स्वरोजगार वा लघु उद्यम स्थापनाका लागि आवश्यक सहुलियत ऋण उपलब्ध गराउन कोषले वित्तीय संस्थाहरूसँग आवश्यक समन्वय गर्ने

१५. इच्छुक तथा लक्षित वर्गका नागरिकहरूलाई सहुलियत दरमा कम्तीमा तीन महिने आधारभूत तहको व्यावसायिक तालिम  प्रदान गर्न यस कोषलाई परिचालन  गर्ने

१६. निजी क्षेत्रमा सञ्चालित तालिम  प्रदायकहरूले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको विकास तथा रोजगार प्रवर्धनमा गरेको योगदानका आधारमा प्रोत्साहन गर्ने

१७. वित्तीय संस्था र तालिम प्रदायक निकायहरूका बीचमा समझदारी विकास गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा अध्ययनका लागि सहुलियत ऋण उपलब्ध गराउने

**अनुसूची १**

## नीति कार्यान्वयनका लागि जिम्मेवार निकायहरू

| कार्यहरू | कार्यान्वयन गर्ने निकायहरू |
|---|---|
| राष्ट्रिय स्तरमा परिभाषा र मापदण्ड तयार गरी नियमावलीमा समावेश गर्ने र स्वीकृत परिभाषा र मापदण्डलाई सरोकारवालासम्म पुऱ्याउने । | शिक्षा मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| हरेक जिल्लामा कम्तीमा एउटा व्यावसायिक तालिम संरचना, हरेक अञ्चलमा एक प्राविधिक शिक्षालय/ बहुमहाविद्यालय स्थापना गर्ने । | अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| हरेक निर्वाचन क्षेत्रमा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम र व्यावसायिक तालिम केन्द्र स्थापना गर्ने । | अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| जीविकोपार्जनका कार्यक्रमहरू तथा व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने । | प्रा.शि.तथा व्या.ता. प., घरेलु तथा साना उद्योग विभाग, सीप विकास तालिम निर्देशनालय र निजी संस्थाहरू । |
| दुर्गम क्षेत्रमा जान निजी क्षेत्रका तालिम प्रदायकहरूलाई विशेष सुविधाको व्यवस्था मिलाइने । | अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| भइरहेका तालिम केन्द्रहरूको क्षमता मूल्याङ्कन गरी आवश्यकताअनुसार क्षमता वृद्धि गर्ने । | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| निजी र गैरसरकारी क्षेत्रका प्राविधिक तथा व्यावसायिक संस्थालाई व्यावसायिक तालिम प्रदान गर्न व्यापक रूपमा परिचालन गर्ने । | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| ेदारीमा औद्योगिक तालिम कार्यक्रम सञ्चालन गर्ने । | प्रा.शि.तथा व्या.ता. परिषद् र नेपाल उद्योग वाणिज्य महासङ्घ |
| ९. तालिम खर्च तथा छात्रवृत्ति नीति र मापदण्ड बनाउने । | शिक्षा मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| . प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कोष स्थापना गरी सञ्चालनमा ल्याउने । | अर्थ, कानुन न्याय,संविधान सभा तथा संसदीय मामिला, शिक्षा मन्त्रालय र राष्ट्रिय योजना आयोग । |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई छुट्टाछुट्टै हेर्ने गरी संरचना परिवर्तन गर्ने । | शिक्षा मन्त्रालय र प्रा.शि.तथा व्या.ता. परिषद् । |

| कार्यहरू | कार्यान्वयन गर्ने निकायहरू |
|---|---|
| राष्ट्रिय व्यावसायिक योग्यता प्राधिकरणको स्थापना गरी हालको राष्ट्रिय सीप परीक्षण समितिले गर्ने सम्पूर्ण कार्य सहित सीप परीक्षण कार्यक्रमलाई गुणस्तरीय रूपमा सञ्चालनमा ल्याउने । | अर्थ, श्रम तथा रोजगार, शिक्षा मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| व्यावसायिक योग्यता प्रणालीको विकास गरी सोका लागि कानुनी आधार सुनिश्चत गर्ने र सीप परीक्षणलाई व्यापक बनाई स्वदेशी तथा वैदेशिक रोजगारीमा जानका लागि सीप परीक्षण प्रमाण-पत्र अनिवार्य आधार बनाउने । | श्रम तथा रोजगार, कानुन,न्याय,संविधान सभा तथा संसदीय मामिला, शिक्षा मन्त्रालय र प्रा.शि.तथा व्या.ता.परिषद् । |
| पाठ्यक्रम, पेसागत सीप मापदण्ड र पाठ्यसामग्री तयार गर्ने । | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| समकक्षता प्रणालीलाई प्रभावकारी र समय सापेक्ष बनाउने । | शिक्षा मन्त्रालय, विश्वविद्यालयहरू र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को परीक्षा प्रणालीलाई राष्ट्रिय परीक्षा प्रणालीसँग समन्वय गर्ने । | शिक्षा मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| प्रशिक्षकहरूको दक्षताको परिक्षण गरी अनुमति पत्रको कानुनी व्यवस्था गर्ने, प्रशिक्षकहरूलाई तालिम दिने । | शिक्षा मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र प्राविधिक प्रशिक्षण प्रतिष्ठान |
| श्रम बजार सूचना प्रणालीको स्थापना र सुदृढीकरण गरी सीपयुक्त जनशक्ति आवश्यकताको हरेक वर्ष प्रक्षेपण गर्ने । | श्रम तथा रोजगार र उद्योग मन्त्रालय |
| तालिम व्यवस्थापन सूचना प्रणालीको स्थापना गरी श्रम वजार सूचना प्रणालीसँग समन्वयात्मक रूपमा कार्य गर्ने । | श्रम तथा रोजगार मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् |
| व्यावसायिक सीपमूलक तालिममा एकरूपता ल्याउन, तालिममा दोहोरोपन हटाउन, तालिमलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन केन्द्र र क्षेत्रहरूमा समन्वय समितिको व्यवस्था गर्ने । | शिक्षा मन्त्रालय, राष्ट्रिय योजना आयोग, श्रम तथा रोजगार मन्त्रालय, साना तथा घरेलु उद्योग विभाग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्र जिल्ला विकास समिति । |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा एकद्वार प्रणालीमार्फत लगानी गर्ने र आवश्यकताअनुसार लचकता अपनाउने । | अर्थ, श्रम तथा रोजगार, उद्योग, शिक्षा, सस्कृति, पर्यटन तथा नागरिक उड्डयन, सङ्घीय मामिला तथा स्थानीय विकास, कृषि विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग र प्रा.शि.तथा व्या.ता.परिषद् |
| विभिन्न गैरसरकारी संस्थाहरूले अन्तराष्ट्रिय स्तरमा प्रस्ताव पेस गरी नेपालमा तालिम कार्यक्रम सञ्चालन गर्न लचकता हुने | अर्थ मन्त्रालय, शिक्षा मन्त्रालय र सम्वन्धित गैर सरकारी संस्था |

# योजनाहरू

## त्रिवर्षीय योजना (२०६७/२०६८-२०६९/२०७०)मा शिक्षासम्बन्धी व्यवस्था

**१. पृष्ठभूमि**

नेपालको अन्तरिम संविधान २०६३ ले नागरिकको माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने आधारभूत अधिकार प्रत्याभूत गरेको छ । प्रत्येक व्यक्तिलाई गुणस्तरीय शिक्षाको अवसर प्रदान गरी मुलुकको आर्थिक एवम् सामाजिक रूपान्तरणमा योगदान गर्न सक्ने; विश्वव्यापीकरणको युगमा अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने र राष्ट्र निर्माणको दायित्वलाई बहन गर्न सक्ने देशभक्त नागरिक तयार गर्न सरकार प्रयासरत रहेको छ । सोही अनुरूप विगतका उपलब्धिहरूलाई सुदृढ गर्दै विविध विधा र तहको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, सहस्राब्दी विकास लक्ष्यलगायत राज्यले राष्ट्रिय एवम् अन्तरराष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिबद्धतालाई पूरा गर्ने, शिक्षालाई जीवनोपयोगी, सान्दर्भिक, एवम् रोजगारमूलक बनाउने र सकारात्मक सामाजिक परिवर्तनको संवाहकका रूपमा विकास गर्नेतर्फ यो योजनाको प्रयास केन्द्रित रहने छ ।

**२. अद्यावधिक स्थिति**

शिक्षा क्षेत्रमा विगतमा भएका नीतिगत, कानुनी, संस्थागत, कार्यक्रमगत र मानवीय विकासका प्रयासहरूले शिक्षा क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि भएको छ । तीनवर्षे अन्तरिम योजनामा ६ वर्षमाथि र १५ वर्षमाथि उमेर समूहको साक्षरता दर क्रमशः ७६ र ६६ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएकोमा उक्त दर क्रमशः ६३.७ र ५५.६ पुगेको छ । पूर्व प्राथमिक तथा प्रारम्भिक बालविकास केन्द्र समेतको सहजै देखिने भर्ना दर ५१ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ६६.२ प्रतिशत पुगेको छ । कक्षा एकमा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाको औसत दर करिव ४९.९ प्रतिशत पुगेको छ । प्राथमिक तह (कक्षा १-५) मा सहजै देखिने भर्नादर र खुद भर्ना दर क्रमशः १०४ र ९६ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा क्रमशः १४१.४ र ९३.७ प्रतिशत पुगेको छ । निम्न माध्यमिक तह (कक्षा ६-८) मा खुद भर्नादर ६३.२ प्रतिशत पुगेको छ । आधारभूत तह (कक्षा १-८) मा लैङ्गिक अनुपात लगभग समदरमा पुगेको छ । खुद भर्नादर आधारभूत तह (कक्षा १-८) मा ८३.२ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) मा २३.९ प्रतिशत पुगेको छ । माध्यमिक तह (कक्षा ९-१०) को सहजै देखिने भर्नादर ६० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ६५.७ पुगेको छ भने खुद भर्नादर ४०.८ प्रतिशत पुगेको छ । उच्च शिक्षामा सहजै देखिने भर्ना दर ७.५ प्रतिशत पुगेको छ । यसै गरी प्राविधिक शिक्षा र व्यावसायिक तालिममा लक्षित समूहको पहुँच बढेको छ र मध्यमस्तरीय जनशक्ति उत्पादनमा सकारात्मक प्रभाव पर्न गएको छ ।

मुलुकका करिब एक तिहाइ विद्यालयको व्यवस्थापनमा समुदायको सक्रिय सहभागिता रहँदै आएको छ । करीब २१ लाख विद्यार्थीले वार्षिक रूपमा छात्रवृत्ति प्राप्त गरिरहेका छन् । प्रति विद्यार्थीमा आधारित लगानी नीतिअनुसार विद्यालयहरूलाई अनुदान प्रदान गरिँदै आएको छ । शिक्षामा लगानीमैत्री वातावरण सिर्जना भएको छ । योजना अवधिमा २६,७७३ विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रहरू

सञ्चालनमा रहेका छन् । पाठ्यक्रमलाई समयानुकूल सुधार गरिँदै छ । मातृभाषामा प्राथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकारको सुनिश्चितताका लागि विभिन्न मातृभाषामा कक्षा ५ सम्मका पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास गरिएका छन् । कक्षा १-५ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनका विविध क्रियाकलापहरू कार्यान्वयनमा ल्याइएका छन् ।

### ३. समस्या तथा चुनौती

सबै विद्यालयहरूमा तोकिएको न्यूनतम मापदण्डअनुसारको पूर्वाधार विकास हुन नसक्नु, बालिका तथा वञ्चितीकरणमा परेका समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाइराख्न नसक्नु, सबैलाई उच्च शिक्षाको समान अवसर पुऱ्याउन नसक्नु, सिकाइ उपलब्धिमा अपेक्षित सुधार हुन नसक्नु, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक व्यवस्थापन, परीक्षा र मूल्याङ्कनलाई समयानुकूल बनाउन नसक्नु, संस्थागत विद्यालयहरूको प्रभावकारी नियमन गर्न नसक्नु, सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिमा रहेको दुरीलाई कम गर्न नसक्नु, शिक्षक व्यवस्थापन प्रभावकारी रूपमा गर्न नसक्नु, शिक्षालाई उत्पादन र रोजगारीमूलक बनाउन नसक्नु, निःशुल्क अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन जस्ता समस्याहरू शिक्षा क्षेत्रमा रहेका छन् । यसै गरी प्रारम्भिक बालविकास केन्द्रको विस्तार र प्रभावकारी सञ्चालन हुन नसक्नु, साक्षरता कार्यक्रमको कमजोर कार्यान्वयन, उच्च शिक्षाको शैक्षिक व्यवस्थापन र नियमन प्रभावकारी हुन नसक्नु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरूमा समावेशी र समन्यायिक पहुँच सुनिश्चित गर्न नसकिनु, राष्ट्रिय स्तरमा सीप परीक्षण गर्ने संयन्त्रको कमी हुनु जस्ता समस्याहरू रहेका छन् ।

सबै तहको शिक्षालाई अपेक्षाकृत समावेशी बनाउने, विद्यालयमा बालमैत्री वातावरणको सिर्जना गर्ने, माध्यमिक तह क्रमिक रूपमा निःशुल्क गर्न दिगो स्रोतको व्यवस्था गर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँच सर्वसाधारणसम्म पुऱ्याउने, सबै तहको शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने, शिक्षासम्बन्धी तथ्याङ्क व्यवस्थापन पद्धतिलाई व्यवस्थित गर्ने, विकेन्द्रीकरणलाई व्यवहारिक रूपमा प्रभावकारी बनाउने, शिक्षक व्यवस्थापन प्रभावकारी बनाउने, उच्च शिक्षाको व्यवस्थापनमा सुधार गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारको मागसँग आबद्ध गर्ने, युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा सक्रिय बनाउने कार्यहरू चुनौतीका रूपमा रहेका छन् ।

### ४. दीर्घकालीन सोच

सम्बृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्न लोकतान्त्रिक समावेशी एवम् समतामूलक गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गरी सचेत, सक्षम र उत्पादनशील नागरिक र राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारको मागअनुसार ग्राह्य हुने मानव स्रोतको सुनिश्चितता गर्नु शिक्षा क्षेत्रको दूरदृष्टि हुने छ ।

### ५. उद्देश्य

१. साक्षरता शिक्षालाई जीवन पद्धतिसँग आबद्ध गरी सीप र कामको अन्तर्सम्बन्ध स्थापित गर्दै सबै नेपाली र विशेष गरी महिला तथा विपन्न समुदायका व्यक्तिहरूलाई साक्षरता र निरन्तर शिक्षाका अवसरहरू उपलब्ध गराउने

२. प्रारम्भिक बालविकास शिक्षाको विकास तथा विस्तार गर्ने

३. सबैलाई निःशुल्क, अनिवार्य र गुणस्तरीय आधारभूत शिक्षा (कक्षा १-८) प्रदान गर्ने र माध्यमिक शिक्षा (९-१२) र उच्च शिक्षामा समन्यायिक एवम् समावेशी पहुँच विस्तार गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने

४. सीपमूलक र रोजगारमूलक शिक्षाको विकास र विस्तार गर्ने

५. उच्च शिक्षालाई ज्ञान केन्द्रित समाज सिर्जना गर्ने तर्फ लक्षित गर्दै राष्ट्रिय उत्पादन र विकाससँग आबद्ध गरी क्षेत्रीय सन्तुलन कायम गर्ने

६. सबै तहको शिक्षालाई गुणस्तरीय, सान्दर्भिक, जीवनोपयोगी एवम् समसामयिक बनाउँदै सकारात्मक सामाजिक परिवर्तनको माध्यमको रूपमा विकसित गर्ने

७. सामुदायिक र संस्थागत विद्यालयबीच साझेदारी र समन्वय कायम गरी सामुदायिक विद्यालयको शैक्षिकस्तर अभिवृद्धि गर्न यी दुवैमा रहेका असल अभ्यासको उपयोग गर्ने

## ६. रणनीति

१. योजना अवधिमा निरक्षरतामा उल्लेख्य रूपले कमी ल्याउने । साक्षरता कार्यक्रमलाई जीवनोपयोगी सीपसँग आबद्ध गरी सञ्चालन गर्ने

२. प्रारम्भिक बालविकास शिक्षालाई विस्तार गर्नुका साथै यसको व्यवस्थापनमा सुधार ल्याउने

३. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई स्पष्ट कार्ययोजनासहित लागू गर्ने

४. विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने

५. शिक्षक व्यवस्थापन तथा शैक्षिक प्रशासनमा रहेका समस्याहरूलाई स्पष्ट कार्ययोजनासहित समाधान गर्ने

६. शिक्षामा संस्थागत विद्यालयको सहभागिता, त्यसको व्यवस्थापन, नियमन, सामाजिक, शैक्षिक दायित्व तथा गुणस्तरीय पक्षका सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गर्ने

७. प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई अलग-अलग धारका रूपमा विकास गरी व्यावसायिक तालिममा अधिकाधिक युवाहरूलाई अवसर प्रदान गर्दै रोजगारोन्मुख बनाउने

८. उच्च शिक्षा नीतिको तर्जुमा गरी यसलाई अनुसन्धान, राष्ट्रिय उत्पादन र विकाससँग आबद्ध गर्ने । विश्वविद्यालय स्थापना र सञ्चालनलाई व्यवस्थित गर्न उच्च शिक्षा ऐन (छाता ऐन) जारी गर्ने

९. सबै तहको शिक्षाको पाठ्यक्रम, पठनपाठन सामग्री तथा विधि र गुण स्तरमा समसामयिक परिवर्तन तथा सुधार गर्ने

१०. स्थानीय निकाय एवम् समुदायलाई विद्यालय, प्राविधिक शिक्षालय, क्याम्पस र विश्वविद्यालय सञ्चालनमा जिम्मेवारीसहित सहभागी बनाउने

११. सबै तहको शिक्षासम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्ने

**७. कार्यनीति**

१. स्थानीय निकाय, गैरसरकारी संस्था तथा नागरिक समाज, विद्यालय, विश्वविद्यालयका विद्यार्थीहरू, धार्मिक सङ्घसंस्थाहरू, सामुदायिक अध्ययन केन्द्र, निजी क्षेत्र तथा राजनीतिक दललाई परिचालन गरी साक्षरता कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिने छ ।

२. साक्षरतासम्बन्धी तथ्याङ्कलाई आधार मानी साक्षरता कार्यक्रमसँग जीवनयापनका लागि उपयोगी हुने व्यावसायिक तालिम तथा सीप विकासलाई आबद्ध गरिने छ । आयआर्जन र सीपविकासका कार्यक्रममा लक्षित समूहलाई विशेष प्राथमिकता दिइने छ ।

३. प्रारम्भिक बालविकास शिक्षामा विपन्न, दलित र सीमान्तकृत समुदायका बालबालिकाको पहुँच विस्तार गरी यस कार्यमा संलग्न सरकारी, सामुदायिक तथा अन्य निकायका कार्यक्रमहरूलाई समन्वयात्मक रूपमा अघि बढाउँदै बालविकास केन्द्रहरूको व्यवस्थापनमा सुधार ल्याउन स्थानीय सरकारलाई क्रियाशील बनाइने छ ।

४. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई स्पष्ट रूपमा परिभाषित गरिने छ र आवश्यक स्रोत साधन विनियोजन गरी स्पष्ट कार्ययोजनासहित लागू गरिने छ ।

५. अङ्ग्रेजी भाषा शिक्षण समेतलाई समावेश गरी भाषिक सर्वेक्षणका आधारमा स्थानीय भाषाका शिक्षकहरूको नियुक्ति र पाठ्यसामग्रीहरूको विकास गर्दै बहुभाषिक शिक्षाका अवसरहरू विस्तार गर्दै लगिने छ ।

६. समष्टिगत विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कक्षा १–१२ को नयाँ शिक्षासम्बन्धी ऐन तर्जुमा गरी लागू गरिने छ ।

७. विद्यालय क्षेत्र सुधार कार्यक्रमअनुरूप माध्यमिक तह (९-१२) को एकीकृत शिक्षा पद्धतिलाई नमुनाका रूपमा सञ्चालन गरिने छ । यसका लागि विद्यालय शिक्षा सञ्चालन तथा व्यवस्थापनमा संलग्न निकाय तथा संस्थाहरूलाई पुनरसंरचित गरी विद्यालय शिक्षाको संस्थागत व्यवस्थापन गरिने छ ।

८. क्रमिक रूपले कक्षा १० सम्मको शिक्षालाई निःशुल्क गरिने छ ।

९. विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउँदै आधारभूत शिक्षा र माध्यमिक शिक्षामा गुणस्तर सुनिश्चित गर्न सामुदायिक विद्यालयको कक्षा १० को परीक्षा परिणामलाई विद्यालयको उपलब्धिको आधार मानिने छ । साथै, कक्षा १० को सिकाइ उपलब्धि समेत मापन गरिने छ ।

१०. विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तहको कार्यक्रमलाई पूर्णरूपले विस्थापित गरिने छ ।

११. विद्यालय शिक्षाअन्तर्गतका कक्षा ११ र १२ मा विज्ञान विषयमा सबै जिल्लाका विद्यार्थीहरूको पहुँच पुग्ने गरी योजना अवधिभरमा कार्यक्रम विस्तार गरिने छ ।

१२. शिक्षामा महिला, आदिबासी/जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति समेतको पहुँच सुनिश्चित गर्न राष्ट्रिय र स्थानीय तहमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ । यस क्रममा विद्यालय पौष्टिक आहार तथा विद्यालय स्वास्थ्य कार्यक्रमको थप सुदृढीकरण गरिने छ ।

१३. आधारभूत तहमा निःशुल्क र अनिवार्य शिक्षाका लागि वैकल्पिक शिक्षाका कार्यक्रमहरूको पहुँचमा विस्तार गरिने छ । विद्यालयतहमा हाल विभिन्न निकायबाट सञ्चालित खुला शिक्षा कार्यक्रमलाई प्रणालीगत रूपमा समन्वयात्मक ढङ्गले कार्यान्वयनमा ल्याइने छ ।

१४. विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै ग्रामीण क्षेत्रमा गुणस्तरीय शिक्षामा पहुँच बढाउने र डिजिटल डिभाइडलाई कम गर्दै लगिने छ ।

१५. माध्यमिक विद्यालय शिक्षक (९-१२) लाई एकीकृत गरी शिक्षकहरूको मिलान सङ्ख्या तय गरिने छर शिक्षक पुनमिलानको नीति तथा कार्यक्रम ल्याइने छ ।

१६. विद्यालय तहलाई इकाइ मानी न्यूनतम शिक्षक दरबन्दी निर्धारण गरी विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक सङ्ख्या यकिन गरिने छ ।

१७. विद्यार्थीको शैक्षिक उपलब्धिका आधारमा शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन प्रक्रिया तय गरिने छर पारदर्शी मापदण्डसहित कार्यसम्पादनलाई पुरस्कार र दण्डसँग आबद्ध गरिने छ ।

१८. विद्यालय शिक्षासम्बन्धी परीक्षा बोर्ड गठन गरी परीक्षा प्रणालीलाई व्यवस्थित गरिने छ ।

१९. जिल्लामा रहेका स्रोत केन्द्रहरूलाई क्रियाशील गराई शिक्षकको पेसागत विकास र समष्टीगत शिक्षाको प्रभावकारी अनुगमन र मूल्याङ्कन पद्धतिको विकास गर्दै शैक्षिक प्रणाली र सेवा प्रवाहलाई सुदृढ गरिने छ ।

२०. विद्यालय व्यवस्थापन समितिलाई समावेशी बनाउनुका साथै क्षमता अभिवृद्धि गरी विद्यालय व्यवस्थापनका लागि जिम्मेवार र प्रभावकारी बनाइने छ ।

२१. शिक्षामा बढ्दै आएको राजनीतिक प्रभाव न्यूनीकरण गर्न निश्चित मापदण्डका आधारमा मात्र समष्टीगत सेवा प्रवाह गर्ने प्रणालीको विकास गरिने छ ।

२२. संस्थागत विद्यालयको सञ्चालनका लागि विद्यमान नीतिगत तथा कानुनी व्यवस्थामा आवश्यक सुधार गरिने छ । यी विद्यालयहरूले गरिब तथा जेहनदार विद्यार्थीहरूलाई प्रदान गर्ने छात्रबृत्तिलाई निजी सरकारी साझेदारीमा व्यवस्थित गर्दै प्रतिभाको खोजी गर्ने माध्यमका रूपमा उपयोग गरिने छ । साथै, छात्रवृत्ति सङ्ख्या वृद्धि गर्न अभिप्रेरित गरी सोको वितरणलाई पारदर्शी गराइने छ ।

२३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका क्षेत्रमा संलग्न संस्थाहरूको आवश्यकता र प्रभावकारिताको अध्ययन गरी संस्थागत वितरण कार्यलाई सुदृढ गरिने छ । यस क्षेत्रमा सरकारी-निजी क्षेत्रको सहकार्य र साझेदारीमा कार्यक्रमहरू सञ्चालन गर्दै कार्य करारका आधारमा लगानी विस्तार गरिने छ ।

२४. व्यावसायिक तालिमका क्षेत्रमा समन्वयात्मक एवम् व्यवस्थित तरिकाले अघि बढ्न उच्चस्तरीय समितिका सुझावहरू एकीकृत रूपमा प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याइने छ । सीप विकासका लागि उपलब्ध सबै स्रोतहरूलाई एकीकृत कोष खडा गरी समन्वयात्मक रूपमा सञ्चालन गरिने छ ।

२५. सीपयुक्त कामदारहरूको सीप परीक्षण (प्रमाणीकरण) गर्ने प्रभावकारी व्यवस्था गरिने छतथा परम्परागत सीपको प्रमाणीकरण गरी माथिल्लो तहको शिक्षाका अवसरहरू सिर्जना गरिने छ ।

२६. प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई छुट्टै धारको रूपमा विकास र विस्तार गर्दै अधिकाधिक युवाहरूलाई तालिमका अवसरहरू प्रदान गरिने छ ।

२७. उच्च शिक्षाको स्पष्ट नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन उच्च शिक्षा ऐन (छाता ऐन) जारी गरिने छर उच्च शिक्षा अनुदान आयोगका कामकारवाहीहरूलाई समयसापेक्ष बनाइने छ । हाल सञ्चालनमा रहेका विश्वविद्यालयको संस्थागत क्षमता, दिगो आर्थिक विकास, सामाजिक दायित्व, गुणस्तर तथा व्यवस्थापकीय पक्षमा सुधार गर्दै नेपाललाई उच्च शिक्षा हासिल गर्ने उपयुक्त थलोका रूपमा विकसित गरिने छ ।

२८. उच्च शिक्षामा पहुँच सुनिश्चित गर्न खुला विश्वविद्यालय स्थापना गरिने छ ।

२९. उच्चशिक्षामा पिछडिएका जनजाती, विशेष योग्यता भएका विद्यार्थी, तथा जेहेन्दार छात्र छात्राहरूको पहुँच वृद्धि गर्न छात्रवृत्ति तथा सहयोग कार्यक्रम सञ्चालन गरिने छ । विद्यार्थी वित्तीय सहयोग जस्ता शैक्षिक कर्जासम्बन्धी विद्यमान् कार्यक्रमको सुधार र विस्तार गरी प्रत्येक क्षेत्र र जिल्लाका विपन्न परिवारका प्रतिभाशाली विद्यार्थीहरूलाई चिकित्साशास्त्र, इन्जिनियरिङ, कृषि, विज्ञान प्रविधि आदि विषयमा निश्चित मापदण्डका आधारमा अध्ययनका लागि सहुलियत ऋण उपलब्ध गराउने नीति लिइने छ ।

३०. उच्च शिक्षालाई रोजगारोन्मुख, सान्दर्भिक तथा प्रतिस्पर्धी बनाउन शैक्षिक गुण स्तरमा सुधारका प्रभावकारी कार्यक्रमहरू ल्याइने छ ।

३१. विद्यालय तहमा शिक्षाको गुणस्तर सुनिश्चित गर्न राष्ट्रिय गुणस्तर मापन र उच्च शिक्षामा गुणस्तर निर्धारण संयन्त्र तयार गरी लागू गर्नुका साथै त्यसको नियमित अनुगमन तथा लेखाजोखा गर्ने व्यवस्था मिलाइने छ ।

३२. सबै तहको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण सिकाइ क्रियाकलापमा पुनरावलोकन गरी समसामयिक परिवर्तन गरिने छ ।

३३. शिक्षा प्रणालीलाई समाजका वास्तविक समस्या र आवश्यकताहरूको सम्बोधन गर्न सक्षम बनाउन मुलुकको सामाजिक आर्थिक प्रणालीसँग आबद्ध गरिने छ ।

३४. गुणस्तरीय पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरूमा विद्यार्थीको पहुँच अभिवृद्धि गर्न शिक्षण संस्था र समुदायमा आधारित पुस्तकालयहरूको विकास तथा विस्तार गरिने छ ।

३५. विद्यालय तहका पाठ्यपुस्तकहरू स्वदेशी लेखक प्रकाशकबाट उत्पादन गर्ने नीति लिई स्वदेशी लेखन तथा प्रकाशनलाई प्रोत्साहन गरिने छ । पाठ्यपुस्तकको अव्यवस्थित लेखन, विषयवस्तुको आधिकारिकता, गुणस्तर, उत्पादन र बिक्रीवितरण कार्यलाई व्यवस्थित गर्न आवश्यक नीति र कार्यक्रम ल्याइने छ ।

३६. सबै तहको परीक्षा प्रणालीमा देखिएका समस्याहरूको निराकरणका लागि प्रभावकारी कार्यक्रम तयार गरी कार्यान्वयन गरिने छ । विद्यालय तह (कक्षा १-१२) को परीक्षालाई व्यवस्थित गर्न माध्यमिक तथा उच्च माध्यमिक परीक्षा बोर्डलाई एकीकृत गरी राष्ट्रिय विद्यालय परीक्षा बोर्ड गठन गरिने छ ।

३७. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न सार्वजनिक-सार्वजनिक साझेदारी, सार्वजनिक-निजी साझेदारीलगायतका कार्यपद्धतिहरूको प्रयोग गरिने छ । स्थानीय तहमा विद्यालय कार्यसञ्जाल शिक्षक सञ्जाल, प्रधानाध्यापक सञ्जाल र व्यवस्थापन समिति सञ्जाल तयार गरी साझेदारी कार्यलाई व्यवस्थित गरिने छ ।

३८. सबै तहको शिक्षा पद्धतिअन्तर्गतका शैक्षिक क्रियाकलापहरूको सञ्चालनमा अनुसन्धान र सूचना तथा सञ्चार प्रविधिको प्रयोगको विस्तार गरिने छ ।

३९. शिक्षाका विभिन्न तह पूरा गरेपछि थप अध्ययनको विषय चयन गर्न तथा रोजगारीको क्षेत्र छनोट गर्न विद्यार्थीलाई आवश्यक परामर्शको व्यवस्थालाई क्रमशः कार्यान्वयनमा ल्याइने छ ।

४०. स्थानीय तहमै युवा रोजगारीका सम्भावना खोज्न, त्यसका लागि लगानीको प्रबन्ध मिलाउन र विद्यालयदेखि उच्च शिक्षासम्मको शैक्षिक व्यवस्थापनको कार्यमा सहजता प्रदान गर्न तत्तत् स्थानको विद्यालय, क्याम्पस, निजी उद्यमी र स्थानीय निकायलाई क्रियाशील एवम् जिम्मेवार बनाइने छ ।

४१. स्थानीय व्यवसायसँग सामन्जस्य कायम गरी उत्पादनमुखी शिक्षा प्रदान गर्न केही स्थानमा नमुना व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

४२. सबैलाई शिक्षामा पहुँच सुनिश्चित गर्न खुला विद्यालय, निरक्षर र विद्यालय छोडेका गृहिणी, किसान, मजदुरका साथै विपन्न समुदायका लागि लक्षित शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिने छ । यसका लागि स्थानीय निकायको तहमा शैक्षिक विकास कोष खडा गरिने छ ।

४३. सबै तहको खण्डीकृत शिक्षासम्बन्धी तथ्याङ्क स्थानीय निकायको तहमा अद्यावधिक गर्दै शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ, प्रभावकारी र कार्यमूलक बनाइने छ ।

**८. परिमाणात्मक लक्ष्य**

| क्र.सं | विवरण | आ. व. ०६६/०६७ को स्थिति | त्रिवर्षीय योजनाको लक्ष्य |
|---|---|---|---|
| १ | प्रौढ साक्षरता दर | ६३.० | ६७.० |
| २ | १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर | ८६.५ | ९०.० |
| ३ | कक्षा एकमा बालविकासको अनुभव सहित भर्ना हुन आउने बालबालिकाको दर | ४९.९ | ५७.० |
| ४ | आधारभूत तह (कक्षा (१-५) खुद भर्ना दर | ९३.७ | ९८.० |
| ५ | आधारभूत तह (कक्षा ६-८) को खुद भर्ना दर | ६३.२ | ७५.० |
| ६ | माध्यमिक तह (कक्षा ९–१०) मा खुद भर्ना दर | ४०.८ | ५०.० |
| ७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर | ८३.२ | ९१.३ |
| ८ | कक्षा ५ सम्म टिकाउ दर | ७७.९ | ८५.५ |
| ९ | कक्षा ८ सम्म टिकाउ दर | ६२.० | ७०.० |
| १० | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर | २३.९ | ३५.० |
| ११ | उच्च शिक्षामा सहजै देखिने भर्नादर | ७.५ | १०.० |

**९. प्रमुख कार्यक्रम**

- **आधारभूत शिक्षा:** विद्यालय शिक्षामा पुनसंरचना, अनिवार्य आधारभूत शिक्षाको विस्तार, गुण स्तरमा सुधार, छात्रबृत्तिलगायतका उत्प्रेरक कार्यक्रमहरू, वहुभाषिक र वहुकक्षा शिक्षा

कार्यक्रम विस्तार, शिक्षक र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि, पाठ्यक्रम, पाठ्यसामग्री र निर्देशिकाहरूको सुधार, निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति सुदृढीकरण, शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार, लैङ्गिक समविकास तथा समावेशीकरण कार्यक्रम, भौतिक पूर्वाधारको निर्माण एवम् सम्भार, शिक्षक व्यवस्थापन, स्थानीय निकायको सहयोगमा शिक्षा विशेष प्याकेज कार्यान्वयन, गुणस्तर सुधारका लागि सार्वजनिक र निजी विद्यालयहरूबीच सहकार्यलगायतका कार्य गरिने छन् ।

- **माध्यमिक शिक्षाः** विद्यालय व्यवस्थापनमा समुदायको सहभागिता तथा स्थानीय स्रोत र साधनको परिचालन, संस्थागत विद्यालयको नियमन, एकीकृत माध्यमिक शिक्षा (कक्षा९-१२) का पूर्वाधारहरूको सुदृढीकरण, व्यवस्थापकीय सुधार, शिक्षामा समतामूलक र समावेशी पहुँच विस्तारका लागि लक्षित समूहका विद्यार्थीलाई छात्रवृत्ति, छात्रावास, आवासीय शिक्षा, अनुदान र निःशुल्क पाठ्यपुस्तक वितरण जस्ता उत्प्रेरक कार्यक्रमहरू सञ्चालन गर्ने, सङ्घीय संरचनाका लागि पूर्वाधार तयार गर्ने, पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक निर्देशिका सुधार, शिक्षक एवम् विद्यालय व्यवस्थापन समितिहरूको क्षमता अभिवृद्धि, सूचना प्रविधि, विज्ञान प्रयोगशालालगायत भौतिक पूर्वाधार विकास, गुणस्तर सुधार, विद्यार्थी मूल्याङ्कन र परीक्षा प्रणाली सुधार, विद्यालयहरूबीच सहकार्य कार्यक्रम तथा सामान्य व्यावहारिक सीप प्रदान गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

- **अनौपचारिक शिक्षाः** वैकल्पिक शैक्षिक कार्यक्रमहरू (खुला शिक्षा तथा दूर सिकाइ, गृहिणी शिक्षा, किसान, मजदूर तथा विपन्न समुदाय लक्षित शैक्षिक कार्यक्रमहरू समेत) सञ्चालन एवम् विस्तार गर्ने, प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने, वैकल्पिक शैक्षिक कार्यक्रम र औपचारिक शिक्षाका कार्यक्रमबीच सहसम्बन्ध स्थापना गर्ने, वैकल्पिक शिक्षा एवम् खुला शिक्षा प्रदायक विद्यालयहरूको क्षमता विकास गर्ने, पछाडि पारिएका समुदाय, दलित, लोपोन्मुख जनजाति, आदिबासी एवम् महिलावर्ग लक्षित "सीप विकासका लागि साक्षरता" कार्यक्रम र नवसाक्षरहरूलाई निरन्तर शिक्षा लगायतका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

- **बालविकास कार्यक्रमः** समुदाय र विद्यालयमा आधारित पूर्वप्राथमिक शिक्षा/बालविकास केन्द्रहरूको संस्थागत विकास, विस्तार, सहजकर्ता र व्यवस्थापन समितिको क्षमता विकास र गुणस्तर सुधार, आर्थिक एवम् सामाजिक रूपमा अति विपन्न वर्गका बालबालिकाहरूको पहुँच विस्तारका लागि लक्षित कार्यहरू जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ ।

- **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमः** प्राविधिक एसएलसी र सोभन्दा माथिल्लो तहमा पहुँच वृद्धिका साथै सीपमूलक रोजगारोन्मुख शिक्षाको विकास र विस्तारका लागि विविध विधाका प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरू, आवश्यकता र औचित्यका आधारमा संस्थाहरूको वितरण, व्यवस्थापन र क्षमता विकास, एकीकृत कोष स्थापना, युवा, महिला, दलित, आदिबासी जनजाति, अपाङ्ग, गरिब, मधेसी, द्वन्द्व प्रभावित, विस्थापित र पछाडि परेका वर्गका समुदायका लागि लक्षित कार्यक्रमहरू, उद्यमशीलता

विकास, एनेक्स विद्यालय सुदृढीकरण, नीतिगत तथा कानुनी ढाँचामा सामयिक सुधार, छात्रवृत्ति कार्यक्रम, मागमा आधारित सीप विकास कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

- **उच्च शिक्षाः** उच्च शिक्षासम्बन्धी कानुनी, नीतिगत र संस्थागत ढाँचाको परिमार्जन तथा विकास, पहुँचमा विस्तारका लागि छात्रवृत्ति, निःशुल्क वृत्ति, विद्यालय अनुदान, विद्यार्थी सहुलियत ऋण, भौतिक पूर्वाधार विकास, उच्च शिक्षा र सामुदायिक विकासबीच सम्बन्ध विस्तार, खुला विश्वविद्यालय स्थापना, संस्कृत शिक्षालगायत उच्चशिक्षाको पाठ्यक्रम र परीक्षा प्रणालीमा समयसापेक्ष विविधीकरण र क्रमिक सुधार, गुणस्तर निर्धारण संयन्त्र विकास, नियमन, अनुगमन तथा मूल्याकङ्न प्रणालीको सुदृढीकरण, अनुसन्धानमूलक कार्यहरू सञ्चालन गरिने छन् ।

- **शैक्षिक व्यवस्थापनः** शैक्षिक सेवा प्रवाहलाई चुस्त, समयसापेक्ष, नतिजामूलक र प्रभावकारी बनाउनका लागि शैक्षिक व्यवस्थापनको सुदृढीकरण, विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन, शैक्षिक विकेन्द्रीकरणमा आधारित योजना निर्माण, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणाली र सूचना प्रणालीको सुदृढीकरण, सम्बन्धित नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत ढाँचामा सुधार, व्यवस्थापन समितिहरू तथा जनशक्तिको क्षमता विकास, सेवा प्रवाहका लागि निर्देशिका एवम् मापदण्डहरूको विकास, संस्थागत विद्यालयको नियमन संयन्त्र विकास, सार्वजनिक पुस्तकालयको सुदृढीकरण, सूचना तथा सञ्चार प्रविधिको कार्ययोजना र कार्यान्वयनलगायतका विविध कार्यक्रमहरू गरिने छन् ।

**१०. कार्यान्वयन व्यवस्था**

कार्यान्वयनलाई प्रभावकारी बनाउन शिक्षा ऐनमा संशोधन, उच्च शिक्षासम्बन्धी छाता ऐन, उच्च शिक्षासम्बन्धी नीति तर्जुमा, निजीक्षेत्र नियमनका लागि नीतिगत व्यवस्था र छात्रवृत्ति प्रणालीलाई सुदृढ गर्नका लागि व्यवस्थित नीतिको तर्जुमा लगायतका कार्यहरू गरिने छन् । शिक्षा क्षेत्रको संरचनागत तथा कार्यमूलक समायोजन हुने र विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने गरी हालको संरचनामा सुधार गरिने छ । शिक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूको अध्ययन गरी मुलुकको सङ्घीय संरचनाअनुकूल हुने गरी पुनसंरचना गरिने छ । निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षालाई कार्यान्वयनमा ल्याउन स्थानीय स्तरमा आवश्यक संयन्त्र बनाइने छ । विद्यालयमा लेखा परीक्षण, सामाजिक परीक्षण, कार्यसम्पादन परीक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन स्रोतकेन्द्र र जिल्ला शिक्षा कार्यालयमा आवश्यक संयन्त्र स्थापना र परिचालन गरिने छ । स्रोतकेन्द्रलाई शिक्षण-सिकाइ क्रियाकलापमा सुधार ल्याउन, विद्यालयमा आधारित शिक्षक तालिम प्रदान गर्न र अनुगमन तथा सुपरिवेक्षणका कार्यमा सक्रिय बनाइने छ । साथै, शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई अझ प्रभावकारी बनाइने छ । गुणस्तरीय शिक्षाका लागि न्यूनतम सिकाइका आधारहरू निर्धारण गरी विद्यार्थीको नतिजासँग शिक्षकको कार्यसम्पादनलाई आबद्धगरी कार्यान्वयनमा ल्याइने छ ।

**११. अनुगमन तथा मूल्याङ्कन**

विद्यालय निरीक्षक, स्रोतव्यक्ति र समूह अनुगमनको कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइने छ । प्रत्येक स्रोतकेन्द्र, जिल्ला र क्षेत्रीय शिक्षा निर्देशनालयमा अनुगमनकर्ताहरूको सूची तयार गरी विद्यालयहरूमा नियमित अनुगमन गरिने छ । नियमित अनुगमनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक सङ्घ तथा स्थानीय समुदायलाई सक्रिय बनाउँदै विद्यालयमा आधारित अनुगमन प्रणालीको विकास र कार्यान्वयन गरिने छर यस प्रयोजनका लागि विद्यालय निरीक्षकहरूको भूमिकालाई प्रभावकारी बनाइने छ । स्रोतकेन्द्र रहेका विद्यालयहरूलाई अगुवा विद्यालयको रूपमा विकास गरी त्यस्ता विद्यालय र प्राधानाध्यापकलाई सहयोगी विद्यालयको अनुगमन र सुपरिवेक्षणमा परिचालन गर्ने गरी कार्य सञ्जालको विकास गरिने छ । सबै तहमा शिक्षा व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरणका साथै विश्वविद्यालयहरू तथा प्राविधिक शिक्षा र व्यावसायिक तालिमका कार्यक्रमहरूको नतिजामा आधारित अनुगमन योजना तयार गरी कार्यान्वयन गरिने छ ।

**१२. अपेक्षित उपलब्धि**

१. विद्यालयको वातावरण बालमैत्री भएको हुने छ ।

२. स्थानीय निकायसँग शिक्षामा साझेदारी गर्ने कार्यको थालनी हुने छ ।

३. विद्यालयदेखि उच्च शिक्षासम्म खुला शिक्षा कार्यक्रमको संस्थागत व्यवस्था हुने छ ।

४. उच्च शिक्षाको स्पष्ट नीति र छाता ऐन आइसकेको हुने छ ।

५. विश्वविद्यालयको साधारणतर्फको प्रवीणता प्रमाणपत्र तहको शिक्षा विद्यालयतहमा समायोजन भएको हुने छ ।

६. सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा (एसएलसी) उत्तीर्ण हुनेको प्रतिशत बढेको हुने छ ।

७. विद्यालय शिक्षा कक्षा १० को सिकाइ उपलब्धि परीक्षण गरिएको हुने छ ।

# विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२)

# School Sector Reform Plan (SSRP)

## परिचय

- विद्यालय क्षेत्र सुधार (विक्षेसु) योजना गुणस्तरीय शिक्षामा विद्यार्थीहरूको समतामूलक पहुँच सुनिश्चित गर्न विद्यालय शिक्षामा संरचनागत तथा कार्यमूलक परिवर्तनसहित जवाफदेही तथा कार्यदक्षता वृद्धि गर्ने उद्देश्यले तयार गरिएको सातवर्षे (२०६६-२०७२) मध्यकालीन योजना हो ।
- यो योजना सबैका लागि शिक्षा कार्यक्रमलगायत शिक्षा क्षेत्रमा सञ्चालन गरिएका अन्य कार्यक्रम तथा आयोजनाहरूबाट नेपालले हासिल गरेका महत्त्वपूर्ण अनुभवका आधारमा तयार पारिएको छ ।
- विक्षेसु योजनाको कार्यान्वयनबाट शिक्षा मन्त्रालयले पाँचदेखि नौवर्ष उमेर समूहका विद्यालय शिक्षाको पहुँचभन्दा बाहिर रहेका करिब ८ प्रतिशत बालबालिकाहरूलाई विद्यालय शिक्षाको पहुँचभित्र ल्याउने र आधारभूत तथा माध्यमिक शिक्षामा समतामूलक पहुँच विस्तार गर्ने उद्देश्य राखेको छ । त्यसै गरी विद्यालय पूरा गर्ने दरमा सुधारका लागि विद्यालय छाड्ने र कक्षा दोहोर्‍याउने उच्च दरलाई घटाउन विविध सुधारात्मक प्रयासहरूको आवश्यकता पहिचान गरिएको छ ।
- यस योजनाले शिक्षामा सेवा प्रवाहको प्रभावकारिता र कार्यदक्षतामा सुधार ल्याएर सबैका लागि शिक्षाको डकार कार्ययोजना र संयुक्त राष्ट्र सङ्घीय सहस्राब्दी विकास लक्ष्यले निर्दिष्ट गरेको कार्यढाँचाअनुरूप विद्यार्थीहरूको सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार गर्ने लक्ष्य राखेको छ ।

## विद्यालय क्षेत्र सुधार योजनाको दूरदृष्टि

विद्यालय क्षेत्र सुधार कार्यक्रमले सन् २०१५ सम्मका लागि निम्नानुसार दूरदृष्टि तय गरेको छ :

**(क) बालबालिका ⁄ विद्यार्थी**

- विद्यार्थीले सिक्नमा आनन्द लिन्छ र विद्यालय तथा समाजमा आफूमा अन्तर्निहित पूर्ण सम्भावनाको प्रयोग गरी उच्च आत्मसम्मानका साथ सिर्जनात्मक कामहरूमा संलग्न हुन्छ ।
- विद्यार्थीले स्थानीय तथा बृहत्तरस्तरमा जैविक, सांस्कृतिक र भाषिक विविधिताको मह□व बुझ्दछ र कला तथा संस्कृतिको जगेर्नाका लागि योगदान पुर्‍याउँछ ।
- विद्यार्थीले श्रमको सम्मान तथा काम र पेसाको कदर गर्दछ ।
- विद्यार्थीसँग आजको विश्वव्यापी प्रतिस्पर्धी समाजमा स्वतन्त्रतापूर्वक बाँच्नका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिलगायत जीवनोपयोगी सीप विकास हुन्छ ।
- विद्यार्थीले राजनीतिक, आर्थिक र सामाजिक असमानताका बारेमा सुझबुझको विकास गर्दछ र प्रजातन्त्र तथा मानवअधिकारका पक्षमा आफूलाई उभ्याउँछ ।

(ख) **शिक्षक**

- शिक्षकले विद्यार्थीलाई सिक्न आनन्द मान्ने वातावरण बनाउँछ र उनीहरूका सम्पूर्ण सम्भावनाहरूलाई उपयोग गर्दै सिर्जनात्मक क्रियाकलापहरूमा संलग्न गराउँछ ।
- शिक्षकमा सिकाइप्रति जिज्ञासा हुन्छ र आफ्नो ज्ञान तथा सीपलाई अद्यावधिक बनाउँछ ।
- शिक्षकले विद्यार्थीको सिकाइको सुनिश्चितताका लागि सिर्जनात्मक र जीवन्त तरिकाले सिकाउँछ ।
- शिक्षक व्यावहारिक रूपान्तरणका लागि विद्यार्थीका अगाडि एक आदर्श व्यक्तिका रूपमा प्रस्तुत हुन्छ ।
- शिक्षक विद्यालयमा नियमित रूपमा उपस्थित भएर आफ्ना कक्षाहरूमा ठीक समयमा जान्छ ।
- शिक्षकले बालबालिकाको आत्मसम्मान, परिचय र व्यक्तिगतपनालाई सम्मान गर्दछ, शारीरिक सजायलाई अस्वीकार गर्दछ ।

(ग) **विद्यालय**

- विद्यालय ज्ञान र विशिष्टताको केन्द्र बन्दछ र समुदायलाई सिक्ने र अन्तक्रिया गर्ने मञ्च उपलब्ध गराउँछ ।
- विद्यालयको वातावरण बालबालिकाहरूका लागि सहज र समावेशी हुन्छ र यसले बाल अधिकारको सम्मान गर्दछ ।
- विद्यालयले सिकाइका लागि उपयुक्त वातावरण तयार गरी विद्यालय व्यवस्थापन र शिक्षकलाई बालबालिकाको सिकाइ सुनिश्चितताका निम्ति उत्तरदायी बनाउँछ ।
- विद्यालयको आफ्नो योजना हुन्छ र यसले राष्ट्रिय लक्ष्यअनुसार आफ्नो शैक्षिक लक्ष्य प्राप्त गर्दछ ।
- विद्यालय पारदर्शी हुन्छ र यसले सरोकारवालाहरूसँग सूचनाको आदानप्रदान गर्दछ ।

## विद्यालय क्षेत्र सुधार योजनाका उद्देश्यहरू

- विद्यालय क्षेत्र सुधार योजनामा मुख्य उद्देश्यहरू निम्नानुसार छन् :
- ५–१३ वर्ष उमेरसमूहका सबै बालबालिकाहरूलाई गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु
- चारवर्ष उमेर समूहका बालबालिकाहरूको सम्पूर्णतामा विकास गरी आधारभूत शिक्षाका लागि तयारी गर्न गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकासको पहुँच सुनिश्चित गर्नु
- युवा तथा प्रौढहरूका लागि कार्यमूलक साक्षरता र सक्षमता वृद्धि गर्नु
- माध्यमिक शिक्षाको पहुँच, समता, गुणस्तर र सान्दर्भिकतामा सुधार गर्नु
- माध्यमिक तहका विद्यार्थीहरूलाई प्राविधिक र व्यावसायिक शिक्षाको आधारभूत सीपमा पहुँच बढाउनु
- मन्त्रालयको सेवा प्रवाहको कार्यक्षमता सुधार गरी यससम्बन्धी कार्यक्रमहरूको कार्यान्वयनका लागि क्षमता विकास गर्नु
- विद्यार्थीहरूको सिकाइमा सहयोग पुऱ्याउन शिक्षकहरूको योग्यता र पेसागत सक्षमता बढाउनु

- शिक्षाको सुधारका लागि कार्यान्वयनमा ल्याइएका प्रयासहरूको लगानी, प्रक्रिया र उपलब्धिको अनुगमन गर्नु
- विद्यालय क्षेत्र सुधार योजनाका लागि उपलब्ध सहयोगको कार्यदक्षता र प्रभावकारितामा सुधार ल्याउनु

## विद्यालय क्षेत्र सुधार योजनामा मुख्य सुधारका कार्यक्रमहरू

शिक्षा प्रणालीमा संरचनागत र कार्यमूलक एकीकरण तथा आन्तरिक कार्यदक्षतामा सुधार गरी शिक्षामा गुणस्तर र उच्च दक्षता सुनिश्चित गर्नका लागि समावेश गरिएका मुख्य मुख्य विषय क्षेत्रहरू निम्नानुसार रहेका छन् :

(क) **विद्यालय शिक्षाको संरचना** : कक्षा १–१२ को एकीकृत विद्यालय शिक्षा प्रणालीअन्तर्गत कक्षा १–८ को आधारभूत शिक्षा र कक्षा ९–१२ को माध्यमिक शिक्षा गरी दुई तहमा सञ्चालन हुने छ । यस योजनाले वैकल्पिक धारको शिक्षाको समेत विकास गरी पहुँच विस्तार गर्ने कार्यक्रम राखेको छ ।

(ख) **सुशासन र व्यवस्थापन** : यस योजनाले विद्यालय रहेको समुदाय र स्थानीय निकायको सशक्तीकरणमार्फत् स्थानीय शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक क्षमता विकास गर्ने कार्यक्रम राखेको छ ।

(ग) **पहुँच र गुणस्तर** : आधारभूत शिक्षामा अधिकारपूर्ण पहुँच बढाउन योजनाले आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य बनाउने दृष्टिकोण राखेको छ । यसका अतिरिक्त राष्ट्रिय स्तरमा तय भएका आधार र मापदण्डअनुसार गुणस्तर सुनिश्चितताका लागि सिकाइअनुकूल वातावरण निर्माण, पाठ्यक्रम र पाठ्यपुस्तकमा सुधार, विद्यार्थीकेन्द्रित सिकाइ पद्धतिको विकास, शिक्षक र प्रधानाध्यापकको व्यवस्थापन सुधार र विकास जस्ता कार्यक्रमहरूलाई विशेष स्थान दिइने छ ।

(घ) **लैङ्गिक समता र समावेशीकरण** : विद्यालय क्षेत्र सुधार योजनाको एउटा मुख्य प्रयास विद्यालयलाई सिकारुमैत्री बनाउनु हो । सिकारुका विविध सिकाइ आवश्यकता सम्बोधन गर्न र सबै विद्यालयमा सिकारुमैत्री सिकाइ वातावरणको सुनिश्चितताका लागि आधार र मापदण्डहरू तय गरिएका छन् ।

(ङ) **अनुगमन र मूल्याङ्कन** : यस योजनामा उद्देश्य र लक्ष्यअनुसार प्रगति भए नभएको हेर्ने सन्दर्भमा अनुगमन र मूल्याङ्कनलाई अभिन्न अङ्गका रूपमा समावेश गरिएको छ ।

(च) **क्षमता विकास** : यस योजनामा क्षमता विकासलाई महत्त्वपूर्ण अवयवका रूपमा लिइएको छ । यसअन्तर्गत विद्यालय तहको क्षमता विकासमा केन्द्रित गरी अन्य सम्पूर्ण तह र निकायका क्षमता विकास गर्न प्रस्ताव गरेको छ ।

(छ) **संस्थागत व्यवस्थापन** : विद्यमान शैक्षिक व्यवस्थापन प्रणालीका अतिरिक्त यस योजनाले सुधार कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग पुऱ्याउन केही नयाँ सङ्गठनहरू पनि स्थापना गर्ने प्रस्ताव गरेको छ । ती सङ्गठनहरू निम्नअनुसार छन् :

- नीतिगत समायोजन र समन्वयका लागि शिक्षा नीति निर्धारण समिति

- शिक्षा मन्त्रालय प्रणालीमा प्राविधिक कामहरूको समन्वय, एकीकरणका लागि प्राविधिक बोर्ड
- विद्यालय तहको परीक्षा कार्यहरूको एकीकरण, प्रमाणीकरण र स्तराङ्कनका लागि राष्ट्रिय परीक्षा बोर्ड र
- राष्ट्रिय आधारहरू र मापदण्डअनुसार प्रणालीगत परीक्षणका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ERO)

(ज) **वित्तीय व्यवस्थापनः** यस योजनाले केन्द्रीय र स्थानीय निकाय/सरकार र विद्यालय रहेको समुदायबीच वित्तीय साझेदारीमार्फत् शिक्षामा आवश्यक बजेटको सुनिश्चित गर्ने लक्ष्य लिएको छ । विगतको अनुभवलाई उपयोग गर्दै यस योजनाको कार्यान्वयनमा संयुक्त वित्तीय व्यवस्था (Joint Financing Arrangement - JFA) ले स्रोतको परिचालन, साझेदारी, समन्वय, उत्तरदायित्वको आधार तयार गर्नुका साथै प्राविधिक सहयोग व्यवस्थापनका लागि स्वरूप तय गर्ने छ । विद्यालयमा न्यूनतम स्रोत प्राप्तिका लागि प्रति विद्यार्थी लागतलाई समेत आधार मानी स्रोत उपलब्ध गराउने विश्वसनीय आधारहरू प्रयोगमा ल्याइने छन् । पाँच वर्षको (आ. व. २०६६/०६७ देखि २०७०/०७१ सम्म) विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयन लागि बजेट अनुमान २ अर्ब ६२ करोड ६० लाख अमेरिकी डलर (२६२६ मिलियन यु.एस्.डलर) गरिएको थियो । अनुमानित बजेटमध्ये करिब ७७ प्रतिशत ( २००२ मिलियन यु.एस्.डलर) नेपाल सरकारको आन्तरिक स्रोतबाट र बाँकी करिब २३ प्रतिशत ( ६२४ मिलियन यु.एस्.डलर) वैदेशिक सहायताबाट प्राप्त हुने अनुमान गरिएको छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रमका लागि विभिन्न दातृनिकायबाट प्राप्त हुने अनुमानित सहयोग ६२४ मिलियन यु.एस्.डी मध्ये हालसम्मको प्रतिबद्धताको विवरण निम्नअनुसार छ :

| **दातृनिकाय** | **अनुदान** (मिलियन यु.एस्.डलर) | **ऋण** (मिलियन यु.एस्.डलर) | **जम्मा** (मिलियन यु.एस्.डलत्र |
|---|---|---|---|
| एसियाली विकास बैङ्क | १३५ | २५ | १६० |
| अस्ट्रेलिया | १९ | – | १९ |
| डेनमार्क | ५८ | – | ५८ |
| बेलायत | १६ | – | १६ |
| युरोपियन युनियन | १६ | – | १६ |
| फिनल्यान्ड | २० | – | २० |
| नर्वे | ३६ | – | ३६ |
| युनिसेफ | १.५ | – | १.५ |
| विश्व बैङ्क | ५८.५ | ७१.५ | १३० |
| एफ.टी.आई | १२० | – | १२० |
| **जम्मा** | ४८० | ९६.५ | ५७६.५ |

## विद्यालय क्षेत्र सुधार योजनाको कार्यान्वयन प्रक्रिया

आ.ब. २०६६/६७ देखि कार्यान्वयनमा आएको यस योजनाले पहिलो ३ वर्षका लागि आफ्नो ध्यान आधारभूत शिक्षाको एकीकरण र संस्थापनमा केन्द्रित गरेर २०६९/७० देखि चरणबद्धरूपमा कक्षा ९–१२ को पुनर्संरचना गरिएको एकीकृत माध्यमिक शिक्षा कार्यान्वयन गर्न आवश्यक तयारी गर्दै छ ।

विद्यालय क्षेत्र सुधार योजनाको कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी शिक्षा विभागको रहेको छ । शिक्षा विभागले जिल्ला शिक्षा कार्यालय मार्फत कार्यक्रम योजना कार्यान्वयन गर्दछ भने क्षेत्रीय शिक्षा

निर्देशनालयहरूले कार्यक्रम सञ्चालनको अनुगमन र समन्वय गर्दछन् । स्रोत केन्द्रहरूले यस योजनाअनुसार शिक्षणसिकाइमा सुधारका लागि विद्यालय तथा शिक्षकलाई सहयोग पुऱ्याउँदछन् । पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र परिमार्जनको कार्य पाठ्यक्रम विकास केन्द्रले गर्दछ भने शिक्षक तथा कर्मचारीको पेसागत विकाससम्बन्धी कार्य शैक्षिक जनशक्ति विकास केन्द्रले गर्दछ । अनौपचारिक शिक्षा र साक्षरतासम्बन्धी कार्यको सञ्चालनका लागि अनौपचारिक शिक्षा केन्द्र रहेको छ । शैक्षिक परीक्षणका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ERO) स्थापना गरिएको छ भने विद्यालय तहका बाह्य परीक्षा सञ्चालन र प्रमाणिकरणका लागि राष्ट्रिय परीक्षा बोर्डको गठन गर्ने व्यवस्था रहेको छ ।

## विद्यालय क्षेत्र सुधार कार्यक्रमका प्रमुख सूचकहरू

विद्यालय क्षेत्र सुधार कार्यक्रमका प्रमुख सूचकहरूको आधार वर्षको स्थिति, सन् २०१५/०१६ को लक्ष्य र निम्नअनुसार छ :

| सूचकहरू | एकाइ | आधार वर्ष | | लक्ष्यहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २००७/०८ | २००८/०९ | २००९/१० | २०१०/११ | २०११/१२ | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | २०१५/१६ |
| **१. शिक्षामा बजेटको अंश** | | | | | | | | | | |
| कुल राष्ट्रिय उत्पादन | % | २.० | २.१ | २.१ | २.२ | २.३ | २.३ | २.४ | २.५ | २.५ |
| कुल गार्हस्थ्य उत्पादन | % | ३.५ | ३.६ | ३.६ | ३.७ | ३.७ | ३.८ | ३.८ | ३.९ | ४.० |
| **२. शिक्षाका बिभिन्न तहको बजेट अंश** | | | | | | | | | | |
| आधारभूत शिक्षा | % | ७० | ७१ | ७१ | ७२ | ७३ | ७४ | ७४ | ७५ | ७६ |
| माध्यमिक शिक्षा | % | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ | ९ |
| **३. कक्षा १ मा भर्ना** | | | | | | | | | | |
| प्रारम्भिक बाल विकास तथा शिक्षाबाट नयाँ भर्ना भएका | % | ३३ | ३६ | ४१ | ४५ | ५१ | ५७ | ६४ | ७१ | ८० |
| खुद प्रवेश दर | % | १४१ | १४८ | १४४ | १४० | १३७ | १३३ | १३० | १२७ | १२३ |
| सहजै देखिने प्रवेश दर | % | ७८ | ८१ | ८३ | ८६ | ८८ | ९१ | ९४ | ९७ | १०० |
| **४. सहजै देखिने भर्ना दर** | | | | | | | | | | |
| प्रारम्भिक बाल विकास तथा शिक्षा | % | ६० | ६३ | ६७ | ७२ | ७७ | ८२ | ८७ | ९३ | ९९ |
| आधारभूत शिक्षा (१-८) | % | ११६ | १२३ | १२५ | १२८ | १३० | १३२ | १३२ | १३१ | १३१ |
| माध्यमिक शिक्षा | % | ३६ | ४० | ४३ | ४७ | ५२ | ५८ | ६६ | ७५ | ८३ |
| **५. खुद भर्ना दर** | | | | | | | | | | |
| प्राथमिक शिक्षा | % | ८९ | ९२ | ९४ | ९६ | ९७ | ९८ | ९९ | ९९ | १०० |
| आधारभूत शिक्षा | % | ७१ | ७३ | ७५ | ७७ | ८० | ८२ | ८५ | ८७ | ९० |
| माध्यमिक शिक्षा | % | २० | २१ | २२ | २३ | २४ | २६ | २७ | २९ | ३१ |
| **६. आवश्यक योग्यता तथा तालिम प्राप्त शिक्षक** | | | | | | | | | | |
| आधारभूत | % | ६२ | ६६ | ७० | ७४ | ७९ | ८३ | ८८ | ९४ | १०० |

| सूचकहरू | एकाइ | आधार वर्ष | | लक्ष्यहरू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २००७/०८ | २००८/०९ | २००९/१० | २०१०/११ | २०११/१२ | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | २०१५/१६ |
| शिक्षा | | | | | | | | | | |
| माध्यमिक शिक्षा | % | ७४ | ७७ | ८० | ८३ | ८६ | ८९ | ९३ | ९६ | १०० |
| **७. प्रमाणीकरण तालिम प्राप्त शिक्षक** | | | | | | | | | | |
| आधारभूत शिक्षा | % | ९० | ९१ | ९२ | ९४ | ९५ | ९६ | ९७ | ९९ | १०० |
| माध्यमिक शिक्षा | % | ९० | ९१ | ९२ | ९४ | ९५ | ९६ | ९७ | ९९ | १०० |
| **८. विद्यार्थी शिक्षक अनुपात** | | | | | | | | | | |
| आधारभूत शिक्षा | अनुपात | ४४ | ४३ | ४१ | ४० | ३९ | ३८ | ३७ | ३६ | ३४ |
| माध्यमिक शिक्षा | अनुपात | ४२ | ३९ | ३७ | ३४ | ३२ | ३० | २८ | २६ | २५ |
| **९ कक्षा दोहोऱ्याउने दर** | | | | | | | | | | |
| कक्षा १ | % | २८ | १८ | १२ | ८ | ५ | ३ | २ | १ | १ |
| कक्षा ८ | % | १३ | ११ | ९ | ७ | ६ | ५ | ४ | ३ | २ |
| **१०. कोहर्ट विधिअनुसार टिकाउ दर** | | | | | | | | | | |
| कक्षा ५ | % | ५४ | ५८ | ६१ | ६५ | ७० | ७४ | ७९ | ८४ | ९० |
| कक्षा ८ | % | ३७ | ४१ | ४५ | ४९ | ५४ | ६० | ६६ | ७३ | ८० |
| **११. सक्षमताको गुणाङ्क** | | | | | | | | | | |
| आधारभूत शिक्षा | अनुपात | ०.४६ | ०.४९ | ०.५२ | ०.५५ | ०.५९ | ०.६२ | ०.६६ | ०.७१ | ०.७५ |
| माध्यमिक शिक्षा | अनुपात | ०.३० | ०.३३ | ०.३६ | ०.३९ | ०.४२ | ०.४६ | ०.५० | ०.५५ | ०.६० |
| **१२.सिकाइ उपलब्धि** | | कक्षा ५ र ८ का मुख्य विषयमा विद्यार्थीहरूको औसत प्राप्ताङ्क | | | | | | | | |
| कक्षा ५ | % | ५० | ५३ | ५६ | ६० | ६३ | ६७ | ७१ | ७५ | ८० |
| कक्षा ८ | % | ४४ | ४६ | ४८ | ४९ | ५१ | ५४ | ५६ | ५८ | ६० |
| **१३. उत्तीर्ण दर** | | एसएलसी र उच्च मा.शि. को राष्ट्रिय परीक्षामा उत्तीर्ण विद्यार्थी प्रतिशत | | | | | | | | |
| एसएलसी | % | ६० | ६२ | ६४ | ६५ | ६७ | ६९ | ७१ | ७३ | ७५ |
| उच्च माध्यमिक विद्यालय | % | २३ | २५ | २८ | ३१ | ३४ | ३७ | ४१ | ४५ | ५० |
| **१४.साक्षरता दर** | | साक्षरता प्रतिशत | | | | | | | | |
| उमेर समूह १५-२४ | % | ७३ | ७५ | ७८ | ८० | ८३ | ८६ | ८९ | ९२ | ९५ |
| उमेर समूह ६ वर्ष | % | ६३ | ६९ | ७६ | ७८ | ८० | ८३ | ८५ | ८८ | ९० |
| उमेर समूह १५+ वर्ष | % | ५२ | ५६ | ६० | ६२ | ६४ | ६७ | ७० | ७२ | ७५ |
| **१५ साक्षरता लैङ्गिक समता सूचकाङ्क १५+** | अनुपात | ०.६१ | ०.७४ | ०.९० | ०.९२ | ०.९३ | ०.९५ | ०.९६ | ०.९८ | १.०० |

# निर्देशिकाहरू

## विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिका, २०६९

नेपालको अन्तरिम संविधान २०६३ ले शिक्षालाई मौलिक हकको रूपमा व्यवस्था गरेको सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०६३ ले राखेको उद्देश्य पूरा गर्न र सूचना प्रविधिलाई सबै जनतासम्म पुऱ्याउन विद्यालयहरूलाई इन्टरनेट सञ्जालमा जोड्न तथा विद्यालय क्षेत्र सुधार योजना, २००९-२०१५ ले अगाडि सारेको नीतिअनुरूप सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दूरी घटाउन एवम् विश्व ज्ञानभण्डारमा विद्यार्थीको पहुँच विस्तार गरीउनीहरूको सिकाइको दायरा फराकिलो पार्न वाञ्छनीय भएकोले शिक्षा नियमावली, २०५९ को नियम १९२ ले दिएको अधिकार प्रयोग गरी शिक्षा मन्त्रालयबाट यो निर्देशिका जारी गरिएको छ ।

**१.सङ्क्षिप्त नाम र प्रारम्भ**

१.१ यस निर्देशिकाको नाम “विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिका, २०६९” रहेको छ ।

१.२ यो निर्देशिका तुरुन्त प्रारम्भ हुने छ ।

**२. परिभाषाः विषय वा प्रसागले अर्को अर्थ नलागेमा यो निर्देशिकामा**

२.१ “मन्त्रालय” भन्नाले शिक्षा मन्त्रालय सम्झनुपर्छ ।

२.२ “ऐन” भन्नाले शिक्षा ऐन (संशोधनसहित), २०२८ सम्झनुपर्छ ।

२.३ “नियमावली” भन्नाले शिक्षा नियमावली (संशोधनसहित), २०५९ सम्झनुपर्छ ।

२.४ “संस्था” भन्नाले कानुनबमोजिम अधिकार प्राप्त निकायमा दर्ता भएका गैरसरकारी संस्था वा सामाजिक संस्था, सार्वजनिक वा निजी शैक्षिक गुठी, सहकारी संस्था वा कम्पनी वा यस्तै किसिमले कानुनबमोजिम कृत्रिम व्यक्तिको हैसियत प्राप्त संस्था वा निकाय सम्झनुपर्छ ।

२.५ “विभाग” भन्नाले शिक्षा विभाग सम्झनुपर्छ ।

२.६ “कार्यालय” भन्नाले जिल्ला शिक्षा कार्यालय सम्झनुपर्छ ।

२.७ “स्रोतकेन्द्र” भन्नाले जिल्लाभित्र विभिन्न भौगोलिक क्षेत्रमा रहेका विद्यालयहरूलाई पेसागत सहयोग पुऱ्याउन सञ्चालन भएका शैक्षिक स्रोतकेन्द्र सम्झनुपर्छ ।

२.८ "विद्यालय" भन्नाले अनुमति स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका आधारभूत तथा माध्यमिक विद्यालय सम्भनुपर्छ। यो शब्दले खुला तथा वैकल्पिक विद्यालय समेतलाई जनाउछ।

२.९ "पेसाविद्" भन्नाले सूचना तथा प्रविधिको क्षेत्रमा डिग्री, डिप्लोमा प्राप्तगरी वा अनुभवबाट सो क्षेत्रमा दखल हासिल गरी काम गरिरहेका व्यक्ति सम्भनुपर्छ।

२.११ "सामुदायिक अध्ययन केन्द्र" भन्नाले अनौपचारिक शिक्षा केन्द्रबाट वा जिल्ला शिक्षा कार्यालयमार्फत स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्र सम्भनुपर्छ।

२.११ "शैक्षिक तालिम केन्द्र" भन्नाले शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गत सञ्चालित शिक्षक तालिम केन्द्र सम्भनुपर्छ।

**३. उद्देश्यहरू**

३.१ सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको डिजिटल डिभाइड कम गर्ने

३.२ विश्वब्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेट वा सी.डी. हस्तान्तरणमार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा विस्तार गर्ने

३.३ अध्ययन एवम् शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तरअभिवृद्धि गर्ने

**४. शिक्षामा सूचना तथा सञ्चार प्रविधि प्रयोग निर्देशक समिति**

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी आवश्यक नीतिगत मार्गदर्शन तथा अन्तर मन्त्रालय समन्वय गर्न देहायबमोजिमका सदस्यहरू रहेको एक समिति रहने छ :

| | | |
|---|---|---|
| (क) | राष्ट्रिय योजना आयोगका सदस्य (शिक्षा हेर्ने) | - अध्यक्ष |
| (ख) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव एकजना | - सदस्य |
| (ग) | सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) | सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, सूचना तथा सञ्चार मन्त्रालय | - सदस्य |
| (च) | सचिव, स्थानीय विकास मन्त्रालय | - सदस्य |
| (छ) | सचिव, शिक्षा मन्त्रालय | - सदस्य |
| (ज) | सहसचिव,योजना महाशाखा, शिक्षा मन्त्रालय | - सदस्य |
| (झ) | अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण | - सदस्य |
| (ञ) | डिन, शिक्षा शास्त्र सङ्काय त्रिभुवन विश्वविद्यालय | - सदस्य |
| (ट) | प्रवन्ध निर्देशक,नेपाल टेलिकम | - सदस्य |
| (ठ) | सूचना तथा सञ्चार क्षेत्रमा काम गरेका सङ्घ संस्थाबाट प्रतिनिधित्व हुने गरी समितिबाट मनोनीत गरेका ५ जना | - सदस्य |
| (ड) | सहसचिव, अनुगमन तथा मूल्याङ्कन महाशाखा शिक्षामन्त्रालय | - सदस्य सचिव |

यस समितिको बैठक कम्तीमा तीन महिनाको एक पटक र अध्यक्षको निर्देशनबमोजिम आवश्यकताअनुसार जुनसुकै समयमा बोलाउन सकिने छ। समितिले बैठक र अन्य कार्यविधि आफै तय गर्ने छ।

**५. शिक्षामा सूचना तथा सञ्चार प्रविधि प्रयोग निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ**

(क) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति निर्माण गर्ने

(ख) विद्यालय एवम् शिक्षण संस्थाहरूमा सूचना प्रविधिको पहुँच विस्तार गर्न विभिन्न मन्त्रालय एवम्सम्बद्ध निकायहरूबीच समन्वय गर्ने

(ग) शिक्षामा सूचना प्रविधिको प्रयोग बारे पर्न आएका समस्या समाधानको निमित्त विभिन्न मन्त्रालय निकाय र मातहत समितिहरूलाई मार्गदर्शन गर्ने

**६. शिक्षामा सूचना तथा सञ्चार प्रविधि प्रयोग व्यवस्थापन समिति**

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धमा आवश्यक विभिन्न कार्यहरू व्यवस्थापन गर्न देहायबमोजिमका सदस्यहरू रहेको एक समिति रहने छ।

| | | |
|---|---|---|
| (क) | सचिव,शिक्षा मन्त्रालय | - अध्यक्ष |
| (ख) | सहसचिव, योजना महाशाखा, शिक्षा मन्त्रालय | - सदस्य |
| (ग) | सहसचिव, अनुगमन तथा मूल्याङ्कन महाशाखा शिक्षा मन्त्रालय | - सदस्य |
| (घ) | महानिर्देशक,शिक्षा विभाग | - सदस्य |
| (ङ) | कार्यकारी निर्देशक,पाठ्यक्रम विकास केन्द्र | - सदस्य |
| (च) | कार्यकारी निर्देशक,शैक्षिक जनशक्ति विकास केन्द्र | - सदस्य |
| (छ) | परीक्षा नियन्त्रक, परीक्षा नियन्त्रण कार्यालय | - सदस्य |
| (ज) | निर्देशक, अनौपचारिक शिक्षा केन्द्र | - सदस्य |
| (झ) | प्रतिनिधि, राष्ट्रिय योजना आयोग | - सदस्य |
| (ञ) | प्रतिनिधि, अर्थ मन्त्रालय | - सदस्य |
| (ट) | प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोग | - सदस्य |
| (ठ) | सूचना तथा सञ्चार विशेषज्ञ वा यस क्षेत्रमा कार्य गरेका सङ्घसंस्थाको तर्फबाट समितिले मनोनयन गरेका तीन जना | - सदस्य |
| (ड) | निर्देशक, योजना तथा अनुगमन महाशाखा शिक्षा विभाग | - सदस्य-सचिव |

समितिको बैठक कम्तीमा दुई महिनाको एक पटक र अध्यक्षको निर्देशनबमोजिम आवश्यकताअनुसार जुनसुकै समयमा बोलाउन सकिने छ। समितिले अन्य कार्यविधि आफै तय गर्ने छ।

**७. शिक्षामा सूचना तथा सञ्चार प्रविधि प्रयोग व्यवस्थापन समिति काम,कर्तव्य र अधिकार देहायबमोजिम हुने छः**

**७.१ समन्वय, साझेदारी र सहकार्य**

(क) राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्घसंस्था, गैरआवासीय नेपाली सङ्घ तथा व्यक्तिहरू र नेपालस्थित तथा विदेशमा रहेर सहयोग गर्न चाहने विज्ञहरूसँग समेत सहकार्य गरी आर्थिक तथा प्राविधिक एवम् विशेषज्ञ स्रोत परिचालनमा साझेदारी र सहकार्य गर्ने

(ख) शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार विकासगर्न अन्तर मन्त्रालय र यस क्षेत्रमा कार्यरत निकाय तथा संस्थाहरूबीच समन्वय गर्ने

(ग) दूरसञ्चार प्राधिकरणसँग सहकार्य गरी सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सेवा प्रदायकहरूलाई विद्यालय तथा शिक्षण संस्थाहरूका निमित्त त्यस्तो सेवा सहुलियत दरमा उपलब्ध गराउन प्रोत्साहन गर्ने

(घ) नेपाल टेलिकमलगायत सूचना तथा सञ्चार प्रविधिका सेवा प्रदायकहरूसँग सहकार्य गरी विद्यालय र शैक्षिक संस्थाहरूमा सम्भव भएसम्म बढी ब्रोड ब्यान्डको सेवा सहुलियत दरमा उपलब्ध गराउन पहल गर्ने

**७.२ शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार विकास गर्ने**

(क) शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार सम्बन्धी विद्यमान अवस्थाको विद्यालयगत विवरण तयार गर्ने

(ख) कम्प्युटर उपलब्ध भएका विद्यालयहरूको पूर्वाधार सुदृढीकरण र कम्प्युटर उपलब्ध नभएका विद्यालयहरूको पूर्वाधार विकास योजना तयार गर्ने

(ग) विभिन्न सरकारी, निजी तथा गैरसरकारी निकाय एवम् सामाजिक संस्थाहरू र विद्यालय स्वयं समेत सँगको साझेदारी र सहकार्यमा सामुदायिक विद्यालयहरूमा कम्प्युटर र सूचना तथा सञ्चार उपकरण व्यवस्था गर्ने

(घ) मन्त्रालयअन्तर्गत दूर शिक्षा केन्द्र र प्रत्येक जिल्ला शिक्षा कार्यालयअन्तर्गत शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोत केन्द्रमा केन्द्रीय तथा जिल्ला कन्ट्रोल सर्भर एवम् सहजीकरणका लागि प्राविधिक जनशक्तिसहित सशक्त समन्वय एकाइ स्थापना गर्ने

(ङ) स्रोत केन्द्रहरू सामुदायिक अध्ययन केन्द्रहरू र खुला विद्यालयहरूमार्फत आम समुदायहरूलाई समेत सूचना तथा प्रविधिमा पहुँच पुऱ्याउन आवश्यक पूर्वाधार विकास गर्ने

(च) स्रोत केन्द्र वा सेवा उपलब्ध भएका विद्यालयहरूमार्फत इन्टरनेट सञ्जालमा नसमेटिएका विद्यालयहरूको निमित्त डिजिटल शिक्षण सामग्रीहरू उपलब्ध गराउने

**७.३ शैक्षिक संस्थाहरूमा इन्टरनेट सुविधा विस्तार गर्ने**

(घ) वर्ल्ड समिट अन इन्फरमेसन सोसाइटीको घोषणाअनुरूप विद्यालय र सामुदायिक अध्ययन केन्द्रहरूमार्फत सबै नेपाली सामुदायमा इन्टरनेटको पहुँच विकास गर्न नेपाल दूरसञ्चार प्राधिकरणसँग सहकार्य गरी गुरुयोजना तयार गर्ने

(ङ) इन्टरनेट सेवा प्रदायकहरूसँग समन्वय र साझेदारी गरी विद्यालयहरूमा इन्टरनेट सुविधा विस्तार गर्ने

(च) इन्टरनेट सेवा प्रदायकहरूबाट सेवा पुऱ्याउन नसकेका स्थानमा रहेका विद्यालयहरूमा त्यस्तो सेवाको पहुँच विस्तार गर्न वायरलेस नेटवर्क विस्तार गर्ने संस्था तथा व्यक्तिहरूसँग सहकार्य गर्ने

(छ) जोडिएको इन्टरनेट सेवालाई निरन्तर चालु राख्ने

**७.४ शिक्षणसिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने शिक्षक तथा व्यवस्थापन गर्न सहजीकरण गर्न सक्ने अन्य जनशक्ति तयार गर्ने**

(क) प्रत्येक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नसक्ने शिक्षक र केन्द्र तथा जिल्लामा त्यस कार्यालाई सहजीकरण गर्न सक्ने जनशक्ति पहिचान गर्ने

(ख) आवश्यकतामा आधारित सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सीप विकासका लागि तालिम सामग्रीहरू विकास गर्ने

(ग) शिक्षकहरूको पेसागत विकास कार्यक्रमसँग सूचना तथा सञ्चार प्रविधिसम्बन्धी तालिमलाई आबद्ध गर्ने

(घ) शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोत केन्द्र तथा शिक्षा सङ्कायअन्तर्गत रहेका क्याम्पसहरूको सवलीकरण गरी शिक्षकहरू लाई शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने बनाउन अभियानकै रूपमा तालिम सञ्चालन गर्ने

(ङ) खण्ड (घ) बमोजिमको व्यवस्थाबाट समेट्न नसकेका शिक्षकहरूको निमित्त सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका तालिम प्रदायकहरूसँगको सहकार्यमा तालिम कार्यक्रम सञ्चालन गर्ने

(च) कार्यक्रम कार्यान्वयनमा प्रभावकारिताका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने

**७.५ विद्यालय पाठ्यक्रममा आधारित अन्तरक्रियात्मक डिजिटल शिक्षणसिकाइ सामग्रीहरू विकास र प्रयोगको व्यवस्था मिलाउने**

(क) हालसम्म सरकारी, गैरसरकारी र निजीक्षेत्रहरूबाट विकास भएका डिजिटल समेत विभिन्न शिक्षणसिकाइ सामग्रीहरू राष्ट्रिय पाठ्यक्रमअनुसार भए-नभएको परीक्षण गर्ने

(ख) खण्ड (क) बमोजिमका विभिन्न डिजिटल पाठ्यसामाग्रीहरू लाई सम्बन्धित विकासकर्ता (डेभेलोपर) सँग समन्वय गरी पाठ्यक्रमअनुरूप अनुकूलन गर्ने

(ग) सम्भाव्य सबै साझेदारहरूसँग साझेदारी र सहकार्य गरी पाठ्यक्रममा आधारित थप अन्तरक्रियात्मक डिजिटल शिक्षणसिकाइ सामग्रीहरू विकास गर्ने

(घ) तयार भएका डिजिटल शिक्षणसिकाइ सामग्रीहरूलाई व्यापक रूपमा प्रयोग गर्ने व्यवस्था मिलाउने

**७.६ सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत आमजनतामा शिक्षा र विकाससम्बन्धी सूचनामा पहुाच पुऱ्याउन देहायबमोजिमको व्यवस्था गर्ने**

(क) पहिलो चरणमा जिल्ला सर्भर रहेका तालिम केन्द्र वा अगुवा स्रोतकेन्द्र तथा दोस्रो चरणमा सबै स्रोतकेन्द्र एवम् सामुदायिक अध्ययन केन्द्रहरूमार्फत आम नागरिकहरूले समेत शैक्षिक सूचनामा पहुँच पाउन सक्ने प्रबन्ध मिलाउने

(ख) खण्ड (क) बमोजिम पहुँच प्राप्त भएपछि तेस्रो चरणमा सबै विद्यालय मार्फत सम्बन्धित सेवाक्षेत्रका जनताहरूलाई समेत सूचना तथा सञ्चार प्रविधिको सेवा प्राप्त गर्न सक्ने व्यवस्था गर्ने

**७.६ परम्परागत शिक्षामा सहयोग पुऱ्याउन सूचनातथा सञ्चार प्रविधिमा आधारित ई–पुस्तकालय विकास गर्न देहायबमोजिमको व्यवस्था गरिने छ**

(क) शिक्षामा कार्यरत विभिन्न संस्था एवम् निकायहरूबाट हालसम्म विकास गरिएका ई-पुस्तकालयका सञ्जालहरूलाई मन्त्रालयले केन्द्रस्तरमा स्थापना गर्ने ई-पुस्तकालय सञ्जालको केन्द्रीय सर्भरसँग जोड्ने

(ख) मुलुकका विभिन्न भागमा छरिएर रहेका विद्यालय शिक्षा स्रोतकेन्द्र सामुदायिक अध्ययन केन्द्र र पुस्तकालयहरूलाई ई-पुस्तकालय सञ्जालमा जोड्ने

(ग) इन्टरनेट सुविधा पुगेका विद्यालयहरूमा समेत ई-पुस्तकालय सञ्जाल क्रमशःविस्तार गर्दै लग्ने

**८. शिक्षामा सूचना तथा सञ्चार प्रविधि प्रयोग जिल्ला कार्यान्वयन समिति**

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धमा जिल्लास्तरमा विभिन्न निकायहरूविच समन्वय गर्न र यस निर्देशिकाले व्यवस्था गरेबमोजिमका क्रयाकलापहरू कार्यन्वयन गराउन देहायवमोजिमका सदस्यहरू रहेको एक समिति रहने छ।

| | | |
|---|---|---|
| (क) | जिल्ला शिक्षा अधिकारी | - अध्यक्ष |
| (ख) | जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि | - सदस्य |
| (ग) | जिल्ला विकास समितिका अधिकृत प्रतिनिधि | - सदस्य |
| (घ) | जिल्ला नेपाल टेलिकमको प्रमुख | - सदस्य |
| (ङ) | जिल्ला स्थित सूचना तथा सञ्चार प्रविधि विज्ञहरूमध्ये समितिबाट मनोनीत २ जना | - सदस्य |
| (च) | जिल्ला स्थित शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोत केन्द्रको प्रमुख | - सदस्य-सचिव |

यस समितिले यो निर्देशिकाको उद्देश्य कार्यान्वयनका लागि आफ्नो कार्यविधि आफै तय गर्न सक्ने छ।

**९. शिक्षामा सूचना तथा सञ्चार प्रविधि प्रयोग जिल्ला कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ**

(क) जिल्लाभित्रका विद्यालय एवम् शैक्षिक संस्थाहरू मा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको व्यवस्था मिलाउने

(ख) जिल्लाभित्र सूचना तथा सञ्चार प्रविधिको सञ्चालन गर्ने सेवा प्रदायकहरूबीच समन्वय गर्ने

(ग) जिल्लाभित्र सूचना तथा सञ्चार प्रविधिको सञ्चालन गर्ने सबै विद्यालय र केन्द्रीय सर्भरबीच प्रत्यक्ष सम्पर्क (लिङ्क) हुने गरी जिल्ला सदरमुकाम स्थित शैक्षिक तालिम केन्द्र वा अगुवा स्रोत केन्द्रमा जिल्ला सर्भर स्थापनाका साथै जिल्ला इ-पुस्तकालयको सञ्चालनको व्यवस्था मिलाउने

**१०. शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी कार्यक्रम समन्वय कार्यान्वयन र सहजीकरणका लागि सबन्धित विभिन्न निकायहरूको जिम्वेवारी देहायबमोजिम हुने छ**

**१०.१ शिक्षा मन्त्रालय**

(क) समन्वय समितिको सचिवालयको रूपमा कार्य गर्ने शिक्षामा सूचना प्रविधिको प्रयोगका निमित्त स्रोत साधन जुटाउने

(ख) शिक्षामा सूचना प्रविधिको क्षेत्रमा संलग्न हुने मन्त्रालय मातहत विभिन्न निकायहरूको कार्यमा समन्वय गर्ने

(ग) शिक्षामा सूचना प्रविधिको क्षेत्रमा मन्त्रालय मातहत कार्यालयहरूबाट भएको कार्यको वार्षिक प्रतिवेदन तयार गर्ने

**१०.२ शिक्षा विभाग**

(क) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धमा मन्त्रालयअन्तर्गतका निकायहरू बीच समन्वय गर्ने

(ख) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धमा जिल्ला र विद्यालयहरूको निमित्त स्रोत साधन जुटाउन प्रबन्ध गर्ने

(ग) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका विषयमा आवश्यक कम्प्युटर सफ्टवेयर विकास गर्ने व्यवस्था मिलाउने

(घ) केन्द्रीय समन्वय समिति र मन्त्रालयले तोकेका अन्य कार्य गर्ने

(ङ) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको निमित्त केन्द्रीय ई-पुस्तकालय सर्भर र वेभसाइट स्थापना तथा सञ्चालन गर्ने

(च) शिक्षा मन्त्रालयबाट तोकिएका अन्यकार्यहरू गर्ने

**१०.३ शैक्षिक जनशक्ति विकास केन्द्र**

(क) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धमा विद्यालयका शिक्षक तथा शैक्षिक व्यवस्थापक हरूलाई तालिम दिने

(ख) खुला सिकाइ र दूरशिक्षासँग सम्बन्धित तयार भएका सम्पूर्ण पाठ्य सामाग्रीहरू सूचना तथा प्रविधिको माध्यम द्वारा विद्यार्थी तथा जिज्ञासुहरूको पहुँचमा पुऱ्याउने

(ग) मन्त्रालयबाट तोकेबमोजिमका अन्य कार्य गर्ने

**१०.४ पाठ्यक्रम विकास केन्द्र**

(क) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको निमित्त पाठ्यक्रम तथा पाठ्यपुस्तकमा आधारित डिजिटल शिक्षणसिकाइ सामाग्री तयार गर्ने

(ख) खुला स्रोतमा आधारित सिकाइ सामग्रीहरूको खोज गरी राष्ट्रिय पाठ्यक्रम अनुरूप अनुकूलन गर्ने

(ग) तयार भएका डिजिटल, शिक्षा विभागमा स्थापित ई-पुस्तकालय सर्भरमा राखी सञ्जालमा समेटिएका सबै विद्यार्थी एवम्  जिज्ञासुहरूको पहुँचमा पुऱ्याउने

(घ) मन्त्रालयबाट तोकेबमोजिमका अन्यकार्य गर्ने

**१०.५ अनौपचारिक शिक्षा केन्द्र**

(क) आम नागरिकहरूको साक्षरता सामाग्रीमा पहुँच बढाउन अनौपचारिक शिक्षा केन्द्र र अन्य विभिन्न निकाय तथा संस्थाहरूबाट निर्मित साक्षरता सामाग्रीहरूलाई अन्तरक्रियात्मक रूपमा डिजिटाइज गर्ने

(ख) खण्ड (क) बमोजिम डिजिटाइज गरिएका र अन्य स्रोतबाट उपलब्ध सामग्रीहरू समेतलाई आवश्यक अनुकूलन गरी शिक्षा विभागको केन्द्रीय सर्भरमा राखी सञ्जालले समेटेका सबै विन्दुबाट त्यसको प्रयोग गर्न सक्ने व्यवस्था मिलाउने

(ग) मन्त्रालयले तोकेवमोजिम अन्य कार्यहरू गर्ने

**१०.६ क्षेत्रीय शिक्षा निर्देशनालय**

(क) क्षेत्रभित्रका विद्यालय र शैक्षिक संस्थाहरू तथा सूचना तथा सञ्चार प्रविधि प्रदायकहरू बिच समन्वय गर्ने

(ख) क्षेत्रभित्रका सूचना तथा सञ्चार प्रविधि प्रदायकहरू र शैक्षिक संस्थाहरू बीच समन्वय गर्ने

(ग) शिक्षा मन्त्रालय र विभागबाट तोकिएका अन्य कार्यहरू गर्ने

**१०.७ जिल्ला शिक्षा कार्यालय**

(क) जिल्ला भित्रका विद्यालय एवम् शैक्षिक संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको व्यवस्था मिलाउने

(ख) जिल्लाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा इन्टरनेट सेवा प्राप्तिका लागि जोड कोषमा आधारित अनुदान प्रदान गर्ने

(ग) शिक्षा मन्त्रालय, विभाग तथा क्षेत्रीय शिक्षा निर्देशनालयबाट तोकिएका अन्य कार्यहरू गर्ने

**१०.८ शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोत केन्द्र**

(क) जिल्लाका सूचना तथा सञ्चार प्रविधि सञ्जाल पुगेका विद्यालय एवम् शैक्षिक संस्था र केन्द्रमा रहेको शिक्षा विभागमा रहेको केन्द्रीय सर्भरबीच सम्बन्ध स्थापना (लिङ्क) हुने गरी जिल्ला ई-पुस्तकालय सर्भर सञ्चालन गर्ने

(ख) पुस्तकालय र ई-पुस्तकालयसम्बन्धी तालिम दिने

**१०.९ स्रोत केन्द्र तथा सा**मुदायिक अध्ययन **केन्द्र**

(क) गाउँ विकास समिति वा नगरपालिकाका वडाभित्रका विद्यालयहरूमा इन्टरनेटर सुविधा पुगेको अवस्थामा इन्टरनेटमार्फत शिक्षामा सूचना तथा प्रविधिको प्रयोगको निमित्त सहजीकरण गर्ने,

(ख) इन्टरनेट सेवा नपुगेका विद्यालयहरूको हकमा सि.डी. हस्तान्तरणमार्फत डिजिटल पाठ्य सामग्रीको पहुँच बढाउन सहयोग गर्ने,

(ग) शिक्षणसिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको निरन्तर अनुगमन तथा प्राविधिक सहयोग गर्ने ।

**१०.१० विद्यालय**

(क) शिक्षणसिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी गुणस्तरीय शिक्षामा अभिवृद्धि गर्ने

(ख) तोकेबमोजिम अन्य कार्यहरू गर्ने

११. **विविध : निर्देशिकाको व्याख्या तथा संशोधन देहायबमोजिम हुने छ**

**११.१ व्याख्याः** यो निर्देशिकाको कुनै विषय कार्यन्वयनमा अस्पष्टता भएमा मन्त्रालयले आवश्यक व्याख्या गर्न सक्ने छ ।

**११.२** यो निर्देशिकामा संशोधन गर्नुपर्ने भएमा नियमावलीको व्यवस्थाभित्र रही मन्त्रालयले गर्न सक्ने छ ।

# शिक्षक सेवा आयोगको परीक्षा सञ्चालन निर्देशिका, २०६८

**(शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित) को नियम ५४अनुसार आयोगले स्वीकृत गरी तयार पारिएको निर्देशिका)**

शिक्षक सेवा आयोगको स्थापनापश्चात् विद्यालय शिक्षा सेवामा कार्यरत शिक्षक शिक्षिकाहरूको रिक्त पदहरूका खुला तथा बढुवा प्रतियोगिताद्वारा पदपूर्ति गर्न र स्थायी अध्यापन अनुमतिपत्र प्रदान गर्नका लागि आयोग प्रतिबद्ध छ । सो कार्यहरू सम्पादन गर्नका लागि लामो समयसम्म विद्यालयमा अध्यापन गरिरहेका शिक्षक शिक्षिकाहरू तथा नयाँ स्थायी नियुक्ति भई कार्य गर्न जागरुक भएका सिर्जनशील प्रतिभाहरूका लागि स्थायी अध्यापन अनुमतिपत्रको निमित्त सञ्चालन हुने परीक्षालाई विश्वसनीय र मर्यादित तुल्याउन परीक्षामा संलग्न हुने केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष तथा निरीक्षकहरूको भूमिका अति नै महत्त्वपूर्ण ठानिएको छ ।

परीक्षालाई व्यवस्थित ढङ्गबाट सञ्चालन गर्नका लागि क्षेत्रीय परीक्षा समन्वय समिति, जिल्ला परीक्षा समन्वय समितिका पदाधिकारीहरू र जिल्ला शिक्षा कार्यालयको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण मानिएको छ ।

परीक्षा सञ्चालन कार्यमा आबद्ध हुने व्यक्तिहरूले यसलाई हृदयङ्गम गरी परीक्षा सहज एवम् मर्यादित ढङ्गले सम्पादन गर्न यस निर्देशिकाले सहयोग पुऱ्याउने आशा लिइएको छ ।

१. **क्षेत्रीय परीक्षा समन्वय समितिमा निम्न लिखीत पदाधिकारीहरू रहने व्यवस्था गरिएको छः**

(क) क्षेत्रीय प्रशासक - समन्वयकर्ता

(ख) क्षेत्रीय प्रहरी कार्यालय प्रमुख (जनपद) - सदस्य

(ग) क्षेत्रीय प्रहरी कार्यालय प्रमुख (सशस्त्र) - सदस्य

(घ) क्षेत्रीय शिक्षा निर्देशक - सदस्य-सचिव

* क्षेत्रीय परीक्षा समन्वय समितिले आफ्नो क्षेत्राधिकारभित्र रहेका जिल्लाहरूको परीक्षा मर्यादित ढङ्गले संचालन गर्ने कार्यका लागि समन्वय र आवश्यक निर्देशन दिने ।

२. **जिल्ला परीक्षा समन्वय समितिमा निम्नलिखित पदाधिकारीहरू रहने व्यवस्था गरिएको छ :**

(क) प्रमुख जिल्ला अधिकारी अध्यक्ष

(ख) जिल्ला प्रहरी कार्यालय प्रमुख (जनपद) सदस्य

(ग) जल्ला प्रहरी कार्यालय प्रमुख (सशस्त्र) सदस्य

(घ) जिल्ला शिक्षा अधिकारी सदस्य सचिव

* समन्वय समितिको बैठकमा आवश्यकतानुसार दुईजना सम्मलाई आमन्त्रण गर्न सकिने छ ।

३. **जिल्ला परीक्षा समन्वय समितिको काम कर्तव्य र अधिकार**

(क) परीक्षा केन्द्र निर्धारण गर्ने

(ख) आफ्नो जिल्लाभित्रका सम्पूर्ण परीक्षा केन्द्रहरूमा एकरूपता कायम गरी मर्यादित तवरले परीक्षा संचालन गर्न आवश्यक व्यवस्था मिलाउने र सो को अनुगमन गर्ने

(ग) परीक्षामा खटिएका कर्मचारीले आफ्नो कर्तव्य पालन नगरेमा जिल्ला परीक्षा समन्वय समितिले कारवाही गर्ने

(घ) जिल्ला शिक्षा कार्यालयले सबै केन्द्रहरूको उत्तरपुस्तिकाहरू जम्मा भएपछि परीक्षा समाप्त भएपछि यथाशीघ्र आयोगले तोकेको स्थानमा गोप्य रूपमा पठाउनुपर्ने

(ङ) जिल्ला परीक्षा समन्वय समितिले प्रत्येक केन्द्रका लागि निम्नानुसारको प्राथमिकतानुसार केन्द्राध्यक्ष नियुक्ति गर्ने

- क) जिल्लास्थित कार्यालयका अधिकृत कर्मचारी
- ख) स्रोतव्यक्ति
- ग) उपरोक्त प्राथमिकता क्रमअनुसार केन्द्राध्यक्ष नियुक्ति गर्ने व्यक्ति नपुगेमा जिल्ला समन्वय समितिले आवश्यकतानुसार केन्द्राध्यक्ष नियुक्ति गर्न सक्ने छ।

(च) प्रत्येक केन्द्रमा एकजना सहायक केन्द्राध्यक्षको व्यवस्था गर्ने

(छ) १५ जना परीक्षार्थीका लागि एकजना निरीक्षकको व्यवस्था गर्ने

(ज) प्रत्येक केन्द्रका लागि कम्तीमा ३ र बढीमा ५ जना कार्यालय सहयोगी व्यवस्था गर्ने

**४. केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष तथा निरीक्षकहरूको काम, कर्तव्य र अधिकार**

(क) जिल्ला परीक्षा समन्वय समितिले निर्धारण गरेको परीक्षा केन्द्रहरूमा परीक्षा मर्यादित ढङ्गबाट संचालन गर्ने

(ख) जिल्ला परीक्षा समन्वय समितिसँग आवश्यक परामर्श लिई परीक्षा सञ्चालन गर्ने

(ग) परीक्षा केन्द्रको सुरक्षा र आवश्यक कर्मचारीको व्यवस्था जिल्ला परीक्षा समन्वय समितिको रायअनुसार गर्ने

(घ) केन्द्राध्यक्षले तोकिदिएको समयमा सहायक केन्द्राध्यक्ष र निरीक्षक परीक्षा केन्द्रमा पुग्नुपर्ने

(ङ) प्रश्नपत्रको सिलबन्दी प्याकेट जिल्ला प्रहरी कार्यालयमा रहने हुँदा पुगनपुग प्रश्नपत्र जिल्ला शिक्षा अधिकारी वा निजको प्रतिनिधिले रुजु गरी शिक्षक सेवा आयोगमा खबर गर्ने

(च) मूल/थप उत्तरपुस्तिका जिल्ला शिक्षा कार्यालयबाट सम्बन्धित केन्द्राध्यक्षले बुझिलिने

(छ) सिटप्लानको व्यवस्था केन्द्राध्यक्षले मिलाउने

(ज) अन्धा/अपाङ्ग (दुवै हात नचल्ने) हरूका हकमा बढीमा टेस्ट परीक्षा उत्तीर्ण व्यक्तिहरूलाई जिल्ला शिक्षा अधिकारीको सिफारिसमा लेखकको रूपमा परीक्षामा बस्न दिने

(झ) परीक्षा केन्द्रमा खटिने कर्मचारीहरूको परिचयपत्र केन्द्राध्यक्षले प्रमाणित गरी प्रयोग गर्ने, गराउने

(ञ) परीक्षामा कुनै उम्मेदवारले अनुचित कार्य गरेमा निजलाई परीक्षाबाट निष्कासन गर्ने

(ट) उत्तरपुस्तिकाहरूको सिलबन्दी पोका जिल्ला प्रहरी कार्यालयमा बुझाउने

(ठ) परीक्षार्थीहरूले जुन जिल्लाबाट आवेदन फाराम भरेको हो सोही जिल्लाको तोकिएको केन्द्रबाटै परीक्षा दिनु पर्ने छ

(ड) निष्कासित परीक्षार्थीको उत्तरपुस्तिका बेग्लै सिलबन्दी गरी आयोगमा पठाउनुपर्ने छ

(ढ) उत्तरपुस्तिकाको प्रथम पृष्ठबाहेक अन्य पृष्ठमा मात्र लेख्ने जानकारी परीक्षार्थीहरूलाई गराउने

**५. प्रश्नपत्र**

(क) केन्द्राध्यक्षले जिल्ला प्रहरी कार्यालयवाट प्रश्नपत्र बुझी परीक्षा सुरु हुनुभन्दा ३० मिनेट अगाडि गोपनीयता भङ्ग नहुने गरी तीनजनाको रोहवरमा मुचुल्का गरी खोल्नु पर्ने ।

(ख) परीक्षार्थीलाई एक भन्दा बढी प्रश्नपत्र नदिने

(ग) वस्तुगत प्रश्न बुझाइसकेपछि मात्र विषयगत प्रश्नपत्र दिने (वस्तगुत प्रश्न भए मात्र)

**६. परीक्षा सामग्री**

(क) परीक्षा सञ्चालन निर्देशिका

(ख) मूल उत्तरपुस्तिका तथा थप उत्तरपुस्तिका

(ग) प्रश्नपत्रको सिलबन्दी पोकाहरू

(घ) परीक्षार्थीहरूको हाजिरी फाराम (प.फा.नं ०१)

(ङ) परीक्षार्थीहरूको सिलसिलेवार क्रमाङ्क फाराम (प.फा.नं. ०२)

(च) समष्टिगत फाराम (प.फा.नं. ०३)

(छ) परीक्षामा संलग्न कर्मचारीहरूको हाजिरी फाराम (प.फा.नं. ०४)

(ज) भरपाई (प.फा.नं. ०५)

(झ) परीक्षा सञ्चालन प्रतिवेदन फाराम (प.फा.नं. ०६)

**७. बजारबाट खरिद गर्नुपर्ने सामानहरू**

(क) थैलोका लागि कपडा

(ख) लाहा, मैन

(ग) सियो, धागो, स्टेपलर, गम

(घ) खाम, कागज आदि

**८. भर्नुपर्ने फारामहरू**

(क) प.फा.नं ०१ परीक्षार्थीहरूको हाजिरी फाराम

(ख) प.फा.नं ०२ परीक्षा समाप्त भएपछि उत्तरपुस्तिकाहरू क्रमशः मिलाई सिम्बोल नम्बरअनुसार उत्तरपुस्तिका साथ पठाउने र अनुपस्थित सि.नं.हरू पनि उल्लेख गर्ने

(ग) प.फा.नं ०३ समष्टिगत फाराममा परीक्षार्थीहरूको सिम्बोल नम्बर, नाम र तह, स्पष्ट खुलाई छुट्टै खामबन्दी गरी जिल्ला शिक्षा कार्यालयमा बुझाउनु पर्ने

(घ) प.फा.नं. ०४ र ०५ परीक्षा समाप्त भएपछि केन्द्रमा संलग्न कर्मचारीहरूले हाजिर गर्ने र पारिश्रमिक बुझेको बिल भरपाई पठाउने

(ङ) केन्द्राध्यक्षबाट प्राप्त भएका प.फा.नं. ०३ भरी जिल्ला शिक्षा कार्यालयमा बुझाउनुपर्ने र जिल्ला शिक्षा कार्यालयले तोकिएको स्थानमा उत्तरपुस्तिका पठाउँदा समष्टिगत फाराम समेत पठाउनुपर्ने

९. **प्रवेशपत्र**

(क) परीक्षार्थीले प्रवेशपत्र अनिवार्य रूपमा लिई आउनुपर्ने छ ।

(ख) जिल्ला परीक्षा समन्वय समिति, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक वा जिल्ला शिक्षा कार्यालयको सम्बन्धित अधिकृतले प्रवेशपत्र जाँच गर्न सक्ने छ ।

(ग) प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन । तर कुनै परीक्षार्थीले प्रवेशपत्र हरायो भनी निवेदन दिएमा जिल्ला शिक्षा कार्यालयबाट फोटो र हस्ताक्षर प्रमाणित गरी रु. ५० (पचास) दस्तुर लिई अस्थायी प्रवेशपत्र दिन सक्ने छ । सो रकम नेपाल सरकारको राजस्व सम्बन्धित जिल्ला शिक्षा कार्यालयले तोकेको खातामा जम्मा गर्नुपर्ने छ ।

१०. **भत्ता/पारिश्रमिक**

(क) परीक्षा सञ्चालनसम्बन्धी रकम जिल्ला शिक्षा कार्यालयबाट प्राप्त हुने छ ।

(ख) परीक्षा सञ्चालन गर्ने कार्यमा खटिने कर्मचारीहरूले परीक्षा सञ्चालन भएको प्रति सिफ्ट निम्नानुसारको भत्ता पाउने छन् ।

| | | |
|---|---|---|
| (अ) | सम्बन्धित जिल्ला शिक्षा अधिकारी | ६०० |
| (आ) | केन्द्राध्यक्ष | ५३० |
| (इ) | सहायक केन्द्राध्यक्ष | ३०० |
| (ई) | निरीक्षक | २०० |
| (उ) | कार्यालय सहयोगी | १०० |
| (ऊ) | मसलन्द खर्च (प्रतिकेन्द्र) | ५०० |
| (ए) | सुरक्षा खाजाखर्च (प्रतिकेन्द्र) | १,५०० |

(ग) केन्द्राध्यक्षले परीक्षा समाप्त भएको ३ दिनभित्र परीक्षा संचालन गर्न लिएको पेस्की फछ्र्यौटका लागि जिल्ला शिक्षा कार्यालयमा पेस गर्नुपर्नेछ । र जिल्ला शिक्षा कार्यालयले ७ दिनभित्र शिक्षक सेवा आयोगमा फछ्र्योटका लागि फाँटवारी पठाउनुपर्ने छ ।

११. **उत्तरपुस्तिका**

(क) परीक्षार्थीले प्रयोग गरेका मूल उत्तरपुस्तिकामा केन्द्राध्यक्ष र निरीक्षकको दस्तखत तथा थप उत्तरपुस्तिकामा सम्बन्धित कोठाको निरीक्षकको दस्तखत अनिवार्यरूपमा हुनुपर्ने छ ।

(ख) प.फा.नं. ०२ मा उल्लिखित सि.नं.अनुसार क्रमशः उत्तरपुस्तिका रुजु गरी प्याक गर्नुपर्ने छ ।

(ग) उत्तरपुस्तिकाका प्याकेटमा परीक्षा केन्द्र, तह, उत्तरपुस्तिका सङ्ख्या स्पष्ट रूपमा खुलाइनुपर्ने छ ।

(घ) वस्तुगत परीक्षाको उत्तरपुस्तिका र विषयगत परीक्षाको उत्तरपुस्तिका छुट्टाछुट्टै खामबन्दी गरी एउटै पोका बनाई पठाउनुपर्ने छ ।

# खण्ड - घ

# शिक्षा मन्त्रालयअन्तर्गतका कार्यक्रम तथा परियोजनाहरू

२. व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना

३. विपन्न लक्षित माध्यमिक विद्यालय छात्रवृत्ति परियोजना

४. दोस्रो उच्च शिक्षा परियोजना

५. शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना

# व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना
# Enhanced Vocational Education and Training Project (EVENT)

## परिचय

विश्व बैङ्कको आर्थिक सहयोगमा व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाको स्थापना नेपाल सरकारबाट भएको हो। यस परियोजनाले सीपयुक्त र तत्काल रोजगार बजारमा माग भएबमोजिम कामदार आपूर्ति गर्न गुणस्तरीय तालिमको पहुँच विस्तार गर्न र नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमलाई सुदृढ गर्न सहयोग गर्दछ। जुलाई २०११ देखि अक्टोबर २०१५ सम्म कार्यान्वयनमा रहने यस परियोजनाको कुल लागत ६ करोड ९ लाख अमेरिकी डलर रहेको छ। परियोजनाले खासगरी सुविधाविहीन युवा समूह जस्तैः गरिब, सुविधाविहीन क्षेत्रमा बसोबास गर्ने समुदाय, महिला, दलित, अति सीमान्तकृत तथा सीमान्तकृत जनजाति र अपाङ्गता भएका समूहलाई लक्षित गरी समावेशी तरिकाबाट प्राविधिक शिक्षा र व्यावसायिक तालिमको पहुँच वृद्धिमा क्रियाशील छ।

यो परियोजनाको कार्यान्वयन गर्ने परियोजना सचिवालय हाल सुविधानगर, काठमाडौंमा रहेको छ।

## परियोजनाका उद्देश्यहरू

- सीपयुक्त तथा रोजगार उन्मुख जनशक्तिको आपूर्तिमा सहयोग गर्नु
- तालिम रोजगारको प्रणालीको कार्यसर्म्पादन र जवाफदेहीमा सुधार गर्नु
- नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम पद्धतिलाई सुदृढ गर्नु
- अविकसित क्षेत्र र उपेक्षित वर्गलाई लक्षित गरी गुणस्तरीय तालिमको पहुँच वृद्धि गर्नु

## परियोजनाका अवयवहरू (Components)

परियोजनामा निम्नाअनुसार अवयवहरू रहेका छन्ः

**१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग सम्बन्धित विद्यमान कार्यक्रमलाई सहयोग पुऱ्याउनु र उक्त संस्थामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्ने**। यस अवयवअन्तर्गत निम्नानुसारका कार्यक्रमहरू सञ्चालन हुने छन् :

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को नियमित कार्यक्रम जस्तैः गुणस्तरको सुनिश्चितता, परीक्षामा सुधार र तालिम व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित गर्न सहयोग पुऱ्याउने;
- राष्ट्रिय सीप परीक्षण बोर्डद्वारा सञ्चालित कार्यक्रमहरूका लागि सीप परीक्षणका लागि चाहिने सामग्रीहरूको विकास गर्नु र सीप परीक्षण गर्ने घुम्ती केन्द्रहरूका लागि परिचयात्मक कार्यक्रममा सहयोग पुऱ्याउने
- ५,००० सीप परीक्षक र ३५० नयाँ सीप परीक्षण व्यवस्थापकहरूका लागि तालिम प्रदान गर्नु
- १५०० प्रशिक्षक र १०० मुख्य प्रशिक्षकका लागि तालिम प्रदान गर्ने र
- प्राविधिक प्रवेशिका र डिप्लोमाको पाठ्यक्रम परिमार्जन गर्ने

२. **प्राविधिक शिक्षामा सुधारका लागि तालिम प्रदायक संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।** यस अवयवअन्तर्गत परियोजनाले निम्नानुसारका कार्यक्रमहरू सञ्चालन हुने छन् :

- **जोड कोष र कार्य सम्पादनका आधारमा दिइने अनुदानः** जोड कोष अनुदान २ : १ को अनुपातमा सरकारी र सामुदायिक संस्थाहरूलाई उपलब्ध गराइने छ । कार्य सम्पादन अनुदान भने सरकारी, सामुदायिक संस्थाहरूका साथै प्राइभेट संस्थाहरूलाई समेत उपलब्ध गराइने छ । परियोजनाले प्राविधिक प्रवेशिका र डिप्लोमा प्रदान गर्ने ३० ओटा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद र यससँग आबद्ध तालिम प्रदायक संस्था तथा सामुदायिक कलेज र ८ ओटा एनेक्स विद्यालयलाई सहयोग गर्ने छ । सहयोग पाउने सबै संस्थाहरूको छनोट प्रतिस्पर्धाका आधारमा निश्चित मापदण्ड बनाई गरिने छ ।

- **शुल्क सहयोग तथा छात्रवृत्तिः** लक्षित समूहका प्राविधिक प्रवेशिका र डिप्लोमा तहमा अध्ययन गर्ने ४,००० विद्यार्थीका लागि शुल्क सहयोग तथा छात्रवृत्तिमा परियोजनाले सहयोग गर्ने छ ।

- **संस्थागत क्षमता सुधारमा सहयोगः तालिम प्रदायक संस्थाहरूको संस्थागत** व्यवस्थापन क्षमता सुदृढीकरणमा सहयोग पुऱ्याउन छनोट भएका केही संस्थाहरूमा व्यवस्थापन परामर्श सेवाका लागि परियोजनाले आर्थिक सहयोग उपलब्ध गराउने छ । यो सहयोग ज्ञान स्थानान्तरण गर्न र क्षमता अभिवृद्धि गर्नमा समेत प्रयोग गरिने छ ।

३. **छोटो अवधिको व्यावसायिक तालिम र थप सिकाइ पहिचानमा सहयोग गर्ने ।** परियोजनाले छोटो अवधिको व्यावसायिक तालिम र थप सिकाइ पहिचानमा निम्नानुसार सहयोग गर्ने छ :

- **छोटो अवधिको तालिमः** परियोजनाले सार्वजनिक तथा प्राइभेट तालिम प्रदायक संस्थामार्फत् छोटो अवधिको तालिम प्रदान गर्न सहयोग गर्ने छ । यो तालिम कार्यक्रम दुई प्रकारका सहयोगबाट सञ्चालित हुने छन् : क) १०,००० सहभागिका लागि काठमाडौं, ललितपुर र भक्तपुरका सहरी क्षेत्रमा केन्द्रित गरी सञ्चालन गरिने भौचर प्रणालीमा आधारित आर्थिक सहयोग र (ख) बढीमा १५ जिल्लामा सञ्चालन हुने गरी ३७,५०० जना सहभागीका लागि प्रतिफलमा आधारित तालिमका लागि आर्थिक सहयोग । यो परियोजनाले खासगरी महिलाहरू, दलित, सीमान्तकृत जनजाति, पछाडि परेको क्षेत्र र गरिबहरूका लागि लक्षियत गरी रोजगारी पाउन सकिने छोटो अवधिको तालिम सञ्चालनमा जोड दिने छ ।

- **पूर्वसिकाइ पहिचानमा सहयोगः** परियोजनाले अनौपचारिक किसिमले प्राप्त गरेका सीपहरूको परीक्षण गर्नमा सहयोग पुऱ्याउने छ । परियोजना अवधिमा १७,०० व्यक्तिहरूको राष्ट्रिय सीप परीक्षण बोर्डमार्फत सीप परीक्षण गर्नका लागि आर्थिक सहयोग उपलब्ध गराउने छ ।

४. **परियोजना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन** : यो अवयवअन्तर्गत निम्नानुसार दुई उप अवयवहरू छन् :

- **परियोजना व्यवस्थापन :** शिक्षा मन्त्रालयको नेतृत्व र निर्देशनमा रही परियोजना सचिवालयले कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवारी बहन गर्ने छ । श्रम तथा यातायात व्यवस्था

मन्त्रालय/श्रम विभाग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण बोर्ड, प्राविधिक प्रशिक्षक प्रशिक्षण प्रतिष्ठान, प्राविधिक प्रवेशिका र डिप्लोमा प्रदान गर्ने तालिम प्रदायक सरकारी, सामुदायिक, प्राइभेट र एनेक्स सस्थाहरूका साथै छोटो अवधिको तालिम प्रदान गर्ने संस्थाहरू परियोजना कार्यान्वयन गर्ने संस्था हुने छन् ।

शिक्षा मन्त्रीको अध्यक्षतामा रहने परियोजना समन्वय समितिको नीतिगत निर्देशनभित्र रही परियोजनाले काम गर्ने छ । शिक्षा सचिवको अध्यक्षतामा रहने परियोजना कार्यान्वयन समितिले कार्यक्रम कार्यान्वयनको निर्णय लिनुका साथै परियोजनाको कार्यान्वयनमा सहयोग गर्ने छ । प्राविधिक सल्लाहकार समितिले परियोजना सचिवालयलाई प्राविधिक पक्षमा सल्लाह उपलब्ध गराउने छ । परियोजनाको योजना तथा कार्यक्रम निर्माण, परियोजना व्यवस्थापन, खरिद तथा आर्थिक व्यवस्थापन र परियोजनाका क्रियाकलापकहरूको अनुगमन तथा मूल्याङ्कनलगायत परियोजनाको दैनिक कार्य सञ्चालन परियोजना सचिवालयले गर्ने छ । सचिवालयमा रहेको प्राविधिक टोलीले परियोजनाको व्यवस्थापनमा प्राविधिक सहयोग उपलब्ध गराउनाका साथै कार्यक्रम कार्यान्वयन गर्ने संस्थाहरूको क्षमता अभिवृद्धिमा सघाउने छ ।

- **अनुगमन तथा मूल्याङ्कनः** यस उप–अवयवभित्र रहेका मुख्य मुख्य क्रियाकलापहरू निम्नअनुसार रहेका छन्:

  (क) **परियोजनाका क्रियाकलापहरूको नियमित तथा आवधिक अनुगमन तथा मूल्याङ्कनः** यस कार्यका लागि परियोजना सचिवालयले परियोजनाले गरेको लगानी र प्रतिफल (सङ्ख्यात्मक र गुणात्मक दुवै) बारेको प्रतिवेदन तोकिएको समयभित्र सत्य र पूर्ण रूपमा सङ्कलन गरी सोको विश्लेषणका साथ सम्बन्धित सरोकारवालाहरूलाई सूचना प्रवाह गर्नका लागि संयन्त्रको स्थापना गर्ने छ । आवश्यकताअनुसार परियोजनाबाट नियुक्त विशेषज्ञहरूले अनुगमन, मूल्याङ्कन तथा अध्ययन कार्यमा सघाउन सक्ने छन् ।

  (ख) **श्रमबजार सूचना प्रणाली स्थापना** : परियोजनाले श्रम तथा यातायात व्यवस्था मन्त्रालय/श्रम विभागमा श्रम बजार सूचना प्रणाली स्थापना र विकास गर्न सघाउने छ ।

  (ग) **अध्ययन अनुसन्धानमा सहयोगः** नियमित अनुगमन, मूल्याङ्कन र अध्ययनको अतिरिक्त परियोजनाले छोटा/द्रुत अध्ययन, प्रभावको लेखाजोखा र अन्य प्रकारका अध्ययन अनुसन्धानमा सघाउने छ ।

## परियोजनाका मुख्य मुख्य लक्ष्यहरू

| क्र.सं. | अवयव | क्रियाकलाप | एकाइ | लक्ष्य |
|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग सम्बन्धित विद्यमान नियामक व्यवस्था तथा क्षमताको सुदृढीकरण | सीप परीक्षक तालिम | सङ्ख्या | ५,००० |
| | | सीप परीक्षण व्यवस्थापक तालिम | सङ्ख्या | ३५० |
| | | प्रशिक्षक र सहायक प्रशिक्षकका लागि तालिम | सङ्ख्या | १,५०० |
| | | मुख्य प्रशिक्षक तालिम | सङ्ख्या | १०० |
| | | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग आवद्ध संस्थाहरूसम्म तालिम व्यवस्थापन सूचना प्रणालीको स्थापना | प्रणाली | १ |
| | | सम्बन्धनको अनलाइन प्रणालीको स्थापना | प्रणाली | १ |
| | | कम्प्युटर प्रणालीमार्फत् परीक्षा अभिलेख व्यवस्था | प्रणाली | १ |
| | | पाठ्यक्रम परिमार्जन | कार्यक्रम | २० |
| २ | प्राविधिक शिक्षामा सुधार | जोड कोष अनुदान तथा कार्य सम्पादन अनुदान | संस्था | ३८ |
| | | व्यवस्थापनमा सहयोग | संस्था | ६ |
| | | प्राविधिक प्रवेशिका र डिप्लोमाका लागि छात्रवृत्ति | विद्यार्थी | ४,००० |
| ३ | छोटो अवधिको व्यावसायिक तालिम र पूर्वसिकाइ पहिचानमा सहयोग | भौचरमा आधारित तालिम सहयोग | सहभागी सङ्ख्या | १०,००० |
| | | नतिजामा आधारित तालिम | सहभागी सङ्ख्या | ३५,००० |
| | | अनौपचारिक तरिकाबाट प्राप्त सीप परीक्षण | सीप परीक्षण गर्नेको सङ्ख्या | १५,००० |
| | | बजार स्थलको परीक्षण | संस्था/स्थान | ३ |
| ४ | परियोजना व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन | परियोजना व्यवस्थापन | प्रणाली | १ |
| | | सञ्चार अभियान | सङ्ख्या | ८ |
| | | श्रम बजार सूचना प्रणालीको स्थापना | प्रणाली | १ |
| | | रोजगारदाता सर्भे, छोटो अध्ययन र कार्य सन्तुष्ठि सर्भे | सङ्ख्या | ८ |
| | | छोटो अवधिको तालिमको प्रभाव अध्ययन | सङ्ख्या | १ |
| | | व्यवस्थापन सहयोगको प्रभाव अध्ययन | सङ्ख्या | १ |

# विपन्न लक्षित माध्यमिक विद्यालय छात्रवृत्ति परियोजना

# Pro-Poor Targeted Secondary School Stipend Project

## परिचय

नेपालको शैक्षिक तथ्याङ्कअनुसार अहिले पनि माध्यमिक शिक्षा (कक्षा ९ र १०) को GER ६६.३ छ भने NER ४०.८ मात्र छ । यसैगरी छात्राको अनुपात ४८.१ छ । यो तथ्याङ्कलाई हेर्दा माध्यमिक शिक्षा अझ धेरै जनसङ्ख्याको पहुँचभन्दा बाहिर रहेको प्रस्ट देखिन्छ । यही वास्तविकतालाई दृष्टिगत गर्दै कक्षा ९ र १० का सामुदायिक विद्यालयहरू (स्वीकृत, प्रस्तावित र समुदायबाट सञ्चालित) मा अध्ययन गर्ने गरिब तथा सामाजिक रूपले पछाडि परेका समूह विशेष गरी छात्राहरूको आर्थिक सहयोगको माध्यमले माध्यमिक शिक्षामा पहुँचका साथै सिकाइ उपलब्धि वृद्धि गर्ने उद्देश्यका साथ शिक्षा विभागबाट आ.व. २०६६/६७ देखि नेपालका १५ जिल्लामा विपन्न लक्षित माध्यमिक शिक्षा छात्रवृत्ति परियोजना (Pro-Poor Targeted Secondary Education Stipend Project – PPTS) परीक्षणको रूपमा कार्यान्वयनमा ल्याइएको छ । जापान सामाजिक विकास कोषबाट विश्व बैङ्कमार्फत् अनुदान प्राप्त भएको यस परियोजनाको कार्यान्वयनमा विद्यालय तहदेखि शिक्षा विभागसम्मका सबै तहका निकायहरू र नीतिगत अनुसन्धान तथा परामर्श केन्द्र (सिप्रेक) तथा शिक्षा विकास सेवा केन्द्र विभिन्न भूमिकामा संलग्न छन् ।

यो परियोजना कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी हिक्षा विभागको रहेको छ ।

## परियोजनाको उद्देश्य

- कक्षा ९ र १० का सामुदायिक विद्यालयहरू (स्वीकृत, प्रस्तावित र समुदायबाट सञ्चालित) मा अध्ययन गर्ने गरिब तथा सामाजिक रूपले पछाडि परेका समूह विशेष गरी छात्राहरूको आर्थिक सहयोगको माध्यमले शिक्षामा पहुँचका साथै उपलब्धिमूलक नतिजा वृद्धि गर्नु
- कार्यक्रममा संलग्न केन्द्रदेखि स्थानीय समुदायसम्मको क्षमता अभिवृद्धि गर्ने र लक्षित समूहको पहिचान गर्ने नयाँ संयन्त्रको विकास गर्ने

## परियोजना लागू भएका क्षेत्र र जिल्लाहरू

| क्षेत्र | हिमाल | पहाड | तराई |
|---|---|---|---|
| पूर्वाञ्चल | ताप्लेजुङ | भोजपुर | सिरहा |
| मध्यमाञ्चल | रसुवा | सिन्धुली | रौतहट |
| पश्चिमाञ्चल | मुस्ताङ | बाग्लुङ | कपिलवस्तु |
| मध्य पश्चिमाञ्चल | कालिकोट | रोल्पा | बर्दिया |
| सुदूर पश्चिमाञ्चल | बाजुरा | अछाम | कैलाली |

## परियोजनाको कार्यान्वयनमा संलग्न निकायहरूको भूमिका

**शिक्षा विभाग**

- परियोजना कार्यान्वयनका लागि गैरसरकारी संस्था तथा सर्वेक्षण संस्थाको छनोट गर्ने
- परियोजना कार्यान्वयनको योजना तयारी गर्ने
- छानिएका १५ ओटा जिल्लाहरूका विद्यालयहरूको नामावली गैरसरकारी संस्था र सर्भेक्षण संस्थालाई उपलब्ध गराउने
- होस्ट (Host) विद्यालय र फिडर (Feeder) विद्यालयलाई प्रोत्साहन अनुदान भुक्तानी गर्ने व्यवस्था मिलाउने
- वर्षको दुईपटक विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाउने
- छानिएका गैरसरकारी संस्था र सर्भेक्षण संस्थालाई आवश्यक सहयोग प्रदान गर्न सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरूलाई स्पष्ट निर्देशन दिने
- छानिएका गैरसरकारी संस्था र सर्भेक्षण संस्थाद्वारा सञ्चालन हुने गतिविधि र जिल्ला शिक्षा कार्यालयहरूद्वारा गरिने परियोजनासँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको अनुगमन/निरीक्षण गर्ने

**जिल्ला शिक्षा कार्यालय**

- छात्रवृत्ति योजनाअन्तर्गत छनोटमा परेका लाभान्वित समूहलाई केकसरी सफलताका साथ अगाडि बढाउन सकिन्छ भन्ने सम्बन्धमा विद्यालयहरू, स्रोतव्यक्तिहरू, अभिभावकहरू तथा स्थानीय समुदायका सदस्यहरूको सहभागिता हुने गरी जिल्लास्तरीय बैठक बोलाउने
- आवेदन केन्द्र (स्रोतकेन्द्र) हरू छनोट गर्दा जिल्ला शिक्षा कार्यालय आफैँ सम्मिलित हुने
- सम्बन्धित स्रोतव्यक्तिलाई PMT प्रतिनिधिका रूपमा प्रत्येक आवेदन केन्द्रहरूमा खटाउने
- विकट क्षेत्रहरूमा PMT आवेदन पुऱ्याउन र सङ्कलन गर्न सहयोग गर्ने
- नमुना आवेदनहरूको पुनः प्रमाणित गर्ने समयमा सर्भेक्षकहरूलाई सहयोग गर्ने
- शिक्षा विभागबाट रकम प्राप्त गरिसकेपछि उक्त रकम वितरणको तालिका बनाई रकम वितरण गर्ने
- शिक्षा विभागबाट प्राप्त छात्रवृत्ति रकम विद्यालयहरूमा वितरण गराउने तथा वितरण गरिएको रकमको विवरण शिक्षा विभागलाई उपलब्ध गराउने
- शिक्षा विभागको निर्देशनअनुरूप सहभागी विद्यालयहरूलाई आर्थिक अनुदान दिने र यसको विवरण शिक्षा विभागमा पेस गर्ने

- जिल्लामा रहेका छात्रवृत्ति व्यवस्थापन समितिसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने

**गैरसरकारी संस्था (सिप्रेक नेपाल)**

(क) **सूचना प्रवाह**

- सूचना प्रवाहका लागि सचेत सामग्रीहरूको तयारी (जस्तैः पोस्टरहरू, पर्चाहरू, विज्ञापन आदि) र १५ ओटै जिल्लामा उक्त सामग्रीहरूको व्यापक रूपमा वितरण
- जिल्ला शिक्षा कार्यालयहरू,स्रोतव्यक्तिहरू तथा स्थानीय समुदायको प्रतिनिधित्व गर्ने समूहहरू, अभिभावक/बाबु-आमा, विद्यार्थीहरू, विद्यालयहरूलाई जिल्ला र स्रोतकेन्द्रस्तरीय गोष्ठीहरूद्वारा परियोजनाका बारेमा आवश्यक जानकारी गराउने
- स्थानीय तथा राष्ट्रियस्तरका सञ्चार माध्यमहरूद्वारा (रेडियो, पत्रिकाहरू आदि कार्यक्रमको प्रचार प्रसार गर्ने )
- कार्यशालाका लागि सामग्रीहरू तयार गर्ने तथा जिल्लास्तरीय अभिमुखीकरण, कार्यशाला सञ्चालन गर्ने

(ख) **लाभान्वितहरूको छनोट तथा घरधुरी सर्वेक्षणको पुनः प्रमाणीकरण**

- आवेदन तथा छनोट प्रक्रियासम्बन्धी विस्तृत जानकारी विद्यालयसम्म पुऱ्याउने, जस्तैः आवेदनहरू कसरी भर्ने, विद्यालयहरूमा आवेदनहरूलाई समयमा कसरी टाँस्न लगाउने आदि
- समयमा आवेदन केन्द्रहरूमा आवेदन फारामहरू उपलब्ध गराउने
- सम्बन्धित विद्यालयले विद्यार्थीहरूले भरेका आवेदन फारामहरू छनोट गरिसकेपछि सङ्कलन गर्ने
- म्वतब भ्लतचथ का लागि कम्प्युटर प्रोगाम तयार गर्ने
- प्राप्त तथ्याङ्कलाई प्रवृष्टि गर्नुका साथै तथ्याङ्कमा भएका सबै र त्रुटिहरू परीक्षण गर्ने
- सबभन्दा विपन्नदेखि सम्पन्न विद्यार्थीहरूको क्रमबद्ध रूपमा सूची तयार गर्ने
- उक्त सूची तथा सबै तथ्याङ्क शिक्षा विभागलाई परीक्षणका लागि पठाउने
- छात्राहरूलाई प्राथमिकतामा राखी (कम्तीमा ५०% आवेदकहरू) छनोट गर्ने
- पहिलो सूची प्रकाशन गर्ने
- कुनै विद्यार्थीलाई उक्त सूचीमा चित्त नबुझे पुनःप्रमाणीकरणका निम्ति अपिल गर्न अनुरोध गर्ने प्रावधान राख्ने
- घरधुरी सर्वेक्षकहरूबाट निश्चित नमुना (Sample) आवेदकहरूको घरघर गई पुनः प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने

- लाभान्वित विद्यार्थीहरूको अन्तिम सूची शिक्षा विभागमा स्वीकृतिका लागि पेस गर्ने
- छानिएका विद्यार्थीहरूको सूची प्रकाशन गर्ने
- जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्र तथा सकेसम्म पत्रपत्रिकाहरू, एफ्.एम्./रेडियोमार्फत् जानकारी गराउने

**(ग) छात्रवृत्ति वितरण, विद्यार्थीहरूको हाजिरी तथा सिकाइ उपलब्धिको अनुगमन**

- हरेक निम्न माध्यमिक विद्यालय/माध्यमिक विद्यालयअन्तर्गत आवेदनहरूको नियमित र विद्यालय छाडेका विद्यार्थीहरूको छुट्टाछुट्टै नामावलीको सूची जिल्लाजिल्लाबाट सङ्कलन गरी शिक्षा विभागमा अनुदान रकमका लागि पेस गर्ने
- छानिएका विद्यार्थीहरू कुनकुन माध्यमिक विद्यालयमा भर्ना भएका हुन् उक्त नामावली आर्थिक अनुदानका निम्ति शिक्षा विभागमा पेस गर्ने
- जिल्ला शिक्षा कार्यालय तथा शिक्षा विभागको सहकार्यमा लाभान्वितहरूलाई रकम समयमा उपलब्ध गराइएको छ कि छैन ? विद्यार्थी, अभिभावक तथा विद्यालयको प्रतिक्रिया केकस्तो छ ? भन्ने बारेमा अनुगमन गर्ने
- कोषको वितरण, विद्यार्थीहरूको हाजिरी तथा उपलब्धिको अनुगमनका लागि व्यवस्थापन सूचना पद्धति (Management Information System) को विकास गर्ने
- विद्यालय व्यवस्थापन समितिसँग सहकार्य गरी विद्यार्थीहरूको हाजिरी तथा उपलब्धिको अनुगमन गर्ने
- PMT को कार्यान्वयनका लागि जिल्ला शिक्षा कार्यालयहरू, स्रोतव्यक्ति तथा अन्य सरोकारवालाहरूलाई तालिम/जानकारी दिने
- विद्यालयहरूबीच राम्रा अनुभवहरूको आदानप्रदानका लागि व्यवस्था मिलाउने
- परियोजना कार्यान्वयनसम्बन्धी अर्धवार्षिक प्रतिवेदनहरू शिक्षा विभागमा पेस गर्ने

**सर्भेक्षण संस्था (शिक्षा विकास सेवा केन्द्र)**

- शिक्षा विभागबाट छात्रवृत्ति कार्यक्रममा भाग लिएका विद्यालयहरूको नामावलीको (विस्तृत कोडसहित) सूची प्राप्त गर्ने
- घरको सही ठेगानाका साथ आवेदकहरूले पाएको अन्तिम PMT Score(अङ्क) गैरसरकारी संस्था सिप्रेकबाट प्राप्त गर्ने
- PMT सम्बन्धी कोड, आधार रेखा र अन्तिम रेखा सर्भेक्षण गर्दाको कोडसँग मेल खानुपर्ने
- सबै सर्भेक्षण प्रश्नावलीहरू (घरधुरी, विद्यालय र समुदायसँग सम्बन्धित) र कक्षा ८ र १० को गणित, विज्ञान तथा अङ्ग्रेजी विषयका प्रश्नपत्रहरूलाई Field Test समेत गरी अन्तिम रूप दिने

- सर्भेक्षक तथा निरीक्षक (NGO) हरूका लागि आधार रेखा सर्भेक्षणसम्बन्धी तथा अन्य आवश्यक तालिम सञ्चालन गर्ने
- आधार रेखा सर्भेक्षण गर्ने
- सर्भेक्षण कार्यको अन्तमा शिक्षा विभागसँग समन्वय तथा सहकार्य गरी PMT प्रक्रियाबाट विद्यार्थी छनोट कार्य गर्दा प्राप्त भएका अनुभवहरू प्रबोधीकरण गर्ने
- परियोजनाको अन्त्यमा शिक्षा विभागसँग सहकार्य गरी आधार रेखा र अन्तिम रेखा सर्भेक्षणका आधारमा परियोजनाको उपलब्धि तथा अनुभवहरू विश्लेषण गरी कार्यशाला गोष्ठी गर्ने । बृहत् कार्यशालाबाट प्राप्त नतिजाहरूलाई संश्लेषण गरी सम्पूर्ण कार्यक्रमको सङ्क्षिप्त प्रतिवेदन तयार गर्ने

**स्रोतकेन्द्र**

- फाराम सङ्कलन केन्द्र (बुथ) का रूपमा काम गर्ने तथा आवश्यकताअनुसार बुथ सञ्चालन गर्ने
- विद्यालयसम्म फाराम वितरणमा सहयोग र सोसम्बन्धी सूचना प्रवाह गर्ने
- विद्यार्थीहरूलाई, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई फाराम भर्न सहयोग पुऱ्याउने
- छात्रवृत्ति पाएका विद्यार्थीहरूको विवरण सङ्कलन गरी जिल्ला शिक्षा कार्यालयमा पठाउने
- आफ्नो कार्य क्षेत्रभित्र अनुगमन तथा सुपरिवेक्षण कार्यमा सहयोग गर्ने

**सहभागी विद्यालय**

- विद्यार्थीको छनोटका लागि दरखास्त फाराम भर्नेबारे विद्यार्थी/अभिभावकहरूलाई सम्पूर्ण जानकारी उपलब्ध गराउने
- आफ्नो कार्यक्षेत्रभित्रका विगत २ वर्षभित्र कक्षा ८ उत्तीर्ण गरी विद्यालय छाडेका विद्यार्थीहरूलाई आवेदन भर्न प्रोत्साहित गर्ने
- अभिभावक र विद्यार्थीमा सूचना प्रवाह गर्ने
- दरखास्त फाराम उपलब्ध गराउने
- फाराम भर्न सहयोग गर्ने र भरेका फारामहरूको विवरण ठीक साँचो हो/होइन रुजु गरी प्रमाणित गर्ने
- सिफारिससहित दरखास्त फाराम जिल्ला शिक्षा कार्यालय वा तोकिएको अन्य दरखास्त सङ्कलन केन्द्र वा बुथमा बुझाउन सहयोग गर्ने

- पुर्नर्विचारका लागि परेका निवेदन (अपिल) उपर छानविन गरी उपयुक्त ठहरिएमा गैरसरकारी संस्थाको जिल्ला संयोजकलाई आवेदकको फाराम बुझाउने
- छात्रवृत्ति पाएका विद्यार्थीको प्रगति मूल्याङ्कन गर्ने
- छात्रवृत्तिको सही सदुपयोग भए, नभएको छानविन गरी जिल्ला शिक्षा कार्यालयमा विवरण दिने

## परियोजना कार्यान्वयन कार्यविधि

यस परियोजनाको कार्यान्वयनमा निम्नलिखित कार्यविधिलाई अङ्गिकार गरिएको छ :

- परियोजना कार्यान्वयन योजना निमार्ण
- गैरसरकारी संस्था र सर्वे संस्थाको छनोट (एक/एकओटा)
- Proxy Mean Test (PMT) सम्बन्धी क्रियाकलाप
- Proxy Mean Test (PMT) मार्फत् लाभान्वितहरूको छनोट
- छानिएका कक्षा ९ र १० का विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण
- विद्यार्थी छनोट, छात्रवृत्ति वितरण तथा सुपरिवेक्षणका निमित्त क्षमता अभिवृद्धि
- सहभागी विद्यालयहरूलाई आर्थिक सहयोग
- छात्रवृत्ति परियोजनाको मूल्याङ्कन

## परियोजनामा भाग लिने विद्यालयहरूले पाउने प्रोत्साहन

यस विपन्न लक्षित माध्यमिक विद्यालय छात्रवृत्ति परियोजनाका लागि दुई प्रकारका सामुदायिक विद्यालयहरू(फिडर विद्यालय तथा होस्ट विद्यालयहरू) समावेश हुने छन् । फिडर विद्यालय भन्नाले कक्षा ८ का विद्यार्थीहरू अध्ययन गर्ने (छात्रवृत्तिका लागि आवेदन दिनेहरू) विद्यालयहरू तथा होस्ट विद्यालयहरू भन्नाले लाभान्वित विद्यार्थीहरूलाई कक्षा ९ मा प्रवेश लिने विद्यालयहरूलाई बुझिन्छ ।

### फिडर विद्यालयहरू

प्रत्येक फिडर विद्यालयहरूले आफू मातहतका विपन्न तथा विद्यालय बाहिरका कक्षा ८ उत्तीर्ण विद्यार्थीसमेत छनोट गरी आवेदन फाराम भर्न उत्प्रेरित गर्ने छन् । हरेक फिडर विद्यालयले एकमुष्ठ रू. १,६०० पाउने छन् । यसबाहेक विद्यालय छाडेका समेतलाई आवेदन फाराम भर्न लगाएबापत प्रतिआवेदन रू. १२० र नियमित विद्यार्थीको हकमा प्रति विद्यार्थी रू. ३० प्रोत्साहन रकम पाउने छन् ।

### होस्ट विद्यालयहरू

प्रवेश पाएका लाभान्वित विद्यार्थीहरूका लागि होस्ट विद्यालयहरूले प्रवेशबापत एकमुष्ठ रू.४,२०० र अतिरिक्त प्रोत्साहन रकम रू.१५ प्रति विद्यार्थीका दरले पाउने छन् ।

## लाभान्वित हुने विद्यार्थीको सङ्ख्या

पहिलो वर्ष (शैक्षिक सत्र २०६७) मा छनोट भएका ६,२५० र दोस्रो वर्ष (शैक्षिक सत्र २०६८) मा छनोट भएका ६,२५० गरी कुल १२,५०० विद्यार्थीहरूले माध्यमिक तह (कक्षा ९ र १०) अध्ययनका लागि छात्रवृत्ति प्राप्त गर्नेछन् । प्रत्येक वर्ष छात्रवृत्ति पाउने विद्यार्थी सङ्ख्याको कम्तीमा ५० प्रतिशत छात्राहरू हुने छन् भने प्रत्येक जिल्लामा प्रतिवर्ष कम्तिमा १०० जनाले छात्रवृत्ति पाउने छन् ।

## छात्रवृत्ति

लाभान्वित विद्यार्थीहरूले वर्षमा दुई किस्तामा छात्रवृत्ति रकम प्राप्त गर्ने छन् । प्रथम वर्ष (शैक्षिक सत्र २०६७) मा छनोट भएका विद्यार्थीहरूले प्रथम किस्तामा रु १६००।– र दोस्रो किस्तामा रु ८००।– गरी कक्षा ९ मा कुल जम्मा रु २४००।– र कक्षा १० मा पनि सोहीबमोजिमको रकम प्राप्त गर्नेछन् । यसै गरी दोस्रो वर्ष (शैक्षिक सत्र २०६८) मा छनोट भएका विद्यार्थीहरूले प्रथम किस्तामा रु २०००।– र दोस्रो किस्तामा रु १०००।– गरी कक्षा ९ मा कुल जम्मा रु ३०००।– र कक्षा १० मा पनि सोहीबमोजिमको रकम प्राप्त गर्ने छन् ।

यस परियोजनाबाट आ.व. २०६६/०६७ मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको विवरण निम्नानुसार छ :

| सि.न. | जिल्ला | छानिएका विद्यार्थी | | जम्मा | सि.न. | जिल्ला | छानिएका विद्यार्थी | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | | | | छात्रा | छात्र | |
| १ | ताप्लेजुङ | १७४ | १२६ | ३०० | ९ | कपिलवस्तु | ६२ | ९३ | १५५ |
| २ | भोजपुर | ३०८ | १८३ | ४९१ | १० | कालिकोट | २५९ | ४७९ | ७३८ |
| ३ | सिराह | ९५ | ११९ | २१४ | ११ | रोल्पा | ३३६ | ३३७ | ६७३ |
| ४ | रसुवा | ४७ | ५३ | १०० | १२ | बर्दिया | २३५ | १२१ | ३५६ |
| ५ | सिन्धुली | ५०० | ४९७ | ९९७ | १३ | बाजुरा | १५४ | २५९ | ४१३ |
| ६ | रौतहट | ८४ | १०६ | १९० | १४ | अछाम | २४१ | २९८ | ५३९ |
| ७ | मुस्ताङ | ५२ | ४७ | ९९ | १५ | कैलाली | ३९१ | २६७ | ६५८ |
| ८ | बाग्लुङ | १८७ | १४० | ३२७ | | जम्मा | ३१२५ | ३१२५ | ६२५० |

# दोस्रो उच्च शिक्षा परियोजना

# Second Higher Education Project (SHEP)

## परिचय

नेपाल सरकार र विश्व बैङ्कबीच ३० अप्रिल २००७ मा भएको सम्झौताअनुसार यो परियोजना २७ जुलाई २००७ देखि सुरु भई १५ जनवरी २०१४ मा सम्पन्न हुने छ। दोस्रो उच्चशिक्षा परियोजनाको कुल लागतमध्ये ६० मिलियन अमेरिकी डलर (६ करोड अमेरिकी डलर) विश्व बैङ्कले व्यहोर्ने छ भने बाँकी रकम नेपाल सरकारले व्यहोर्ने छ । कुल ६० मिलियन अमेरिकी डलरमध्ये विश्वविद्यालय अनुदान आयोगले ४५.८३ मिलियन अमेरिकी डलर खर्च गर्ने छ भने बाँकी १४.१७ मिलियन अमेरिकी डलरको शिक्षा विभागमार्फत् हुने छ।

यो परियोजना कार्यान्वयन गर्ने मसख्य निकायका रूपमा विश्वविद्यालय अनुदान आयोग रहेको छ।

## परियोजनाका अवयवहरू (Components)

दोस्रो उच्चशिक्षा परियोजनाका निम्नलिखित ४ अवयवहरू (Components) रहेका छन्:

### १. सुधार अनुदान

यस अवयवअन्तर्गत दुई सहायक अवयवहरू (Sub-components) छन् : संस्थागत सुधार अनुदान र अनुसन्धान अनुदान ।

संस्थागत सुधार अनुदानका तीन प्रकारका अनुदान प्रदान गरिने छ : (क) प्रोत्साहन अनुदान (ख) कार्य सम्पादन अनुदान र (ग) जोडकोष अनुदान

यस परियोजनाले गुणस्तर, व्यवस्थापन, विद्यार्थी सहभागिता एवम् आर्थिक रूपले दिगो संस्थाका रूपमा विकास गर्न चुनिएका सूत्रमा आधारित लगानी आत्मसात् गर्ने पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय र काठमाडौँ विश्वविद्यालय तथा त्रिभुवन विश्वविद्यालयका ३ ओटा आङ्गिक स्वायत्त क्याम्पसहरू, विकेन्द्रीकृत क्याम्पसहरू, सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरू, १० ओटा विकेन्द्रित क्याम्पसहरूलाई प्रोत्साहन अनुदान प्रदान गर्ने छ। त्यस्तै गरी Scheme A का ९ ओटा, B का १० ओटा, C का २८ ओटा र D का गरी ४३ ओटा गरी जम्मा ९० ओटा सामुदायिक क्याम्पसहरूलाई सुधार अनुदानमा भाग लिन, रणनीतिक योजना तयार पार्न प्रोत्साहन अनुदान प्रदान गरिएको छ । यस परियोजनाले ३ ओटा विश्वविद्यालयहरूलाई प्रोत्साहन अनुदान उपलब्ध गराउँदै आएको छ।

### २. विद्यार्थी वित्तीय सहायता कार्यक्रम

PMT फारमको उपयोग गरी उच्च माध्यमिक/स्नातक तहका लागि छात्रवृत्तिका लागि विद्यार्थीहरूको छनोट, छनोट भएका विद्यार्थीहरूको Verification, छनोट भएका विद्यार्थीहरूको बैङ्क खाता खोली छात्रवृत्ति वितरण र Work Study तथा Fund Raising का लागि सरोकारवालाहरूको परिचालन गर्दै आएको छ।

### ३.उच्च माध्यमिक शिक्षामा सुधार

सामुदायिक उच्च माध्यमिक विद्यालयहरूको विकास एवम् सुदृढीकरण गर्न सुधार अनुदान, कार्य सम्पादन अनुदान र जोडकोष अनुदान शिक्षा विभाग र उच्च माध्यमिक शिक्षा परिषदको समन्वयमा सञ्चालन भइरहेको छ ।

### ४. उच्चशिक्षामा प्रणालीगत क्षमता अभिवृद्धि

राष्ट्रिय उच्चशिक्षा नीतिमा समसामयिक सुधार गरी उच्चशिक्षा प्रणालीको विकास गर्दै लाने र ती आवश्यकताहरूसँग सुहाउने किसिमको कानुनी रूपरेखाको विकास गर्ने, गुणस्तर सुनिश्चितता एवम् प्रत्यायन प्रणालीको स्थापना गर्ने, उच्चशिक्षा प्रणालीका लागि EMIS प्रणालीको स्थापना गर्ने, सूत्रमा आधारित लगानीको ढाँचा विकास गर्ने, विश्वविद्यालय अनुदान आयोगको क्षमता, दक्षता र सीप अभिवृद्धि तथा विकास गर्ने, उच्चशिक्षाका विभिन्न तहगत नीतिहरूलाई अध्ययन गरी समयसापेक्ष बनाउनु नै यसको उद्देश्य हो ।

**परियोजनाको कार्यक्रम, बजेट तथा खर्च विवरण**

| सि.नं. | कार्यक्रम | आ.व. २०६७/६८ रकम रु | |
|---|---|---|---|
| | | सङ्ख्या | खर्च रकम रु |
| १ | **सुधार अनुदान** (प्रोत्साहन, र्यसम्पादन र, जोडकोष अनुदान) ३ ओटा स्वायत्त क्याम्पस | ● Scheme A का ९ ओटा, B का १० ओटा, C का २८ ओटा र D का ४३ ओटा गरी जम्मा ९० ओटा सामुदायिक क्याम्पसहरू<br>● ३ ओटा विश्वविद्यालयहरू<br>● त्रिभुवन विश्वविद्यालय का १० ओटा विकेन्द्रीकृत क्याम्पसहरू | ३२५००<br>३५००००<br>१६६०३५ |
| २ | अनुसन्धान अनुदान प्रयोगशाला सहयोग तालिम/गोष्ठी | स्नातकोत्तर, एम.फिल, थेसिस र पिएच.डी.<br>- फ्याकल्टी र इन्स्टिच्युट अनुसन्धान<br>- त्रिभुवन विश्वविद्यालय पुस्तकालय<br>- Research Management Cell | ७०००० |
| ३ | विद्यार्थी वित्तीय सहायता कार्यक्रम | स्नातक तहका गरिब, जेहेनदार, महिला, दलित तथा पिछडिएका जनजातिका विद्यार्थीहरू | ३७५०० |
| | जम्मा | | ६५६०३५ |

# शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना

# Food for Education Project (FFEP)

## परिचय

नेपाल सरकार शिक्षा मन्त्रालयअन्तर्गत शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रमको सहयोगमा सञ्चालित परियोजना हो । विश्व खाद्य कार्यक्रमको सहयोग नेपालमा सर्वप्रथम ३० अगस्ट १९६७ मा सुरु भएको हो । सन् १९९० देखि १९९५ सम्म "स्वास्थ्य, पोषण र शिक्षाको आधारभूत आवश्यकता सहयोग" कार्यक्रमको रूपमा दातृ संस्था विश्व खाद्य कार्यक्रमको सहयोगमा सञ्चालन भएको र वि.सं. २०५२ (सन् १९९५) पौषसम्म तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्अन्तर्गत पौष्टिक आहार सञ्चालक समितिमार्फत पौष्टिक आहार कार्यक्रमको नामबाट नेपालका ३७ जिल्लाका तोकिएका स्थानहरूमा यो कार्यक्रम सञ्चालन भएको थियो । सन् १९९६ जनवरीदेखि शिक्षा मन्त्रालयअन्तर्गत प्राथमिक विद्यालय पौष्टिक आहार परियोजनाको नामबाट सञ्चालन हुने गरी नेपाल सरकार र विश्व खाद्य कार्यक्रमबीच सम्झौता भई सन् २००२ सम्म कार्यक्रम सञ्चालन भयो ।

विस्तारित प्राथमिक विद्यालय खाद्यान्न सहयोग कार्यक्रम कार्यान्वयनबाट विद्यार्थी भर्नादर वृद्धि भएको, हाजिर दरमा वृद्धि भएको, कक्षा छाडी भाग्ने प्रथा कम भएको, अध्ययन क्षमता बढेको र छात्रा भर्नादर बृद्धि भई स्वास्थ्यमा पनि सुधार भएकाले हाल सञ्चालन भइरहेको परियोजनाको कार्यक्रमलाई निरन्तरता दिन  थप कार्यक्रमसहित सन् २००२ देखि २००६ डिसेम्वरसम्मका लागि शिक्षाका लागि खाद्य कार्यक्रमको नामबाट कार्यक्रम सञ्चालन गर्न विश्व खाद्य कार्यक्रमसँग १ नोभेम्बर २००२ मा सम्झौता भयो । शिक्षाका लागि खाद्य कार्यक्रम, विश्वव्यापी शिक्षाका लागि खाद्य कार्यक्रम, मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम र छात्रा उत्प्रेरणा कार्यक्रमहरू यस परियोजनाबाट प्रभावकारीरूपमा सञ्चालन भयो । सहमतिअनुसार सन् २००७ को अवधिमा विश्वव्यापी शिक्षाका लागि खाद्य कार्यक्रमबाहेक अन्य कार्यक्रम निरन्तर रूपमा सञ्चालन भयो ।

नेपाल सरकार तथा विश्व खाद्य कार्यक्रमबीच मिति २६ सेप्टेम्वर २००७ मा भएको सम्झौताअनुसार सन् २००८ देखि २०१० सम्म कार्यक्रम सञ्चालन गर्ने सम्झौता भएको थियो । यस अवधिमा निश्चित जिल्लाका निश्चित गाउँ विकास समितिहरूमा दिवा खाजा कार्यक्रम, छात्रा उत्प्रेरणा कार्यक्रम, जूका निवारण र मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम सञ्चालन भयो । नेपाल सरकार र संयुक्त राष्ट्र संघिय विश्व खाद्य कार्यक्रमसँग सम्झौता भएअनुसार सन् २०१२ सम्म कार्यक्रमलाई निरन्तरता दिने सम्झौता भएअनुसार १६ जिल्लाहरूमा विभिन्न कार्यक्रम सञ्चालन भई रहेका  छन् ।

यो परियोजना कार्यान्वयनका लागि छुट्टै परियोजना कार्यालय नक्साल,काठमाडौँमा रहेको छ ।

## परियोजनाको उद्देश्य

### दीर्घकालीन

- खाद्यान्न अभाव र शिक्षाको पहुँचमा अति न्यून देखिएका जिल्लाहरूका समुदायका बालबालिकाहरूलाई आभारभूत शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने तथा विद्यार्थीहरूको पोषण र स्वास्थ्य स्थितिमा सूधार ल्याउने

### अल्पकालीन

- विद्यार्थी भर्नादरमा वृद्धि गर्ने
- दैनिक हाजिरी प्रतिशतमा वृद्धि गर्ने
- विद्यालयबाट कक्षा छाडी जाने (भाग्ने) दरलाई घटाउने
- विद्यार्थीहरूको अध्ययन क्षमतामा वृद्धि गर्ने
- विद्यार्थीहरूको पोषण एवम् स्वास्थ्य स्थितिमा सुधार ल्याउने
- छात्राहरूको भर्ना प्रतिशतमा वृद्धि गर्ने
- गर्भवती तथा सुत्केरी आमा एवम् शिशुहरूको स्वास्थ्य सुधारमा टेवा पुऱ्याउने
- विद्यालय परिवार र समुदायको संयुक्त प्रयासमा लैङ्गिक भेदभाव हटाई कार्यक्रममा आमाहरूको (महिला) सहभागिता बढाउने

## प्रमुख कार्यक्रमहरू

### दिवा खाजा कार्यक्रम (Mid-day Meal)

आ.व. ०६७।६८ मा दिवा खाजा कार्यक्रम ११ जिल्लामा सञ्चालन भइरहेको छ । यस कार्यक्रमअन्तर्गत कक्षा १ देखि ५ सम्मका र बाल विकास केन्द्र, वैकल्पिक शिक्षा कार्यक्रम तथा प्राथमिक शिक्षा विस्तार कार्यक्रमसहितका १,९४,००० छात्र/छात्राहरू लाभान्वित भइरहेका छन् । कार्यक्रमअनुसार प्रतिस्कुल दिन प्रतिविद्यार्थी न्युट्रिमिक्स प्लस १०० ग्राम र घिउ १० ग्राम गरी जम्मा ११० ग्रामबाट तयार गरिएको दिवा खाजा स्कुलमा पकाएर मध्यान्हका समयमा विद्यार्थीलाई खुवाइन्छ । न्युट्रिमिक्स प्लसमा गहुँ ३२.२४%, भटमास २५%, मकै ३१%, चिनी १०%, १२ किसिमको भिटामिन र ६ किसिमको खनिज तत्व गरी १.७६% मिसाइएको हुन्छ । यसबाट प्रोटिन १२%, चिल्लो पदार्थ ६% र शद्ध रेसा ३% सहित ३९० (Kcl) क्यालोरी प्राप्त हुन्छ । केही समयपछि न्युट्रिमिक्स प्लसमा मकै मिश्रण नगर्ने र भविष्यमा Fortified Biscut परिक्षणको रूपमा केही जिल्लामा लागू गर्ने तथा प्रभावकारिता अध्ययनपश्चात् क्रमिक रूपमा कार्यक्रम सञ्चालित सबै जिल्लामा लागू गर्ने योजना छ ।

### छात्रा उत्प्रेरणा कार्यक्रम (Girls Incentive Programme) - GIP

शिक्षाका लागि खाद्य कार्यक्रम (FFEP) लागू भएका ११ जिल्लाहरूको साथै तराईका ५ जिल्लाहरू (धनुषा, महोत्तरी, सर्लाही, रौतहट र पर्सा)मा समेत गरी १६ जिल्लाहरूमा कक्षा २ देखि ५ सम्मका ६५३५२ छात्राहरूलाई प्रति महिना २ लिटर का दरले खाने तेल घर लैजाने राशनको रूपमा उपलब्ध गराइएको छ । खाने तेल प्राप्त गर्न प्रत्येक महिना कम्तीमा १० दिन कक्षा सञ्चालन भएकै हुनुपर्ने र कक्षा सञ्चालन

भएका दिनहरूको कम्तीमा ८० प्रतिशत हाजिर हुनुपर्ने प्रावधान छ । यो कार्यक्रमको प्रभावकारिताको कारण प्रत्येक वर्ष छात्रा (Girls) भर्नादर वृद्धि हुँदै आएको छ ।

**मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम (Mother and Child Health Care)-MCHC**

यस आ.व. २०६७०६८ मा ८ जिल्लाका ४२ ओटा गाउँ विकास समितिहरूमा यो कार्यक्रम सञ्चालन भइरहेको छ । यो कार्यक्रमबाट २९,००० सहायतार्थी लाभान्वित हुने छन् । नेपालमा गर्भवती तथा सुत्केरी महिलाहरूको स्वास्थ्य स्थिति तथा कुपोषणका कारणबाट हुने महिला र बाल मृत्यु दरमा कमी ल्याउने उद्देश्यले मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रमको थालनी गरिएको हो । कार्यक्रमअन्तर्गत गर्भवती, सुत्केरी महिलाहरू र ६ देखि ३६ महिनासम्मका शिशुहरूलाई प्रतिमहिना ७ के.जी.का दरले न्युट्रिमिक्स प्लस (पौष्टिक आहार) उपलब्ध गराइन्छ । यस कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी स्वास्थ्य सेवा विभागको रहेको छ भने यस परियोजनाको दायित्व आपूर्ति व्यवस्था मिलाउने मात्र रहेको छ ।

## कार्यनीति

- आ.व. २०६७०६८ मा प्रत्येक जिल्लाको मुख्य गोदामबाट वितरण केन्द्रहरूमा उपभोक्ता समितिबाट पौष्टिक आहार ढुवानी गराउने प्रावधान रहेको छ ।
- चालू आ.व. २०६७०६८ मा प्रत्येक महिनामा एकपटक सम्बन्धित वितरण केन्द्रबाट खाद्य सामग्री वितरण गर्ने नीति रहेको ।
- परियोजना लागू भएका प्रत्येक जिल्लामा स्रोत र साधनले भ्याएसम्म १५००-२००० विद्यार्थीहरूलाई पायक पर्ने गरी वितरण केन्द्र निर्धारण गर्ने प्रावधान रहेको छ ।
- विद्यालय स्तरीय खाजा व्यवस्थापन समितिका पदाधिकारीहरूले नियमित रूपले दिवा खाजा खुवाउने व्यवस्था गर्ने र निरीक्षण एवम् अनुगमन गर्ने व्यवस्था गरिएको छ ।
- परियोजनाका कर्मचारी, विद्यालय निरीक्षक/स्रोतव्यक्तिले कार्यक्रमको प्रभावकारिता बढाउनका लागि अनुगमन र प्रतिवेदन प्रस्तुत गर्ने छन् ।
- पौष्टिक आहार तथा अन्य सामग्रीको वितरण केन्द्रदेखि विद्यालयसम्मको ढुवानी, भण्डारण, सामग्रीहरूको स्याहार सम्भार र सदुपयोग र प्रतिवेदन प्रस्तुत गर्ने सम्पुर्ण जिम्मा सम्बन्धित विद्यालयको शिक्षक, खाजा व्यवस्थापन समिति एवम् अभिभावक वर्गले गर्ने व्यवस्था गरिएको छ ।

## सङ्गठनात्मक संरचना र जिम्मेवारी

परियोजना सञ्चालनका लागि केन्द्रदेखि विद्यालय तहसम्म निम्नानूसार सँगठनात्मक संरचना निर्माण गरी जिम्मेवारी समेत तोकिएको छ ।

## शिक्षाका लागि खाद्य कार्यक्रम राष्ट्रिय समिति

शिक्षाका लागि खाद्य कार्यक्रम कार्यान्वयनको नीति निर्माण, समन्वय, व्यवस्थापन, निर्देशन तथा मूल्याङ्नका लागि देहायका पदाधिकारीहरू रहनुभएको “शिक्षाका लागि खाद्य कार्यक्रम, राष्ट्रिय समिति” को व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| (१) सचिव-शिक्षा मन्त्रालय | अध्यक्ष |
| (२) महा निर्देशक-शिक्षा विभाग | सदस्य |
| (३) प्रतिनिधि- राष्ट्रिय योजना आयोग | सदस्य |
| (४) प्रतिनिधि- अर्थ मन्त्रालय | सदस्य |
| (५) प्रतिनिधि- महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | सदस्य |
| (६) प्रतिनिधि- विश्व खाद्य कार्यक्रम | सदस्य |
| (७) कार्यक्रम निर्देशक | सदस्य सचिव |

(शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना)

आवश्यकताअनुसार अन्य मन्त्रालय / निकायका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सकिने छ ।

## शिक्षाका लागि खाद्य कार्यक्रम समन्वय समिति (PCC)

यो समितिले शिक्षाका लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्न आवश्यक सहयोग पुर्‍याउने छ । समन्वय समितिमा निम्नलिखित पदाधिकारीहरू रहने छन् :

| | |
|---|---|
| १. कार्यक्रम निर्देशक, शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना | अध्यक्ष |
| २. शिक्षा मन्त्रालयको प्रतिनिधि | सदस्य |
| ३. शिक्षा विभागको खाजा कार्यक्रम हेर्ने उपसचिव स्तरको अधिकृत प्रतिनिधि | सदस्य |
| ४. विश्व खाद्य कार्यक्रम नेपालको प्रतिनिधि | सदस्य |
| ५. कार्यक्रम निर्देशकले तोकेको परियोजनाको उपनिर्देशक | सदस्य सचिव |

आवश्यकताअनुसार अन्य मन्त्रालय / निकायका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सकिने छ ।

## जिल्ला खाद्य समन्वय तथा अनुगमन समिति

जिल्ला भित्रको विश्व खाद्य कार्यक्रमको सहयोगमा सञ्चालित कार्यक्रमहरूको समन्वय, कार्यान्वयन, अनुगमन, सहयोग तथा व्यवस्थापन मिलाउन प्रत्येक जिल्लामा देहायका सदस्यहरू रहेको जिल्ला खाद्य समन्वय तथा अनुगमन समिति गठन गरिएको छ ।

| | |
|---|---|
| (१) जिल्ला विकास समितिका सभापति | अध्यक्ष |
| (२) प्रमुख जिल्ला अधिकारी | सदस्य |
| (३) स्थानीय विकास अधिकारी | सदस्य |
| (४) जिल्ला शिक्षा अधिकारी | सदस्य |
| (५) महिला विकास अधिकृत | सदस्य |
| (६) जिल्ला जन स्वास्थ्य अधिकृत | सदस्य |
| (७) पोषण सम्पर्क व्यक्ति-जनस्वास्थ्य कार्यालय | सदस्य |
| (८) जिल्ला कृषि विकास कार्यालय | सदस्य |
| (९) नेपाल खाद्य संस्थान | सदस्य |
| (१०)जिल्लाका शिक्षक प्रतिनिधि (महिला) | सदस्य |
| (११) विश्व खाद्य कार्यक्रम प्रतिनिधि (सम्भव भएसम्म) | सदस्य |
| (१२) शिक्षाका लागि खाद्य कार्यक्रम, एकाइ प्रमुख | सदस्य सचिव |

## विद्यालय खाजा व्यवस्थापन समिति र त्यसको काम, कर्तव्य र अधिकार

कार्यक्रममा सहभागी हुने प्रत्येक विद्यालयमा अभिभावकहरूको सहभागितामा विद्यालय व्यवस्थापन समितिले ९ जना (५०% महिला अनिवार्य) पदाधिकारी रहने गरी एउटा खाजा व्यवस्थापन समिति गठन गरीएको छ । सो खाजा व्यवस्थापन समितिको जिम्मेवारी देहायबमोजिम रहेको छ ।

- आ-आफ्नो विद्यालयमा कार्यक्रम सञ्चालन गर्न जिल्ला शिक्षा कार्यालय/शिक्षाका लागि खाद्य कार्यक्रम एकाइसँग सम्झौता गर्ने
- तोकिएको वितरण केन्द्रबाट सम्बन्धित विद्यालयसम्म खाद्य सामग्री, पकाउने भाँडाकुँडाहरू ढुवानी गर्ने
- खाद्यान्न उचित तरिकाले भण्डारण, व्यवस्थापन, संरक्षण गर्ने, खाजा पकाएर खुवाउने, इन्धनको व्यवस्था गर्ने, चुलो निर्माण र सरसफाइको व्यवस्था गर्ने र अनुगमन गर्ने
- अभिभावकहरूलाई पालैपालो गरी खाजा तयारी र वितरण निरीक्षण गर्न लगाउने
- पौष्टिक आहारको रेकर्ड राख्ने र आम्दानी खर्चको हिसाब दुरुस्त पारी प्रमाणित गरी राख्ने र सम्बन्धित निकायमा पठाउने
- जिल्ला विकास समिति, गाउँ विकास समिति, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावकबीच विद्यालयमा खाजा व्यवस्थापनमा सहयोग गर्नका लागि समन्वय गर्ने
- समुदायमा शिक्षाका लागि खाद्य कार्यक्रमको उपलब्धि र यसबाट हुने फाइदाबारेमा प्रचार प्रसार गर्ने
- जिल्ला खाद्य समन्वय तथा अनुगमन समिति, जिल्ला शिक्षा कार्यालय र शिक्षाका लागि खाद्य कार्यक्रम इकाइको निर्देशन कार्यान्वयन गर्ने, गराउने
- उपलब्ध गराइएको खाजा परिकार पुस्तिका तथा स्थानीय उपलब्धताको आधारमा फरक फरक खाजा परिकार तयार गरी खुवाउने

## विश्व खाद्य कार्यक्रम (WFP)

### शिक्षाका लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्न संयुक्त राष्ट्र सङ्घीय - विश्व खाद्य कार्यक्रम - नेपालले निर्वाह गर्नुपर्ने दायित्व

- नेपाल सरकार र विश्व खाद्य कार्यक्रमबीच भएको सम्झौताअनुसार विश्व खाद्य कार्यक्रमले परियोजना अवधिभर आवश्यक खाद्यान्नहरू र भाँडाकुँडाहरू खरिद गरी समानुपातिक रूपमा जिल्ला शिक्षा कार्यालय., शिक्षाका लागि खाद्य कार्यक्रम इकाईको मुख्य गोदामसम्म पुऱ्याउने व्यवस्था गर्ने
- परियोजनाको कार्यक्रम सञ्चालन गर्न, योजना बनाउन, विद्यालय छनोट गर्न, आवश्यक खाद्यान्न र अन्य सामग्रीहरूको प्रक्षेपण (Projection) गर्न परियोजनालाई सरसल्लाह र सहयोग गर्नु
- प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रमसँग सम्बन्धित कर्मचारीहरूलाई तालिम प्रदान गर्ने
- केन्द्र र जिल्लास्तरमा अनुगमन र मूल्याङ्कन प्रणालीको सञ्जाल (Network) निर्माण गर्ने

- आन्तरिक ढुवानी, गोदाम व्यवस्थापन र कार्यक्रम परिचालन (ITSH) मा कुल खर्चमध्ये ५० प्रतिशतले हुने रकम र सम्झौताअनुसार अन्य आर्थिक सहयोग नेपाल सरकारलाई उपलब्ध गराउने
- कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने
- परियोजनाका कर्मचारीहरूको दक्षता अभिवृद्धि (Capacity Building) गर्ने कार्यमा आवश्यक सहयोग गर्ने
- कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरूको बारेमा शिक्षा मन्त्रालय, परियोजना र शिक्षा विभागसँग समन्वय राखी समाधान गर्ने
- विश्व खाद्य कार्यक्रम नेपालले आवश्यकताअनुसार सबअफिसहरू स्थापना गर्ने । सो सबअफिसले कार्यक्रम लागू भएका जिल्लाहरूको अनुगमन गर्ने, कार्यक्रम कार्यान्वयनमा समन्वय ल्याउनु, जिल्लाहरूबाट प्रगति प्रतिवेदनहरू सङ्कलन गर्ने र सम्बन्धित निकायमा प्रतिवेदन पठाउने तथा आइपरेका समस्याहरूको विषयमा जिल्ला शिक्षा अधिकारी, समन्वय प्रमुख र एकाइ प्रमुखहरू, अन्य सरोकारवालाहरूसँग छलफल गरी समाधान गर्ने र राय सुझाव दिने ।

## शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना

शिक्षाका लागि खाद्य कार्यक्रम परियोजनाको काम, कर्तव्य र अधिकार निम्नानुसार छः

- परियोजनाअन्तर्गतका कार्यक्रमहरू सञ्चालन गर्नु, गराउनु
- शिक्षा मन्त्रालय, शिक्षा विभाग, विश्व खाद्य कार्यक्रम र अन्यसम्बद्ध निकायबीच कार्यक्रम कार्यान्वयनमा समन्वय गर्नु
- बजेट, योजना तथा कार्यक्रम तयार गर्ने र सहायतार्थी सङ्ख्या निर्धारण गर्नु, गराउनु
- नेपाल सरकार र विश्व खाद्य कार्यक्रमबीच भएको सम्झौताअनुसार कार्यक्रम कार्यान्वयन योजना र कार्यक्रम तयार गरी कार्य गर्नु, गराउनु
- नेपाल सरकार र विश्व खाद्य कार्यक्रमबीच भएको सम्झौताअनुसार मन्त्रालयबाट तय गरिएका नीति नियमहरूको कार्यान्वयन गर्नु, गराउनु
- परियोजनाद्वारा सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन तथा गर्नु गराउनु
- परियोजनासँगसम्बद्ध कर्मचारीहरूको कामको निरीक्षण तथा मूल्याङ्कन गर्ने र अभिलेख अद्यावधिक राख्नु
- मन्त्रालय, शिक्षा विभाग र विश्व खाद्य कार्यक्रमको समन्वयमा कार्यक्रम कार्यान्वयन निर्देशिका तयार गरी स्वीकृत गराई लागू गर्नु
- कार्यक्रम लागू भएका जिल्लाका खाद्य सामग्री, भाँडाकुँडा र अन्य सामग्रीको प्रत्येक वर्ष विश्व खाद्य कार्यक्रमसँग समन्वय गरी जाँचबुझ गर्नु, गराउनु र आवश्यकताबमोजिम परिपूर्तिको व्यवस्था मिलाउनु
- विश्व खाद्य कार्यक्रमबाट प्राप्त सामग्रीहरू तोकिएको समयमा सम्बन्धित ठाउँमा ढुवानी भएनभएको अनुगमन र निरीक्षण गर्नु, गराउनु
- स्वीकृत दरवन्दीअनुसार केन्द्र, समन्वय कार्यालय र जिल्लाहरूमा कर्मचारीहरू नियुक्ति गर्नु, सरुवा गर्नु र पदअनुसार जिम्मेवारी दिई काममा लगाउनु

## परियोजना सञ्चालित जिल्लाहरू, सहायतार्थी निर्धारण र आवश्यक खाद्यान्न विवरण

### (आ.व. २०६७।०६८ )

### दिवा खाजातर्फ

| क्र. सं. | जिल्ला | कोटा (विद्यार्थी) | बार्षिक आवश्यक खाद्यान्न (मे.ट) २२० दिन | |
|---|---|---|---|---|
| | | | पीठो | घिउ |
| १ | दार्चुला | ११२०० | २४६.४०० | २४.६४० |
| २ | बैतडी | २३९०० | ५२५.८०० | ५२.५८० |
| ३ | डडेल्धुरा | १२५०० | २७५.००० | २७.५०० |
| ४ | बजुरा | १३४०० | २९४.८०० | २९.४८० |
| ५ | अछाम | १७००० | ३७४.००० | ३७.४०० |
| ६ | बझाङ्ग | २३००० | ५०६.००० | ५०.६०० |
| ७ | डोटी | १५५०० | ३४१.००० | ३४.१०० |
| ८ | दैलेख | १९५०० | ४२९.००० | ४२.९० |
| ९ | जाजरकोट | २२५०० | ४९५.००० | ४९.५०० |
| १० | रुकुम | २०००० | ४४०.००० | ४४.००० |
| ११ | सल्यान | १५५०० | ३४१.००० | ३४.१०० |
| | **जम्मा:** | **१९४०००** | **४२६८.०००** | **४२६.८००** |

### छात्रा उत्प्रेरणा कार्यक्रमतर्फ (GIP)

| क्र. सं. | जिल्ला | कोटा १० महिना | वार्षिक आवश्यक खाने तेल (मे.ट) |
|---|---|---|---|
| १ | दार्चुला | ३१०० | ६१.५२० |
| २ | बैतडी | ६००० | ११५.७९० |
| ३ | डडेल्धुरा | ४२०० | ८०.०८० |
| ४ | बजुरा | ३००० | ५९.९५० |
| ५ | अछाम | ४३०० | ८३.५०० |
| ६ | बझाङ्ग | ५००० | ९९.०१० |
| ७ | डोटी | ४२०० | ८१.१०० |
| ८ | दैलेख | ६००० | ११७.३२० |
| ९ | जाजरकोट | ५००० | ९७.१२० |
| १० | रुकुम | ५५०० | १०५.६३० |
| ११ | सल्यान | ५००० | ९५.२२० |
| १२ | पर्सा | ३२८३ | ६१.२१० |
| १३ | रौतहट | २६८७ | ४९.७४० |
| १४ | सर्लाही | २९५३ | ५४.७६० |
| १५ | धनुषा | २१७८ | ४०.२६० |
| १६ | महोत्तरी | २९५१ | ५४.५१० |
| | **जम्मा:** | **६५३५२** | **१२५६.७२०** |

## मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम (MCHC)

| क्र. सं. | जिल्ला | कोटा १२ महिना | वार्षिक आवश्यक न्यूट्रिमिक्स प्लस (मे.ट) |
|---|---|---|---|
| १ | दार्चुला | ४००० | ३३६.००० |
| २ | बैतडी | २१०० | १७६.४०० |
| ३ | डडेल्धुरा | ८००० | ६७२.००० |
| ४ | बजुरा | १००० | ८४.००० |
| ५ | अछाम | १७०० | १४२.८०० |
| ६ | बझाङ्ग | ४८०० | ४०३.२०० |
| ७ | डोटी | ४७०० | ३९४.८०० |
| ८ | सल्यान | २७०० | २२६.८०० |
| | **जम्मा:** | २९००० | २४३६.००० |

# खण्ड – ङ

# शिक्षा मन्त्रालय र अन्तर्गत निकायबाट २०६७/२०६८ भएका अध्ययन /अनुसन्धानका सारांशहरू

| सि.नं. | अध्ययन/अनुसन्धानका शीर्षक | अध्ययन गराउने निकाय | पृष्ठ |
|---|---|---|---|
| १. | कक्षा ९–१० का पाठ्यपुस्तकहरूको समावेशी पक्षको अध्ययन( समावेशी पक्षको अध्ययन प्रतिवेदन, २०६७) | CDC | |
| २. | शिक्षणसिकाइ प्रक्रियामा कक्षाकोठा अन्तरक्रियाको अवस्था –एक अध्ययन | ERO | |
| ३. | सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन | ERO | |
| ४. | जिल्ला शिक्षा कार्यालयबाट हुने सेवा प्रवाहको ( शिक्षक व्यवस्थापन र तलबभत्तासम्बन्धी ) प्रभावकारितासम्बन्धी एक अध्ययन | ERO | |
| ५. | Resources strength of CTEVT owned Diploma/Certificate programs and Feasibility study of higher education program of CTEVT | CTEVT | |
| ६. | Tracer Study on the Employment Status of Market Oriented Short Term (MOST) Training Graduates of Skills for Employment Project | CTEVT | |
| ७. | An Assessment of Proficiency Certificate Level Graduates of General Medicine Program under CTEVT | CTEVT | |
| ८ | A study on trends Analysis of foreign employment and Analysis of the Skill-gaps in Nepal (2011) | CTEVT | |
| ९. | Client Satisfaction Survey | NCED | |
| १०. | Review study on mandate, scope, service delivery mechanism and performance of Ministry of Education and its allied institutions | NCED | |
| ११ | A study on effectiveness of the community managed school | DOE | |
| १२ | A Study on effectiveness of girls' scholarship program | DOE | |
| १३ | A study on reliability of educational data in school level | DOE | |
| १४ | A study on role of resource center for improving quality education in school leve | DOE | |
| १५ | A study on identifying targeted interventions for ensuring students retention in the classroom | DOE | |
| १६ | National assessment on class 10 students | DOE | |

## कक्षा ९–१० का पाठ्यपुस्तकहरूको समावेशी पक्षको अध्ययन (समावेशी पक्षको अध्ययन प्रतिवेदन, २०६७)

### प्राप्तिहरू

- माध्यामिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम र पाठ्यपुस्तकमा उल्लिखित समावेशीकरणका विविध पक्षहरू प्रत्यक्ष र अप्रत्यक्ष रूपमा धेरैजसो समावेश भएका छन् ।
- अपाङ्गता, पेसा, व्यवसाय, व्यापार, सूचना सञ्चार तथा प्रविधि, जीवनोपयोगी सीप, धार्मिक, सांस्कृतिक सन्तुलन, तेस्रो लिङ्गीका अधिकार जस्ता विषयवस्तुसम्बद्ध पाठ, अभ्यास तथा क्रियाकलाप र चित्र समावेश गर्न सकिने/गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।
- पाठ्यपुस्तकमा चित्रको गुणस्तर कमजोर रहेको, पुराना चित्रले काम चलाउने प्रवृत्ति रहेको, एउटै चित्रलाई धेरै ठाउँमा प्रयोग गरिएको र विषयवस्तुको अवधारणाअनुसारको चित्र बन्न नसकेको देखिन्छ ।
- माध्यामिक तहको विज्ञान विषयको पाठ्यक्रम र पाठ्यपुस्तकमा उल्लिखित समावेशीकरणका विविध पक्षहरू प्रत्यक्ष र अप्रत्यक्ष रूपमा धेरैजसो समावेश भएका छन् ।
- माध्यामिक तहको गणित विषयको पाठ्यक्रम र पाठ्यपुस्तकमा उल्लिखित समावेशीकरणका विविध पक्षहरू प्रत्यक्ष र अप्रत्यक्ष रूपमा धेरैजसो समावेश भएका छन् ।
- पाठ्यपुस्तकमा चित्रको गुणस्तर कमजोर रहेको, पुराना चित्रले काम चलाउने प्रवृत्ति रहेको, एउटै चित्रलाई धेरै ठाउँमा प्रयोग गरिएको र विषयवस्तुको अवधारणाअनुसारको चित्र बन्न नसकेको देखिन्छ ।
- माध्यामिक तहको नेपाली विषयका पाठ्यक्रम भाषिक सीपमा आधारित रहेका र विधाका माध्यमले सीप विकास गर्ने उद्देश्यमा केन्द्रित भएकाले यस विषयका पाठ्यक्रममा उल्लिखित समावेशीकरणका विविध पक्षलाई प्रत्यक्ष रूपमा समावेश गर्न नसकिने/नमिल्ने, अप्रत्यक्ष रूपमा धेरैजसो पक्ष समावेश भएका छन् ।
- अपाङ्गता, पेसा, व्यवसाय, व्यापार, सूचना सञ्चार तथा प्रविधि, जीवनोपयोगी सीप, धार्मिक, सांस्कृतिक सन्तुलन, तेस्रो लिङ्गीका अधिकार जस्ता विषयवस्तुसम्बद्ध पाठ, अभ्यास तथा क्रियाकलाप र चित्र समावेश गर्न सकिने/गर्नुपर्ने अवस्था विद्यमान रहेको छ
- The Secondary level English curriculum is not found biased.
- It aims to develop all the four language skills.
- The content and pictures included in the textbooks are gender friendly.
- But these curriculum and textbooks should give more space to various types of disability as content matter to practise language items.

- Nepal has diversity in terms of language, culture, religion, and caste etc. This kind o diversity should be reflected by the name of people, place, dress they wear and the work they perform. These curriculum and textbooks reflects these aspects but some names need to be changed to address all these aspects.

**सुझावहरू**

- विकास भइसकेका सामग्रीमा विभिन्न पक्षको समावेशीकरणको खोजी गर्नुभन्दा सामग्री विकासपूर्व नै सम्बन्धित सामग्रीमा समाविष्ट हुनुपर्ने पक्षहरू निर्धारण गर्ने र पाठ्यक्रम/पाठ्यपुस्तक/पाठ्यसामग्रीमा हुनुपर्ने समावेशीकरण सूचकको तयारी गर्नुपर्ने
- अपाङ्गता, सूचना सञ्चर प्रविधि र भूमण्डलीकरणसम्बन्धी विषय क्षेत्रका सामग्री अल्प सङ्ख्यामा मात्र समावेश भएका र तेस्रो लिङ्गीसम्बन्धी विषयवस्तु नै नरहेकाले पाठ्यपुस्तकको अद्यावधिक/परिमार्जन कार्यमा यी विषय क्षेत्र समेट्नुपर्ने
- जातीय/धार्मिक/सांस्कृतिक सन्तुलनसम्बन्धी पाठ चयन गर्दा भिन्नभिन्न पाठमा यी विषयवस्तु पृथक रूपमा समावेश नगरी पाठ अभ्यास/क्रियाकलाप र चित्रमा एकीकृत रूपमा समावेश गर्नु उपयुक्त हुने
- ख्याति प्राप्त लेखकका पाठ राख्दा समावेशीकरणका क्षेत्र कम मात्र समावेश हुने भएकाले पाठ्यक्रमका उद्देश्य समेट्ने गरी पाठ्यपुस्तक लेखकले नै पाठ्यवस्तु विकास गर्नुपर्ने
- पाठ्यक्रमको परिमार्जनमा भाषिक सञ्चार सीप, भाषिक सीप, कार्यमूलकता र पूर्वनिर्धारित समावेशीकरणका क्षेत्र समेट्ने
- The major focus of language teaching should be on language skills for this purpose we need some content matter that must be free from any type of biasness.
- The main aim of this Curriculum is to make students able to communicate in English in their day to day life. Beside that it may assist learn different culture, life styles, different types of works etc. through this subject. Thus, the subject matter of different areas should be added to give more information to the students.
- To address the diversity of our country, some content like, names, dresses, profession is needed to be revised so as to ensure balance in terms of inclusiveness.
- Though English is taught as a language, the text matter should address the diversity as well as the emerging issue of life skills.

## शिक्षणसिकाइ प्रक्रियामा कक्षाकोठा अन्तरक्रियाको अवस्था – एक अध्ययन

### अध्ययनका प्राप्तिहरू

- विद्यालय भवनको अवस्था राम्रो बन्दै गएको छ । सिकाइका लागि भवनले नकारात्मक स्थिति ल्याएको छैन ।
- ठूला विषय (भवन, कम्प्युटर ल्याव, घेराबार, फर्निचर आदि) मा मात्र विद्यालयको ध्यान बढी गएको छ, साना विषय (पाठ्यक्रम, शिक्षक निर्देशिका, सान्दर्भिक शैक्षिक सामग्री, बसाइ व्यवस्थापन आदि) मा कम ध्यान दिइएको छ ।
- भौतिक पक्षदेखि शिक्षणसिकाइ क्रियाकलापसम्म परम्परागत संरचना खडा गरिएको छ, जुन परिवर्तनकारी शिक्षण सिकाइ क्रियाकलापका लागि बाधक बनेको छ ।
- बालकलाई केन्द्रबिन्दुमा राखेर शिक्षणका नयाँ उपाय उत्पादन (Induction) गरिएको पाइएन ।
- शिक्षकको मिहिनेत कम छैन तर त्यसलाई अर्थपूर्ण बनाउन नसकिएको पाइयो । मिहिनेत र उपलब्धिको तालमेल भएन ।
- योजनाबद्ध शिक्षण कार्य भएन । पाठ्यपुस्तक शिक्षण गर्ने परम्परा यथावत पाइयो । क्रियाकलापले उद्देश्य डोऱ्याउन सकेन, मूल्याङ्कन र पृष्ठपोषण निकै कमजोर पाइयो ।
- व्याख्यान विधिको केन्द्रविन्दुबाट शिक्षणले मुक्ति पाएन ।
- पाठ्यपुस्तकको विषयको वाचन गर्ने, गराउने भावार्थ व्याख्या गरिदिने, उल्था गरिदिने, अभ्यासका प्रश्नको उत्तर भन्ने । लेख्ने बाहेकमा सिर्जनात्मक क्रियाकलाप निकै कम मात्र पाइयो ।
- शिक्षक विद्यार्थी अन्तरक्रिया कम भएको पाइयो । केही कक्षामा अन्तर्क्रिया भए पनि अर्थपूर्ण र सान्दर्भिक भएको पाइएन ।
- अझै पनि विद्यार्थीलाई शारीरिक दण्ड र यातना दिइएको पाइयो । कतै कतै यौन दुर्व्यवहार भएका घटना विद्यार्थीले बताए ।
- विद्यार्थीले स्वअध्ययनबाट आर्जन गरेको ज्ञानलाई कक्षामा मान्यता दिइयोस् भन्ने चाहन्छन् ।
- पदसोपान (Hirearchy) लाई भत्काउनुपर्ने देखिन्छ ।
- शिक्षणलाई सान्दर्भिक बनाउने कसरी ? सोच्नुपर्ने जरुरी छ ।
- शिक्षणलाई सान्दर्भिक बनाउन धेरै खर्च गर्नुपर्दैन । उपायहरू मात्र खोजी गरौं । अध्ययनले यही बताउँछ ।

### सुझावहरू

- कक्षाकोठा भित्र हुने शिक्षणसिकाइ क्रियाकलापका सूचकहरू पहिचान गरी न्यूनतम मापदण्ड तयार गरिनुपर्छ। हरेक शैक्षिक सत्रको अन्त्यमा ती मापदण्डअनुसार भएनभएको गुणस्तर परीक्षण गरिनुपर्छ।

- भौतिक सुधारमा मात्र बढी केन्द्रित विद्यालय सुधारको सोचलाई क्रमशः गुणस्तरीय पक्षतर्फ केन्द्रित हुनुपर्ने देखिन्छ। यसका लागि विद्यालयमा आधारित स्वमूल्याङ्कन गर्ने तथा शिक्षण योजना रणनीति र उपलब्धि विकास सम्बन्धी सरोकारवालाको अन्तरक्रिया र शिक्षक कार्यशाला सञ्चालन गरिनुपर्ने

- शिक्षण कार्य बढी औपचारिक र शिक्षक केन्द्रित भएको पाइयो । विद्यार्थी खेलेर, प्रविधिको प्रयोग गरेर, स्वाध्ययन र सान्दर्भिकता जोडेर आफैँ ज्ञानको निर्माण गर्न चाहन्छन् । त्यसैले शिक्षणलाई विद्यार्थीको रुचिकेन्द्रित, सान्दर्भिकताकेन्द्रित र स्वतन्त्र सिकाइलाई बढावा दिने खालका शिक्षणका तौरतरिकाहरू सिफारिस गरिनुपर्ने

## सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन

### अध्ययनका प्राप्तिहरू

- सामुदायिक विद्यालयतर्फ वाहुन जातिमा पनि पुरुष को नै वर्चश्व छ, (०.९१) । क्षेत्रीमा पनि त्यस्तै अवस्था छ । तामाङको पनि त्यही हालत छ ।
- निजी क्षेत्रतर्फ पनि त्यही अवस्था छ ।
- सीप सिक्ने र तद्नुसार काम गर्नेमा क्षेत्री बाहेक अरू समूहमा महिला पछाडि छ । प्राविधिक शिक्षामा नेवार वाहेकका अरु जात जातिमा महिला विद्यार्थीको कमी छ । दलित र अरु जनजातिमा प्राविधिक शिक्षा पुगेको छैन ।
- निजी स्कुलबाट पास गर्ने विद्यार्थीको अधिकांश विद्यार्थी निजी उद्योगधन्दामा रोजगारी लियो । सरकारी जागिरमा पनि निजीकै वर्चश्व  बढ्दै आयो ।
- सरकारी स्कुलबाट उत्तीर्ण गर्नेहरू निजीको तुलनामा बढी विदेसिए । यसको अर्थ हो सरकारी विद्यालय रोजगार उन्मुख बनाउने बाटो दिइएन ।
- सरकारी विद्यालयका विद्यार्थीहरू निजी व्यवसायमा बढी क्रियाशील भएका देखिए । उनीहरू ल्यल मभनषष्भम दगकष्लभकक मा बढी सहभागी भएको पाइयो ।
- निजी स्कुलमा महिला पुरुष बराबरै भए सरकारीमा महिला बढी भए । त्यसबाट देखियो कि महिलालाई घर पायक जागिर दिनुपर्छ भन्ने मानसिकता रहेछ ।

### नीतिगत सुझावहरू

- महिलालाई सरकारी जागीरमा ल्याउँने विशेष नीति चाहियो ।
- Systematize Envision जरूरी छ अर्थात् निजी क्षेत्रमा पनि निश्चित  हुनै पर्छ भन्ने नीति चाहिन्छ ।
- महिला सीप सिकाइ र तदनुरूपको रोजगारीमा ध्यान दिनुपर्छ ।
- प्राविधिक शिक्षा दिन target program बनाउनुपर्छ ।
- सरकारी विद्यालयमा स्वरोजगार हुने तरिकाको बारेमा पठनपाठन गर्नुपर्छ ।
- सरकारी विद्यालयबाट उत्तीर्ण गर्नेलाई निजी तथा सरकारी रोजगारी दुवैमा प्राथमिकता दिनु पर्छ ।
- सरकारी विद्यालयका graduates लाई आफूले गराएको निजी पेसालाई सम्मानित बनाउन उत्प्रेरित गर्नु पर्दछ ।
- महिला शिक्षकलाई थप exposure दिने व्यवस्था गर्नुपर्छ ।

## जिल्ला शिक्षा कार्यालयबाट हुने सेवा प्रवाहको (शिक्षक व्यवस्थापन र तलबभत्तासम्बन्धी) प्रभावकारितासम्बन्धी एक अध्ययन

### अध्ययनका निष्कर्ष तथा प्राप्तिहरू

- जिल्ला शिक्षा कार्यालयले विद्यमान ऐन नियममा लिपिबद्ध गरिएका सेवा प्रवाहका नियमित कार्यहरू भन्दा परिपत्र, वार्षिक कार्यक्रम आदिमा उल्लेख भएका आधारमा कार्यक्रमबद्ध क्रियाकलापहरू सञ्चालन गर्न बढी रुचि देखाएको पाइयो ।

- नियमित कार्यहरू सञ्चालन गरेनगरेको बारेमा सोधखोज गर्ने, त्यसप्रति चासो देखाउने निकाय निष्क्रिय भएको वा वास्ता नै नभएको जस्तो देखियो । तर वार्षिक रूपमा सञ्चालन गर्नुपर्ने भनी विकासे कार्यक्रममा उल्लेख भएका कार्यको माध्यमबाट सेवा प्रवाहको कार्यमा भने कार्यालयका सबै तहका कर्मचारी, शिक्षक, प्रधानाध्यापक र उनीहरूका पेसागत सङ्घ सङ्गठन तथा युनियनहरूले समेत रुचि र चाख भएको देखियो ।

- विकासे कार्यक्रम सम्पन्न भएको आधारमा सेवा प्रवाहकर्ताको प्रगति समीक्षा गरिने र सेवाग्राहीले पनि यस्ता कार्यक्रमबाट तत्कालै केही उत्प्रेरक (Incentives) पाउने भएकोले यसप्रति रुचि भएको देखियो ।

- आफूबाट भएको कार्यको समीक्षा आफूले नगर्ने, अरुले गरेको आलोचना सुन्न सक्ने क्षमता न्यून भएको कारणले सेवा प्रवाहमा निरन्तर स्वसुधारको गुन्जायस प्राय छैन । सेवा प्राप्त गर्ने निकायले पनि आफ्नो अधिकारको कुरा उठाउँदा आफ्नो दायित्व र कर्तव्यको कुरा सँगै आउँछ भन्ने होसियारीले र कतै अन्जानमा समेत आफूले प्राप्त गुर्न पर्ने सेवाको पहुँच, गुणस्तरीयता र प्रभावकारितको बारेमा प्रश्न उठाउने गर्ने बानीको विकास नभएको देखियो ।

- सिर्जनात्मक कार्यमा भन्दा चलिआएको कुरामा रमाउने प्रवृत्तिले गर्दा Knowedge Management को धारणाअनुसार मानिस सामन्यतया Danger Zone मा प्रवेश गरी नयाँ कुरा सिक्न उत्साही नभए जस्तै सेवा प्रवाहमा पनि त्यस्तै प्रवृत्ति देखियो । चलिआइरहेको छ भने चारतिरबाट Risk किन मोल्ने भन्ने मानसिकताले गर्दा जिशिकाले गर्न सक्ने प्रशस्त ठाउँ भए पनि आफ्नो क्षमताको भरपुर उपयोग गरेको पाइएन ।

### अध्ययनको सुझाव

- वार्षिक कार्यक्रमका विकासे कार्यक्रम मात्र होइन ऐन, नियम तथा कानुन र योजनाले निर्धारण गरेका कार्यहरूका आधारमा समेत प्रगति समीक्षा गर्न सक्ने सूचकहरूको विकास गरी कार्य सम्पादनसँग आवद्ध गराउन पर्ने,

- शिक्षक व्यवस्थापनका लागि राष्ट्रिय रूपमै अभियानी कार्यक्रम सञ्चालन गर्न मन्त्रालयबाट नै उच्चस्तरीय कार्यदल निर्माण गरी कार्यान्वयन गर्न राजनैतिक समझदारी स्थापनाका लागि कार्य सञ्चालन गर्नुपर्ने
- सेवा प्रदायक र सेवा प्राप्त गर्ने निकाय सँगै बसेर के गर्न सकिने हो, के मा कठिनाइ परेको हो, समस्या के छन् भनी पारदर्शी र आत्मियताका साथ बहस र अन्तरक्रिया सञ्चालन गरी कार्यान्वन गर्न सकिने खालको समझदारी विकास गर्न तत्काल पहल गर्नुपर्ने
- शिक्षक नियुक्त हुँदका बखत, नियुक्त भइसकेको शिक्षकलाई समेत शैक्षिक सत्र सुरु हुने बेलामा उनले गर्नु पर्ने काम र त्यसलाई नाप्न सकिने सूचकहरूको स्पष्ट व्याख्यासहित जिल्ला भर वितरण गर्ने र त्यही सूचकका आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्ने पारदर्शी प्रक्रियाको सुरुवात गर्ने । यो प्रक्रिया शिक्षा कार्यालयमा काम गर्ने प्रत्येक कर्मचारीलाई उनको पद जिम्मेवारीसहित जानकारी गराउने
- शिक्षकको पेसागत क्षमताका विकासका लागि स्रोत केद्रस्तरसम्मका मानव संशाधनको विकासका लागि शैक्षिक तालिम केन्द्रसँग घनीभूत समन्वय र सहकार्यमा जोड दिनुपर्ने
- हाललाई जिल्लामा धेरै क्षेत्रको प्रतिनिधित्व हुने गरी बलियो प्राविधिक अस्थायी संयन्त्र विकास गर्ने, त्यही संयन्त्रबाट शिक्षक छनोट र नियुक्तिमा विद्यालयलाई सेवा पुर्‍याउन पहल गर्नुपर्ने
- जिशिकामा Information technology को प्रयोगलाई बढावा गर्न क्षमता विकास गर्ने र नयाँ कर्मचारीका हकमा न्यूनतम आवश्यकतमा सूचना प्रविधिसँग सम्बन्धित योग्यता थप गर्नुपर्ने

# Resources strength of CTEVT owned Diploma/Certificate programs and Feasibility study of higher education program of CTEVT

## Findings

### 1. Resource Strength of CTEVT constituent's schools

**Human resources**

- Schools are in shortage of human resources especially, teachers and instructors. They manage this shortage by hiring part-time teachers. The good side of this is, part-time teachers in general holds masters degree. Contrary to this, full time teaching staff is dominated by the bachelor's degree holders.
- The shortage of appropriate human resources can be attributed to the HR policy of CTEVT. No position (Darbandi) for teachers for diploma/certificate program has been created by CTEVT so that the teaching learning activities are managed by the teachers recruited on the basis of trade school policy.
- The guideline prescribed structure for teaching faculty as professor, assistant professor, lecturer, and assistant lecturer for theory classes and Senior instructor, Instructor and Assistant Instructor for Lab/ Workshop is found to be followed by only one school.

**Space**

- The classroom space available in schools is haphazard compared to the CTEVT guideline for various programs. The average space-student ratio, though, is just higher than the required value; some of the classrooms in some of the schools are about half in size that of the prescribed size while some others are about two fold.
- Laboratory space is found to be the most critical because in many of the laboratories have been combined in a single enclosure. STS and LTS have combined civil engineering specific laboratories in a single space. Similarly, RTS has used agriculture store (originally built for TSLC) as agriculture specific laboratories.
- General physical condition of laboratories varies from schools to schools. However, in general, it is satisfactory for light and ventilation however these, condition varies from excellent to poor from school to school. But, maintenance aspect is found to be poor in general.
- Workshop space is found to be more than the prescribed except in LTS, where it is short in all types. The workshops, which were actually developed for TSLC programs, are now being used by Diploma programs also. It is therefore, an increased utilization of the existing resources.
- General physical condition of workshop also varies from schools to schools. However, in general it is excellent for light and ventilation, and poor for maintenance. The maintenance aspect is lagging in the workshops as in laboratories

- Space in library for LTS, BTS, RTS, and SHS in general seems to be higher than the required value while STS and BSET has the less space considering utilization by diploma/certificate level program only. Since the schools also offer TSLC program except SHS, it is difficult to conclude whether the available space is sufficient. Probably, this is the reason that all schools have responded that the available space is not sufficient. The overall physical condition is found to be satisfactory for light, ventilation, and cleanliness for library.

**Tools/Equipment**

- The tools and equipment in laboratories are short by about 30% while in workshop they are about 15% short. Schools also possess some amount of non-operational equipment. Majority of these resources are in satisfactory conditions but some poor conditioned resources are also found which necessitate the maintenance and or replacement whatever is suitable.

**Library facilities**

- The resources in Library are in general not sufficient although BSET and SHS has higher books student ratio. RTS and LTS are about half way behind the necessary resources suggesting the need to strengthen the libraries with learning resources for enhancing students learning.

**ICT Facilities**

- Although, all of the schools have computer laboratory however, use of internet in instructional purpose for students is available in only two schools.

**Office facilities**

- LTS, SHS, and BSET reported the available space sufficient while RTS, BTS, and STS reported it as congested. BSET is found to be the most resourceful among others in terms of office equipment.

**Housing Facilities**

- Not all the schools have housing facilities for all three categories i.e. staff, student (boys and girls) both. In this case, STS is the most resourceful school.

**Other facilities**

- Other facilities like open space for expansion, over all physical condition of existing facilities and security condition are assessed and SHS is found to be the most resourceful one. However based on extracurricular facilities, BSET is the most resourceful school.

**Quality aspect**

- Quality of the diploma/certificate programs offered by the schools, are in general found to be satisfactory and to improve it, following measures have been suggested,
    - Provision of sufficient tools/equipment, teachers/ instructors, and library resources
    - Provision of Periodic HRD activities for education and training
    - Provision of periodic revision of Curriculum
